# शिक्षक निर्देशिका

## आधारभूत तह,  कक्षा ४

## विषय : नेपाली


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

प्रथम संस्करण : वि.सं. २०८०

(यो शिक्षक निर्देशिका पाठ्यक्रमले तोकेका विषयगत सिकाइ उपलब्धि पूरा गर्न तथा पाठ्यपुस्तकका क्रियाकलापको सहजीकरणमा शिक्षकलाई मदत पुगोस् भन्ने हेतुले विकास गरिएको हो । यसलाई अझ राम्रो बनाउन प्रयोगकर्ताका सुझाव भए केन्द्रको समन्वय तथा सम्पादन शाखामा उपलब्ध गराउनुहुन अनुरोध छ । )

# विषयसूची


| पाठ शीर्षक | पृष्ठ |
|---|---|
| शिक्षक निर्देशिका प्रयोग गर्दा ध्यान पुऱ्याउनुपर्ने पक्ष | १ |
| पाठ : १ शीर्षक : सबै मेरा गुरु | ४ |
| पाठ : २ शीर्षक : सुनको मूर्ति | २१ |
| पाठ : ३ शीर्षक : मलाई पुस्तक मन पर्छ | ३५ |
| पाठ : ४ शीर्षक : साथीलाई चिठी | ५२ |
| पाठ : ५ शीर्षक : खेलकुदको महत्त्व | ६५ |
| पाठ : ६ शीर्षक : झुटको परिणाम | ७८ |
| पाठ : ७ शीर्षक : समाजसेवी महावीर पुन | ९९ |
| पाठ : ८ शीर्षक : कुरिलो खेती | ११८ |
| पाठ : ९ शीर्षक : घमन्डको फल | १३६ |
| पाठ : १० शीर्षक : सानी नदी | १५५ |
| पाठ : ११ शीर्षक : नारायणहिटी दरबार सङ्ग्रहालय | १७२ |
| पाठ : १२ शीर्षक : निसाफ | १९४ |
| पाठ : १३ शीर्षक : घले गाउँ | २१४ |
| पाठ : १४ शीर्षक : जूनतारा छुन | २३४ |
| पाठ : १५ शीर्षक : साथी | २३५ |

# शिक्षक निर्देशिका प्रयोग गर्दा ध्यान पुऱ्याउनुपर्ने पक्ष

नेपाली विषय कक्षा ४ को यो शिक्षक निर्देशिका शिक्षकलाई नेपाली विषयको पाठ्यक्रम तथा पाठ्यसामग्रीको सिकाइ सहजीकरणका लागि मार्गदर्शन गर्ने सामग्री हो । यसको प्रयोगले शिक्षकमा पाठ्यक्रम तथा पाठ्यसामग्रीमा रहेका विषयवस्तुको सहजीकरण गर्ने नवीन पद्धति उजागर हुन्छ । यसमा पाठ्यसामग्रीका प्रत्येक पाठका क्रियाकलाप सहजीकरण गराउनका लागि पाठगत परिचय, सिकाइ उपलब्धि, विषयवस्तुको सत्रगत योजना, सुरुआती क्रियाकलाप, विषयवस्तुसम्बद्ध क्रियाकलाप र मूल्याङ्कन  खण्डका  क्रियाकलाप दिइएको छ । नेपाली विषयको कक्षा ४ को यो शिक्षक निर्देशिका प्रयोग गर्नुपूर्व पृष्ठभूमि खण्डमा दिइएका सबै पक्ष अध्ययन गर्नुहोस् ।

१. नेपाली विषयको कक्षा ४ को पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिप विकासमा केन्द्रित शब्दभण्डार, भाषिक संरचना र वर्णविन्यास, भाषिक प्रकार्यलाई समेत ध्यान दिइएको छ र शिक्षक निर्देशिकाले यिनै क्रियाकलापमा आधारित भएर सहजीकरण क्रियाकलाप योजना तथा सिकाइ विधिका विभिन्न क्रियाकलाप प्रस्ताव गरेको छ । यो एउटा नमुना मात्र हो । शिक्षक वर्ग लामो समयदेखि कक्षाकोठाम शिक्षण अनुभव गरिरहनुभएको हुँदा यसमा मात्र सीमित नभई विभिन्न विधि र रणनीति अवलम्बन गरेर सिकाइलाई प्रभावकारी भूमिका निर्वाहमा अग्रसर हुनुहोस् ।

२. यहाँ प्रस्तुत गरिएका क्रियाकलाप सामान्यतः औसत विद्यार्थीलाई आधार मानी तयार गरिएको छ । यद्यपि हाम्रा कक्षाकोठाको स्वरूप फरक फरक हुन सक्छ । जस्तै मातृभाषा नेपाली हुने, दोस्रो भाषाका रूपमा नेपाली सिक्ने, विभिन्न प्रकृतिका अपाङ्गता भएका, फरक फरक सामाजिक पृष्ठभूमिबाट आएका आदि । त्यसैले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आफ्नो कक्षाकोठाको विशेषतालाई पहिचान गरी शिक्षण तथा मूल्याङ्कन विधिमा समेत विविधता ल्याई सहजीकरण गर्नुहोस् ।

३. हाल विद्यमान पाठ्यक्रम सक्षमतामा आधारित रहेको र यो व्यक्तिको व्यवहार पक्षसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले शिक्षणका विषयवस्तुका साथै सिकाइ विधि व्यवहारकुशल सिप विकासका लागि बढी महŒवपूर्ण मानिन्छ । कक्षाकोठमा हुने सिकाइ विधिमा विविधता र सान्दर्भिकता व्यक्तिको सक्षमता विकासको आधार मानिएको छ । तसर्थ प्रस्तावित क्रियाकलापमा मात्र सीमित नभई विषयवस्तुअनुसार विधिको चयन र प्रयोग पक्षमा विशेष रूपमा शिक्षकको थप भूमिकाको अपेक्षा गरिएको छ ।

४. दैनिक सिकाइ क्रियाकलापले अनुभवलाई अझ निखार्दै लैजान सहयोग पुऱ्याउने र सिकाइका नयाँ नयाँ विधि पहिचान र प्रयोग गर्न सहयोग पुऱ्याउने हुँदा दैनिक सिकाइको प्रतिविम्बन लेखन गर्ने र यसलाई निरन्तरता दिने प्रयास गर्नुहोस् ।

.५. पाठ्यक्रममा समावेश गरिएका प्रत्येक क्रियाकलाप गराउँदा सिकारुको सिकाइ सहभागितामा विशेष ख्याल गर्नुहोस् । यसका लागि सिकाइमा जिज्ञासा राखे नराखेको, समूह छलफल र अन्तर्क्रियामा सक्रियतापूर्वक भाग लिए नलिएको, आफ्ना विचार सहज तरिकाले प्रस्तुत गरे

नगरेको तथा दिइएका सम्पूर्ण कार्यमा स्वयम्‌को अग्रसरता रहे नरहेको समेतलाई ख्याल गरी सिकाइ प्रक्रियामा सहभागी गराउनुहोस् ।

६. कक्षाकोठाको बसाइ व्यवस्थापन, सिकारुको सिकाइको अवस्थाअनुरूप सिकाइ रणनीतिको उपयोग र सुधारात्मक सिकाइ सहजीकरण अवलम्बन गर्न सहज हुने गरी गर्नुहोस् ।

७. विद्यार्थीलाई सिकाइमा सक्रिय बनाई राख्न कक्षामा सिकाइ स्तर समूह पहिचान गरी यस्ता समूहलाई समूहगत सिकाइका लागि परिचालन गर्नुहोस् साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको सिकाइ स्तरलगायत आधारमा क्रमिक सिकाइ रणनीति (म गर्छु, हामी गर्छौं, तपाईं गर्नुहोस्) लाई उपयोग गर्नुहोस् ।

८. विषयवस्तुको प्रकृतिअनुसार विषयवस्तु सहजीकरणको आरम्भ, विस्तार र समापन योजना तयार गर्नुहोस् । यसका लागि तत्परता विकाससम्बन्धी क्रियाकलाप, ज्ञान आर्जनसम्बन्धी क्रियाकलाप, सिप विकाससम्बन्धी क्रियाकलाप, अभिवृत्ति विकाससम्बन्धी क्रियाकलाप, मूल्य मान्यता विकाससम्बन्धी क्रियाकलाप, (छलफल, समूह कार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य, प्रश्नोत्तर आदि) गराउनुहोस् ।

९. पूर्व पठनका रूपमा आएका चित्रात्मक तथा सन्दर्भगत क्रियाकलाप पाठ सुरु गर्नुपूर्व विद्यार्थीको मस्तिष्क मन्थनका लागि आएकाले विद्यार्थीको सोविषयस्तुसँग सम्बन्धित पूर्वज्ञान, अनुमान गर्न सक्ने क्षमतालाई मूल पाठमा आएका विषयवस्तुसँग जोड्ने क्षमता विकासका लागि आएकाले सोही मर्मअनुसार क्रियाकलाप गराउनुहोस् ।

१०. भाषिक प्रकार्यका अभ्यास गराउँदा विद्यार्थीमा सन्दर्भपरक स्वभाषिक प्रस्तुतिमा जोड दिनुहोस् । यसमा विद्यार्थीको व्यक्तिगत भाषिक पक्ष महŒवपूर्ण हुने भएकाले प्रथम पुरुष एकवचनमा आफ्ना विषयसम्बद्ध विचार प्रस्तुत गर्ने अवसर दिनुहोस् । भाषिक प्रकार्यको अभ्यास संवादात्मक रूपमा समूहमा गराउँदा पनि व्यक्ति केन्द्रित प्रथम पुरुष र एकवचनमा प्रस्तुत गर्न लगाउनुहोस् ।

११. सिर्जनात्मक कार्य गराउँदा भाषिक उत्पादन र पुनरुत्पादनमा जोड दिनुहोस् । यसका लागि एक सन्दर्भ वा परिवेशमा सिकिएका विषयवस्तु उस्तै मिल्दो सन्दर्भ वा परिवेशमा प्रयोग गर्न प्रवृत्त गराउनुहोस् । यसका लागि मौलिक प्रस्तुतिलाई प्राथमिकता दिनुहोस् ।

१२. परियोजना कार्य भाषिक सिप विकासका लागि खोज तथा अनुसन्धानमूलक विषयवस्तु भएकाले विषयवस्तुको प्रकृति र आवश्यकतानुसार एकल, युगल वा समूहमा सिकाइ गर्ने अवसर प्रदान गर्नुहोस् । परियोजना कार्यका लागि विद्यालय पुस्तकालय, साझा सञ्जाल र परिवार वा समुदायलाई सिकाइ थलाका रूपमा उपयोग गर्नुहोस् ।

१३. पाठ्यक्रम तथा पाठ्यसामग्रीमा गहन पठन र विषयवस्तुको बुझाइका लागि प्रश्न निर्माण, पाठगत संरचनाको ज्ञान जस्तै पाठभित्रका अनुच्छेद संरचना, वाक्य संरचनाका पहिचानका लागि दिइएको सन्दर्भमा जोड दिएर प्रस्तुत अंशले भन्न खोजेका कुरा आदि, मध्य र अन्त्यको संरचनामा व्यक्त गर्ने प्रयोजनका लागि व्याख्या खण्ड राखिएकाले सोही मर्मअनुसार क्रियाकलाप गराउनुहोस् ।

१४. सुनाइ तथा बोलाइ सिपको विकासका लागि मूल पाठका साथै सुनाइ पाठ राखिएकाले केन्द्रको वेबसाइट

धधधघयभअमआनयखालउ मा राखिएका श्रव्य पाठ सुनाएर पाठगत प्रश्नोत्तर अनिवार्य रूपमा गराउनुहोस् ।

१५. क्रियाकलापका क्रममा कुनै विद्यार्थीमा भाषिक तथा अभिव्यक्तिगत समस्या पाइएमा थप सिकाइको अवसर दिएर पुनर्बल प्रदान गर्नुहोस् ।

१६. आन्तरिक मूल्याङ्कनका लागि विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्यालाई सिकाइ सहजीकरणकै क्रममा उपयोग गर्नुहोस् । सिकाइसँगै गरिने मूल्याङ्कनमा निम्न, सामान्य, राम्रो र उत्कृष्ट यी चार स्तरलाई मनन गरी चौथो वा तेस्रो स्तर प्राप्त गर्न नसकेका विद्यार्थीलाई सन्दर्भ सामग्रीको समेत उपयोग गर्दै थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस अवस्थामा विद्यार्थीको रुचिलाई ख्याल गर्दै जानेका विद्यार्थीलाई थप अभ्यास वा सहपाठी शिक्षणको अवसर दिई सिकाइ सबलीकरण एवम् सुधार आवश्यक भएका विद्यार्थीलाई सुधारात्मक सिकाइको अवसर प्रदान गर्नुहोस् ।

पाठ : १
शीर्षक : सबै मेरा गुरु
विधा : कविता
कार्यघण्टा : ११

## परिचय

'सबै मेरा गुरु' कविता विधाको पाठ हो । यो कविता कालीप्रसाद रिजालले रचना गरेका हुन् । कविता साहित्यको लयात्मक, श्रव्य र पाठ्य विधा हो । गेयात्मक विधा कवितामा भाव, कल्पना र बौद्धिकताको सम्मिश्रण हुन्छ । विद्यार्थीहरूलाई मुख्य रूपमा पढाइप्रति रूचि जगाउन र गति, यति मिलाई लय हालेर वाचन गर्ने बानीको विकास गर्न तथा शब्दभण्डारको विकासका लागि कविता विधाको उपयोग गरिन्छ ।

'सबै मेरा गुरु' शीर्षकको कविता नीतिपरक कविता हो । कविता विधाको उपयोग गरेर विद्यार्थीहरूमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गराउन सकिन्छ । कविता अभिव्यक्तिको उत्कृष्ट रूप हो । कवितामा लयात्मकता, गेयात्मकता र श्रुतिमधुरता हुने हुनाले भाषाको बोध तथा अभिव्यक्ति सिपको विकासमा यस विधाको प्रभावकारी उपयोग गर्न सकिन्छ । यस पाठको शिक्षण लयबद्ध वाचन, अनुकरण वाचन, पाठगत शब्दको उच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग तथा बोध प्रश्नोत्तर जस्ता क्रियाकलाप केन्द्रित हुनुपर्छ ।

प्रस्तुत पाठको शिक्षण गर्दा सुनाइ तथा बोलाइ सिपमा विषयवस्तुको सुनाइ र पहिचान, छलफल तथा अन्तरक्रिया, प्रश्नोत्तर, पाठमा आधारित भई अनुमान, कल्पना एवम् धारणाको प्रस्तुति, श्रुतिकथन आदि सिपको विकास गराउनुपर्छ । पढाइमा लयबद्ध पठन, सन्दर्भ बोध, पाठको विषयबोध र प्रश्नोत्तर जस्ता विषयवस्तु शिक्षण गर्नुपर्छ । लेखाइमा समान ध्वनि र समान संरचना भएका शब्दको पहिचान, प्रश्नोत्तर, गद्यमा रूपान्तरण, भाव लेखन, अनुलेखन, शब्द पूरण, तालिकाका आधारमा वाक्य निर्माण र लेखन जस्ता भाषिक सिपको विकास गराउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासमा नाम तथा सर्वनाम पदको पहिचान एवम् प्रयोग र ह्रस्व इकार (सुरु, बिच र अन्त्य) को पहिचान तथा प्रयोग सिकाउनुपर्छ । शब्दभण्डारमा प्रचलित मौलिक र आगन्तुक शब्दको पहिचान, अर्थबोध र प्रयोग गराउनुपर्छ । त्यसैगरी लय मिल्ने शब्दको पहिचान तथा प्रयोगमा अभ्यास गराउनुपर्छ भने भाषिक प्रकार्यमा स्वपरिचय प्रस्तुतिको अभ्यास गराउनुपर्छ ।

### पहिलो दिन

### १. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • दृश्य पहिचान र छलफल<br>• लयबद्ध वाचन<br>• संरचना पहिचान | • पूर्व पठन खण्डका दृश्य पहिचान गरी वर्णन गर्न<br>• पाठ्य कविता लयबद्ध वाचन गर्न | • पूर्व पठन खण्डका चित्र<br>• पाठ्य कविता<br>• कविता वाचनको अडियो तथा |

| | | |
|---|---|---|
| • उच्चारण अभ्यास | • पाठ्य कविताको संरचना पहिचान गर्न<br>• पाठ्य कवितामा प्रयोग भएका नयाँ शब्दको उच्चारण गर्न | भिडियो<br>• शब्दपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीसँग मिलेर कुनै रमाइलो गीत गाउनुहोस र उनीहरूलाई कक्षामा स्वागत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पूर्व पठन खण्डका चित्रहरू प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरेर पूर्व पठन खण्डका र सोही प्रकृतिका अन्य चित्रहरू पनि प्रस्तुत गर्नुहोस् ।

२. प्रस्तुत गरिएका चित्रका बारेमा फरक फरक विद्यार्थीलाई आफूले जानेबुझेका कुरा वर्णन गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले प्रस्तुत गरेका कुरालाई समेट्दै पाठगत सन्दर्भलाई निर्देश गर्नुहोस् । यस क्रममा कमिलाबाट अनुशासनको कुरा, माहुरीबाट एकताको कुरा, रुखबाट शीतलता तथा सेवाको कुरा अनि नदीबाट सङ्घर्ष र निरन्तरताको सन्देश पाइने कुरा बताउनुहोस् ।

४. शिक्षकले कविताको लयबद्ध वाचन गरिदिनुहोस् ।

५. ख्याल गर्नुहोस्; सबै मेरा गुरु कविता सवाई छन्दमा लेखिएको छ । यो चौध अक्षरको हुन्छ । (४ + ४ + ४ + २) यसको लय वाचन गर्दा चार चार अक्षरमा तीन पटक अर्धविश्राम गर्दै अन्तिम दुई अक्षरमा पूर्ण विश्राम गरेर गाउन सिकाउनुहोस् ।

६. पाठ्य कविताका अतिरिक्त अन्य कविताका उदाहरण पनि प्रस्तुत गर्न सक्नुहुने छ । जस्तै :

> कस्ता कस्ता सज्जनको नलेखेको गाथा
> लेख्न थाल्यो यस्ता नाथे मङ्गलमान गाथा
> भन्नेलाई मेरो एउटै जबाफ छ भाइ
> कामले नै तौलने हो ठुलोसानोलाई
>
> युगकवि सिद्धिचरण श्रेष्ठ

७. सम्भव भएसम्म लयबद्ध वाचनको भिडियो तथा अडियो सामग्री प्रस्तुत गर्नुहोस् ।

८. शिक्षक र विद्यार्थीले समूहगत रूपमा सँगसँगै कविता वाचन गर्नुहोस् र त्यसपछि विद्यार्थीहरूलाई ठुलो समूह, युगल समूह र वैयक्तिक रूपमा छुट्टा छुट्टै वाचन गर्न लगाउनुहोस् ।

९. लयबद्ध वाचनका क्रममा विद्यार्थीमा देखिएका कमीकमजोरी सुधार गर्न आवश्यक सहयोग गरिदिनुहोस् ।

१०. विद्यार्थीहरूलाई लयबद्ध वाचन गराउँदा गति, यतिका साथै सहज अभिव्यक्तिलाई अवलम्बन गर्ने तरिका विकास गराउनुहोस् ।

११. सस्वरवाचनपछि विद्यार्थीलाई उच्चारणका लागि नयाँ शब्द कापीमा टिपोट गर्न लगाउनुहोस् ।

१२. टिपोट गरिएका शब्दलाई शब्दपत्तीबाट प्रस्तुत गर्दै शैक्षणिक पाटीमा अक्षरीकरण गरेर देखाउनुहोस् र विद्यार्थीलाई उच्चारण अभ्यास गराउनुहोस् ।

जस्तै : संसारः ÷सन्. सार्÷, अन्धकारः ÷ अन्. ध. कार्÷, आदर्श : ÷आ. दर्= स ÷

१३. विद्यार्थीले उच्चारणका क्रममा गर्ने त्रुटि पहिचान गर्नुहोस् र बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

१४. विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गर्नुहोस् । कविताको एक पङ्क्ति एउटा समूहलाई र अर्को पङ्क्ति अर्को समूहलाई वाचन गर्न लगाई कविताको लयबद्ध वाचनमा थप अभ्यास गराउनुहोस् । समूहगत रूपमा विद्यार्थीहरूले प्रभावकारी ढङ्गले लयबद्ध रूपमा वाचन गरे नगरेको अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(अ) कविताको दोस्रो र तेस्रो श्लोक लयबद्ध वाचन गर्न लगाउनुहोस् ।

(आ) दिइएकका शब्द उच्चारण गर्न लगाउनुहोस् :

वृक्ष, कर्तव्य, आदर्श, लक्ष्य, काँडैकाँडा

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● शब्दार्थ र वाक्यमा प्रयोग<br>● पठनबोध तथा सन्दर्भबोध<br>● गद्य रूपानतरण | ● पाठमा प्रयुक्त शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>● पाठ्य कविता पढी सन्दर्भ बोध गर्न<br>● कविताका लयबद्ध पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न | ● शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्ती<br>● पाठ्य कविता |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. क्षिक्षकले कुनै लोक गीत गाउन सुरुआत गर्नुहोस् । शिक्षकसँगसँगै ताली बजाउँदै विद्यार्थीलाई पनि लोक गीत गाउन लगाउनुहोस् र सिकाइका लागि उनीहरूको ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठ्य कविता सस्वरवाचन गरी पढ्न लगाउनुहोस् ।

२. सवरवाचनपछि मौनपठन गर्न निर्देश गर्नुहोस् र अर्थ थाहा नभएका शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।

३. विद्यार्थीहरूले टिपोट गरेका शब्दलाई शब्दपत्तीमा टिपी गोजीतालिकामा देखाउनुहोस् । प्रस्तुत गरिएका शब्दको अर्थ खोज्न विद्यार्थीलाई नै प्रोत्साहन गर्नुहोस् ।

४. टिपोट गरिएका कतिपय शब्दको अर्थ विद्यार्थीहरूले नै भन्न सक्ने छन् । उनीहरूले शब्दको अर्थ भनेमा स्याबासी दिनुहोस् । उनीहरूले भन्न नसकेका शब्दको अर्थ सिकाउँदा पर्यायवाची शब्द, विपरीतार्थी शब्द, अनेकार्थी शब्द आदिका आधारमा सिकाउनुहोस् ।

५. शब्दको अर्थ सिकाउँदा स्थानीय वस्तु तथा चित्रको प्रयोग र आवश्यकताअनुसार हाउभाउको पनि उपयोग गर्नुहोस् ।

६. शब्द र अर्थलाई गोजी तालिकामा जोडी मिलाएर राख्नुहोस् र कुनै विद्यार्थीलाई पढ्न लगाई सबैलाई सुनाउनुहोस् ।

७. विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । शब्दार्थका लागि पाठसँग सम्बन्धित विभिन्न शब्दहरू टिपोट गर्न लगाउनुहोस् । पालैपालो एक समूहले अर्को समूहलाई शब्द सोधी अर्थ भन्न लगाउनुहोस् । यस क्रियाकलापलाई प्रतियोगितात्मक ढङ्गले पनि सञ्चालन गर्न सक्नुहुने छ ।

८. शब्दार्थमा प्रयोग भएका र पाठमा प्रयुक्त नयाँ शब्दहरूलाई शिक्षकले वाक्यपत्तीको प्रयोग गरी प्रस्तुत गर्नुहोस् र वाक्य निर्माण गर्न सिकाउनुहोस् ।

९. ख्याल गर्नुहोस्, वाक्यमा प्रयोग गर्दा चार पाँच शब्दका छोटा वाक्य निर्माण गर्नुहोस् र विद्यार्थीलाई पनि सोही प्रकृतिका वाक्य निर्माण गर्न प्रोत्साहन गर्नुहोस् ।

१०. पाठमा प्रयोग भएका विभिन्न शब्दहरू दिई विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

११. विद्याथीलाई घाम, वृक्ष, पर्वत, खोला, फूल आदिबाट के के सिक्न सकिन्छ भनेर प्रश्न गर्नुहोस् । आपसमा छलफल गराउनुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

१२. विद्यार्थीले भनेका कुराहरू समावेश गर्दै प्रकृतिका सबै कुरा गुरु रहेको आशय सन्दर्भसहित जानकारी गराउनुहोस् ।

१३. शिक्षकले शैक्षणिक पाटीमा पाठ्य कविताको पहिलो हरफलाई गद्यमा रूपान्तरण गरेर देखाउनुहोस् । जस्तै :

गद्य रूपान्तरण

संसार नै मेरो स्कुल सबै मेरा गुरु
सबैबाट शिक्षा लिन्छु म त खुरुखुरु

उत्तर : स्कुल मेरो संसार हो । सबै मेरा गुरु हुन् ।
म सबैबाट खुरुखुरु शिक्षा लिन्छु ।

१४. ख्याल गर्नुहोस्, गद्यमा रूपान्तरण गर्दा सरल प्रकृतिका वाक्य बनाउनुहोस् । वाक्यलाई कर्ता, कर्म र क्रियाकै संरचनामा संरचित गर्नुहोस् । कविताका श्लोकमा भएकै शब्दबाट वाक्य निर्माण गर्नुहोस् र आवश्यक परेमा मात्र केही शब्द थप्नुहोस् ।

१५. विद्यार्थीलाई कविताका विभिन्न श्लोक दिई गद्यमा रूपान्तरण गर्न लगाउनुहोस् र शिक्षकले अवलोकन गरी आवश्यक सहयोग गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(अ) दिइएका शब्दको मिल्ने अर्थसँग जोडा मिलाउन लगाउनुहोस् :

(क) एकता प्रकाश छेकिँदा पर्ने ओभेल

(ख) छाया हासिल वा प्राप्त गर्नुपर्ने कुरा

(ग) लक्ष्य एक हुँदाको अवस्था

(घ) कर्तव्य पर्वत जस्तै स्थिर

(आ) दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

माया, एकता, काम, फूल, अन्धकार

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भावबोध<br>• प्रश्नोत्तर | • सबै मेरा गुरु कविताको भावार्थ लेख्न<br>• पाठ्य कवितामा आधारित भएर प्रश्नोत्तर गर्न | • पाठ्य कविता, भावका बुँदा, प्रोजेक्टर र प्रश्न सूची र उत्तरका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै नीतिपरक कविता सुनाएर विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र विद्यार्थीका पनि कुनै रचना भए सुनाउने अवसर दिनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुका बारेमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. सर्वप्रथम विद्यार्थीलाई कविताको मौन पठन गर्न निर्देश गर्नुहोस् ।

२. विद्यार्थीलाई कविताका श्लोकअनुसारका समूहमा विभाजन गर्नुहोस् ।

३. विद्यार्थीलाई कविताका प्रत्येक पङ्क्ति र श्लोकका बारेमा छलफल गरी भन्न लगाउनुहोस् ।

४. विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

५. विद्यार्थीलाई कवितामा व्यक्त विचार प्रस्तुत गर्न निरन्तर प्रोत्साहन गर्नुहोस् ।

६. विद्यार्थीले भनेका कुरामा आवश्यक कुरा थपी कविताको भाव स्पष्ट पारिदिनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । स्लाइडबाट भावअनुसार घाम, रुख, पर्वत, नदी र फूल आदिका आवश्यक चित्र तथा भावका बुँदा प्रस्तुत गरी समग्र कविताको भाव प्रस्ट पारिदिनुहोस् ।

**मूल भाव**

- प्रकृतिका सबै कुराबाट शिक्षा लिन सकिने

- घामबाट सबैको भलो होस् भन्ने भाव सिक्न सकिने
- घामले जस्तै उज्यालो दिन सक्ने हुनुपर्ने
- वृक्षबाट फल प्राप्त गरे झैँ पौरखी बन्ने र शीतलता दिए झैँ उदार बन्ने भाव सिक्न सकिने
- पहाडबाट अटल बन्ने भाव सिक्न सकिने
- नदी जस्तै खुला बन्नुपर्ने
- माहुरीले जस्तै एकताको भाव सिक्न सकिने
- काँडा भएर पनि फूलबाट पाइने सुगन्ध जस्तै सबैमा खुसी व्यक्त गर्न सिक्नुपर्ने

७. विद्यार्थीसँग छलफल गर्दै सुरुमा प्रत्येक श्लोकको भावार्थ लेखाउनुहोस् र अन्त्यमा पुरै कविताको भावार्थ लेख्न प्रोत्साहित गर्नुहोस् ।

८. शिक्षकले पाठ्य कविताका विभिन्न श्लोकमा आधारित भएर तयार पारेका प्रश्नसूची प्रस्तुत गरी भन्न र लेख्न तयार गराउनुहोस् । उनीहरूलाई छोटो उत्तर लेखन र सङ्क्षिप्त उत्तर लेखनका लागि नमुना प्रस्तुत गरी अभ्यास गराउनुहोस् ।

**छोटो उत्तर लेखनको नमुना**

(क) बटुवालाई कसले छाया दिन्छ ?

उत्तर : बटुवालाई वृक्षले छाया दिन्छ ।

**सङ्क्षिप्त उत्तर लेखनको नमुना**

(क) घामबाट के के शिक्षा लिन सकिन्छ ?

उत्तर : घाम सबैतिर एकै प्रकारले लाग्छ । यसले सबैलाई न्यानो दिएको छ । यसले सबैलाई उज्यालो दिएको छ । यसबाट ज्ञानको ज्योति छर्ने र सबैको भलो गर्ने शिक्षा लिन सकिन्छ ।

९. विद्यार्थीलाई प्रस्तुत गरिएका प्रश्नको उत्तर पहिचान गर्न केही समय दिनुहोस् र उनीहरूले प्रस्तुत गरेका उत्तरमा आवश्यक छलफल गराउनुहोस् ।

१०. विद्यार्थीले तयार पारेका उत्तर क्रमैसँग व्यक्त गर्न लगाउनुहोस् । कक्षामा सबै विद्यार्थीलाई उत्तर प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

११. विद्यार्थीले व्यक्त गरेका उत्तरमा आवश्यक कुरा समावेश गरी थप प्रस्ट पारिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(अ) दिइएको कविताांशको भाव लेख्न लगाउनुहोस् :

पर्वतले पनि मलाई शिक्षा दिँदै भन्छ
कर्तव्य र आदर्शमा अटल बन्नुपर्छ
खोला पनि पुस्तकै हो संसारले पढ्ने

लक्ष्य आफ्नो नछोडेर अगि अगि बढ्ने ।

(आ) दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :

(क) हामीलाई एकता किन आवश्यक परेको हो ?

(ख) फूलबाट के शिक्षा लिन सकिन्छ ?

(ग) हामीले माहुरीबाट कस्तो शिक्षा पाउँछौं ?

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • समान ध्वनि र समान संरचना भएका शब्द पहिचान<br>• कविताको हरफमा भएका वर्ण पहिचान | • पाठ्य कविताबाट समान ध्वनि र समान संरचना भएका शब्द पहिचान गर्न<br>• पाठ्य कविताको हरफमा भएका वर्ण पहिचान गर्न | • शब्दपत्ती<br>• पावरपोइन्ट स्लाइड |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१.कुनै रमाइलो चुट्किला सुनाएर सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

**चुट्किला**

धुर्मुस आफूलाई खुब स्वर सम्राट मान्थ्यो । यतिकैमा एकदिन एउटा किसानलाई गीत सुनाउन गएछ । केही बेर पछि किसान सुँकसुँक गर्दै रुन थालेछ ।

धुर्मुस :- (मन मनै खुसी हुँदै ) खुसी लाग्यो मेरो सँगीतको राग बुझ्ने तिमी मात्रै रहेछौ ।

किसान :- म हजुरको गीत सुनेर रोएको होइन ।

धुर्मुस :- अनि किन त ?

किसान :- पोहोर साल मेरो एउटा गोरु मरेको थियो । मर्ने बेलामा गोरुले यस्तै स्वर निकालेको थियो । आज मलाई त्यो गोरुको याद आयो अनि रोएको ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पाठ्य कविताको पहिलो हरफ प्रस्तुत गर्नुहोस् । कविताका हरेक पङ्क्तिको अन्तिममा लय मिलाउन प्रयोग भएका शब्द शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।

जस्तै : गुरु - खुरुखुरु, गर्ने - हर्ने, माया - छाया

२. विद्यार्थीलाई उल्लिखित प्रकृतिका लय मिलेका अन्य शब्दहरू पाठ्य कविताबाट टिपोट गर्न निर्देश गर्नुहोस् ।

३. विद्यार्थीले टिपोट गरेका शब्द प्रस्तुत गर्न लगाउनुहोस् ।

४. निर्देशित कार्य गरेकामा विद्यार्थीलाई हौसला प्रदान गर्नुहोस् ।

५. शिक्षकले टिपोट गरेका लय मिल्ने शब्दपत्तीहरू टाँसेर सबै विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।

६. शिक्षकले पाठ्य कविताको पहिलो हरफ शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

७. कविताको श्लोकमा भएका वर्ण विद्यार्थीलाई गन्न निर्देश गर्नुहोस् ।

८. विद्यार्थीले कविताको पहिलो पङ्क्तिमा चौध र दोस्रो पङ्क्तिमा पन्ध्रओटा वर्ण छन् भन्न सक्ने छन् ।

९. विद्यार्थीलाई आधा वर्णको गणना नहुने र सग्ला वर्ण मात्र गणना हुने तथा लयात्मक कवितामा सग्ला वर्णको सङ्ख्या हरेक पङ्क्तिमा फरक फरक भए पनि उच्चारण गर्दा बराबरी हुने गरी मिलाएर उच्चारण गर्ने तरिका सिकाउनुहोस् ।

१०. ख्याल गर्नुहोस् सबै मेरा गुरु कवितामा प्रत्येक पङ्क्तिमा चौध अक्षर रहेका छन् ।

**३. मूल्याङ्कन**

(अ) कविताको दोस्रो श्लोकमा रहेका लय मिल्ने शब्द कुन कुन हुन्, भन्न लगाउनुहोस् ।

(आ) लय मिल्ने कुनै पाँच जोडी शब्द लेख्न लगाउनुहोस् ।

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुलेखन<br>• आशय वर्णन<br>• विचार लेखन | • निर्दिष्ट कविताको श्लोक अनुलेखन गर्न<br>• पाठ्य कविताको आशय वर्णन गर्न<br>• कवितालाई आधारमा मानी स्वतन्त्र विचार प्रस्तुत गर्न | • अनुलेखनको नमुना<br>• आशय वर्णनको नमुना<br>• पावरपोइन्ट स्लाइड |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१.विद्यार्थीलाई कुनै गाउँखाने कथा सोधेर सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

| गाउँखाने कथा |
|---|
| चाँदीको ठेकी स्याउलाको बिर्को के हो ? |
| उत्तर : मुला |

२. विद्यार्थीले सही उत्तर भनेमा स्याबासी दिनुहोस् ।

३. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षक आफैँले तयार पारेको तथा कसैले राम्रा अक्षरमा लेखेको कुनै अनुच्छेद देखाउनुहोस् । कक्षाकै कुनै विद्यार्थीको लेखनलाई पनि नमुनाका रूपमा लिन सक्नुहुने छ ।

२. अनुलेखन गर्दा दिइएको पद्यांश वा गद्यांशको वर्णविन्यास ख्याल गरेर हुबहु लेख्नुपर्ने कुरा सिकाउनुहोस् ।

३. नेपाली अक्षर राम्रो पारेर लेख्ने तरिका उदाहरणसहित शैक्षणिक पाटीमा लेखेर सिकाउनुहोस् ।

**नेपाली अक्षर राम्रो पारेर लेख्ने तरिका**

- हरेक वर्णलाई सिधा लेख्ने
- डिको दिएर लेख्ने
- एक वर्णले अर्को वर्णलाई नछोइकन लेख्ने
- अक्षर र मात्राको ढल्काइ एकैतिर पार्ने
- वर्ण वर्णबिचको तथा शब्द शब्दबिचको दूरी समान पार्ने

४. पाठ्य कविताको कुनै श्लोक अनुलेखन गर्न लगाउनुहोस् । विद्यार्थीको कार्य अवलोकन गर्नुहोस् । एक अर्काका कापी साटासाट गरेर हेर्न लगाउनुहोस् र सबै विद्यार्थीलाई स्याबासी दिनुहोस् ।

५. शिक्षकले आशय वर्णनको नमुना प्रस्तुत गर्नुहोस् । विद्यार्थीसँग आवश्यक छलफल गर्नुहोस् ।

६. आशय वर्णन भनेको कविताका श्लोकले भनेको कुरा तर्क, उदाहरण र आवश्यक कुरा थप्दै बढाएर लेख्ने कार्य हो भनी लेख्न सिकाउनुहोस् ।

७. कक्षा चारका विद्यार्थीलाई एकै अनुच्छेदमा वा दुई अनुच्छेदमा आशय वर्णन गर्न सिकाउन सक्नुहुने छ ।

**आशय वर्णन**

फूल भन्छ सधैँ मलाई मिठो वास छर<br>
काँडैकाँडा बिचमा पनि मुस्कुराउने गर ।

उत्तर :

फूलले मिठो बास्ना छर्छ । यो काँडैकाँडाको बिचमा फूलेर पनि हाँसेको हुन्छ । हामीले पनि फूल जस्तै सुन्दर बन्न मिठो बोली र राम्रो व्यवहार गर्न सिक्नुपर्छ ।

मान्छेको जीवनमा दुःख सुख आइरहन्छ । फूलले काँडाको बिचमा फूलेर पनि सुवास छरेको हुन्छ । मान्छेको जीवनमा पनि दुःख सुख आइरहन्छ । हामीले फूल जस्तै रमाउन सिक्नुपर्छ । फूलका काँडा जस्तै जीवनमा दुःखबाट परिश्रम गरेर सफल बन्नुपर्छ । मानिसले फूल जस्तै रमाएर बाँच्न सिक्नुपर्छ ।

८. विद्यार्थीलाई कविताका विभिन्न श्लोक दिई बढाएर भन्न र लेख्न प्रोत्साहित गर्नुहोस् ।

९. विद्यार्थीबाट आएका कुरा समावेश गरी कुनै पङ्क्तिको आशय वर्णन गरी प्रस्तुत गर्नुहोस् र आवश्यक छलफल गर्नुहोस् ।

१०. संसारलाई किन विद्यालय भनिएको हो भनेर विद्यार्थीलाई प्रश्न सोध्नुहोस् । आपसमा छलफल गराउनुहोस् । उनीहरूका स्वतन्त्र विचार लिनुहोस् । उनीहरूले भनेका कुरा शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

११. टिपोट गरिएका कुराहरू समावेश गर्दै उल्लिखित प्रश्नमा आधारित भएर शिक्षकले विचार लेखनको उत्तर भनिदिनुहोस र विद्यार्थीलाई पनि लेख्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(अ) कविताको चौथो श्लोक अनुलेखन गर्न लगाउनुहोस् ।

(आ) दिइएको पङ्क्तिको आशय वर्णन गर्न लगाउनुहोस् :

खोला पनि पुस्तकै हो संसारले पढ्ने

लक्ष्य आफ्नो नछोडेर अगि अगि बढ्ने ।

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • विषयवस्तु टिपोट<br>• भाषिक प्रकार्य (स्वपरिचय प्रस्तुति) | • निर्दिष्ट कविताको विषयवस्तु टिपोट गर्न<br>• स्वपरिचय प्रस्तुति दिन | • विषयवस्तु टिपोटको नमुना<br>• स्वपरिचय प्रस्तुतिको भिडियो |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै रमाइलो लोक गीत सुनाएर विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् । विद्यार्थीका पनि प्रतिभा प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. पाठ्य कवितालाई मौन पठन गर्न लगाउनुहोस् ।

२. अगिल्लो कक्षामा गरेका छलफल र मौन पठनका आधारमा कविताका मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले टिपोट गरेका मुख्य मुख्य विषयवस्तु प्रस्तुत गर्न लगाई प्रतिक्रिया लिनुहोस् ।

४. विद्यार्थीले टिपोट गरेका विषयवस्तुलाई समावेश गर्दै आवश्यक कुरा थपेर मुख्य विषयवस्तुका सम्बन्धमा प्रस्ट पार्नुहोस् ।

| मुख्य विषयवस्तु |
|---|
| • यो संसार नै विद्यालय रहेको<br>• सबैबाट शिक्षा लिन सकिने |

- घामले सबैको भलो गर्ने
- वृक्षबाट उदार बन्ने भावना सिक्न सकिने
- खोला लक्षमा निरन्तर रहने
- माहुरीबाट एकतामा रही काम गर्ने भाव सिक्न सकिने
- फूलले असहज परिस्थितिलाई पनि सहज रूपमा स्वीकार्ने

५. प्रोजेक्टरको प्रयोग गरेर कुनै व्यक्तिले आफ्नो परिचय दिएको भिडियो प्रस्तुत गर्नुहोस् । शिक्षक आफैँले आफ्नो परिचय दिन पनि सक्नुहुने छ ।

६. प्रस्तुत गरिएको भिडियो सामग्रीका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् ।

७. बोध अभिव्यक्तिको प्रश्न एघारमा रहेको व्यक्ति परिचय तथा निम्नअनुसारे व्यक्ति परिचय आफैँले निर्माण गरी कुनै विद्यार्थीलाई पढ्न लगाई अरू विद्यार्थीलाई ध्यानपूर्वक सुन्न निर्देश गर्नुहोस् ।

**मेरो परिचय**

नमस्कार !

मेरो नाम डोल्मा तामाङ हो । मेरो जन्म नुवाकोट जिल्लामा भएको हो । मेरा बुबाको नाम भक्तबहादर तामाङ हो । मेरी आमाको नाम कविता तामाङ हो । म चार कक्षामा पढ्छु । मेरो विद्यालयको नाम श्री ग्राम शिक्षा आधारभूत विद्यालय हो । मेरा धेरै साथी छन् । मेरो मिल्ने साथीको नाम पविना लोहार हो । मलाई बिरामीको सेवा गर्न मन लाग्छ । मेरो लक्ष्य नर्स बनेर देशको सेवा गर्ने रहेको छ ।

८. प्रश्न ११ मा दिइएको व्यक्ति परिचयको उदाहरणलाई आधार मानी स्वपरिचयका लागि आवश्यक पर्ने नाम, जन्ममिति, आमाबुबाको नाम, ठेगाना, शिक्षा, विद्यालयको नाम, रुचि, लक्ष आदि कुराहरू समावेश गरेर स्वपरिचय दिन सिकाउनुहोस् ।

९. विद्यार्थीहरूलाई आवश्यक तयारी गरेर स्वपरिचय प्रस्तुति दिन लगाउनुहोस् । सबै विद्यार्थीलाई स्वपरिचयका लागि अवसर दिनुहोस् ।

१०. कक्षामा चिट्ठा खेल खेलाउनुहोस् । विद्यार्थीलाई शिक्षक, किसान, व्यापारी, बुबा, आमा आदि विभिन्न भूमिकामा रहेर स्वपरिचय प्रस्तुति दिन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(अ) कविताको दोस्रो श्लोकको मुख्य विषयवस्तु टिप्न लगाउनुहोस् ।

(आ) आफ्नो स्वपरिचय प्रस्तुति दिन लगाउनुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● नाम शब्दको पहिचान र प्रयोग | ● निर्दिष्ट प्रश्नमा आधारित भई नाम शब्दको पहिचान र प्रयोग गर्न | ● शब्दपत्ती, अनुच्छेद |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती  क्रियाकलाप**

१. शिक्षक र विद्यार्थीबिच केही समय अन्त्याक्षरी गायन गर्नुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाइ विभिन्न समूहमा विभाजन गर्नुहोस् । हरेक समूहबाट आफ्नो समूहका साथीहरूको नाम भन्न लगाउनुहोस् ।

२. शिक्षकले नाम शब्दको धेरै प्रयोग भएका कुनै स्वतन्त्र अनुच्छेद निर्माण गरी प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

३. प्रस्तुत गरिएको अनुच्छेदबाट उदाहरणको रूपमा केही नाम शब्द शिक्षकले टिपोट गरेर देखाउनुहोस् र बाँकी नाम शब्द विद्यार्थीलाई टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

४. विद्यार्थीहरूलाई आफूले भ्रमण गरेका विभिन्न ठाउँका नाम टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

५. शिक्षकले विभिन्न जनावरका चित्र प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

६. प्रस्तुत गरिएका जनावरका चित्र हेरी विद्यार्थीलाई नाम लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।

७. विद्यार्थीका कार्यको अवलोकन गर्नुहोस् । कक्षा प्रस्तुति गर्ने विद्यार्थीलाई धन्यवाद दिनुहोस् । आवश्यकताअनुसार थप सिकाइ गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. विद्यार्थीलाई पाँच समूहमा विभाजन गर्नुहोस् । समूहअनुसार व्यक्ति, जाति, समूह, पदार्थ र भावका नाम टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

### ३. मूल्याङ्कन

(अ) सबै मेरा गुरु पाठमा प्रयोग भएका कुनै पाँचओटा नाम शब्द शिक्षकका सहायताले टिपोट गर्न लगाउनुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सर्वनाम शब्दको पहिचान र प्रयोग | ● निर्दिष्ट प्रश्नमा आधारित भई सर्वनाम शब्दको पहिचान र प्रयोग गर्न | ● शब्दपत्ती, अनुच्छेद |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षक र विद्यार्थीले सँगसँगै निर्दिष्ट कवितालाई लोकलयमा गाउनुहोस् र कक्षामा सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् :

नामको सट्टा प्रयोग हुने शब्द सर्वनाम

पहिचान र प्रयोग गर्ने आज हाम्रो काम

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. सर्वनाम शब्द प्रयोग भएको अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गर्नुहोस् ।

२. प्रस्तुत गरिएको अनुच्छेदमा रहेका केही सर्वनाम शब्दलाई टिपेर शैक्षणिक पाटीमा लेख्नुहोस् र विद्यार्थीलाई सर्वनाम शब्द सिकाउनुहोस् ।

३. विद्यार्थीलाई शिक्षकले टिपेकै प्रकृतिका अन्य सर्वनाम शब्द अनुच्छेदबाट टिपेर प्रस्तुत गर्न लगाउनुहोस् ।

४. शिक्षकले शैक्षणिक पाटीमा विभिन्न सर्वनाम शब्द लेखिदिनुहोस् र विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् ।

५. निम्नअनुसारका वाक्य लेखी नामको पुनरावृत्तिमा सर्वनाम आएको कुरा सिकाउनुहोस् :

*मोहन बजार गयो । उसले बजारमा खाजा खायो ।*

उल्लिखित वाक्यहरूमा उसले भन्ने शब्द मोहनका सट्टामा आएको र यसले नामको पुनरावृत्तिलाई रोकेको जानकारी दिनुहोस् ।

६. शिक्षकले विभिन्न सर्वनाम शब्द शैक्षणिक पाटीमा लेखिदिनुहोस् र विभिन्न प्रकृतिका वाक्यहरू लेखी सर्वनामको प्रयोग गर्न विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् ।

७. विद्यार्थीले सर्वनाम शब्दको प्रयोग गरेका वाक्यहरू जाँच्नुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

८. विद्यार्थी सङ्ख्याका आधारमा समूहमा विभाजन गर्नुहोस् । सबै समूहलाई कार्डबोर्ड दिनुहोस् । निश्चित समय तोकी सर्वनाम शब्द लेखेर वाक्यमा प्रयोग गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

९. विद्यार्थीका समूह कार्यको अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(अ) दिइएका शब्दमध्ये सर्वनाम शब्द छानेर लेख्न लगाउनुहोस् :

कमल, ऊ , हामी, बिपना, सञ्जय, तिमी, महेश, उनी, त्यो, अनुप, तपाइँ

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● ह्रस्व इकार भएका शब्दको पहिचान र प्रयोग | ● शब्दको सुरु र अन्त्यमा ह्रस्व इकार भएका शब्दको पहिचान र प्रयोग गर्न | ● शब्दको सुरु र अन्त्यमा ह्रस्व इकार भएका शब्दको सूची, अनुच्छेद र शब्दकोश |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै विद्यार्थीलाई चुट्किला सुनाउन लगाउनुहोस् र सिकाइका लागि कक्षामा ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले शब्दको सुरु र अन्त्यमा ह्रस्व इकार लागेका शब्द प्रयोग भएको अनुच्छेद निर्माण गरी प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

२. शिक्षकले उदाहरणका रूपमा शब्दको सुरु र अन्त्यमा ह्रस्व इकार प्रयोग भएका शब्द टिपेर देखाइदिनुहोस् ।

३. शिक्षकले टिपेकै प्रकृतिका अन्य शब्दहरू टिपोट गर्न विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

४. विद्यार्थीले शब्द टिपोट गर्दा शिक्षकले अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

५. शब्दकोशको प्रयोग गरेर विद्यार्थीलाई शब्दको सुरु र अन्त्यमा ह्रस्व इकार लागेका शब्द टिप्न सिकाउनुहोस् ।

६. विद्यार्थीका कार्यको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीले टिपोट गरेका शब्द एक आपसमा साटासाट गरेर हेरी प्रतिक्रिया व्यक्त गर्न लगाउनुहोस् ।

८. शब्दको सुरु र अन्त्यमा ह्रस्व इकार लेखेका र नलेखेका शब्दपत्तीहरू कक्षाको कुनै कुनामा छरेर राख्नुहोस् । निश्चित समय दिएर पालैपालो विद्यार्थीलाई शुद्ध शब्दका पत्तीहरू टिपोट गर्न लगाउनुहोस् ।

९. विद्यार्थीका कार्यको अलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(अ) शब्दको सुरु र अन्त्यमा ह्रस्व इकार लागेका बिसओटा शब्द लेख्न लगाउनुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सुनाइ पाठमा आधारित छलफल, मौखिक प्रश्नोत्तर<br>• श्रुतिलेखन<br>• परियोजना कार्य | • सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न<br>• श्रुतिलेखन गर्न<br>• काग, कुकुर, कमिला र जूनबाट पाइने शिक्षा प्रस्तुत गर्न | • सुनाइ पाठको अडियो सामग्री<br>• श्रुतिलेखनको नमुना<br>• प्रश्नसूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै विद्यार्थीलाई गीत गाउन लगाउनुहोस र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् ।

२. सुनाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् ।

३. ध्यानपूर्वक पाठ सुन्नुपर्ने, निर्धारित प्रश्नको संरचनामा आधारित रहेर उत्तर दिने कुरा विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

४. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ एक सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर तथा पाठ्यक्रम विकास केन्द्रको वेबसाइडबाट डाउनलोड गरी कम्तिमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ ।

५. पहिलो पटक सुनाइ पाठ सुनेपछि विद्यार्थीलाई अभ्यासका निर्धारित प्रश्नहरू हेर्न लगाउनुहोस् र त्यसपछि पुनः सुनाइ पाठ सुनाउनुहोस् ।

६. सुनाइ पाठका आधारमा निर्धारित प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् ।

७. विद्यार्थीले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

८. सुनाइ पाठ १ का अन्तिम दुई पङ्क्ति विद्यार्थीलाई सुन्दै लेख्न लगाउनुहोस् । विद्यार्थीका कार्य अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

९. सुनाइ पाठका आधारमा विभिन्न प्रश्नका चिट्ठाहरू निर्माण गर्नुहोस् ।

१०. विद्यार्थीलाई चिट्ठा टिप्न लगाई उत्तर भन्न लगाउनुहोस् ।

११. विद्यार्थीका कार्यको अलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१२. परियोजना कार्यको तयारीका लागि विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) हामीले कसले अह्राएको काम गर्नुपर्छ ?

(आ) खराब कामको फल कस्तो हुन्छ ?

(इ) जाँगरिलो हुन के गर्नुपर्छ ?

## एघारौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● परियोजना कार्यको प्रस्तुति | ● काग, कुकुर, कमिला र जूनबाट लिइने शिक्षा बताउन | ● काग, कुकुर, कमिला, जून आदिका चित्र । |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई आँखा बन्द गर्न लगाउनुहोस् । लामो सास तान्दै छोड्न लगाउनुहोस् । केही समय यो अभ्यासलाई दोहोऱ्याउनुहोस् र अन्त्यमा विद्यार्थीलाई ताली बजाउन लगाएर सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले संसारका विभिन्न विषयवस्तुमध्ये कुनै एकबाट पाइने शिक्षाको नमुना प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । उदाहरणका लागि तलको नमुनालाई लिन सक्नुहुने छ ।

**हिमाल**



**हिमालबाट पाइने शिक्षा**

- असल विचारमा सधैँ अटल र अडिग रहने
- आत्मविश्वास गर्ने
- सहनशील हुने
- सहनशीलताबाट सुन्दरता प्रस्तुत हुने

- अटल बनेर सुन्दरता प्रस्तुत गर्न सके अरूलाई आकर्षण गर्न सकिने

२. विद्यार्थीले आफूले तयार गरेका परियोजना कार्यलाई व्यवस्थित गरेर परियोजना कार्यको प्रस्तुतिका लागि तयार रहन निर्देश गर्नुहोस् ।

३. सबैले सुन्ने गरी प्रभावकारी तरिकाले बोलेर परियोजनाको प्रस्तुति दिने तरिका सिकाउनुहोस् ।

४. विद्यार्थीहरूलाई क्रमैसँग परियोजना कार्यको प्रस्तुति गर्न लगाउनुहोस् ।

५. हरेक विद्यार्थीको प्रस्तुतिपछि कक्षामा थप छलफल गराउनुहोस् ।

६. छलफलका क्रममा विद्यार्थीबाट आएका कुरालाई समावेश गर्दै आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थी सङ्ख्याका आधारमा समूह विभाजन गर्नुहोस् । फरक फरक समूहलाई गाई, आकास, बाटो र समुद्रबाट पाइने शिक्षा समूहमा छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

८. विद्यार्थीका प्रस्तुति सुनी सबैलाई ताली बजाउन लगाउनुहोस् ।

९. आवश्यकताअनुसार थप सिकाइ गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) हिमालबाट के शिक्षा पाइन्छ ?

(आ) पानीबाट के शिक्षा पाइन्छ ?

पाठ : २

शीर्षक : सुनको मूर्ति

विधा : कथा

कार्यघण्टा: ११

## परिचय

'सुनको मूर्ति' लोककथा हो । यो कथा सुषमा आचार्यद्वारा सङ्कलन गरिएको हो । लोकजीवनका मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् । मानव जीवनको सुरुआतसँगै लोककथाको विकास भएकाले यसमा लोकजीवनका मूल्यमान्यता समावेश भएको हुन्छ । लोककथा बालबालिकको भाषिक सिप विकासमा सरल र सुपाठ्य हुन्छ । यो कुनै समाज तथा संस्कृतिमा परापूर्वकालदेखि मौखिक, दन्त्य तथा लिखित रूपमा चलिआएको विधा हो ।

कथा साहित्यको लोकप्रिय विधा हो । कुनै पात्रसँग सम्बन्धित रमाइला घटना सन्दर्भ आदिको वर्णन र मानव जीवनका अनुभूतिहरू कथामा समावेश गरिएको हुन्छ । कथामा भाषाको सरल सहज प्रस्तुति हुन्छ । कथामा वाक्य गठनको सरलता हुने हुनाले भाषिक सिपको विकासमा यसलाई उपयोगी विधा मानिन्छ । कथामा हुने रोचकता मनोरञ्जनात्मकता, कौतुहलता र जीवनजगत्का विविध पक्षहरूको प्रस्तुतीकरणले गर्दा विद्यार्थीहरूमा भाषिक क्षमता अभिवृद्धि भई भाषिक सिपको विकासमा उल्लेख्य सहयोग पुग्छ । कथा विधाको शिक्षण गर्दा सस्वर र मौन पठन, उच्चाण, अर्थबोध र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर घटना वर्णन आदि क्रियाकलाप गराउनुपर्छ ।

यस पाठमा आधारित रहेर सुनाइ र बोलाइमा सुनाइ र प्रतिक्रिया, विषयवस्तुका आधारमा धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर तथा छलफल, अनुमान, कल्पना र निष्कर्ष प्रस्तुति गर्न सिकाउनुपर्छ । पढाइमा समयबद्ध सस्वर पठन र गति वृद्धि, मौन पठन, संरचना, पात्र र घटना पहिचान र पाठको विषयबोध गर्न सिकाउनुपर्छ । लेखाइमा पात्र परिचय लेखन, घटनाक्रम मिलान, प्रश्नोत्तर, सारांश लेखन, श्रुति लेखन र निर्देशित कथा लेखन सिपको विकास गराउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासमा विशेषण शब्दको पहिचान र प्रयोग, दीर्घ ईकार (सुरु, बिच, अन्तिममा प्रयोग हुने शब्द) को पहिचान र प्रयोग गर्न सिकाउनुपर्छ । शब्दभण्डारमा पर्यायवाची शब्द पहिचान र प्रयोग, विपरीतार्थी शब्द पहिचान र प्रयोग, पाठगत शब्दको अर्थबोध र प्रयोग गर्न लगाउनुपर्छ । त्यसैगरी भाषिक प्रकार्यमा आदर सत्कार सिकाउनुपर्छ ।

### पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सन्दर्भ पहिचान<br>● समयबद्ध सस्वर पठन<br>(अनुच्छेद एकदेखि पाँचसम्म) | ● पाठ्य कथाको सन्दर्भ पहिचान गरी छलफल गर्न<br>● गति, यति र विराम चिह्न | ● पूर्व पठन खण्डका चित्र<br>● शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती |

| | | |
|---|---|---|
| • उच्चारण, अर्थ र वाक्यमा प्रयोग | ख्याल गरी समयबद्ध सस्वर पठन गर्न<br>• पाठगत शब्दको उच्चारण, र अर्थ सिकी वाक्यमा प्रयोग गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै छोटो लोककथा सुनाउनुहोस् र विद्यार्थीलाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. पूर्व पठन खण्डका चित्रहरू प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

२. प्रस्तुत गरिएका चित्रका सम्बन्धमा विद्यार्थीहरूलाई आफ्ना धारणा व्यक्त गर्न लगाउनुहोस् र आपसमा छलफल गराउनुहोस् ।

३. निर्दिष्ट पाठका विभिन्न अनुच्छेद फरक फरक बेन्चका विद्यार्थीलाई पढ्न लगाउनुहोस् । यसरी पढ्न लगाउँदा पठन क्षमता कमजोर भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् ।

४. विद्यार्थीहरूले गति, यति र विराम चिह्न ख्याल गरेर सस्वरवाचन गरे नगरेको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

५. एउटा विद्यार्थीले सस्वर पठन गरिरहँदा अन्य विद्यार्थीलाई उच्चारण, अर्थ र वाक्यमा प्रयोग गर्न सिक्नुपर्ने शब्द टिपोट तथा रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

६. विद्यार्थीले टिपोट गरेका शब्द शिक्षकले शैक्षणिक पाटीमा लेख्नुहोस् र विद्याथीहरूबाटै उच्चारण र अर्थ खोजी वाक्यमा प्रयोग गर्न लगाई आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीहरूलाई उच्चारण सिकाउँदा अक्षरीकरण गरी सिकाउनुहोस् र दुई तीन पटक उच्चारण अभ्यास गराउनुहोस् ।

जस्तै : जङ्गल : ÷ जङ्. गल् ÷ चिन्तित : ÷ चिन्. तित् ÷

८. शब्दको अर्थ सिकाउँदा शब्दपत्ती, अर्थपत्ती, हाउभाउ, वास्तविक वस्तु, चित्र र शब्दकोशको उपयोग गरी सिकाउनुहोस् ।

९. वाक्यमा प्रयोग सिकाउँदा चार, पाँच शब्दका छोटा र सरल वाक्यको निर्माण गर्न सिकाउनुहोस् ।

जस्तै : निधो - हामीले कथा पढ्ने निधो गर्‍यौँ ।

१०. विद्यार्थीहरूलाई निश्चित समय दिई निर्दिष्ट पाठको तेस्रो अनुच्छेद सस्वरवाचन गरी पढ्न लगाउनुहोस् र कुनै विद्यार्थीलाई समय हेर्न लगाउनुहोस् ।

११. विद्यार्थीहरूले के कति समयमा पढ्न सके छलफल गरी सबैभन्दा छिटो पढ्ने विद्यार्थीलाई बधाई दिँदै सहभागी सबै विद्यार्थीका लागि ताली बजाउन लगाई आवश्यक सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

इमान्दार, ब्वाँसो, चङ्खे, मूर्ति, पुर्खा

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् :

वेला, घना, बगाल, मक्ख, मूर्ति

(ग) पाठको पहिलो अनुच्छेद सस्वरवाचन गर्नु लगाउनुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन (अनुच्छेद छदेखि अन्तिमसम्म)<br>• पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग<br>• विषयबोध र बोध प्रश्नोत्तर | • पाठका निर्दिष्ट अनुच्छेद मौन पठन गर्न<br>• पाठगत शब्दको उच्चारण र अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट पाठको विषयबोध गरी बोध प्रश्नोत्तर गर्न | • शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, प्रश्नसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. पाठ्य कथासँग मिल्दो कुनै कथा वा प्रसङ्ग सुनाइ विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् । यस क्रममा विद्यार्थीका प्रतिभालाई पनि प्राथमिकता दिनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. निर्धारित कथाका अनुच्छेदहरू मौन पठन गराउनुहोस् । सबै विद्यार्थीले मौन पठन गरे नगरेको शिक्षकले अवलोकन गर्नुहोस् ।

२. निर्धारित अनुच्छेदबाट उच्चारण, अर्थ र वाक्यमा प्रयोग गर्न सिक्नुपर्ने शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले टिपोट गरेका शब्द शिक्षकले शैक्षणिक पाटीमा लेख्नुहोस् र विद्याथीहरूबाटै उच्चारण र अर्थको खोजी गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

४. उल्लिखित सिकाइ क्रियाकलाप गर्दा पहिले विद्यार्थीलाई प्राथमिकता दिनुहोस् र आवश्यकताअनुसार शिक्षकले थप सिकाइ गर्नुहोस् ।

५. शब्दको अर्थ सिकाउँदा शब्दपत्ती, अर्थपत्ती, हाउभाउ, वास्तविक वस्तु, चित्र र शब्दकोशको उपयोग गरी सिकाउनुहोस् ।

६. शिक्षकले बोध प्रश्नको सूची प्रस्तुत गर्नुहोस् । प्रस्तुत गरिएका प्रश्नको उत्तर खोज्न विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

७. विद्यार्थीलाई पालैपालो बोध प्रश्नको उत्तर भन्न लगाई छलफल गर्दै आवश्यक सिकाइ गर्नुहोस् ।

८. विद्यार्थीहरूलाई साना साना चिट्ठाका टुक्रामा शब्दको अर्थ भन्ने, वाक्य निर्माण गरी भन्ने, उच्चारण गर्ने र बोध प्रश्नका टुक्रा निर्माण गर्न लगाउनुहोस् ।

९. उक्त चिट्ठा शिक्षकले जम्मा गरी विद्यार्थीलाई पालै पालो टिप्न लगाउनुहोस् र उनीहरूलाई परेको चिट्ठाको उत्तर प्रस्तुत गर्न लगाउनुहोस् ।

१०. शिक्षकले विद्यार्थीका कार्यको अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

असर्फी, आश्चर्य, सम्झाउँदै, दुर्घटना, फर्क्यो

(ख) बिर्खलालले के शिक्षा पायो ? भन्न लगाउनुहोस् ।

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संरचना पहिचान<br>• घटना पहिचान<br>• पात्र/ चरित्र वर्णन | • कथाको संरचना पहिचान गर्न<br>• पाठ्य कथाको घटना पहिचान गर्न<br>• पाठ्य कथामा रहेका पात्रको परिचय लेख्न | • पात्र सूची<br>• घटना सूची<br>• पात्र/चरित्र वर्णनको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीले सुनेका कुनै लोक कथा भन्न लगाउनुहोस् र सिकाइप्रति उत्प्रेरित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पाठ्य कथाको पूर्ण पाठ प्रस्तुत गर्नुहोस् र कथामा रहेका अनुच्छेद विद्यार्थीलाई गन्न लगाउनुहोस् ।

२. कथाका अनुच्छेदबाट आदि, मध्य र अन्त्य भागको जानकारी गराई विद्यार्थीलाई कथाको संरचनाबोध गराउनुहोस् ।

३. शिक्षकले पाठ्य कथाका मुख्य मुख्य घटनालाई बुँदागत रूपमा क्रम बिगारेर प्रस्तुत गर्नुहोस् ।

४. विद्यार्थीलाई प्रस्तुत गरिएका घटनाका बुँदाहरू क्रम मिलाएर टिपोट गर्न लगाउनुहोस् ।

५. क्रम मिलाएर टिपोट गरेका बुँदाहरू कुनै विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले प्रस्तुत गरेका बुँदाहरूको क्रम मिले नमिलेको अवलोकन गरी आवश्यक सिकाइ गर्नुहोस् र सोहीअनुसार बुँदाको क्रम मिलाउन लगाउनुहोस् ।

७. विद्यार्थीलाई पाठ्य कथाका पात्रको नाम टिपोट गर्न लगाउनुहोस् ।

८. शिक्षकले बोध अभिव्यक्ति अभ्यासको १० मा रहेको उदाहरण प्रस्तुत गरी पात्र/ चरित्र वर्णनका सम्बन्धमा छलफल गराउनुहोस् ।

९. विद्यार्थी सङ्ख्याका आधारमा समूह विभाजन गर्नुहोस् ।

१०. पाठ्य कथाका मुख्य घटनाका टुक्राहरू दिनुहोस् र क्रम मिलाएर प्रस्तुत गर्न लगाउनुहोस् ।

११. सबैभन्दा छिटो मिलाउने समूहलाई प्रस्तुत गर्ने अवसर दिनुहोस् र शिक्षकले अवलोकन गरी आवश्यक सिकाइ गर्नुहोस् ।

१२. समूह कार्यमा सहभागिताका लागि सबै विद्यार्थीलाई धन्यवाद दिँदै ताली बजाउन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) रूपमतीको चरित्र वर्णन गर्न लगाउनुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सारांश लेखन<br>● सन्देश लेखन | ● पाठ्य कथाको सारांश लेख्न<br>● पाठ्य कथाका सन्देश लेख्न | ● सारांश लेखनको नमुना<br>● सन्देश लेखनको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई निम्नअनुसारका गाउँ खाने कथा सोध्नुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(अ) धार्नी न बिसौली दुई हातले उचाली के हो ? उत्तर : टोपी

(आ) नौ तले घरको झ्याल न ढोका के हो ? उत्तर : बाँस

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. कथाको सारांश लेख्दा अनावश्यक कुरामा वर्णन नगरी कथाको मुख्य घटनामा केन्द्रित भएर लेख्नुपर्ने आधारभूत कुराका बारेमा छलफल गर्नुहोस् ।

२. शिक्षकले तयार पारेको कुनै लोककथाको नमुना प्रस्तुत गर्नुहोस् ।

३. विद्यार्थीहरूलाई पाठ्य कथा स्मरण गर्दै छोटोमा लेख्न लगाउनुहोस् ।

४. विभिन्न बेन्चबाट फरक फरक विद्यार्थीलाई सारांश भन्न लगाउनुहोस् ।

५. विद्यार्थीका कार्यलाई हौसला प्रदान गर्दै ताली बजाउन लगाउनुहोस् ।

६. विद्याथीले तयार गरेका सारांश सुनी आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

७. विद्यार्थी सङ्ख्याका आधारमा समूह विभाजन गरी चार्ट पेपर वितरण गर्नुहोस् ।

८. प्रत्येक समूहलाई कथाले दिने सन्देश लेखी प्रस्तुत गर्न लगाउनुहोस् ।

९. विद्यार्थीको प्रस्तुति अवलोकन गरी धन्यवाद दिँदै ताली बजाउन लगाउनुहोस् ।

१०. विद्यार्थीका प्रस्तुतिलाई समावेश गर्दै आावश्यक सिकाइ गर्नुहोस् ।

सुनको मूर्ति कथाको सन्देश

- हामी सबैले अर्काको भलो चिताउनुपर्ने
- लोभ गर्नु र देखासिखी गर्नुनहुने
- लोभले लाभ र लाभले विलाप हुने
- सोच विचार गरेर मात्र कुनै पनि काम गर्नुपर्ने

**३. मूल्याङ्कन**

(क) 'सुनको मूर्ति' पाठको सन्देश लेख्न लगाउनुहोस् ।

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पर्यायवाची र विपरीतार्थी शब्द पहिचान र प्रयोग | • पर्यायवाची तथा विपरीतार्थी शब्द पहिचान र प्रयोग गर्न | • पर्यायवाची र विपरीतार्थी शब्दको सूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थी र शिक्षकले अन्त्याक्षरी खेल्दै सिकाइमा ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षक आफैँले निर्माण गरेर निम्नअनुसारको पर्यायवाची शब्द प्रयोग भएको अनुच्छेद प्रस्तुत गर्नुहोस् ।

अनुच्छेद

पृथ्वीलाई धर्ती पनि भनिन्छ । धर्तीमा मान्छे बस्छन् । मान्छे भन्नु र मनुष्य भन्नु उस्तै कुरा हो । मानिसले खान खान्छ । खानालाई कसैले भोजन पनि भन्छन् ।

२. विद्यार्थीलाई उल्लिखित अनुच्छेदबाट उस्तै अर्थ दिने शब्द पहिचान गरेर लेख्न निर्देश गर्नुहोस् ।

३. विद्यार्थीले लेखेका शब्द प्रस्तुत गर्न लगाई आवश्यक छलफल गराउनुहोस् ।

४. शिक्षकले पर्यायवाची शब्दको सूची प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पालै पालो सस्वरवाचन गरी पढ्न लगाउनुहोस् ।

५. शिक्षक आफैँले निर्माण गरेर निम्नअनुसारको विपरीतार्थी शब्द प्रयोग भएको अनुच्छेद प्रस्तुत गर्नुहोस् ।

> गोपाल र म घुम्न गयौँ । हामी बिहानै पहाडको उकालो लाग्यौँ र साँझ ओरालो झर्‍यौँ । हामीले दिनमा आफैँले पकाएर अनि रातमा होटलमा पकाएको खाना खायौँ । भोलिपल्ट हामी भिरगाउँ पुग्यौँ । त्यहाँ हामीले तरकारी किन्न पाएनौँ । हामीसँग अरू कुनै उपाए थिएन । हामीले नुनमा भात चोबेर खाने योजना बनायौँ । समय बितिसकेको थियो । हामीले निल्नु न ओकल्नु भएर खाना खायौँ ।

६. विद्यार्थीलाई उल्लिखित अनुच्छेदबाट विपरीत अर्थ दिने शब्द पहिचान गरी लेख्न निर्देश गर्नुहोस् ।

७. विद्यार्थीले टिपोट गरेका शब्द प्रस्तुत गर्न लगाई आवश्यक छलफल गराउनुहोस् ।

८. शिक्षकले तयार गरेको विपरीतार्थी शब्दको सूची प्रस्तुत गरी विद्यार्थीलाई पढ्न लगाउनुहोस् र आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीलाई दुई समूहमा बाँड्नुहोस् । पालैपालो एक समूहले एउटा शब्द भन्ने र त्यसको विपरीतार्थी शब्द अर्को समूहलाई भन्न लगाउनुहोस् ।

१०. विद्यार्थीले विपरीतार्थी शब्द भन्न सके नसकेको अवलोकन गरी शिक्षकले अङ्क दिनुहोस् । बढी अङ्क प्राप्त गर्ने समूहलाई बिजयी घोषणा गर्नुहोस् र अर्को समूहलाई पनि सहभागिताका लागि धन्यवाद दिँदै सबै विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् ।

११. विद्यार्थीका प्रस्तुतिलाई समावेश गर्दै आावश्यक सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दको उस्तै अर्थ दिने शब्द लेख्न लगाउनुहोस् :

फेद, बाली, पुर्खा, चङ्खे, जुक्ति, पिर, कुतकुती

(ख) दिइएका शब्दको विपरीतार्थी शब्द लेख्न लगाउनुहोस् :

साँझ, इमानदार, फेद, नजिक, ओरालो

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुमान, धारणा निर्माण र विचार लेखन<br>• प्रश्न निर्माण | • सन्दर्भका आधारमा अनुमान, धारणा निर्माण र विचार लेखन गर्न<br>• निर्धारित पाठका आधारमा प्रश्न निर्माण गर्न | • विचार लेखनको नमुना<br>• नमुना प्रश्न |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीहरूले जानेसुनेका कुनै रमाइला चुट्किला सुनाउन लगाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पाठमा आधारित भएर कुनै विचार लेखनको नमुना प्रस्तुत गर्नुहोस् ।

२. प्रस्तुत गरिएको नमुना कुनै विद्यार्थीलाई वाचन गरी सुनाउन लगाउनुहोस् ।

३. प्रस्तुत गरिएको नमुनामा आधारित भएर विद्यार्थीलाई उत्तर लेखनका लागि तयार गराउनुहोस् ।

४. विद्यार्थीहरूलाई बोध अभिव्यक्तिको प्रश्न ८ मा आधारित भएर उत्तर लेख्न लगाउनुहोस् ।

५. विद्यार्थीले लेखेका उत्तर प्रस्तुत गर्न लगाउनुहोस् र आपसमा छलफल गराउनुहोस् ।

६. विद्यार्थीका प्रस्तुतिसमेतलाई समेटी शिक्षकले विचार लेखनका लागि आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीहरूलाई पाठका अनुच्छेदका आधारमा समूहमा विभाजन गर्नुहोस् ।

८. हरेक समूहलाई पाठका एक एक अनुच्छेद दिनुहोस् र उक्त अनुच्छेदबाट प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

९. प्रश्न बनाउँदा उपयोग गरिने के, को, किन, कसरी जस्ता शब्दहरूको उपयोग गरी प्रश्न निर्माण गर्न सिकाउनुहोस् ।

१०. विद्यार्थीले निर्माण गरेका प्रश्न प्रस्तुत गर्न लगाउनुहोस् ।

११. विद्यार्थीहरूको एउटा समूहले निर्माण गरेका प्रश्नको उत्तर अर्को समूहलाई भन्न लगाउनुहोस् ।

१२. विद्यार्थीले गरेका क्रियाकलापको अवलोकन गर्दै हौसला प्रदान गर्नुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

१३. शिक्षकले निर्माण गरेका नमुना प्रश्न प्रस्तुत गर्दै आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) बिर्खलाल नहाँसेको भए के हुन्थ्यो होला, आफ्नो विचार लेख्न लगाउनुहोस् ।

(आ) 'सुनको मूर्ति' पाठको अन्तिम अनुच्छेदबाट चारओटा प्रश्न बनाउन लगाउनुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● भाषिक प्रकार्य (आदर सत्कार) | ● सन्दर्भअनुसार अभिनयसहित आदर सत्कार गर्न | ● आदर सत्कार जनाउने शब्द सूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षक र विद्यार्थीले सँगसँगै कुनै लोक गीत गाउनुहोस् र सिकाइका लागि विद्यार्थीलाई तयार गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. मोबाइलको उपयोग गरेर तथा शिक्षक आफैँले अभिनय गरेर भए पनि कक्षामा आदर सत्कार प्रस्तुत गर्नुहोस् ।

२. विद्यार्थीलाई बोध अभिव्यक्तिको प्रश्न तेह्रमा दिएको सन्दर्भ पढ्न लगाउनुहोस् ।

३. शिक्षकले मामा र भान्जा लेखेका चिट्ठाहरू निर्माण गर्नुहोस् ।

४. निर्माण गरिएका चिट्ठाहरू विद्यार्थीलाई टिप्न लगाउनुहोस् ।

५. चिट्ठा टिप्दा जुन जुन चिट्ठा परेको छ सोही आधारमा विद्यार्थीलाई मामा र भान्जाको भूमिका निर्वाह गरी आदर सत्कार प्रस्तुत गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले गरेका कार्यको अवलोकन गरी आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

७. शिक्षकले विद्यार्थी र शिक्षक लेखेका दुईओटा चिट्ठा र बाँकी खाली चिट्ठाहरू निर्माण गर्नुहोस् ।

८. निर्माण गरिएका चिट्ठा छात्रा विद्यार्थीहरूलाई टिपोट गर्न लगाउनुहोस् ।

९. शिक्षक र विद्यार्थीको चिट्ठा प्राप्त गरेका विद्यार्थीलाई भूमिका अभिनयका लागि केही समय तयारी गर्न दिनुहोस् ।

१०. शिक्षक विद्यार्थीले एकअर्कामा गर्ने आदर सत्कार प्रस्तुत गर्न लगाउनुहोस् ।

११. भूमिका निर्वाह गर्ने विद्यार्थीको प्रस्तुतिका लागि सबै विद्यार्थीलाई ताली बजाउन लगाएर हौसला प्रदान गर्नुहोस् ।

१२. भूमिका निर्वाह गर्ने विद्यार्थीको प्रस्तुतिका सम्बन्धमा अन्य विद्यार्थीको प्रतिक्रिया लिई आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) काका र भतिजको भूमिका अभिनय गरी भतिजले काकालाई आदर सत्कार गर्न लगाउनुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● विशेषण शब्दको पहिचान र प्रयोग | ● निर्दिष्ट प्रश्नका आधारमा विशेषण शब्दको पहिचान र प्रयोग गर्न | ● विशेषण शब्द प्रयोग भएको अनुच्छेद र विशेषण शब्दको सूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती  क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै लोककथा सुनाउन लगाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न एक गर्न लगाउनुहोस् ।

२. विद्यार्थीले तयार पारेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् ।

३. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न दुई पढेर उत्तर लेख्न दिर्नेश गर्नुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

४. शिक्षकले निम्नअनुसारको विशेषण शब्द प्रयोग भएको अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

| विशेषण |
|---|
| बहिनी सानी छिन् । उनी राम्रो नाच्छिन् । उनी राम्रो लाउन र मिठो खान खोज्छिन् । उनी सफा कपडा लगाउँछिन् । उनी पिरो अचार खान खुबै मन पराउँछिन् । |

५. विद्यार्थीलाई उल्लिखित अनुच्छेदबाट केही विशेषण शब्द शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।

६. विद्यार्थीलाई  सोही प्रकृतिका अन्य विशेषण शब्द टिपेर प्रस्तुत गर्न निर्देशन दिनुहोस् ।

७. विद्यार्थीले टिपोट गरेका शब्द विशेषण भए नभएको छलफल गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थी सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

९. एउटा समूहलाई अर्को समूहका साथीहरूको नामका अगाडि एकएकओटा विशेषण शब्द प्रयोग गरी वाक्य निर्माण गर्न लगाउनुहोस् ।

१०. विद्यार्थीका समूह कार्यको अवलोकन गर्नुहोस् र उनीहरूका कार्य प्रस्तुत गर्न लगाउनुहोस् ।

११. विद्यार्थीका प्रस्तुतिमा ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

१२. आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) 'सुनको मूर्ति' पाठमा प्रयोग भएका कुनै पाँचओटा विशेषण शब्द शिक्षकका सहायताले टिप्न लगाउनुहोस् ।

(ख) विशेषण शब्द प्रयोग गरी साथीको वर्णन गर्नु लगाउनुहोस् ।

## नवौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● श्रुतिलेखन<br>● ह्रस्व उकार लागेका शब्द पहिचान र प्रयोग | ● निर्दिष्ट पाठ सुनी श्रुतिलेखन गर्न<br>● ह्रस्व उकार लागेका शब्द पहिचान र प्रयोग गर्न | ● ह्रस्व उकार लागेका शब्द प्रयोग भएको अनुच्छेद र शब्द सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई निम्नअनुसारका प्रश्न सोध्नुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(अ) नेपाली साहित्यका महाकवि को हुन् ?

(आ) नेपाली साहित्यका राष्ट्रकवि को हुन् ?

२. विद्यार्थीले उत्तर दिन सके नसकेको अवलोकन गरी आवश्यक सिकाइ गर्नुहोस् ।

३. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

४. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई श्रुतिलेखनका लागि निर्देश गर्नुहोस् ।

२. शिक्षकले पाठको दोस्रो अनुच्छेद वाचन गर्नुहोस् । शब्द तथा पदावलीलाई शिक्षकले दोहोऱ्याएर वाचन गर्नुहोस् र विद्यार्थीलाई सुन्दै लेख्न लगाउनुहोस् ।

३. विद्यार्थीका कापी एक अर्कामा साटासाट गरी शुद्धसँग लेख्न सके नसकेको हेर्न लगाउनुहोस् ।

४. शुद्धसँग लेखेका विद्यार्थीलाई धन्यवाद प्रदान गर्नुहोस् र अन्य विद्यार्थीलाई पुनः पाठ हेरेर लेख्न लगाई थप हौसला प्रदान गर्नुहोस् ।

५. शिक्षकले निम्नअनुसारको ह्रस्व उकार लागेका शब्द प्रयोग भएको अनुच्छेद प्रस्तुत गर्नुहोस् ।

सुमित्रा आज सुन लगाएर राम्री बनेकी छन् । उनी विद्यालयबाट खुरुखुरु हिँडेर घर आइन् । उनले घरमा आमासँग भान्सामा काम गर्ने सोचिन् । आमाको कुरा सुन्दै उनी अचार बनाउन थालिन् । अचारमा नुन कम भएछ । नुन कम भए पनि सबैले अचार मिठो मानेर खाए ।

६. उल्लिखित अनुच्छेदबाट शिक्षकले ह्रस्व उकार लागेका कुनै शब्द उदाहरणको रूपमा शैक्षणिक पाटीमा टिपेर प्रस्तुत गर्नुहोस् ।

७. विद्यार्थीलाई उदाहरणमा देखाएकै प्रकृतिका अन्य शब्द अनुच्छेदबाट पहिचान गरी लेख्न लगाउनुहोस् ।

८. विद्यार्थीले लेखेका शब्दहरू हेरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् र सोही प्रकृतिका शब्द लेखेर प्रस्तुत गर्न विद्यार्थीलाई थप हौसला प्रदान गर्नुहोस् ।

९. विद्यार्थीलाई गोलो घेरामा राख्नुहोस् । शिक्षकले मेटाकार्डमा ह्रस्व उकार प्रयोग भएका शुद्ध र अशुद्ध शब्द लेखेर विद्यार्थीको घेराको बिचमा छर्नुहोस् ।

१०. विद्यार्थीलाई ह्रस्व उकार प्रयोग भएका शब्दपत्तीहरू टिप्न लगाउनुहोस् ।

११. टिपोट गरेका शब्दपत्तीहरू प्रदर्शन गर्न लगाउनुहोस्  र आपसमा छलफल गराउनुहोस् ।

१२. विद्यार्थीको सहभागिताका लागि धन्यवाद दिँदै ताली बजाउन लगाउनुहोस् र आवश्यक सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको चौथो अनुच्छेद श्रुतिलेखन गर्न लगाउनुहोस् ।

(ख) शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार ( ु) लागेका पाँच पाँचओटा शब्द पाठबाट पहिचान गरी लेख्न लगाउनुहोस् ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सुनाइ पाठ (मौखिक प्रतिक्रिया र कल्पना)<br>• सिर्जनात्मक कार्य | • सुनाइ पाठका आधारमा बोध प्रश्नोत्तर गर्न<br>• निर्देशित कथा लेख्न | • सुनाइ पाठ, कथाको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती  क्रियाकलाप**

१. कुनै लोककथा सुनाउनुहोस् र सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ दुई सुनाउनुहोस् ।

२. शिक्षक स्वयम्ले वाचन गरेर, मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तिमा दुई  तीन पटक सुनाउन सक्नुहुने छ ।

३. पाठको सुनाइ बोलाइको प्रश्न एकको उत्तर प्रस्तुत गर्न निर्देश गर्नुहोस् ।

४. विद्यार्थीलाई पालैपालो उत्तर प्रस्तुत गर्न लगाउनुहोस् ।

५. विद्यार्थीका उत्तरका सम्बन्धमा छलफल गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीलाई सुनाइ बोलाइको प्रश्न दुईको उत्तर भन्न लगाउनुहोस् र आवश्यक सिकाइ गर्नुहोस् ।

७. शिक्षकले कुनै लोककथाको नमुना प्रस्तुत गर्नुहोस् ।  सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

८. प्रस्तुत गरिएको लोककथा कुनै विद्यार्थीलाई वाचन गरी सुनाउन लगाउनुहोस् ।

९. प्रस्तुत गरिएको लोककथा सुनी निर्देशित बुँदाका आधारमा लोककथा लेख्ने तरिका सिकाउनुहोस् ।

| |
|---|
| निर्देशित कथा रचना गर्दा ध्यान दिनुपर्ने कुराहरूः<br>१. शीर्षक दिने<br>२. आवश्यक प्रसङ्ग थर्प्ने<br>३. सन्देशमूलक निष्कर्ष दिने<br>४. सरल भाषिक अभिव्यक्तिको शैली अवलम्बन गर्ने |

१०. विद्यार्थीलाई सिर्जनात्मक कार्यमा दिइएको कथा लेखेर ल्याउन निदेश गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(अ) अभिभावकबाट सुनेको कुनै लोककथा सुनाउन लगाउनुहोस् ।

## एघारौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जनात्मक कार्य (कथा लेखन)<br>• चित्र कथा वर्णन र धारणा निर्माण | • निर्देशित बुँदाका आधारमा कथा लेख्न<br>• चित्र कथा भन्न | • निर्देशित कथाको नमुना<br>• चित्र कथाका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कक्षामा कुनै लोक गीत गाउनुहोस् र सिकाइका लागि विद्यार्थीलाई तयार गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अगिल्लो दिन तयार पार्न दिइएको कथा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

२. विद्यार्थीले कथा प्रस्तुत गरेपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

३. विद्यार्थीका प्रस्तुति पश्चात कथाको शीर्षक, आवश्यक प्रसङ्ग र निष्कर्ष उपयुक्त रहे नरहेको छलफल गराउनुहोस् ।


४. विद्यार्थीसँगको छलफलबाट प्राप्त निष्कर्षलाई समावेश गर्दै शिक्षकले तयार पारेको कथा प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरेर कथा प्रस्तुत गर्नुहोस् ।

५. शिक्षकले प्रस्तुत गरेको कथा कुनै विद्यार्थीलाई सस्वरवाचन गरी पढ्न लगाउनुहोस् ।

६. शिक्षकले तयार गरेको कथामा शीर्षक, आवश्यक प्रसङ्ग र निष्कर्षका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् ।

७. विद्यार्थी सङ्ख्याका आधारमा समूह विभाजन गर्नुहोस् ।

८. शिक्षकले निम्नअनुसारको चित्र कथा तयार पार्नुहोस् :



९. तयार पारिएको चित्र कथा सबै विद्यार्थी समूहलाई एक एकप्रति दिनुहोस् र कथा रचना गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

१०. समूहगत रूपमा विद्यार्थीले तयार पारेका कथा प्रस्तुत गर्न लगाउनुहोस् र छलफल गराउनुहोस् ।

११. समूहगत प्रस्तुतिपछि ताली बजाएर थप हौसला प्रदान गर्नुहोस् ।

१२. समूहगत प्रस्तुतिमा आवश्यक छलफल गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(अ) आफूले जाने सुनेको कुनै लोककथा सुनाउन लगाउनुहोस् ।

पाठ : ३
शीर्षक : मलाई पुस्तक मन पर्छ
विधा : निबन्ध
कार्यघण्टा: १२

## परिचय

'मलाई पुस्तक मन पर्छ' निबन्ध विधाको पाठ हो । भाव र विचारलाई सुनियोजित र सुव्यवस्थित रूपमा बाँधेर प्रस्तुत गर्ने साहित्यिक विधा निबन्ध हो । निबन्धमा आफूले जानेका, सुनेका, देखेका कुनैपनि विषयमा विषयवस्तुभन्दा बाहिर नगई स्वतन्त्र रूपमा सिलसिला मिलाई वर्णन गरिन्छ । बालबालिकाहरूलाई आफूले जानेका, अनुभव गरेका कुराहरूलाई सिलसिला मिलाई लिखित रूपमा व्यक्त गर्न सक्षम बनाउन निबन्ध शिक्षण गरिन्छ ।

निबन्धमा भाषाको बौद्धिक प्रयोग हुन्छ । यस विधाको शिक्षणबाट विद्यार्थीहरूमा विचारलाई शृङ्खलाबद्ध ढङ्गले अभिव्यक्ति दिने क्षमताको विकास हुन्छ । यसबाट विद्यार्थीमा कुनै पनि विषयमा स्वतन्त्र रूपमा वैचारिक अभिव्यक्ति दिन सक्ने क्षमताको विकास हुन्छ । भाषिक सिपको विकासमा निबन्ध विधाको उपयोगबाट मुख्य रूपमा लेखाइ सिपको विकासमा सहयोग पुगी आवश्यकताअनुसार अन्य भाषिक सिपको पनि विकास हुन्छ । निबन्ध विधाको शिक्षण सस्वर तथा मौन पठन, पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग, पठनबोध, अनुच्छेद रचना तथा निबन्ध लेखन सिपको विकासमा केन्द्रित हुनुपर्छ ।

यस पाठमा सुनाइ र बोलाइमा सुनाइ र संरचना पहिचान, विषयवस्तुको सार प्रस्तुति, प्रश्नोत्तर तथा छलफल, अनुमान एवम् कल्पना, श्रव्य सामग्री को सुनाइ र प्रतिक्रिया गर्ने सिपको विकास गराउनुपर्छ । पढाइमा समयबद्ध सस्वर पठन र गति वृद्धि, मौन पठन र विषयवस्तु बोध, युगल पढाइ र प्रतिक्रिया, संरचना पहिचान, विषयवस्तुको क्रम पहिचान जस्ता भाषिक सिप सिकाउनुपर्छ । लेखाइमा वर्ण वा शब्द थपी वा झिकी शब्द निर्माण, मुख्य विषय टिपोट, प्रश्नोत्तर, प्रश्न निर्माण, सार लेखन, निर्देशित अनुच्छेद लेखन जस्ता सिप सिकाउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासमा क्रियापदको पहिचान र प्रयोग, ह्रस्व उकार (सुरु, बिच, अन्त्य) लागेका शब्दको पहिचान र प्रयोगको सिप विकास गराउनुपर्छ । त्यसैगरी शब्दभण्डारमा अनेकार्थी शब्द पहिचान र प्रयोग, पाठगत शब्दको अर्थ बोध र प्रयोगको सिप सिकाउनुपर्छ भने भाषिक प्रकार्यमा स्वागत गर्ने सिपको विकास गराउनुपर्छ ।

### पहिलो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● दृश्य पहिचान र छलफल<br>● सस्वर पठन (एकदेखि चार | ● पूर्व पठन खण्डका चित्र हेरी छलफल गर्न | ● पूर्वपठन खण्डका चित्र<br>● शब्दपत्ती, अर्थपत्ती र |

| | | |
|---|---|---|
| अनुच्छेद)<br>● पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग | ● निर्दिष्ट पाठ्य निबन्ध सस्वर पठन गर्न<br>● पाठगत शब्दको उच्चारण र अर्थ सिकी वाक्यमा प्रयोग गर्न | वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकला**

**(क) सुरुआती क्रियाकलाप**

१. पूर्व पठन खण्डका चित्रसँगै शिक्षकले वाद्यवादन सामग्री र खेलकुद सामग्रीका चित्र प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

२. प्रस्तुत गरिएका चित्रहरूमध्ये विद्यार्थीलाई मन पर्ने चित्र छनोट गर्न र चित्र मन पर्नुको कारण बताउन लगाउनुहोस् ।

३. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

४. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पाठको पहिलो अनुच्छेद सस्वरवाचन गरी पढेर सुनाउनुहोस् ।

२. शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठको एकदेखि चार अनुच्छेदसम्म सस्वरवाचन गरी पढ्न लगाउनुहोस् ।

३. सस्वरवाचन गरी पढ्दा विद्यार्थीले गति, यति र विराम चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् ।

४. सस्वरवाचन गरी पढ्दा उच्चारण र अर्थ सिक्नुपर्ने शब्द विद्यार्थीलाई चिनो लगाउन तथा टिपोट गर्न लगाउनुहोस् ।

५. विद्यार्थीले टिपोट गरेका शब्द शिक्षकले शैक्षणिक पाटीमा लेख्नुहोस् ।

६. उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा अक्षरीकरण गरेर सिकाउनुहोस् । जस्तै :

गृहकार्य : /ग्रि. ह. कार्. य./

मानवमूल्य : /मा. नब्. मुल्. ल्य./

७. शब्दको अर्थ सिकाउँदा पहिलो प्राथमिकता विद्यार्थीलाई दिनुहोस् त्यसपछि शिक्षकले शब्दपत्ती, अर्थपत्ती, वाक्यमा प्रयोग, हाउभाउ प्रदर्शन, सन्दर्भ पहिचान र शब्दकोशको प्रयोग गरेर सिकाउनुहोस् ।

८. वाक्यमा प्रयोग सिकाउँदा चार पाँच शब्दका सरल र छोटा वाक्य निर्माण गर्न सिकाउनुहोस् ।

९. विद्यार्थीहरूलाई कसैलाई शब्दपत्ती र कसैलाई अर्थपत्ती दिनुहोस् ।

१०. बेन्चबाट उठेर विद्यार्थीले प्राप्त गरेका शब्दपत्ती र अर्थपत्तीका आधारमा शब्द र अर्थको जोडी मिलाएर सँगै बस्न निर्देश गर्नुहोस् ।

११. विद्यार्थीका कार्यको अवलोकन गर्नुहोस् ।

१२. विद्यार्थीले शब्द र अर्थको उपयुक्त जोडी बनेर बस्न सके नसकेको अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् ।

१३. कक्षाकार्यमा विद्यार्थीको सहभागिताका लागि ताली बजाउँदै सबैलाई धन्यवाद प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको दोस्रो अनुच्छेद सस्वरवाचन गर्नु लगाउनुहोस् ।

(ख) दिइएका शब्दको उच्चारण गरी अर्थ भन्न लगाउनुहोस् :

बालसाहित्य, आलमारी, रङ्गीन, बालसाहित्य, संस्कृति

(ग) दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

अध्ययन, आलमारी, संवाद, आधाभूत, वर्णन

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • समयबद्ध सस्वर पठन (पाँचदेखि अन्तिम अनुच्छेदसम्म)<br>• युगल पढाइ<br>• पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग | • निर्दिष्ट पाठ समयबद्ध सस्वर पठन गर्न<br>• जोडी समूहमा पाठ पढ्न<br>• पाठगत शब्दको उच्चारण र अर्थ सिकी वाक्यमा प्रयोग गर्न | • शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कुनै गीत गाउनुहोस् र विद्यार्थीलाई गीतका शब्दको अन्तिम अक्षरबाट आफूले जानेको कुनै गीत गाउन लगाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पाठको पाँचौँ अनुच्छेद सस्वरवाचन गर्नुहोस् । विद्यार्थीलाई समय हेर्न निर्देश गर्नुहोस् र कति समयमा पाठको सस्वरवाचन गरेर सकियो छलफल गर्नुहोस् ।

२. कुनै विद्यार्थीलाई पाठको छैटौँ अनुच्छेद सस्वरवाचन गरी पढ्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई समय हेर्न लगाउनुहोस् ।

३. सोही अनुच्छेद अर्को कुनै विद्यार्थीलाई सस्वरवाचन गरी पढ्न लगाउनुहोस् । उक्त अनुच्छेद अर्को विद्यार्थीले सस्वरवाचन गरेको समय हेरी आवश्यक छलफल गराउनुहोस् ।

४. उल्लिखित प्रकृतिका क्रियाकलापअनुसार नै पाठका अन्य अनुच्छेद पनि सस्वरवाचन गराउनुहोस् । विद्यार्थीको पढाइको गतिअनुसार समय फरक फरक हुन सक्ने छ । उपयुक्त गतिमा विराम चिह्न ख्याल गरी सस्वर पठन गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

५. सस्वरवाचन गरी पढ्दा विद्यार्थीले लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् ।

६. सस्वरवाचन गरी पढ्दा उच्चारण र अर्थ सिक्नुपर्ने शब्द विद्यार्थीलाई चिनो लगाउन तथा टिपोट गर्न लगाउनुहोस् ।

७. विद्यार्थीले टिपोट गरेका शब्द शिक्षकले शैक्षणिक पाटीमा लेख्नुहोस् ।

८. उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा अक्षरीकरण गरेर सिकाउनुहोस् ।

९. शब्दको अर्थ सिकाउँदा पहिलो प्राथमिकता विद्यार्थीलाई दिनुहोस् । त्यसपछि शिक्षकले शब्दपत्ती, अर्थपत्ती, वाक्यमा प्रयोग, हाउभाउ प्रदर्शन, सन्दर्भ पहिचान र शब्दकोशको प्रयोग गरेर सिकाउनुहोस् ।

१०. वाक्यमा प्रयोग सिकाउँदा चार पाँच शब्दका सरल र छोटा वाक्य निर्माण गर्न सिकाउनुहोस् ।

११. दुई दुई जना विद्यार्थीको समूह निर्माण गर्नुहोस् । उक्त युगल समूहलाई पाठका विभिन्न अनुच्छेदहरू दिनुहोस् र सस्वरवाचन गरी निर्धारित अनुच्छेद पढ्न लगाउनुहोस् ।

१२. युगल समूहमा रहेर विद्यार्थीले गरेका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

ज्योति, प्रविधि, संस्कृति, स्वास्थ्य, विद्यालय, रङ्गीन, कम्प्युटर

(ख) पाठको पहिलो अनुच्छेद एक मिनेटमा सस्वरवाचन गर्न लगाउनुहोस् ।

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन,<br>• विषयबोध र मुख्य विषय टिपोट | • मौन पठन गरी बोध प्रश्नोत्तर गर्न<br>• मुख्य मुख्य विषयवस्तु टिपोट गर्न | • मुख्य विषयवस्तुका बुँदा र बोध प्रश्नोत्तर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीहरूले जानेसुनेका कुनै गाउँखाने कथा एकआपसमा सोधी उत्तर पहिचान गर्न लगाउनुहोस् र सिकाइका लागि उनीहरूको ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

४. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. सबै विद्यार्थीहरूलाई पाठ्य निबन्ध मौन पठन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीहरूले मौन पठन गरी पाठ पढे नपढेको अवलोकन गर्नुहोस् ।

३. पाठका सबै विषयवस्तु समावेश हुने गरी शिक्षकले बोध प्रश्नहरू निर्माण गर्नुहोस् ।

४. सकेसम्म एकै वाक्यमा उत्तर आउने प्रकृतिका प्रश्न निर्माण गर्नुहोस् ।

५. निर्माण गरिएका प्रश्नलाई चिट्ठा बनाउनुहोस् ।

६. निर्माण गरिएका चिट्ठाहरू विद्यार्थीलाई पालैपालो टिप्न लगाउनुहोस् ।

७. चिट्ठामा परेका प्रश्नको उत्तर विद्यार्थीलाई भन्न लगाउनुहोस् ।

८. उनीहरूले भनेका उत्तर ठिक भए नभएको छलफल गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीका प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

१०. विद्यार्थीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् ।

११. पाठ्य निबन्धका मुख्य मुख्य बुँदा टिपोट गर्न विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

१२. शिक्षकले केही बुँदा उदाहरणको रूपमा टिपोट गरिदिनुहोस् ।

१३. उदाहरणमा दिइएकै प्रकृतिका बुँदाहरू टिपोट गर्न लगाउनुहोस् ।

१४. टिपोट गरिएका बुँदा समूहगत रूपमा क्रमैसँग प्रस्तुत गर्न लगाउनुहोस् ।

१५. विद्यार्थीको प्रस्तुतिपछि छलफल गर्दै ताली बजाएर हौसला प्रदान गर्नुहोस् र आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :

(अ) धनीराम कुन विद्यालयमा पढ्छ ?

(आ) धनीरामलाई बालसाहित्यका पुस्तकमध्ये कस्ता पुस्तक मन पर्छ ?

(इ) आमाबुबा र काकाकाकीले धनीरामलाई के बन भन्नुहुन्छ ?

(ई) धनीरामको विद्यालयमा श्रष्ठा सम्मान कार्यक्रम वर्षमा कतिपटक हुन्छ ?

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संरचना पहिचान<br>• बोधात्मक प्रश्नोत्तर | • पाठ्य निबन्धको संरचना पहिचान गर्न<br>• निर्दिष्ट निबन्धको संरचना | • बोध प्रश्नको सूची, उत्तरको नमुना र निबन्धको संरचना टिपोट |

| | | |
|---|---|---|
| | पक्षमा आधारित प्रश्नको उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती  क्रियाकलाप**

१. विद्यार्थीहरूले जानेसुनेका चुट्किला सुनाउन लगाउनुहोस् र सिकाइका लागि उनीहरूको ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् ।

२. पहिलो समूहलाई पाठ्य निबन्धको सुरुआत, दोस्रो समूहलाई निबन्धको वर्णन र अन्तिम समूहलाई  निबन्धको निष्कर्ष  टिपोट गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले टिपोट गरेका कुराहरू प्रस्तुत गर्न लगाउनुहोस् ।

४. विद्यार्थीले टिपोट गरेका कुरा समावेश गर्दै सुरु, बिच र अन्त्यमा रहेका कुराका आधारमा निबन्धको संरचना बोध गराउनुहोस् ।

५. विद्यार्थीलाई पाठ्य निबन्धका अनुच्छेद गन्न लगाउनुहोस् ।

६. निर्धारित अनुच्छेदहरू गनी हरेक अनुच्छेदमा के कति वाक्यहरू रहेका छन्, सो भन्न लगाउनुहोस् ।

७. विद्यार्थीलाई पाठ्य निबन्धको सबैभन्दा लामो अनुच्छेद र सबैभन्दा छोटो अनुच्छेद भन्न लगाउनुहोस ।

८. निबन्धको संरचना टिपोट प्रस्तुत गर्दै विद्यार्थीलाई आदि भागमा निबन्धको परिचय, मध्य भागमा निबन्धको वर्णन र अन्त्य भागमा निबन्धको निष्कर्ष वा निचोड रहने जानकारी गराउनुहोस् ।

९. विद्यार्थी सङ्ख्याका आधारमा समूह विभाजन गर्नुहोस् ।

१०. मौलिक तरिकाले पाठ्य निबन्धलाई नै पहिलो समूहलाई परिचय, दोस्रो समूहलाई वर्णन र तेस्रो समूहलाई निष्कर्ष लेख्न लगाउनुहोस् ।

११. विद्यार्थीका समूह कार्यलाई शैक्षणिक पाटीमा टाँसी कुनै विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।

१२. विद्यार्थीले लेखेको निबन्ध पाठ्य निबन्धसँग के कति मिल्दोजुल्दो भयो आवश्यक छलफल गराउनुहोस् ।

१३. विद्यार्थीको सहभागिताका लागि ताली बजाउँदै हौसला प्रदान गर्नुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :

(अ) निबन्धमा कति अनुच्छेद छन् ?

(आ) निबन्धको सबैभन्दा लामो अनुच्छेद कुन हो ?

(इ) निबन्धको सबैभन्दा छोटो अनुच्छेद कुन हो ?

(ई) निबन्धको चौथो अनुच्छेदमा कति वाक्य छन् ।

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● अनेकार्थी शब्द पहिचान र प्रयोग | ● अनेकार्थी शब्दको पहिचान र प्रयोग गर्न | ● अनेकार्थी शब्दको सूची, मेटाकार्ड, अनेकार्थी शब्द प्रयोग भएको अनुच्छेद |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गरेर केही समय अन्त्याक्षरी प्रतियोगिता सञ्चालन गरी गीत गाउनुहोस् । शिक्षकले पनि कुनै समूहमा रहेर सहभागिता जनाउनुहोस् र सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निम्नअनुसारको अनेकार्थी शब्द प्रयोग भएको अनुच्छेद निर्माण गर्नुहोस् ।

**अनेकार्थी शब्द**

हामी काठमाडौँ आयौँ तर चन्द्रागिरि जान भ्याएनौँ । हामी घर छोडेर काठमाडौँ आएदेखि तर खान पाएका छैनौँ । गाडीमा केही मानिसहरू आपसमा भनाभन गर्न थाले । तराईमा कलको पानी खाइन्छ । यहाँ त मान्छेको कल देखियो भनेर मानिसहरू हाँसे । गाउँघमा मादलको तालमा नाचिन्थ्यो । यहाँ ताल घुमेर आनन्द लिइयो ।

२. उल्लिखित प्रकृतिको अनुच्छेद प्रदर्शन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

३. प्रदर्शन गरिएको अनुच्छेदमा एउटै शब्दले कुन कुन सन्दर्भमा प्रयोग भएर के के अर्थ दिएका छन् पहिचान गर्न लगाउनुहोस् ।

४. विद्यार्थीबाट आएका कुराहरूमा छलफल गराउनुहोस् ।

५. थप उदाहरणहरू दिँदै एउटै शब्दले अनेक अर्थ दिन सक्ने कुरा विद्यार्थीलाई सिकाउनुहोस् ।

६. विद्यार्थीहरूलाई केही अनेकार्थी शब्द दिनुहोस् र एउटै अनेकार्थी शब्दका फरक फरक अर्थ आउने गरी वाक्य निर्माण गर्न लगाउनुहोस् ।

७. शिक्षकले अनेकार्थी शब्द प्रयोग भएको कुनै स्वतन्त्र अनुच्छेद निर्माण गर्नुहोस् ।

८. निर्माण गरिएको अनुच्छेद प्रदर्शन गरी अनेकार्थी शब्द पहिचान गरी टिप्न लगाउनुहोस् र आवश्यक छलफल गराउनुहोस्ह ।

९. विद्यार्थीहरूलाई मेटाकार्ड दिनुहोस् । उक्त मेटाकार्डमा एउटा अनेकार्थी शब्द र त्यसका अनेक अर्थ लेख्न लगाउनुहोस् ।

१०. विद्यार्थीबाट निर्माण भएका मेटाकार्ड जम्मा गरी प्रदर्शन गर्दै छलफल गराउनुहोस् र आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् । कुनै विद्यार्थीले अनेकार्थी शब्द लेख्न नसके त्यस्ता विद्यार्थी पहिचान गरी थप सिकाइ गर्नुहोस् । अनेकार्थी शब्दको सूची प्रस्तुत गरी पहिचान र प्रयोगको थप अभ्यास गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(अ) दिइएका शब्दको फरक फरक अर्थ लेख्न लगाउनुहोस् :

कल, तर, ताल, चाल, फल

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्द निर्माण<br>• सङ्क्षिप्त उत्तर लेखन | • वर्ण वा अक्षर थपेर तथा झिकेर शब्द निर्माण गर्न<br>• पाठ्य निबन्धमा आधारित भई सङ्क्षिप्त उत्तर लेख्न | • शब्दपत्ती, वर्णपत्ती, पिन ह्विल चार्ट र सङ्क्षिप्त उत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले विद्यार्थीलाई स्थानीय परिवेशसँग सम्बन्धित कुनै समसामयिक विषयका प्रश्न सोध्नुहोस् र विद्यार्थीका प्रतिक्रिया लिई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निम्नअनुसारका वर्ण झिकेर नयाँ शब्द निर्माण हुने शब्दहरू लेख्नुहोस् :

अकाल, अचार, वियोग, विदेश,

वर्ण झिकेर बन्ने शब्द : काल, चार, योग, देश

२. उल्लिखित प्रकृतिका जस्तै अन्य शब्दहरू विद्यार्थीलाई पनि निर्माण गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

३. शिक्षकले पिन ह्विल चार्ट निर्माण गरी प्रदर्शन गर्नुहोस् ।

४. निर्माण गरिएको पिन ह्विल चार्ट प्रदर्शन गरी क्रमश घुमाउँदै जानुहोस् ।

५. विद्यार्थीलाई पिन ह्विल चार्ट हेर्दै शब्द निर्माण गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले निर्माण गरेका शब्द प्रस्तुत गर्न लगाई आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् ।

७. शिक्षकले निम्नअनुसारका वर्ण थपेर नयाँ शब्द निर्माण हुने शब्दहरू लेख्नुहोस् ।

योग, योग्य, लत, विचार

वर्ण थपेर बन्ने शब्द : प्रयोग, अयोग्य, कुलत, कुविचार

८. उल्लिखित प्रकृतिका सुरु, बिच र अन्त्यमा वर्ण थपेर वा झिकेर नयाँ शब्द बन्ने विकल्पहरू विद्यार्थीलाई दिनुहोस् र उनीहरूका कार्यको अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् ।

९. शिक्षकले बोध अभिव्यक्तिको प्रश्न ‘छ’मा रहेका सङ्क्षिप्त उत्तर लेखनका प्रश्नहरू प्रस्तुत गर्नुहोस् । कुनै एक प्रश्नको नमुना उत्तर लेखेर देखाउनुहोस् । सङ्क्षिप्त उत्तर लेख्न सिकाउँदा निम्नअनुसारका कुराहरूमा ख्याल गर्नुहोस् :

**सङ्क्षिप्त उत्तर लेख्न सिकाउँदा ख्याल गर्नुपर्ने पक्ष :**

- न्यूनतम तीन चार वाक्यमा उत्तर लेख्न सिकाउनुहोस् ।
- चार पाँच शब्दका सरल र छोटा वाक्य लेख्न सिकाउनुहोस् ।
- एक वाक्यसँग अर्को वाक्य जोडेर लेख्न सिकाउनुहोस् ।
- प्रश्नले मागेअनुसार अनावश्यक वर्णन नगरी एक अनुच्छेदमा उत्तर लेख्न सिकाउनुहोस् ।

१०. शिक्षकले लेखेको नमुना उत्तरका आधारमा विद्यार्थीलाई अन्य प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

११. विद्यार्थीले लेखेका उत्तर प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस र आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दमा बिचका वर्ण झिकेर नयाँ शब्द बनाउन लगाउनुहोस् :

खबर, कविता, किसान, पाहुना, हाजिर, गणित

(ख) दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :

(अ) धनीरामका भाइबहिनी के के गर्न मन पराउँछन् ?

(आ) धनीरामले नेपाली पुस्तक किन मन पराउँछन् ?

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • प्रश्न निर्माण<br>• सार लेखन | • निर्दिष्ट विषयवस्तुमा आधारित भई प्रश्न निर्माण गर्न<br>• निर्दिष्ट निबन्धको सार लेख्न | • नमुना प्रश्न, सार लेखनको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीहरूलाई जाने सुनेका कुनै चुट्किला सुनाउन लगाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई पाठका अनुच्छेदअनुसार विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

२. हरेक समूहलाई एक एक अनुच्छेद दिनुहोस् र उक्त अनुच्छेदबाट विद्यार्थीलाई प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

३. विद्यार्थीका समूह कार्यको अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार प्रश्न निर्माणमा विद्यार्थीलाई सहयोग गर्नुहोस् ।

४. के, को, किन, कसरी जस्ता शब्दहरू राखी प्रश्न निर्माणका लागि विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् ।

५. विद्यार्थीहरूलाई छोटा, सरल र निश्चित उत्तर आउने प्रकृतिका प्रश्न निर्माण गर्न सिकाउनुहोस् ।

६. विद्यार्थीहरूले निर्माण गरेका प्रश्न प्रस्तुत गर्न लगाउनुहोस् ।

७. हरेक समूहले निर्माण गरेका प्रश्न प्रस्तुत गरेपछि अन्य समूहलाई प्रतिक्रिया व्यक्त गर्न लगाउनुहोस् ।

८. विद्यार्थीले निर्माण गरेका प्रश्नमा आवश्यकताअनुसार थप संशोधन गर्दै प्रश्न सूची तयार पारी प्रस्तुत गर्नुहोस् ।

९. निबन्धले व्यक्त गर्न खोजेको कुराका सम्बन्धमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् ।

१०. विद्यार्थीहरूलाई तातो आलु खेल खेलाउनुहोस् र जसको हातमा तातो आलु पर्छ उसलाई निबन्धले व्यक्त गर्न खोजेको आशय बताउन लगाउनुहोस् ।

११. विद्यार्थीले व्यक्त गरेका कुराहरू शिक्षकले क्रमशः शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

१२. विद्यार्थीहरूका कुरालाई समावेश गर्दै शिक्षकले निबन्धको सार व्यक्त गरिदिनुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको पहिलो अनुच्छेदबाट तीनओटा प्रश्न बनाउ लगाउनुहोस् । ती प्रश्नका उत्तर साथीलाई सोध्न लगाउनुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुच्छेद रचना | • निर्दिष्ट विषय शीर्षकमा अनुच्छेद रचना गर्न | • अनुच्छेदका नमुनाहरू |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षक र विद्यार्थी सँगसँगै मिलेर स्थानीय स्तरमा प्रचलित कुनै लोकभजन गाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निम्नअनुसारको स्वतन्त्र अनुच्छेद निर्माण गर्नुहोस् ।

**मेरी आमा**

मेरी आमाको नाम लक्ष्मी हो । मेरी आमाले कक्षा दससम्म पढ्नुभएको छ । आमाले घरमा बिहान बेलुका खाना र दिउँसो खाजा बनाउनुहुन्छ । आमा घरभित्रका कामबाहेक घर बाहिरका काम पनि गर्नुहुन्छ । आमाले करेसा बारीमा तरकारी गोडमेलको काम पनि गर्नुहुन्छ । मेरी आमाले मलाई आफूले जानेका कुरा सिकाउनुहुन्छ । मेरी आमा नै मेरो पहिलो शिक्षक हुन् ।

२. निमार्ण गरिएको अनुच्छेद प्रदर्शन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी अनुच्छेद प्रदर्शन गर्नुहोस् ।

३. विद्यार्थीहरूलाई क्रमैसँग अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

४. शिक्षकले प्रस्तुत गरेको अनुच्छेदलाई अनुकरण गरेर विभिन्न शीर्षक दिई विद्यार्थीलाई पनि अनुच्छेद लेख्न सिकाउनुहोस् । प्रस्तुत गरिएको अनुच्छेदको शीर्षक जस्तै विद्यार्थीलाई पनि मेरा बा, मेरो साथी, मेरा मामा, मेरी दिदी जस्ता विभिन्न शीर्षकमा अनुकरण गरी लेख्न उत्प्रेरित गर्दै आवश्यक सहजीकरण गरिदिनुहोस् ।

५. विद्यार्थीहरूसँग छलफल गरेर अनुच्छेद रचनाका लागि कुनै स्वतन्त्र शीर्षक छनोट गर्नुहोस् ।

६. छनोट गरिएको शीर्षकमा विद्यार्थीलाई उनीहरूले जानेका कुराहरू भन्न लगाई शैक्षणिक पाटीमा आवश्यक बुँदाहरू टिपोट गर्नुहोस् ।

७. टिपोट गरिएका बुँदालाई मिलाएर अनुच्छेद रचना गर्न लगाउनुहोस् ।

८. ख्याल गर्नुहोस्, कक्षा चारका विद्यार्थीलाई चार पाँच शब्दका छोटा वाक्य र एक वाक्यलाई अर्को वाक्यसँग सम्बन्धित गरेर जोड्दै अनुच्छेद रचना गर्न सिकाउनुहोस् ।

९. अनुच्छेद रचनाका लागि विद्यार्थीहरूसँग छलफल गरेर कुनै शीर्षक छनोट गर्नुहोस् । उनीहरूलाई एउटा कार्डबोर्ड प्रदान गरी उक्त कार्डबोर्डमा क्रमैसँग एक एक वाक्य लेख्न लगाउनुहोस् ।

१०. विद्यार्थीको कार्य सकिएपछि कार्डबोर्डमा तयार भएको अनुच्छेद प्रदर्शन गर्नुहोस् र कुनै विद्यार्थीलाई उक्त अनुच्छेद पढ्न लगाउनुहोस् ।

११. विद्यार्थीद्वारा रचना भएको अनुच्छेद के कस्तो भयो आवश्यक छलफल गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शीर्षकमा अनुछेच्द रचना गर्न लगाउनुहोस् :

(अ) मेरो गाउँ

(आ) मेरो विद्यालय

(इ) मलाई मन पर्ने खेल

(ई) पानी

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक प्रकार्य (स्वागत)<br>• वर्णविन्यास ( सुरु, बिच र अन्त्यमा दीर्घ इकार लागेका शब्द) | • अभिनयसहित स्वागत मन्तव्य दिन<br>• पाठबाट सुरु, बिच र अन्त्यमा दीर्घ इकार लागेका शब्दको पहिचान गरी प्रयोग गर्न | • स्वागत मन्तव्यको भिडियो<br>• सुरु, बिच र अन्त्यमा दीर्घ इकार लागेका शब्दको सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले विद्यार्थीलाई मस्तिष्क मन्थनसम्बन्धी कुनै प्रश्न सोधी सिकाइका लागि ध्यानाकर्षण गर्नुहोस् । जस्तै : बुबाको भान्जाकी आमालाई तपाईंको के नाता पर्छ ?

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले सामाजिक सञ्जालमा प्राप्त विभिन्न कार्यक्रममा कसैले स्वागत गरेको भिडियो सामग्री प्रस्तुत गर्नुहोस् ।

२. भिडियो सामग्री प्रस्तुत गर्दा सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् नत्र मोबाइलको प्रयोग गरेर भए पनि भिडियो प्रस्तुत गर्न सक्नुहुने छ । स्वागतको भिडियो शिक्षक आफैँले निर्माण गरेर प्रस्तुत गर्न तथा कक्षामा अभिनय गरेर पनि स्वागत गर्न सक्नुहुने छ ।

स्वागत मन्तव्य

यस कार्यक्रमका अध्यक्षज्यू

अतिथिज्यूहरू

विद्यालयका सम्पूर्ण गुरुजन

प्रिय साथीहरू !

हाम्रो विद्यालयले हरेक वर्ष गुरु पूर्णिमा विशेष कार्यक्रम गर्दै आएको छ । यस वर्ष पनि हामी गुरु पूर्णिमा विशेष कार्यक्रम मनाउन उपस्थित भएका छौँ । यस अवसरमा म यहाँहरू सबैलाई हार्दिक नमस्कार गर्छु । आजको यस कार्यक्रममा हाम्रो निमन्त्रणालाई स्वीकार गरेर आउनुभएका अतिथिज्यूहरूलाई हार्दिक स्वागत गर्छु । यहाँहरूको उपस्थितिले यो कार्यक्रमको शोभा बढेको छ । यस कार्यक्रममा हाम्रा केही साँस्कृतिक कार्यक्रमहरू रहेका छन् । हामीले गुरु सम्मान कार्यक्रम पनि राखेका छौँ । यस कार्यक्रमको अन्त्यसम्म बसेर यहाँहरूले कार्यक्रमलाई सफल बानाइदिनुहुन्छ भन्ने आशा गरेको छु । यहाँहरू सबैलाई फेरि पनि हार्दिक स्वागत गर्दै

मेरो मन्तव्य टुङ्ग्याउँछु । धन्यवाद !

३. विद्यार्थीहरूलाई बोध अभिव्यक्तिको प्रश्न 'नौ'मा दिइएको  सन्दर्भ पढ्न लगाउनुहोस् ।

४. कक्षामा स्वागत कार्यक्रमको आयोजना गर्नुहोस् । विद्यार्थीहरूलाई विभिन्न भूमिकामा बाँड्नुहोस् । जस्तै :

गोपाल : कार्यक्रमको सभापति

महेश : प्रमुख अतिथि

बाँकी सबै विद्यार्थी : अतिथि

सबिता : कार्यक्रम सञ्चालक

५. कार्यक्रम सञ्चालकले कार्यक्रम सञ्चालन गर्दै कक्षामा सबैलाई स्वागत मन्तव्य दिन लगाउनुहोस् । सन्दर्भअनुसार सबै विद्यार्थीहरूलाई अभिनयसहित स्वागत मन्तव्य दिन लगाउनुहोस् ।

६. मौखिक अभिव्यक्ति दिन र अभिनय गर्न हिचकिचाउने विद्यार्थीलाई विशेष प्राथमिकता दिएर अभिनय गर्ने अवसर दिनुहोस् ।

७. विद्यार्थीको सहभागिता र प्रस्तुतिको अवलोकन गर्नुहोस् ।

८. विद्यार्थीहरूको प्रस्तुति पछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

९. विद्यार्थीका प्रस्तुतिका सम्बन्धमा आवश्यक छलफल गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

१०. शिक्षकले निम्नअनुसारका शब्दको सुरु, बिच र अन्तिममा दीर्घ इकार प्रयोग भएका शब्दको सूची प्रस्तुत गर्नुहोस् । जस्तै :

सुरुमा दीर्घ भएका शब्द : दीप, गीत, तीर्थ, शीर्षक

बिचमा दीर्घ भएका शब्द : अतीत, ग्रामीण, नवीकरण,

अन्तिममा दीर्घ भएका शब्द : स्त्री, श्रीमती, रूपमती, सौभाग्वती, हेरी, देखी

११. उदाहरणमा दिइएकै प्रकृतिका अन्य शब्दहरू विद्यार्थीलाई पाठबाट खोजेर लेख्न लगाउनुहोस् र उनीहरूका कक्षाकार्यको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) कक्षामा यस वर्षका नवआगन्तुक साथीलाई स्वागत गर्न लगाउनुहोस् ।

(ख) पाठबाट शब्दको सुरु, बिच र अन्तिममा दीर्घ इकार प्रयोग भएका पाँच पाँचओटा शब्द टिपोट गर्न लगाउनुहोस् ।

## दसौँ दिन

१. सिकाइ क्षेत्र

| पठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • क्रियापदको पहिचान र प्रयोग | • निर्दिष्ट प्रश्नमा आधारित भई क्रियापदको पहिचान र प्रयोग गर्न | • मेटा कार्ड र क्रियापदको सूची । |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती  क्रियाकलाप

१. शिक्षकले कुनै विद्यार्थीलाई गीत गाउन लगाउनुहोस् र सिकाइका लागि  उनीहरूको ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

१. शिक्षकले कुनै स्वतन्त्र अनुच्छेद रचना गरी प्रदर्शन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गर्नुहोस् ।

२. प्रस्तुत गरिएको अनुच्छेदबाट उदाहरणको रूपमा केही क्रियापद शैक्षणिक पाटीमा टिपेर देखाउनुहोस् ।

३. शिक्षकले उदाहरणमा टिपेकै प्रकृतिका शब्दहरू विद्यार्थीलाई पनि टिपेर प्रस्तुत गर्न लगाउनुहोस् ।

४. विद्यार्थीले टिपोट गरेका शब्दहरू प्रस्तुत गर्न लगाई छलफल गर्नुहोस् र आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

५. शिक्षकले मेटाकार्डमा क्रियापद र अन्य शब्दहरू लेख्नुहोस् र त्यसरी निर्माण गरिएका मेटाकार्ड छ्यासमिस पारेर कक्षाको कुनै ठाउँमा छर्नुहोस् ।

६. निश्चित समय तोकेर विद्यार्थीलाई क्रिया शब्दहरू टिप्न लगाउनुहोस् र उनीहरूले के कति क्रियापद पहिचान गरी टिप्न सके अवलोकन गर्नुहोस् ।

७. सबैभन्दा धेरै क्रियापद पहिचान गरी टिप्ने विद्यार्थीलाई बधाई दिई अन्य विद्यार्थीलाई पनि सहभागिताका लागि धन्यवाद दिँदै ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

८. क्रियापदका सम्बन्धमा विद्यार्थीका जिज्ञासा लिनुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

९. हेक्का राख्नुहोस्, वाक्यभित्र कुनै काम भएको बोध गराई वाक्य टुङ्ग्याउने शब्द क्रियापद रहेको कुरा विद्यार्थीलाई सिकाउनुहोस् ।

१०. भाषिक संरचना र वर्णविन्यासको प्रश्न एक र दुई विद्यार्थीलाई गर्न लगाउनुहोस् ।

११. विद्यार्थीहरूका कार्य प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् र आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

१२. निम्नअनुसार क्रियापद दिई विद्यार्थीहरूलाई वाक्य निर्माण गर्न लगाउनुहोस् :

पढ्छ, उफ्रन्छ, डुल्यो, खेल्यो, सम्झाउँछ

१३. विद्यार्थीले निर्माण गरेका वाक्य परीक्षण गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(अ) पाठबाट दशओटा क्रियापद टिपोट गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## एघारौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सुनाइ पाठ (मौखिक प्रश्नोत्तर र छलफल)<br>● श्रब्य सामग्री सुनाइ र प्रतिक्रिया | ● सुनाइ पाठ सुनी मौखिक उत्तर दिन<br>● बाल कार्यक्रम सुनी छलफल गर्न | ● सुनाइ पाठको अडियो सामग्री, सामाजिक सञ्जालमा प्राप्त बाल कार्यक्रमको भिडियो |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्युतीय सामग्रीको प्रयोग गरेर कुनै बाल गीत सुनाउनुहोस् । विद्यार्थीलाई गीतसँगसँगै हात हल्लाउन लगाएर नाच्दै सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ तीन सुनाउनुहोस् ।

२. शिक्षक स्वयम्ले वाचन गरेर, मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी दुई तीनपटक सुनाउन सक्नुहुने छ ।

३. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पारिदिनुहोस् । जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

४. पाठको सुनाइ बोलाइको प्रश्न एकमा रहेका प्रश्नहरू प्रस्तुत गर्नुहोस् ।

५. विद्यार्थीहरूलाई छलफल गरेर उत्तर प्रस्तुत गर्न निर्देश गर्नुहोस् ।

६. कक्षाका फरक फरक विद्यार्थीलाई उत्तर प्रस्तुत गर्न लगाउनुहोस् ।

७. विद्यार्थीका उत्तरका सम्बन्धमा छलफल गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थीलाई सुनाइ बोलाइको प्रश्न दुईमा आधारित भएर छलफल गराउनुहोस् । छलफलबाट प्राप्त निष्कर्ष विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

९. सामाजिक सञ्जालमा प्राप्त बाल कार्यक्रमको कुनै वृत्तचित्र प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गर्नुहोस् ।

१०. कार्यक्रम सुनेर विद्यार्थीले थाहा पाएका कुरा टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

११. विद्यार्थीको प्रस्तुतिपछि हौसला प्रदान गर्दै आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :

(अ) पैसा बचत गर्न के के गर्नुपर्छ ?

(आ) हामीले कसरी पैसालाई असल काममा खर्च गर्न सक्छौँ ?

## बाह्रौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जनात्मक कार्यको प्रस्तुति | • निर्दिष्ट शीर्षकमा अनुच्छेद रचना गर्न | • अनुच्छेदका नमुना र कार्डबोर्ड |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै विद्यार्थीलाई जाने सुनेको चुट्किला सुनाउन लगाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले मेरो घर, मेरा साथी, फूलबारी जस्ता विभिन्न शीर्षकमा पाँच सात वाक्य रहेका स्वतन्त्र अनुच्छेदहरू रचना गर्नुहोस् । जस्तै :

फूलबारी

फूलबारी फूलको बगैँचा हो । यहाँ विभिन्न प्रकारका फूल फुलेका हुन्छन् । फूलबारीमा फूलको सुन्दरतालाई देखेर पुतली र चराहरू आउँछन् । फूल, चरा र पुतलीलाई एकै ठाउँमा देख्दा मानिसहरू खुसी हुन्छन् । मानिसहरूले आफ्नो घर, विद्यालय, कार्यलय, मन्दिर जस्ता विभिन्न ठाउँमा फूलबारी निर्माण गरेका हुन्छन् । यसले सबै ठाउँको शोभा बढाउँछ । फूलको सुन्दरता र सुवासले मानिसको मन आनन्द हुन्छ ।

२. शिक्षकले तयार गरेका अनुच्छेद क्रमैसँग प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरी अनुच्छेद प्रस्तुत गर्नुहोस् ।

३. शिक्षकले प्रस्तुत गरेका अनुच्छेद पालै पालो विभिन्न विद्यार्थीहरूलाई सस्वरवाचन गरी पढ्न लगाउनुहोस् ।

४. विद्यार्थीहरूलाई अनुच्छेद रचना गर्दा छोटा र सरल वाक्य लेख्ने, चार पाँच शब्दका वाक्य लेख्ने, एक वाक्यलाई अर्को वाक्यसँग जोडेर लेख्ने जस्ता कुरा सिकाउनुहोस् ।

५. विद्यार्थीहरूसँग छलफल गरेर विभिन्न चारओटा शीर्षक छनोट गरी उनीहरूलाई विभिन्न समूहमा विभाजन गरी कार्डबोर्ड वितरण गर्नुहोस् ।

६. फरक फरक समूहलाई फरक फरक शीर्षक दिई समूहमा बसेर अनुच्छेद रचना गर्न लगाउनुहोस् ।

७. विद्यार्थीले तयार गरेका अनुचछेद समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् र एउटा समूहले प्रस्तुत गरेपछि अरू समूहसँग प्रतिक्रिया लिनुहोस् ।

८. विद्यार्थीहरूका प्रतिक्रियापछि अनुच्छेदलाई आवश्यक संशोधन गरी पुनः प्रस्तुत गरेर सिकाइ सहजीकरण गर्नुहोस्

९. विद्यार्थीहरूसँग छलफल गरेर कुनै एक स्वतन्त्र शीर्षक छनोट गर्नुहोस् ।

१०. छनोट गरिएको शीर्षकमा निश्चित समय दिएर विद्यार्थीलाई अनुच्छेद रचना गर्न लगाउनुहोस् ।

११. कक्षाकार्यको अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

१२. विद्यार्थीले रचना गरेका अनुच्छेद एक अर्कामा सटासाट गरेर हेर्न लगाउनुहोस् । उनीहरूका प्रतिक्रिया प्रस्तुत गर्न लगाउनुहोस् ।

१३. विद्यार्थीले निर्माण गरेका अनुच्छेद जाँची भाषिक शुद्धता, वाक्य गठन र अनुच्छेद संरचना जाँचिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) आफ्नो विद्यालयका बारेमा एक अनुच्छेद लेखी कक्षामा सुनाउन लगाउनुहोस् ।

पाठ : ४

शीर्षक : साथीलाई चठी

विधा : चिठी

कार्यघण्टाः ८

## परिचय

'साथीलाई चिठी' व्यावहारिक लेखनको पाठ हो । चिठी सूचना आदान प्रदानको माध्यम हो । चिठी घरायसी, कार्यालयीय र व्यापारिक हुन्छन् । भाषाका चार आधारभूत सिपमध्ये लेखाइ सिपको विकासमा सहयोग गर्नु चिठी शिक्षणको प्रमुख उद्देश्य हो । चिठी विधाको उपयोग गरेर लेखाइ सिप सँगसँगै आवश्यकताअनुसार अन्य भाषिक सिपको पनि विकास गराउन सकिन्छ ।

'साथीलाई चिठी' घरायसी चिठी हो । घरायसी चिठी आफन्तले आफन्तलाई लेख्ने चिठी हो । यस्तो चिठीमा आफ्ना खबर तथा मनका कुरालाई मिठो शैलीमा प्रस्तुत गरिन्छ । घरायसी चिठी अनौपचारिक प्रकृतिको हुन्छ । चिठीको शिक्षणमा सस्वर तथा मौन पठन, पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर गराउनुपर्छ । चिठी लेखन सिपको विकास गराउँदा नमुना प्रदर्शन, चिठीका अङ्गहरूको पहिचान, चिठीको प्रकृति पहिचान र लेख्ने तरिकामा केन्द्रित हुनुपर्छ ।

यस पाठबाट सुनाइ र बोलाइमा ढाँचाबोध, प्रश्न निर्माण, सूचना ग्रहण र सन्देश प्रवाह, प्रश्नोत्तर तथा छलफल गर्ने सिपको विकास गराउनुपर्छ । पढाइमा समयबद्ध सस्वर पठन र गति वृद्धि, मौन पठन र विषयवस्तु बोध, संरचना पहिचान, प्रश्नोत्तर र सन्देश ग्रहण जस्ता भाषिक सिपको विकास गराउनुपर्छ । लेखाइमा चिठीको ढाँचा पहिचान र शैली अनुकरण, अनुलेखन, प्रश्नोत्तर, निवेदनको ढाँचा पहिचान र लेखन, प्रत्युत्तर लेखन, सन्दर्भ, परिवेश, आवश्यकता र औचित्यका आधारमा सन्देशमूलक चिठी रचना गर्ने सिपको विकास गराउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासमा नामयोगी, संयोजक र निपातको पहिचान तथा प्रयोग र दीर्घ ऊकार (सुरु, बिच, अन्त्य) को पहिचान र प्रयोग सिपको विकास गराउनुपर्छ । शब्दभण्डारमा शिष्टाचार र सम्बोधनबोधक शब्द पहिचान र प्रयोग, पाठगत शब्दको अर्थबोध र प्रयोगको विकास गराउनुपर्छ भने भाषिक प्रकार्यमा शुभकामना गर्ने सिपको विकास गराउनुपर्छ ।

### पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध<br>• समयबद्ध सस्वर पठन | • निर्दिष्ट दृश्यबोध गरी छलफल गर्न<br>• पाठ्य चिठी सस्वर पठन गर्न | • पूर्वपठन खण्डका चित्र, शब्दपत्ती, अर्थपत्ती, शब्दकोश र वाक्यपत्ती |

| | | |
|---|---|---|
| ● पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग | ● निर्दिष्ट पाठलाई समयबद्ध सस्वर पठन गर्न<br>● पाठगत शब्दको उच्चारण र अर्थ सिकी वाक्यमा प्रयोग गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती  क्रियाकलाप**

१. विद्यार्थीहरूले आफूले कसैलाई वा अरूले आफूलाई चिठी लेखे नलेखेको सोध्नुहोस्, छलफल गर्नुहोस् र विद्यार्थीका अनुभव लिई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पूर्व पठन खण्डको चित्र र  चिठीका विभिन्न नमुनाहरू प्रस्तुत गर्नुहोस् ।

२. पूर्व पठन खण्डमा दिइएको अनुच्छेद र शिक्षकले प्रस्तुत गरेका चिठीका नमुना विद्यार्थीहरूलाई पढ्न लगाई आवश्यक छलफल गर्नुहोस् ।

३. विद्यार्थीहरूलाई पाठ्य चिठी सस्वरवाचन गरी पढ्न लगाउनुहोस् ।

४. पाठ्य चिठीका हरेक अनुच्छेद फरक फरक विद्यार्थीलाई सस्वरवाचन गरी पढ्न लगाउनुहोस् ।

५. विद्यार्थीलाई सस्वरवाचन गरी पढ्दा उच्चारण, अर्थ र वाक्य निर्माण गर्न सिक्नुपर्ने नयाँ शब्द टिपोट गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा टिप्नुहोस् ।

७. टिपोट गरिएका शब्दको उच्चारण र अर्थ भन्न विद्यार्थीलाई नै पहिलो प्राथमिकता दिनुहोस् ।

८. विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दहरूलाई निम्नअनुसार अक्षरीकरण गरी पटक पटक अभ्यास गराएर उच्चारण सिकाउनुहोस् :

प्रसिद्ध : /प्र.सिद्.ध/

धर्मावलम्बी : /धर्.मा.ब.लम्.बि/

जन्मस्थल : /जन्.मस्.स्थल्/

९. विद्यार्थी सङ्ख्याका आधारमा शब्दपत्ती र अर्थपत्ती निर्माण गर्नुहोस् र विद्यार्थीलाई गोलाकार घेरामा उभ्याउनुहोस् ।

१०. शब्दपत्ती र अर्थपत्तीलाई घोप्ट्याएर कक्षाको कुनै कुनामा राख्नुहोस् र विद्यार्थीलाई एक एकओटा पत्ती टिप्न लगाउनुहोस् ।

११. टिपिएको पत्तीहरू शब्दपत्ती र अर्थपत्ती मिल्ने व्यक्ति खोजी जोडी बनेर विद्यार्थीलाई शब्दपत्ती र अर्थपत्ती देखाउन लगाउनुहोस् ।

१२. विद्यार्थीका कार्यको अवलोकन गरी ताली बजाएर उनीहरूलाई हौसला प्रदान गर्नुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

१३. शब्दको अर्थ सिकाउँदा चित्र, हाउभाउ, अभिनय, शब्दपत्ती र अर्थपत्ती तथा शब्दकोशको प्रयोग गरी सिकाउनुहोस् ।

१४. वाक्य निर्माण सिकाउँदा चार पाँच शब्दका सरल वाक्य निर्माण गर्न सिकाउनुहोस् ।

१५. पाठ्य चिठीका विभिन्न अनुच्छेद फरक फरक विद्यार्थीलाई सस्वर पठन गराउनुहोस् । उनीहरूले निर्धारित अनुच्छेद सस्वर पठन गरेको समय हेरी आवश्यक छलफल गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको तेस्रो अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

(ख) दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोज्न लगाउनुहोस् :

(क) कुनै काम गर्न जाग्ने इच्छा (ख) फैलिएको वा सम्म परेको जमिन

(ग) दर्शन गर्न आउने मानिस (घ) थरी थरीका खानेकुरा

(ग) दिइएका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

धर्मावलम्बी, दर्शनार्थी, चित्रकला, साँझ, उद्योगधन्दा, प्रसिद्ध

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन<br>• विषयवस्तुबोध<br>• ढाँचा पहिचान र शैली अनुकरण | • निर्दिष्ट चिठी मौन पठन गर्न<br>• पाठ्य चिठीको विषयवस्तुमा आधारित भई बोधात्मक प्रश्नोत्तर भन्न तथा लेख्न<br>• ढाँचा पहिचान र शैली अनुकरण गरी चिठी लेख्न | • बोधात्मक प्रश्नको सूची, चिठीका ढाँचा र कार्डबोर्ड |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कुनै रमाइलो चुट्किला सुनाएर सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् । विद्यार्थीका प्रतिभालाई पनि प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई पाठ्य चिठी मौन पठन गर्न निर्देश गर्नुहोस् र शिक्षकले विद्यार्थीका मौन पठनको अवलोकन अवलोकन गर्नुहोस् ।

२. शिक्षकले तयार गरेका प्रश्न सूची प्रस्तुत गरी विद्यार्थीलाई प्रश्न सूची पढ्ने अवसर दिनुहोस् र पालैपालो निर्धारित प्रश्नको उत्तर व्यक्त गर्न लगाउनुहोस् । उनीहरूबाट आएका उत्तरका सम्बन्धमा आवश्यक छलफल गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई चिठीको आदि, मध्य र अन्त्य भागमा रहेका विषयवस्तु पहिचान गर्न लगाउनुहोस् ।

४. पाठ्य चिठीको अनुकरण गरेर विद्यार्थीलाई चिठी लेख्न निर्देश गर्नुहोस् । यसरी अनुकरण गरेर चिठी लेख्न सिकाउँदा नाम, मिति र पेटबोलीका कुरामा आवश्यक परिवर्तन गर्न सिकाउनुहोस् । उनीहरूले अनुकरण गरी लेखेका चिठी प्रस्तुत गर्न लगाई आवश्यक छलफल र थप सिकाइ गर्नुहोस् ।

५. विद्यार्थीहरूलाई कार्डबोर्ड दिनुहोस् र सामूहिक चिठी लेखनको अभ्यास गराउनुहोस् । एउटा विद्यार्थीलाई मिति, अर्कोलाई सम्बोधन र अर्कोलाई चिठीको प्रारम्भ लेख्दै सबै विद्यार्थीलई क्रमैसँग चिठी लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीलाई सँगसँगै सहजीकरण गर्दै सिकाउनुहोस् ।

६. अगिल्लो विद्यार्थीले लेखेका कुरा पढ्दै पछिल्लो विद्यार्थीलाई थप कुरा लेख्न लगाउनुहोस् । विद्यार्थीद्वारा सामूहिक रूपमा लेखिएको चिठी प्रस्तुत गरी कुनै विद्यार्थीलाई वाचन गरेर सुनाउन लगाउनुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नका उत्तर लेख्न लगाउनुहोस् :

(अ) जनकपुरमा कुन मन्दिर रहेको छ ?

(आ) जनकपुरमा कुन कुन सागर छन् ?

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुलेखन<br>• प्रत्युत्तर लेखन | • निर्दिष्ट अनुच्छेद अनुलेखन गर्न<br>• निर्दिष्ट पाठ्य चिठीको प्रत्युत्तर लेख्न | • अनुलेखनको नमुना र प्रत्युत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. सामाजिक सञ्जालमा प्राप्त राम्रा अक्षर लेखेको फोटो, राम्रा अक्षर लेख्ने तरिका वा शिक्षक आफैँले राम्रा अक्षर पारेर लेखेको सामग्री प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेकटर वा मोवाइलकै प्रायोग गरेर भए पनि देखाउन सक्नुहुने छ ।

२. प्रस्तुत गरिएको सामग्रीका सम्बन्धमा विद्यार्थीका प्रतिक्रिया लिई सिकाइका लागि उनीहरूको ध्यानाकर्षण गराउनुहोस् ।

३. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

४. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई पाठ्य चिठीको पहिलो, दोस्रो र तेस्रो अनुच्छेद अनुलेखन गर्न लगाउनुहोस् । उनीहरूलाई अनुलेखन गर्दा अक्षर सफा, सिधा, एकअर्कामा नजोडी वर्णविन्यास जस्ताको त्यस्तै शुद्ध पारेर सार्न सिकाउनुहोस् ।

२. विद्यार्थीले शिक्षकको निर्देशनअनुसार कार्य गरे नगरेको अवलोकन गरी उनीहरूका अनुलेखनलाई एकअर्कामा साटासाट गरी प्रभावकारी तरिकाले लेखे नलेखेको जाँच्न लगाउनुहोस् र पुनः शिक्षकले सबै विद्यार्थीका कापी जम्मा गरी जाँचिदिनुहोस् ।

३. कक्षामा राम्रा अक्षर पारेर लेख्ने विद्याथीका कापी सबैले देख्ने गरी प्रदर्शन गर्नुहोस् । साम्रा अक्षर पारेर अनुलेखन गर्ने विद्यार्थीलाई बधाई दिनुहोस् र अन्य विद्यार्थीलाई पनि राम्रा अक्षर पारेर लेख्न उत्प्रोरित गर्दै थप हौसला दिनुहोस् ।

४. विद्यार्थी सङ्ख्याका आधारमा चार चार जनाको समूहमा विद्यार्थीलाई बाँड्नुहोस् ।

५. शिक्षकले तयार पारेको पाठ्य चिठीको प्रत्युत्तरको नमुना प्रदर्शन गरी देखाउनुहोस् र उनीहरूलाई पनि पाठ्य चिठीको प्रत्युत्तर लेख्न लगाउनुहोस् ।

६. समूहगत रूपमा विद्यार्थीले गरेका कार्यको अवलोकन गरी आवश्यक सहयोग गर्नुहोस् र उनीहरूले तयार गरेको चिठीको प्रत्युत्तर प्रस्तुत गर्न लगाउनुहोस् ।

७. विद्यार्थीका प्रस्तुतिमा आवश्यक छलफल गर्नुहोस् । चिठीको संरचनामा प्रत्युत्तर लेखे नलेखेको मूल्याङ्कन गर्दै थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठ्य चिठीको चौथो अनुच्छेद अनुलेखन गर्न लगाउनुहोस् ।

(ख) तपाइँ चन्द्रमाला भएको भए चञ्चला यादवको चिठीको उत्तर कसरी लेख्नुहुन्थ्यो, छलफल गरी प्रत्युत्तर लेख्न लगाउनुहोस् ।

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● शिष्टाचार र सम्बोधनसूचक | ● शिष्टाचार र सम्बोधनसूचक | ● शिष्टाचार र सम्बोधनसूचक |

| | | |
|---|---|---|
| शब्द पहिचान र प्रयोग<br>● प्रश्नोत्तर लेखन | शब्द पहिचान गरी प्रयोग गर्न<br>● निर्धारित प्रश्नको उत्तर लेख्न | शब्दको सूची, चिठीका विभिन्न नमुनाहरू<br>● नमुना उत्तर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले विद्यार्थीहरूलाई अभिवादन गर्दै कक्षामा प्रवेश गर्नुहोस् । विद्यार्थीसँग आफ्ना आफन्तलाई सम्बोधन गर्ने तरिकाका सम्बन्धमा छलफल गर्नुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शब्दभण्डारको प्रश्न दुईमा दिइएको विषयवस्तु विद्यार्थीलाई पढ्न लगाई छलफल गराउनुहोस् ।

२. शिक्षकले विद्यालयमा आएका, विद्यालयले पठाएका, आफैँले तयार पारेका विभिन्न चिठीका नमुना प्रस्तुत गर्नुहोस् । यसका साथै सामाजिक सञ्जालमा भेटिएका विभिन्न चिठीका नमुना पनि प्रस्तुत गर्नुहोस् ।

३. प्रस्तुत गरिएका चिठीमा रहेका सम्बोधनसूचक शब्द विद्यार्थीलाई टिपोट गर्न लगाई छलफल गराउनुहोस् ।

४. शिक्षकले सम्मान तथा शिष्टाचार जनाउने शब्दको सूची प्रस्तुत गरी शैक्षणिक पाटीमा केही उदाहरण लेखी सोहीअनुसार प्रयोग गर्न सिकाउनुहोस् ।

५. विद्यार्थी सङ्ख्याका आधारमा समूहमा विभाजन गर्नुहोस् र फरक फरक समूहलाई दिदी, भाइ, मामा र प्रधानाध्यापकलाई सम्बोधन सूचक शब्दको प्रयोग गरी चिठी लेख्न लगाउनुहोस् ।

६. विद्यार्थीका समूहकार्य प्रस्तुत गर्न लगाई छलफल गर्नुहोस् र थप सिकाइ गर्नुहोस् ।

७. शिक्षकले बोध अभिव्यक्तिको प्रश्न 'छ'मा रहेका प्रश्नसूची प्रस्तुत गर्नुहोस् र कुनै प्रश्नमा शिक्षकले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् ।

८. विद्यार्थीलाई सङ्क्षिप्त उत्तर लेख्न सिकाउनुहोस् । उत्तर लेख्दा तीन चार वाक्यका छोटा र सरल वाक्यमा लेख्न तथा वाक्यहरूलाई एक अर्कासँग सम्बन्धित गरेर लेख्न सिकाउनुहोस् ।

**३. मूल्याङ्कन**

(अ) जनकपुर सहर किन प्रख्यात रहेको छ ?

(आ) चञ्चला यादवले आफ्नी साथीलाई कहाँ कहाँ घुमाउने बताएकी छन् ?

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● प्रश्न निर्माण<br>● चिठी लेखन | ● निर्दिष्ट पाठमा आधारित भई प्रश्न निर्माण गर्न<br>● निर्दिष्ट विषयमा चिठी लेख्न | ● प्रश्न सूची र चिठीका नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कक्षाकोठामा विद्यार्थीलाई निम्नअनुसारका प्रश्न सोध्नुहोस् ।

(क) के तपाइँहरू सबैले खाना खानुभयो ?

(ख) तपाइँले आज के तरकारी खानुभयो ?

(ग) तपाइँको स्वास्थ्य कस्तो छ ?

(घ) तपाइँले आज विद्यालयमा सबैभन्दा पहिला कुन साथीलाई भेट्नुभयो ?

(ङ) तपाइँको मामाघर कुन ठाउँ हो ?

२. उल्लिखित प्रकृतिका प्रश्न सोधेर सिकाइका लागि विद्यार्थीलाई ध्यानाकर्षण गराउनुहोस् ।

३. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

४. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

१. विद्यार्थी सङ्ख्याका आधारमा तीन चार जनाका साना साना समूह बनाउनुहोस् ।

२. विद्यार्थीलाई के, को, कुन, किन, कसरी, कहिले, को को जस्ता शब्द राखेर प्रश्न निर्माण गर्न सिकाउनुहोस् र पहिलो अनुचछेदबाट निम्नअनुसारका प्रश्न शिक्षकले उदाहरणको रूपमा लेखिदिनुहोस् :

(क) चञ्चलाले के आशा गरेकी छिन् ?

(ख) चिठी लेख्नुको कारण के हो ?

३. पाठ्य चिठीका बाँकी अनुच्छेद हरेक समूहलाई दिनुहोस् र विद्यार्थीलाई प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

४. विद्यार्थीले निर्माण गरेका प्रश्न सूची प्रस्तुत गर्न लगाउनुहोस् र आपसमा छलफल गराउनुहोस् ।

५. विद्यार्थीलाई निम्नअनुसारको शिक्षक आफैँले निर्माण गरेको तथा सामाजिक सञ्जालमा प्राप्त सन्देशमूलक चिठी प्रस्तुत गनुहोस् ।

**अभि सुवेदीको विद्यार्थीका लागि चिठी**

प्यारा भाइबहिनीहरू,

नमस्कार !

तिमीहरू के राम्रो, के नराम्रो छुट्याउन सक्ने भएका छैनौ । त्यसैले ठुलाको अर्ती र उपदेश ध्यानपूर्वक सुन्ने र अनुशरण गर्ने गर्नुपर्छ । कहिलेकाहीँ त्यस्ता सल्लाहहरू दिक्कलाग्दा पनि हुन सक्छन् तर त्यस्ता उपदेशमा जीवन बदल्न सक्ने शक्ति र सामर्थ्य लुकेका हुन्छन्

हामी सबैको पहिलो गुरु आमा हुन् । उनको अर्ति सधैँ शिरोपर गर्नुपर्छ । म पनि मेरी आमाको प्रेरणाले यहाँसम्म आइपुगेको हुँ । त्यही प्रभावले आज पनि झण्डै ४६ वर्षदेखि मैले विश्वविद्यालयमा पढाएका संसारभर छरिएका मेरा विद्यार्थी र इष्टमित्रको मायामा रमाइरहेको छु । समाजमा अनेक खाले मान्छे बस्छन् । कोही गलत बाटोमा हिँडिरहेका हुन्छन् । ती गलत मानिसको सङ्गत गर्नुहुँदैन । असल मित्र

बिस्तारै थपिँदै जान्छन् ।

म पूर्वी नेपालको तेह्रथुम जिल्लाको साब्लाखुमा २००२ सालमा जन्मिएँ । मेरो बाल्यकाल र अहिले तिमीहरू हुर्कँदै गरेको समयमा धेरै फरक छ । हाम्रो पालामा पढ्ने किताबसम्म हुँदैनथे । खरीले कालो पाटीमा लेख्नुपर्थ्यो । अहिले तिमीहरूले पाउने जस्ता थरिथरिका शैक्षिक सामाग्री कहाँ थिए र ? त्यतिबेला आजको जस्तो कम्प्युटर, मोवाइल, टेलिभिजनको कल्पनासम्म पनि गर्न सकिँदैनथ्यो ।

मेरो समयमा पढ्ने सामान नपाएर हैरान हुन्थ्यो, अहिले छान्न नजानेर समस्या थपिएको छ । लगातार टेलिभिजन हेरेर बस्नु राम्रो होइन । टेलिभिजन हेर्न निश्चित समय छुट्याउनुपर्छ । टिभीमा के हेर्ने भन्नेबारे आफूभन्दा ठुलासँग सल्लाह गर्नुपर्छ । बहादुरीका कथा, दया र कल्याणका कथा हेर्नुपर्छ । संयोगान्त कथाहरू हेर्नुपर्छ । धर्मका विषयमा चाख लाग्छ भने अभिभावकसँग बसेर महाभारत हेर्ने गऱ्यो भने तिमीहरूको ज्ञानको दायरा बढ्छ । कोठाभित्र एक्लै कम्प्युटर र मोबाइलमा गेम खेलेर बस्नु स्वास्थ्यका दृष्टिले पनि भयानक हुन्छ । खेल्दा समूह बनाएर खेल्नुपर्छ । प्रकृति पनि एउटा पाठशाला हो । त्यसकारण घर र विद्यालय हाता बाहिरको वातावरणबारे पनि ज्ञान हुन उत्तिकै जरुरी छ । कुनै पनि काम जानेर बेफाइदा हुँदैन । तिमीहरूले सिकेको कुरा संस्कार भयो भने मात्रै उपयोगी हुन्छ ।

किताबमा भएका कविता भाका हालेर पढ्न सिक्नुपर्छ । कविता कण्ठस्थ पार्ने बानीको विकास सानैदेखि भयो भने ठुला कक्षामा जस्तोसुकै सूत्र पनि हाउगुजी लाग्दैनन् । तिमीहरूसँग भेट भएका बखत मैले सानैमा पढेका कविताहरू सुनाउँला । अक्षरहरू सफा र चट्ट पारेर लेख्ने गर्नुपर्छ । यो जीवनभर काम लाग्ने हुन्छ । भाषामा दक्खल राख्नुपर्छ ।

पैसा फुरमास गर्ने बानी पटक्कै राम्रो होइन नि ! दक्षिणा, उपहार आदी बाट प्राप्त रुपैयाँ, खेलौना, लुगाकपडा जस्ता सामानमा भरसक खर्च गर्नुहुँदैन । त्यसलाई जोगाएर किताब किन्ने बानीको विकास गर्नुपर्छ । भविष्यमा एउटा ठुलो लाइब्रेरी आफ्नै घरमा बनाउँछु भन्ने अठोट लिएर अगि बढे सम्भव हुन्छ । किताबहरू जहिले पनि काम लाग्छन् । मेरो लाईब्रेरीमा म आफैँले लेखेका, विश्वविद्यालयमा पढाएका र अन्य हजारौँ देशी-विदेशी किताब छन् । मैले घरैमा पढ्न सुरु गर्दा मेरी आमाले भेला गरिदिनुभएका किताब पनि मेरो घरको लाइब्रेरिमा छन् । आजकल मेरो कोठा कक्षाकोठा जस्तै भएको छ । रिटायर्ड लाइफमा किताबहरू मेरा गुरु र साथी भएका छन् ।

तिमीहरूको उमेर जीवनको सुरुवाती अवस्था हो । यस्तो उर्जाशील समयमा कुनै पनि कुराले दुखी र विचलित हुनुहुँदैन । हामीले आफ्नो समयमा केही नयाँ र असल काम गर्न सक्यौँ भने मात्र यो क्षणभङ्गुर जीवनले सार्थकता पाउँछ । तिमीहरूले नराम्रो र असजिलो लागेका कुराहरू नजिकका दौँतरी, अभिभावक र नातेदारलाई सुनाएर समाधान गर्नुपर्छ । आफ्नो रुची खुलस्त भन्नुपर्छ । कहिलेकाहीँ अभिभावकको मात्र चाहना र करकापले गरेको कामले सही परिणाम नदिन पनि सक्छ ।

तिमीहरूलाई माया गर्ने,

अभि सुवेदी

(स्रोतः सामाजिक सञ्जालमा प्राप्त)

६. प्रस्तुत गरिएको चिठीका सम्बन्धमा विद्यार्थीसँग छलफल गर्नुहोस् र उनीहरूलाई मिति, सम्बोधन, शिष्टाचार र पेटबोली र बिदाइमा लेखिने विषयवस्तु सिकाउनुहोस् ।

७. विद्यार्थी सङ्ख्याका आधारमा समूह विभाजन गर्नुहोस् ।

८. शिक्षकले तयार पारेको कुनै चिठीलाई विभिन्न टुक्रामा विभाजन गर्नुहोस् र हरेक समूहलाई चिठीका टुक्राहरू दिई उनीहरूलाई टुक्राहरू जोडेर पूर्ण चिठी निर्माण गर्न लगाउनुहोस् ।

९. विद्यार्थीका समूह कार्यको अवलोकन गर्नुहोस् र उनीहरूले निर्माण गरेका चिठी प्रस्तुत गर्न लगाउनुहोस् ।

१०. सबैभन्दा पहिला चिठी निर्माण गर्ने समूहलाई धन्यवाद दिँदै अन्य समूहलाई पनि उत्प्रेरित गर्दै हौसला दिनुहोस् ।

११. विद्यार्थीहरूलाई जाडो बिदामा मामाघर आउने विषयवस्तु समेटी मामालाई चिठी लेख्न लगाउनुहोस् ।

१२. विद्यार्थीको कक्षाकार्यको अवलोकन गर्नुहोस् ।

१३. विद्यार्थीका कक्षाकार्य जाँची उनीहरूलाई हौसला दिई थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) 'साथीलाई चिठी' पाठमा आधारित भई चारओटा प्रश्न तयार पार्न लगाउनुहोस् र तिनको उत्तर साथीलाई सोध्न लगाउनुहोस् ।

(ख) जाडो/गर्मी बिदामा आफ्नो गाउँ घुम्न आउन साथीलाई निम्तो दिँदै चिठी लेख्न लगाउनुहोस् ।

## छैटौँ दिन दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शुभकामना लेखन र प्रस्तुति<br>• ह्रस्व उकार लागेका शब्द पहिचान र प्रयोग | • निर्दिष्ट विषय शीर्षकमा शुभकामना दिन<br>• ह्रस्व उकार लागेका शब्द पहिचान र प्रयोग गर्न | • शुभकामनाका नमुना र ह्रस्व उकार लागेका शब्दको सूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकला**

१. शिक्षकले शुभकामनाका नमुना तयार पारेर लैजानुहोस् र सबै विद्यार्थीलाई एक एकओटा शुभकामना पत्र दिनुहोस् र शुभकामना पत्र हेर्दै सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले तयार पारेका, पत्रपत्रिका तथा सामाजिक सञ्जालमा भेटिएका विभिन्न शुभकामनाका नमुना प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गर्नुहोस् । जस्तै :

| |
|---|
| **हार्दिक शुभकामना !** |
| यस विद्यालयमा अध्ययनरत कक्षा चारका विद्यार्थीहरूले आयोजना गर्न लागेको बाल कविता प्रतियोगिता भव्य तरिकाले सम्पन्न होस् भन्दै पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु । |
| मुरारीप्रसाद लामिछाने |
| प्रधानाध्यापक |
| नमुना माध्यमिक विद्यालय, सुन्दरबस्ती, सिन्धुली |

२. प्रस्तुत गरिएका शुभकामनाका नमुनाहरू विद्यार्थीलाई अध्ययन गर्न लगाउनुहोस् ।

३. के कस्ता विषयमा शुभकामना लेखिएका छन्; विद्यार्थीसँग छलफल गर्नुहोस् ।

४. बोध अभिव्यक्तिको प्रश्न 'नौ'मा दिइएको शुभकामना पढ्न लगाई निर्देशनअनुसनर शुभकामना व्यक्त गर्न लगाउनुहोस् । यस कार्यका लागि पहिला शिक्षकले उदाहरणका रूपमा शुभकामना दिनुहोस् र पछि विद्यार्थीलाई क्रमैसँग शुभकामना व्यक्त गर्न सिकाउनुहोस् ।

५. विद्यार्थीका प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

६. शिक्षकले शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार लागेका शब्दको सूची प्रस्तुत गर्नुहोस् ।

७. शिक्षकले शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ऊकार लागेका शब्द प्रयोग भएको अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

८. प्रस्तुत गरिएको अनुच्छेदबाट विद्यार्थीलाई दीर्घ ऊकार लागेका शब्द पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

९. विद्यार्थीलाई पाठबाट शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ऊकार लागेका शब्द लेख्न लगाउनुहोस् ।

१०. विद्यार्थीले टिपोट गरेका शब्द प्रस्तुत गर्न लगाई थप सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) आफ्नो साथीलाई पढाइमा प्रगति गर्न दिइने शुभकामना तयार गर्न लगाउनुहोस् ।

(ख) जून, समूह, लिम्बू शब्दमा जस्तै शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार ( ू ) लागेका तीन तीनओटा शब्द पहिचान गरी लेख्न लगाउनुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • नामयोगी<br>• संयोजक<br>• निपात | • नामयोगी, संयोजक र निपात शब्दको पहिचान र प्रयोग गर्न | • नामयोगी, संयोजक र निपात शब्द प्रयोग भएको अनुच्छेद र शब्द सूची । |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले विद्यार्थीलाई कुनै रमाइलो चुट्किला सुनाउनुहोस् र विद्यार्थीलाई पनि चुट्किला सुनाउन प्रेरित गर्दै सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निम्नअनुसारको नामयोगी, संयोजक र निपात शब्द प्रयोग भएको अनुच्छेद निर्माण गर्नुहोस् ।

| नामयोगी, संयोजक र निपात |
|---|
| मसँग किताब छ तर कलम छैन । तिमीसित दुईओटा कलम छन् रे ! कापी, कलम र किताब हिजो एकैठाउँ राखेको थिएँ । खै, आज खोज्दा भेटिनँ । पसलतिर किन्न पनि बिर्सेछु त्यसैले तिमीसँग छ कि भनेर माग्दै छु । |

२. निर्माण गरिएको अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

३. निम्नअनुसारको तालिका निर्माण गरी प्रस्तुत गरिएको अनुच्छेदबाट नामयोगी, संयोजक र निपात वर्गका केही शब्द उदाहरणको रूपमा शैक्षणिक पाटीमा टिपेर देखाउनुहोस् र विद्यार्थीलाई बाँकी शब्द टिपोट गरी तालिकामा भर्न लगाउनुहोस् :

| नामयोगी | संयोजक | निपात |
|---|---|---|
| सँग, | तर, | रे, |

४. विद्यार्थीले टिपोट गरेका शब्दबारे छलफल गराउनुहोस् ।

५. नामयोगी, संयोजक र निपात वर्गका विभिन्न शब्दहरू दिई विद्यार्थीलाई वाक्य निर्माण गर्न लगाउनुहोस् ।

६. विद्यार्थीलाई पालै पालो एक एकओटा नामयोगी, संयोजक र निपात शब्दहरू भन्न लगाउनुहोस् ।

७. एउटा विद्यार्थीले भनेका नामयोगी, संयोजक र निपात शब्द अर्को विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले वाक्य निर्माण गर्न नसके शिक्षकले वाक्य निर्माण गरेर सहजीकरण गरिदिनुहोस् ।

८. विद्यार्थीहरूलाई नामयोगी, संयोजक र निपात शब्द लेखिएका मेटाकार्डका पत्तीहरू दिनुहोस् । एक एकओटा मेटाकार्ड प्राप्त गरेका विद्यार्थीहरूलाई शिक्षकको निर्देशनमा आआफ्नो समूहमा बस्न निर्देशन दिनुहोस् ।

९. विद्यार्थी आफूले प्राप्त गरेको मेटाकार्डअनुसार उपयुक्त समूहमा मिलेर बसे नबसेको अवलोकन गर्नुहोस् ।

१०. भाषिक संरचना र वर्णविन्यासको प्रश्न पाँच गर्न लगाई क्रिया शब्दको पुनरावृत्ति गराउनुहोस् ।

११. विद्यार्थीले सही उत्तर लेखे नलेखेको जाँची थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) कोष्ठकबाट मिल्ने शब्द छानी वाक्य पूरा गर्न लगाउनुहोस् :

(अ) छाना ........ फर्सी फलेको छ । (माथि, अनुसार)

(आ) मामाले मेरा ...... उपहार ल्याउनुभयो । (लागि, तिर)

(इ) म हातमुख धुन्छु ............ खाजा खान्छु । (र, कि, पनि)

(ई) पहिले पहिले ढुङ्गाका हतियार हुन्थे ..... । (पो, खै, रे)

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सुनाइ र बोलाइ ( सूचना ग्रहण, सन्देश प्रवाह, प्रश्नोत्तर तथा छलफल ) | • निर्दिष्ट सुनाइ पाठ सुनी मौखिक प्रश्नोत्तर गरी प्रतिक्रिया दिन<br>• विद्युतीय सामग्रीबाट समाचार सुनी प्रस्तुत गर्न | • सुनाइ पाठको अडियो र मौसम सम्बन्धी समाचारको अडियो |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कक्षामा गीत सङ्गीतमा रुचि राख्ने विद्यार्थीलाई गीत गाउन लगाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकला**

१. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ चार सुनाउनुहोस् । सुनाइ पाठ शिक्षक स्वयम्ले वाचन गरेर, मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरेर दुई तीनपटक सुनाउन सक्नुहुने छ ।

२. निर्दिष्ट पाठ सुनिसकेपछि विद्यार्थीलाई पालैपालो सुनाइ बोलाइको एकमा रहेका प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् र उनीहरूले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा छलफल गर्दै थप सिकाइ गर्नुहोस् ।

३. विद्यार्थीहरूलाई सुनाइ बोलाइको प्रश्न दुईमा आधारित भएर समूहमा छलफल गर्न निर्देश गर्नुहोस् र छलफलबाट प्राप्त निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । उनीहरूबाट प्राप्त निष्कर्षमा आवश्यक संशोधन गरी थप सिकाइ गर्नुहोस् ।

४. विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् र हरेक समूलाई आफ्नो समूह नेता छनोट गर्न लगाउनुहोस् ।

५. शिक्षकले यस पाठको कक्षा सञ्चालन हुने दिनको मौसमसम्बन्धी समाचार समाजिक सञ्जालबाट डाउनलोड गरेर वा आफैँले रेकर्ड गरेर सुनाउनुहोस् । सम्भव भएसम्म समाचार सुनाउन प्रोजेक्टरको प्रयोग गर्नुहोस् । मोबाइलको प्रयोग गरेरै भए पनि सुनाउन सक्नुहुने छ ।

६. आफ्नो समूहमा छलफल गरी सुनिएको समाचारलाई पुन सुनाउन निर्देश गर्नुहोस् ।

७. समूह नेताको प्रस्तुती सुनी ताली बजाएर हौसला प्रदान गर्दै थप सिकाइ गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(अ) टेलिफोनको आविष्कार कसरी भयो ?

(आ) चिठी पठाउँदा कसरी धेरै समय लाग्छ ?

(इ) चिठी पठाउने विद्युतीय माध्यमलाई के भनिन्छ ?

पाठ : ५

शीर्षक : खेलकुदको महत्त्व

विधा : संवाद

कार्यघण्टा : ९

## परिचय

'खेलकुदको महत्त्व' संवाद विधाको पाठ हो । संवादलाई वार्ता वा कुराकानी पनि भनिन्छ । यो रूपक विधाअन्तर्गतको उपविधा हो । यसमा औपचारिक रूपमा निर्धारित विषयवस्तुमा केन्द्रित भएर दुई वा दुईभन्दा बढी व्यक्तिका बिचमा कुराकानी हुन्छ । यो विचार प्रस्तुत गर्ने एउटा माध्यम हो ।

संवाद मौखिक अभिव्यक्तिसँग सम्बन्धित छ । संवाद विधाको शिक्षणबाट बालबालिकाहरूमा बोलाइ सिपको विकासका साथसाथै अन्य भाषिक सिपको विकासमा पनि सहयोग पुग्छ । बालबालिकाहरूमा मौखिक अभिव्यक्तिका माध्यमबाट उपयुक्त परिस्थितिअनुसार हाउभाउपूर्ण ढङ्गले विचारको प्रस्तुतीकरण गर्न र व्यवहारिक प्रयोगमा कुशल बनाउन संवाद विधाले मद्दत गर्दछ । बालबालिकाहरूमा संवादात्मक अभिव्यक्ति सिपको विकास गराउनु संवाद विधाको प्रयोजन हो । संवाद शिक्षण भूमिका अभिनय गरी सस्वर पठन, पाठगत शब्दको उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग, छलफल र कुराकानी तथा बोध प्रश्नोत्तरमा केन्द्रित हुनुपर्छ ।

यस पाठमा सुनाइ र बोलाइमा अनुमान, पद तथा पदावली पहिचान, संवेगात्मक सचेततासहितको सुनाइ र प्रस्तुति, प्रश्नोत्तर तथा छलफल, विषयवस्तुको सार प्रस्तुति जस्ता भाषिक सिपको विकास गराउनुपर्छ । पढाइमा समयबद्ध सस्वर पठन र गति वृद्धि, हाउभाउसहित भूमिका निर्वाह, तर्क समर्थन र विचार प्रस्तुति, विषयबोध र प्रश्नोत्तर गराउनुपर्छ । लेखाइमा पात्र वर्णन तथा परिचय लेखन, सार निर्माण, प्रश्नोत्तर, संवाद पूरण, संवाद लेखन, विषयवस्तुको चित्रात्मक/तालिकामा प्रस्तुति जस्ता भाषिक सिपको विकास गराउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासमा शब्दवर्ग (नाम, सर्वनाम, विशेषण र क्रिया)को पुनरावृत्तिमूलक अभ्यास र वर्णविन्यासको पहिचान र प्रयोमा ब र व प्रयोग भएका शब्दको पहिचान र प्रयोगको अभ्यास गराउनुपर्छ । शब्दभण्डारमा श्रुतिसमभिन्नार्थी शब्दको पहिचान र प्रयोग तथा पाठगत शब्दको अर्थबोध र प्रयोग गराउनुपर्छ भने भाषिक प्रकार्यमा भूमिका निर्वाह सिपको विकास गराउनुपर्छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्य पहिचान र छलफल<br>• सस्वर पठन<br>• पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग | • विभिन्न खेलकुदका चित्रहरू दृश्यबोध गरी छलफल गर्न<br>• निर्दिष्ट संवाद सस्वर पठन गर्न<br>• पाठगत शब्दको उच्चारण र अर्थ सिकी वाक्यमा प्रयोग गर्न | • खेलकुदका विविध चित्रहरू, शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्ती |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. पूर्व पठन खण्डका चित्रसँगै क्रिकेट, बास्केटबल र ब्याडमिन्टनका चित्रहरू देखाउँदै सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

२. प्रस्तुत गरिएका चित्रका सम्बन्धमा विद्यार्थीसँग छलफल गर्नुहोस् र विद्यार्थीका अनुभव बताउन लगाउनुहोस् ।

३. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

४. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

१. विद्यार्थीहरूलाई निर्दिष्ट संवाद सस्वरवाचन गरी पढ्न लगाउनुहोस् ।

२. सस्वरवाचन गरी पढ्दा उच्चारण र अर्थ सिक्नुपर्ने शब्द विद्यार्थीलाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

३. सबै विद्यार्थीले पाठ्य संवाद सस्वरवाचन गरी पढे नपढेको अवलोकन गर्नुहोस् र सस्वरवाचनका लागि आवश्यकताअनुसार विद्यार्थीलाई सहयोग गर्नुहोस् ।

४.विद्यार्थीहरूले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको सबै विद्यार्थी भएको ठाउँमा पुगी अवलोकन गर्नुहोस् ।

५. विद्यार्थीले उच्चारणका लागि रेखाङ्कन गरेका शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. टिपोट गरिएका शब्दलाई उच्चारण गर्ने पहिलो अवसर विद्यार्थीलाई नै दिनुहोस् त्यसपछि शैक्षणिक पाटीमा अक्षरीकरण गरी लेख्नुहोस् र हरेक शब्दलाई पटक पटक उच्चारण अभ्यास गराउनुहोस् ।

७. अर्थ पहिचानका लागि विद्यार्थीले टिपोट गरेका नयाँ शब्द उनीहरूलाई नै भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

८. टिपोट गरिएका शब्दको अर्थ विद्यार्थीहरूमा छलफल गराउनुहोस् । उनीहरूले भन्न नसकेमा शब्दपत्ती, अर्थपत्ती, वाक्यमा प्रयोग, हाउभाउ पर्दशन, सन्दर्भ पहिचान, पर्यायवाची तथा विपरीतार्थी शब्द दिएर सिकाउनुहोस् । यसका साथै आवश्यकताअनुसार शब्दकोशको उपयोग गर्न पनि सिकाउनुहोस् ।

९. विद्यार्थीहरूलाई वाक्यमा प्रयोग सिकाउँदा सरल प्रकृतिका चार पाँच शब्दका वाक्य निर्माण गर्न सिकाउनुहोस् ।

१०. विद्यार्थीलाई चौरमा लैजानुहोस् र सङ्ख्याका आधारमा उनीहरूलाई चार पाँचओटा बराबर समूहमा विभाजन गरी वाक्य निर्माणमा रिले दौड खेलाउनुहोस् ।

११. हरेक समूहका विद्यार्थीलाई पुग्ने गरी एकओटा मेटाकार्डमा शब्द लेखेर समूहको अगाडि छोपेर राखिदिनुहोस् । निश्चित ठाउँमा कार्डबोर्ड र मार्कर तथा साइनपेन राख्नुहोस् । विद्यार्थीहरूलाई निश्चित रेखालाई आधार मानेर पङ्क्तिबद्ध भएर उभिन लगाउनुहोस् ।

१२. शिक्षकले सिठी फुकेपछि क्रमैसँग एउटा मेटाकार्ड टिपी उक्त पत्तीमा रहेको शब्दलाई दौडेर गई कार्डबोर्डमा वाक्य निर्माण गरेर आउन लगाउनुहोस् ।

१३. विद्यार्थी समूहले गरेका कार्यको अवलोकन गरी प्रथम, द्वितीय र तृतीय हुने समूह छुट्याउनुहोस् । उनीहरूलाई सहभागिताका लागि धन्यवाद दिँदै हौसला प्रदान गर्नुहोस् र थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

तन्दुरुस्त, प्रतिस्पर्धा, सतरन्ज, आत्मविश्वास, पारालिम्पिक

(ख) दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

चर्चित, आदर्श, प्रण, आत्मविश्वास, पालिकास्तरीय

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● हाउभाउसहित भूमिका निर्वाह र संवाद पठन | ● निर्दिष्ट संवाद हाउभाउसहित भूमिका निर्वाह गरेर पढ्न | ● बाल अभिनयको भिडियो |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. सामाजिक सञ्जालमा प्राप्त वा शिक्षकले आफ्नै गाउँघरमा कुनै बालबालिकाले भूमिका निर्वाह गरी अभिनय गरेको भिडियो प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गर्नुहोस् । मोबाइलको प्रयोग गरेरै भए पनि भिडियो सामग्री प्रदर्शन गरी सिकाइका लागि उनीहरूको ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले संवादका केही अंश हाउभाउसहित भूमिका निर्वाह गरेर वाचन गर्नुहोस् र विद्यार्थीलाई पनि भूमिका निर्वाह गरी संवाद वाचनका लागि उत्प्रेरित गर्नुहोस् ।

२. शिक्षकले कक्षामा विद्यार्थीलाई संवादका पात्रअनुसार भूमिकामा बाँडिदिनुहोस् । जस्तैः

शिक्षक : महेश

आरिफ : लाक्पा

अनिता : मन्दिरा

३. निर्धारिच भूमिका दिई हाउभाउ प्रदर्शन गरेर भूमिका अभिनय गर्न लगाउनुहोस् र अन्य विद्यार्थीलाई साथीहरूले गरेको भूमिका निर्वाहसहितको संवाद वाचन हेरी प्रतिक्रिया व्यक्त गर्न लगाउनुहोस् ।

४. साथीहरूले गरेको अभिनयमा कुन कुन पात्रले अझै के गरेको भए राम्रो हुन्थ्यो भनी सबै विद्यार्थीको प्रतिक्रिया लिनुहोस् ।

५. भूमिका निर्वाह गर्ने विद्यार्थीलाई धन्यवाद दिँदै अरू विद्यार्थीलाई पनि भूमिका निर्वाहका लागि उत्प्रेरित गर्नुहोस् ।

६. कक्षमा विद्यार्थीहरूलाई पालैपालो आफूलाई मन परेको पात्रको संवादको कुनै अंश भूमिका निर्वाह गरी वाचन गर्न लगाउनुहोस् ।

७. विद्यार्थीले गरेको प्रस्तुतिका सम्बन्धमा छलफल गर्नुहोस् । उनीहरूको प्रस्तुतिका लागि धन्यवाद दिँदै ताली बजाएर थप हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) भूमिका अभिनयसहित संवाद वाचन गर्न लगाउनुहोस् ।

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● पात्र पहिचान, तर्क समर्थन र विचार प्रस्तुति<br>● सार निर्माण | ● निर्दिष्ट संवादका पात्र पहिचान गरी तर्क समर्थन र विचार प्रस्तुत गर्न<br>● निर्दिष्ट संवादको सार प्रस्तुत गर्न | ● संवादमा प्रयुक्त कथनका सूची र संवादको सार |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । शिक्षकले कुनै गीत गाएर सुनाउनुहोस् । गीतको अन्तिम शब्दको अन्तिम अक्षरबाट बालबालिकाहरूलाई गीत गाउन लगाई अन्त्याक्षरी कार्यक्रम गरी सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् । उनीहरूलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई संवादमा प्रयोग भएका पात्रको नाम भन्न लगाउनुहोस् । उनीहरूले भनेका नाम शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. पाठमा प्रयोग भएका निम्नअनुसारका कथनहरू कसले भनेको हो, भनी विद्यार्थीहरूलाई प्रश्न गर्नुहोस् :

(अ) स्याबास ! राम्रो जिज्ञासा राख्यौ ।

(आ) मलाई पनि खेल क्षेत्रमा अगाडि बढ्ने रहर छ ।

३. विद्यार्थीबाट प्राप्त उत्तरका सम्बन्धमा छलफल थरी थप सिकाइ गर्नुहोस् ।

४. विद्यार्थीहरूलाई खेलकुदका सम्बन्धमा शिक्षकले प्रस्तुत गरेका तर्क कस्तो लाग्यो, भनी प्रश्न गर्नुहोस् । उनीहरूलाई मन परे नपरेको सोधी तर्क र कारण प्रस्तुत गर्न लगाउनुहोस् ।

५. विद्यार्थीलाई तर्क मन परेर कारण भन्न नसकेमा शिक्षकले सहयोग गरी थप सिकाइ गर्नुहोस् ।

६. विद्यार्थी सङ्ख्याका आधारमा विभिन्न समूह निर्माण गर्नुहोस् । समूहमा छलफल गरेर संवादको सार टिपोट गर्न लगाउनुहोस् ।

७. विद्यार्थीका समूह कार्यको अवलोकन गर्नुहोस् ।

८. विद्यार्थीको समूहकार्यको प्रस्तुति गर्न लगाउनुहोस् । हरेक समूहको प्रस्तुतिपछि छोटो छलफल गराउनुहोस् र विद्यार्थीका प्रतिक्रिया लिनुहोस् ।

९. विद्यार्थीका प्रतिक्रियालाई समेट्दै निम्नअनुसार संवादको सार प्रस्तुत गरी थप सिकाइ गर्नुहोस् :

| खेलकुदको महत्त्व संवादको सार |
|---|
| ● खेलकुदबाट शरीर तन्दुरुस्त र मन स्वस्थ हुने |
| ● खेलकुदमा व्यक्तिगत र सामूहिक प्रतिस्पर्धा हुने |
| ● खेलाडीहरू राष्ट्रका गहना र प्रेरणका स्रोत हुने |
| ● खेलकुदबाट राष्ट्रको इज्जत बढाउन सकिने |

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :

(अ) तपाईँलाई संवादमा कुन पात्रको कुरा मन पऱ्यो ?

(आ) खेलकुदको महत्त्व संवादले व्यक्त गर्न खोजेको कुरा के हो ?

(इ) पाठमा शिक्षकले भनेका खेलकुदसम्बन्धी कुरामध्ये तपाईँलाई कुन कुरा बढी मन पऱ्यो, भन्नुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● विषयबोध र प्रश्नोत्तर | ● निर्दिष्ट संवादको विषयबोध गरी प्रश्नोत्तर गर्न | ● संवादको मुख्य विषयवस्तुको सूची, प्रश्न सूची र उत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जाने सुनेका कुनै उत्प्रेरणात्मक भनाइ सुनाउन लगाई सिकाइप्रति उत्प्रेरित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् । उनीहरूलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. संवादमा पात्रहरूबिच भएका कुराकानीका विषयवस्तु विद्यार्थीसँग छलफल गरी उनीहरूका प्रतिक्रिया लिनुहोस् ।

२. शिक्षकले तयार पारेका निम्नअनुसारका मुख्य विषयवस्तु बुँदागत रूपमा प्रस्तुत गरी थप छलफल गराउनुहोस्:

**संवादको मुख्य विषयवस्तु**

- खेलकुद शिक्षक र विद्यार्थीहरूले खेलकुदको महत्त्वका विषयमा कुराकानी गरेका
- खेलकुदले शरीर तन्दुरुस्त रहनुका साथै मन पनि स्वस्थ रहने
- पढाइ र खेलकुद दुबैमा ध्यान दिनुपर्ने तर पढाइलाई छोड्न नहुने
- खेलकुदबाट आपसमा सहयोगी, प्रतिस्पर्धी र अनुशासित भावनाको विकास हुने
- खेल र खेलाडीले देशको इज्जत पनि बढाउने

३. शिक्षकले बोध अभिव्यक्तिको तीनमा रहेका र अन्य त्यस्तै प्रकृतिका प्रश्न सूची निर्माण गरी प्रस्तुत गर्नुहोस् ।

४. प्रस्तुत गरिएका प्रश्न सूचीमा आधारित भएर एक वाक्यमै उत्तर लेख्न विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् ।

५. शिक्षकले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । चार पाँच शब्दका छोटा र सरल वाक्यमा उत्तर लेख्न सिकाउनुहोस् ।

६. विद्यार्थीले लेखेका उत्तर जाँची आवश्यक सिकाइ गर्नुहोस् ।

७. विद्यार्थीहरूलाई चार समूहमा विभाजन गरी हरेक समूहलाई बोध अभिव्यक्तिको प्रश्न 'छ'मा रहेका एक एकओटा प्रश्न दिनुहोस् र समूहमा छलफल गरेर उत्तर लेख्न लगाउनुहोस् ।

८. शिक्षकले तयार गरेको नमुना उत्तर प्रस्तु गरी उत्तर लेख्न सिकाउनुहोस् ।

९. विद्यार्थी समूहले तयार पारेका उत्तर प्रस्तुत गर्न लगाई अन्य समूहको प्रतिक्रिया लिई छलफल र थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(अ) खेलकुदबाट व्यक्तिलाई के के फाइदा हुन्छ ?

(आ) असल खेलाडी कसरी बन्न सकिन्छ ?

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिसमभिन्नार्थी शब्दको | • श्रुतिसमभिन्नार्थी शब्दको | • श्रुतिसमभिन्नार्थी शब्दको सूची, |

| | | |
|---|---|---|
| पहिचान र प्रयोग<br>● सुनाइ र पद पहिचान | पहिचान र प्रयोग गर्न<br>● निर्दिष्ट अनुच्छेद सुनी श्रुतिसमभिन्नार्थी शब्द पहिचान गर्न | मेटाकार्ड । |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कुनै लघु कथा सुनाउनुहोस् र सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले श्रुतिसमभिन्नार्थी शब्द प्रयोग भएको निम्नअनुसारको अनुच्छेद निर्माण गरी प्रस्तुत गर्नुहोस्:

श्रुतिसमभिन्नार्थी शब्द

डोल्मा खोलातिर गएर तीर हानेर घर फर्किइन् । उनी बाटामा आउँदा फूल टिपेर आइन् । उनले घरमा आएर फुल पकाइन् । उनले खाटमा बसेर कपडाको खात लगाइन् । उनी अहिले बिस वर्ष पुगिन् । उनी आफूलाई बजारको खानाले विष जस्तै असर गर्छ भनेर कहिल्यै खान्नन् ।

२. प्रस्तुत गरिएको अनुच्छेदबाट केही श्रुतिसमभिन्नार्थक शब्द शिक्षकले उदाहरणको रूपमा शैक्षणिक पाटीमा लेखी अर्थ पनि स्पष्ट गरिदिनुहोस् ।

३. विद्यार्थीलाई उदाहरणमा देखाइएकै प्रकृतिका शब्द टिपी प्रस्तुत गर्न लगाउनुहोस् र अर्थ पनि छलफल गर्नुहोस् ।

४. शिक्षकले निम्नअनुसारका श्रुतिसमभिन्नार्थी शब्दको सूची प्रस्तुत गरी विद्यार्थीलाई अर्थ पनि सिकाउनुहोस्

**श्रुतिसमभिन्नार्थी शब्द**

आँत : भित्री मन

आँट : हिम्मत

शव : लास

सब : सबै

आधि : आधा

आदि : सुरु

भोग : उपयोग

भोक : भोकाउनु

५. विद्यार्थीले जाने सुनेका श्रुतिसमभिन्नार्थी शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र टिपोट गरिएका शब्दको अर्थ पनि छलफल गर्नुहोस् ।

६. शिक्षकले क्रमैसँग केही श्रुतिसमभिन्नार्थी शब्द भन्नुहोस् । विद्यार्थीलाई उक्त शब्द सुन्दै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

७. शिक्षकले भनेको शब्दलाई विद्यार्थीले सही ढङ्गले पहिचान गरी अर्थबोध गरेर वाक्य निर्माण गर्न सके नसकेको जाँची थप सिकाइ गर्नुहोस् ।

८. शिक्षकले श्रुतिसमभिन्नार्थी शब्द प्रयोग भएको कुनै स्वतन्त्र अनुच्छेद निर्माण गरी वाचन गरेर विद्यार्थीलाई सुनाउनुहोस् । अनुच्छेदलाई दुई तीन पटक सुनाउनुहोस् र विद्यार्थीलाई सुनेका आधारमा श्रुतिसमभिन्नार्थी शब्द पहिचान गरी लेख्न लगाउनुहोस् । उनीहरूले सुनेका आधारमा श्रुतिसमभिन्नार्थी शब्द पहिचान गरी लेख्न सके नसकेको आवश्यक छलफल गरी थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दशओटा श्रुतिसमभिन्नार्थी शब्द लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुच्छेद पूरण<br>• प्रश्न निर्माण<br>• विषयवस्तुको चित्रात्मक प्रस्तुति | • निर्दिष्ट प्रश्नमा आधारित भई अनुच्छेद पूरण गर्न<br>• निर्दिष्ट पाठबाट प्रश्न निर्माण गर्न<br>• निर्दिष्ट विषयवस्तुलाई चित्रमा प्रस्तुत गर्न | • अनुच्छेद पूरणको नमुना, प्रश्न सूची र चित्रात्मक प्रस्तुतिका लागि विषयवस्तुको सूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीले जाने सुनेका गाउँखाने कथा भन्न लगाउनुहोस् र उनीहरूलाई नै उत्तर दिन लगाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले बोध अभिव्यक्तिको प्रश्न पाँच प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई निर्देशनअनुसार अनुच्छेद पूरा गर्न लगाउनुहोस् ।

२. विद्यार्थीहरूले अनुच्छेद पूरण गरेर लेखे नलेखेको जाँची आवश्यक छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अनुच्छेद पूरण गर्दा पूर्वानुमान गरेर आवश्यक कुरा थपी अनुच्छेद पूरा गर्न सिकाउनुहोस् ।

४. पाठ्य संवादबाट शिक्षकले निर्माण गरेका केही नमुना प्रश्नहरू प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पनि सोही प्रकृतिका प्रश्न निर्माण गर्न निर्देश गर्नुहोस् ।

५. विद्यार्थीहरूले निर्माण गरेका प्रश्न प्रस्तुत गर्न लगाई उत्तरको पनि खोजी गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई थप सिकाइ गर्नुहोस् ।

६. विद्यार्थी सङ्ख्याका आधारमा साना साना समूह बनाउनुहोस् र उनीहरूलाई कार्डबोर्ड र साइनपेन वितरण गर्नुहोस् ।

७. हरेक समूहलाई निम्नअनुसारका विषय र प्रश्न दिई चित्र बनाउन लगाउनुहोस् :

- गट्टा खेलिरहेको चित्र निर्माण गर्नुहोस् ।
- खो खो खेलिरहेको चित्र निर्माण गर्नुहोस् ।
- पौडी खेलिरहेको चित्र निर्माण गर्नुहोस् ।

८. विद्यार्थीका समूह कार्यको अवलोकन गरी आवश्यक सहयोग गर्नुहोस् र समूह कार्यको प्रस्तुति गर्न लगाई उनीहरूका प्रतिक्रिया लिनुहोस् ।

९. विद्यार्थीका प्रस्तुतिका लागि ताली बजाएर होसला प्रदान गरी थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :

(अ) पाठबाट पाँचओटा प्रश्न निर्माण गर्नुहोस् ।

(आ) विद्यालय सरसफाइ भइरहेको एउटा चित्र बनाउनुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संवाद लेखन<br>• भूमिका निर्वाह तथा अभिनय | • निर्दिष्ट शीर्षकमा संवाद लेख्न<br>• निर्दिष्ट विषयवस्तुमा भूमिका निर्वाह तथा अभिनय गर्न | • संवाद लेखनको नमुना, भूमिका निर्वाह तथा अभिनयको भिडियो |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीसँग कुनै सिनेमा, टेलिचलचित्र आदिका बारेमा छलफल गरी आफूलाई मन परेको पात्र भन्न लगाउनुहोस् र सिकाइका लागि उनीहरूको ध्यानाकर्षण गराउनुहोस् ।

२. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निम्नअनुसारको छोटो संवाद रचना गरी प्रस्तुत गर्नुहोस्:

घरायसी खाना

लाक्पा : पेम्बा के छ हालखबर ? तिमी कता हिँडेकी ?

पेम्बा : ठिकै छ लाक्पा । म यसो पसलतिर हिँडेकी नि ।

लाक्पा : विद्यालयबाट आउनेबित्तिकै पसलतिर किन नि ?

पेम्बा : चाउचाउ र बिस्कुट खानुपर्‍यो भनेर हिँडेकी नि ! आमा पनि घरमा हुनुहुन्न ।

लाक्पा : बजारको खानेकुरा स्वास्थ्यका लागि राम्रो हुन्न भनेको बिर्स्यौ ?

पेम्बा : खानुहुन्न भने पनि आफूलाई मिठो लाग्छ ।

लाक्पा : मिठो लाग्छ भनेर स्वास्थ बिग्रने खानेकुरा खानु भएन नि !

पेम्बा : तिमी चैँ के खान्छौ नि ?

लाक्पा : म त घरमै बनाएका मकै, रोटी, सातु, चिउरा, तरकरी जस्ता खनेकुरा खान्छु ।

पेम्बा : बजारका खानेकुरा राम्रो हुँदैन भनेर त विद्यालयमा शिक्षकहरूले पनि भन्नुहुन्छ ।

लाक्पा : हो त, ल हिँड बरु आज मेरैमा गएर खाजा खाऔँ ।

पेम्बा : हुन्छ हिँड न त ।

२. प्रस्तुत गरिएको संवाद कुनै दुईजना विद्यार्थीलाई वाचन गरी पढ्न लगाउनुहोस् र उक्त संवादका सम्बन्धमा अन्य विद्यार्थीहरूको प्रतिक्रिया लिनुहोस् ।

३. शिक्षकले विद्यार्थीहरूलाई विद्यालय सरसफाइ कार्यक्रममा साथीसँग भएको कुराकानी लेख्न लगाउनुहोस् ।

४. विद्यार्थीका कक्षाकार्यको अवलोकन गर्नुहोस् र उनीहरूले तयार पारेको संवाद जाँची थप सिकाइ गर्नुहोस् ।

५. सामाजिक सञ्जालमा प्राप्त वा शिक्षक आफैँले कुनै बालबालिकालाई अभिनय गर्न लगाई निर्माण गरेको भिडियो सामग्री प्रस्तुत गर्नुहोस् ।

६. भिडियो समाग्री हेरेर विद्यार्थीको प्रतिक्रिया लिनुहोस् र उनीहरूलाई अभिनयका लागि उत्प्रेरित गर्नुहोस् ।

७. कक्षामा विद्यार्थीहरूलाई छात्र र छात्राको छुट्टा छुट्टै समूह निर्माण गरी बोध अभिव्यक्तिको प्रश्न बाह्रमा दिइएको घटना र निर्देशन पढ्न लगाउनुहोस् ।

८. छात्रा समूहबाट नातिनी र हजुरआमा तथा छात्र समूहबाट नाति र हजुरबाको भूमिका निर्वाह गर्न निर्देश गर्नुहोस् । उनीहरूलाई तयारी गर्न निश्चित समय दिनुहोस् ।

९. विद्यार्थीका समूकार्यको अवलोकन गरी आवश्यक सहयोग गर्नुहोस् । उनीहरूलाई अभिनय गर्न लगाउनुहोस् र अन्य विद्यार्थीहरूको प्रतिक्रिया लिनुहोस् ।

१०. सहभागी विद्यार्थीलाई ताली बजाएर हौसला दिनुहोस् । उनीहरूका प्रस्तुति र प्रतिक्रियाका आधारमा थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) आफ्नो विद्यालयमा सञ्चालन हुने गरेका कुनै बाल कार्यक्रमका बारेमा साथीसँग भएको कुराकानी लेख्न लगाउनुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● नाम, सर्वनाम, विशेषण र क्रियापद (पुनरावृत्ति अभ्यास)<br>● वर्णविन्यास (ब र व)<br>● परियोजना कार्य (अनुच्छेद रचना) | ● नाम, सर्वनाम, विशेषण र क्रियापदको पहिचान गरी वर्गीकरण गर्न<br>● ब र व प्रयोग भएका शब्द पहिचान र प्रयोग गर्न<br>● निर्दिष्ट विषयमा अनुच्छेद रचना गर्न | नाम, सर्वनाम, विशेषण र क्रिया शब्दको सूची तथा ब र व लागेका शब्द प्रयोग भएका शब्दसूची र अनुच्छेद |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई आँखा बन्द गर्न लगाएर केही समय ध्यान गराउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले विद्यार्थीहरूलाई प्रोजेक्टर तथा मेटाकार्डको प्रयोग गरेर नाम सर्वनाम, विशेषण र क्रिया वर्गका शब्दहरू एक एकओटा गरेर देखाउनुहोस् ।

२. शिक्षकले प्रस्तुत गरेका शब्द नाम, सर्वनाम, विशेषण र क्रिया के हुन भनी विद्यार्थीलाई सोधी विद्यार्थीले दिएका प्रतिक्रियाका आधारमा उत्तर सही भए ताली बजाउनुहोस् र उत्तर गलत भए सही उत्तर भनिदिनुहोस् ।

३. भाषिक संरचना र वर्णविन्यासको प्रश्न एक विद्यार्थीलाई गर्न लगाई उनीहरूले लेखेका उत्तर सही भए नभएको जाँच्नुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

४. शिक्षकले प्रत्येक विद्यार्थीलाई चार चारओटा मेटाकार्ड र साइन पेन दिनुहोस् । उनीहरूलाई पाठ्यपुस्तक हेरेर वा आफैँले जानेका 'ब' र 'व'मध्ये कुनै एकको शुद्ध प्रयोग भएको एक रूप र अरू तीनओटा अशुद्ध रूप लेख्न लगाउनुहोस् ।

५. विद्यार्थीले लेखेका शब्द क्रमैसँग उनीहरूलाई भन्न लगाई शिक्षकले टिपोट गर्नुहोस् ।

६. उक्त शब्दपत्तीहरू विद्यार्थीहरूमा एकआपसमा साटासाट गरी हेर्न लगाउनुहोस् ।

७. शिक्षकले कुनै शब्द उच्चारण गर्नुहोस् र उक्त शब्द हातमा रहेका विद्यार्थीलाई शुद्ध रूप देखाउन लगाउनुहोस् । उनीहरूले शुद्ध रूप देखाए धन्यावाद दिनुहोस् र अशुद्ध रूप देखाए शैक्षणिक पाटीमा शुद्ध रूप लेखी थप सिकाइ गर्नुहोस् ।

८. शिक्षकले ब र व लागेका शब्द प्रयोग भएको अनुच्छेद निर्माण गरी प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई प्रस्तुत गरिएको अनुच्छेदबाट ब र व प्रयोग भएका शब्द टिप्न लगाउनुहोस् ।

९. शिक्षकले ब र व प्रयोग हुने केही शब्द भन्नुहोस् र विद्यार्थीलाई सुन्दै लेख्न लगाउनुहोस् । उनीहरूले शुद्ध रूप लेखे नलेखेको जाँची आवश्यक सिकाइ गर्नुहोस् ।

१०. परियोजना कार्यको तयारी गरेर आउन निर्देश गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्द नाम, सर्वनाम, विशेषण र क्रियापद के हुन्, छुट्याएर लेख्न लगाउनुहोस् :

उमा, तपाईं, गर्छ, अमिलो, लुगा, गुलियो, सुन्यो, तपाईं, सुगा, तिमी, नाच्छे, चलाख

## नवौं दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ ५)<br>• परियोजना कार्यको प्रस्तुति ( अनुच्छेद रचना) | • निर्दिष्ट सुनाइ पाठ सुनी मौखिक उत्तर दिन र ठिक बेठिक छुट्याउन<br>• निर्दिष्ट विषय शीर्षकमा अनुच्छेद रचना गर्न | • अनुच्छेदको नमुना र सुनाइ पाठ |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१.शिक्षकले कुनै बाल कविता सुनाउनुहोस् र सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

२. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ पाँच सुनाउनुहोस् ।

२. सुनाइ पाठ शिक्षक स्वयम्ले वाचन गरेर, मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी दुई तीन पटक सुनाउन सक्नुहुने छ ।

३. निर्दिष्ट पाठ सुनिसकेपछि विद्यार्थीलाई पालैपालो सुनाइ बोलाइको एकमा रहेका प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् । उनीहरूले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा छलफल गर्दै थप सिकाइ गर्नुहोस् ।

४. शिक्षकले सुनाइ पाठबाट ठिक बेठिक छुट्याउने चारओटा प्रश्नसमूह निर्माण गर्नुहोस् । हरेक समूहमा चार चारओटा कथन राख्नुहोस् र विद्यार्थीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् । हरेक समूहलाई आफ्नो टोली नेता छान्न लगाउनुहोस् ।

५. पुनः सुनाइ पाठ एकपटक सुनाउनुहोस् ।

६. हाजिरी जवाफको र्‍यापिड फायर चरणमा प्रश्न सोध्नुहोस् र सोहीअनुसार ठिक र बेठिक भन्न निर्देश गर्नुहोस् ।

७. विद्यार्थीले प्राप्त गरेको अङ्कका आधारमा प्रथम हुने समूहलाई बधाई दिँदै ताली बजाएर अन्य समूहलाई पनि हौसला प्रदान गर्नुहोस् र थप सिकाइ गर्नुहोस् ।

८. विद्यार्थीलाई अगिल्लो दिन निर्देश गरेअनुसार परियोजना कार्यमा तयारी गरेको अनुच्छेद प्रस्तुत गर्न लगाउनुहोस् ।

९. विद्यार्थीका अनुच्छेद जाँची वाक्य संरचना, वर्णविन्यास मिलाई लेखे नलेखेको जाँच्नुहोस् र थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :

(अ) बजार जाँदा युवकको भेट कस्तो मानिससँग भयो ?

(आ) युवकलाई किन खेलाडी बन्न मन लाग्यो ?

पाठ : ६
**शीर्षक : झुटको परिणाम**

**विधा : कथा**

**कार्यघण्टा : १२**

## परिचय

कथाकार रमेश विकलद्वारा रचित 'झुटको परिणाम' सामाजिक कथा हो । कथा विधा शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण गर्नु हो । कथामा सरल, सहज र यथार्थपरक प्रस्तुति हुन्छ । कथामा वाक्य गठनको सरलता र कथनात्मक अभिव्यक्ति हुने हुनाले भाषिक सिपको विकासमा यसलाई उपयोगी विधा मानिन्छ ।

कथा शिक्षणका क्रममा सुनाइ सिप विकासका लागि सामाजिक, सांस्कृतिक विषयवस्तुको सुनाइ, बोध र प्रतिक्रिया, अनुमान, छलफल तथा सारांश कथनजस्ता क्रियाकलाप गराउनुपर्छ । समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र द्रुत पठन, सामाजिक मूल्यमान्यता बोध र चित्र कथा वर्णन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत घटनाक्रम मिलान, प्रश्नोत्तर, पात्र वर्णन, श्रुति वर्णन, कथा सार लेखन, निर्देशित लेखनलगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत सामाजिक परिवेशका शब्द पहिचान र प्रयोग तथा पाठगत शब्दको अर्थबोध र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत लेख्य चिह्न(पूर्णविराम, अल्पविराम, प्रश्नविराम र विस्मयसूचक) को पहिचान र प्रयोग तथा शब्द निर्माण जस्ता क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत य/ए प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ ।

यो पाठमा कुराकानीसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जनात्मक कार्यअन्तर्गत सूचना पठन तथा लेखनसम्बन्धी कक्षा प्रस्तुति गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएको सुनाइ पाठ ६ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • छलफल र प्रश्नोत्तर<br>• सस्वर पठन<br>(अनुच्छेद १ देखि ३)<br>• शुद्धोच्चारण | • विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वर पठन गर्न | • पूर्व पठन खण्डका प्रश्नसूची<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• प्रश्नोत्तर चार्ट |

| | | |
|---|---|---|
| ● शब्दभण्डार(शब्दार्थ र वाक्य रचना)<br>● बोध प्रश्नोत्तर<br>(अनुच्छेद १ ) | ● पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>● पाठका निर्दिष्ट शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>● पाठको अनुच्छेद १ का आधारमा बोध प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई 'झुटो बोल्यो कि पोल्यो' जस्ता सामाजिक विषयवस्तुमा आधारित सन्देशमूलक लघुकथा सुनाउनुहोस् ।

२. विद्यार्थीलाई पनि सामाजिक विषयवस्तुमा आधारित लघुकथा सुनाउन प्रोत्साहन गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएका प्रश्नहरू प्रदर्शन गरी पालैपालो प्रश्न सोध्नुहोस् ।

२. प्रत्येक विद्यार्थीले दिएको उत्तर शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र विद्यार्थीसँगको छलफलबाट निस्किएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

३. पाठको अनुच्छेद १ लाई सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट प्रदर्शन गर्नुहोस् र शिक्षकले गति, यति र हाउभाउसहित आदर्श वाचन गरेर सुनाउनुहोस् ।

४. विद्यार्थीलाई पाठका १, २ र ३ अनुच्छेद पालैपालो गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । जस्तै : मुर्ख /मुर्.ख/, जुक्ति /जुक्.ति/ । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । विद्यार्थीलाई शब्दभण्डारसम्बन्धी खेल खेलाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

७. पाठको पहिलो अनुच्छेदका आधारमा बोध प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा अनुच्छेद पढ्ने तरिका, प्रश्न बुझ्ने तरिका तथा अनुच्छेदबाट उत्तर पहिचान गर्ने तरिका सिकाइ उत्तर भन्न र लेख्न सिकाउनुहोस् ।
जस्तै :

**प्रश्नहरू :**

(क) चतुरे कस्तो थियो ?

(ख) चतुरेले किन आफूलाई चलाख ठान्थ्यो ?

**३. मूल्याङ्कन**

(क) हामीले झुटो बोल्नु हुन्छ कि हुँदैन भन्ने विषयमा छलफल गराउनुहोस् ।

(ख) दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्य रचना गर्न लगाउनुहोस् :

मूर्ख, सिपालु, परिणाम, चेताउनु

(ग) निम्न लिखित प्रश्नका आधारमा बोध प्रश्नोत्तर गराउनुहोस् :

**प्रश्नहरू :**

(अ) चतुरे के गर्न सिपालु थियो ?

(आ) मानिसहरू चतुरेदेखि किन वाक्क भइसकेका थिए ?

(इ) चतुरेले कस्ता कस्ता गफ लगाउँथ्यो ?

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (अनुच्छेद ४ देखि ८ सम्म)<br>• शुद्धोच्चारण<br>• शब्दभण्डार<br>(शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर चार्ट |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेसुनेका उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. पाठको चौथो अनुच्छेदलाई शिक्षकले गति, यति, भाव र हाउभाउसहित आदर्श वाचन गरेर सुनाउनुहोस् ।

२. विद्यार्थीलाई पाठका अनुच्छेद ४ देखि ८ सम्म पालैपालो गति, यति र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै : मोजमज्जा/मोज्.मज्.जा/, दर्शन/दर्.सन्/ ।

५. विद्यार्थीलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । जस्तै : निधो = पक्कापक्की, टुङ्गो

**हामी भोलि पोखरा जाने <u>निधो</u> गर्‍यौँ ।**

७. शिक्षकले विद्यार्थीद्वारा रचना गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. पाठको ५, ६, ७ र ८ अनुच्छेदलाई सुनाउनुहोस् । त्यसपछि श्रुतिबोधात्मक प्रश्नोत्तर गराउनुहोस्

**नमुना प्रश्न :**

**ठिक बेठिक छुट्याउनुहोस् :**

(क) गाउँका ठिटाले चतुरेलाई चेताउने मतो गरे ।

(ख) सबैले पिकनिक जाने निधो गरे ।

(ग) चतुरे पिकनिक गएन ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई पालैपालो पाठको पाँचौं अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

घुमफिर, गड्डी, वनभोज, दर्शन, भेला

(ग) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(अ) गाउँका ठिटाले चतुरेलाई कसरी चेताउने विचार गरे ?

(आ) सबै जनाले पिकनिकको लागि कहाँ जाने निधो गरे ?

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सस्वर पठन (अनुच्छेद ९ देखि १३ सम्म)<br>● शुद्धोच्चारण<br>● शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>● बोध प्रश्नोत्तर (अनुच्छेद ११) | ● पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वर पठन गर्न<br>● पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>● पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न | ● अनुच्छेदपत्ती<br>● शब्दपत्ती र अर्थपत्ती<br>● वाक्यपत्ती<br>● प्रश्नोत्तर चार्ट |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. पाठसँग सम्बन्धित विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस् र सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. पाठका अनुच्छेदलाई सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट प्रदर्शन गर्नुहोस् र शिक्षकले गति, यति, भाव र हाउभाउसहित आदर्श वाचन गरेर सुनाउनुहोस् ।

२. विद्यार्थीलाई पाठका अनुच्छेद ९ देखि १३ सम्म पालैपालो गति, यति र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै : भित्रभित्रै/भित्.र.भित्.रै/ ।

५. विद्यार्थीलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीद्वारा रचना गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. पाठको एघारौँ अनुच्छेद सुनाउनुहोस् र श्रुतिबोधात्मक प्रश्नोत्तर गराउनुहोस् ।

**नमुना प्रश्न :**

(क) चतुरे कसरी बच्न खोज्यो ?

(ख) किन चतुरे प्याकप्याक पर्न थाल्यो ?

(ग) केटाहरूले चतुरेलाई किन जिस्क्याए ?

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई पालैपालो पाठको  दसौँ अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

बुता, सिपालु, भुतुक्क, शूरा, फसाद

(ग) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(अ) मधेसमा छँदा कत्रा कत्रा नदीका भेलमा पर्थ्यौँ । यो कसले कसलाई भनेको हो ?

(आ) चतुरेलाई किन फसाद पर्‍यो ?

(इ) चतुरेलाई ठिटाले कसरी बचाए ?

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ३. शब्दभण्डार ( पाठगत शब्द र सामाजिक परिवेशका शब्द) | • पाठगत शब्दको अर्थबोध र प्रयोग गर्न<br>• सामाजिक परिवेशका शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. बालकथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कथा सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठका अनुच्छेद १ देखि १३ सम्म मौन पठन गर्न लगाउनुहोस् । विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र शिक्षकले कुनै एउटा अर्थ बुझाउने शब्दको उदाहरण दिनुहोस् । **जस्तै : कुनै काम कुरो गर्नमा दक्षता प्राप्त गरेको - सिपालु ।**

**२.** निश्चित समय तोकी शब्दभण्डारको प्रश्न न. १ मा दिइएका अर्थ बुझाउने शब्द सामूहिक रूपमा पाठबाट खोजेर लेख्न लगाउनूहोस् । निश्चित समयभित्र बढी शब्द खोजेर लेख्न सफल समूलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् । अन्य विद्यार्थी समूहले गरेका कार्यको अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. कुनै एक विद्यार्थीलाई उठाएर शब्दभण्डारको प्रश्न न. २ मा दिइएको प्रश्न सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् । कक्षामा छठ पर्व मनाउने विद्यार्थी छन् भने उनीहरूबाट छठ पर्वसँग सम्बन्धित जानकारी लिने प्रयास गर्नुहोस् ।

४. त्यसै गरी कक्षामा भएका अन्य विद्यार्थीहरूलाई सम्भव भएसम्म उनीहरूको मिल्ने समुदायको समूह बनाउनुहोस् र उनीहरूको समुदायमा मनाइने कुनै चाडपर्वसँग सम्बन्धित शब्द टिपोट गर्न लगाउनुहोस् र त्यस चाडका बारेमा पालैपालो भन्न लगाउनुहोस् ।

५. शिक्षकले शब्दभण्डारको प्रश्न न. ३ मा दिइएका बहुबैकल्पिक प्रश्नसूची प्रदर्शन गर्दै विद्यार्थीलाई उपयुक्त विकल्पमा ठिक चिह्न लगाउने अभ्यास गराउनुहोस् । त्यस कममा शब्दसूची प्रदर्शन गरी बालबोली, ग्रामीण परिवेश, सहरी परिवेश र विभिन्न पेसासँग सम्बन्धित अन्य शब्दहरूको बारेमा जानकारी गराउनुहोस् ।

६. शिक्षकले शब्दभण्डारको प्रश्न न. ४ मा दिइएको कोठेपद सूची प्रदर्शन गर्दै रातो घेराभित्र बनेको छिमेकी शब्द जस्तै विद्यार्थीलाई उनीहरूको परिवेशसँग सम्बन्धित दसओटा शब्द निर्माण गर्न लगाउनुहोस् । यस कममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीले शब्द निर्माण गरेपश्चात् विद्यार्थीलाई सङ्ख्याका आधारमा सकेसम्म दसओटा समूह निर्माण गर्नुहोस् र प्रत्येक समूहलाई कोठेपदबाट निर्माण गरिएका एक एकओटा शब्दका बारेमा लेख्न र भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्न लगाउनुहोस् :

(अ) धेरै जना एक ठाँउमा जम्मा हुने काम

(आ) दुई वा दुईभन्दा बढी

(इ) यताउता घुम्ने काम

(ई) नचाहिँदा गफ हाँक्ने

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • संरचना पहिचान<br>• पात्र पहिचान<br>• प्रश्नोत्तर | • पाठका अनुच्छेद र अनुच्छेदमा भएका वाक्य पहिचान गर्न<br>• पाठ्य कथाको संरचना पहिचान गर्न<br>• पाठ्य विषयवस्तुमा आधारित भई पात्रको चरित्र चित्रण गर्न | • अनुच्छेदपत्ती<br>• चरित्र चित्रणको नमुना<br>• प्रश्न सूची |

(ख) 'छिमेकी' शब्दको बारेमा पाँच वाक्य लेख्न लगाउनुहोस् ।

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| | | |
|---|---|---|
| | • पाठ्य कथामा आधारित मौखिक तथा लिखित प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. मुक्तक वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि मुक्तक वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् ।

२. पहिलो समूहलाई पाठ्य कथाको सुरुआत, दोस्रो समूहलाई कथाको विस्तार र अन्तिम समूहलाई कथाको सन्देश टिपोट गर्न लगाउनुहोस् र विद्यार्थीले टिपोट गरेका कुराहरू प्रस्तुत गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले टिपोट गरेका कुरा समावेश गर्दै सुरु, बिच र अन्त्यमा रहेका कुराका आधारमा कथाको संरचना बोध गराउनुहोस् ।

४. विद्यार्थीलाई पाठ्य कथाका जम्मा अनुच्छेद गन्न लगाउनुहोस् र निर्धारित अनुच्छेदहरू गनी हरेक अनुच्छेदमा के कति वाक्यहरू रहेका छन् सो पनि भन्न लगाउनुहोस् ।

५. विद्यार्थीलाई सबैभन्दा लामो अनुच्छेद, सबैभन्दा छोटो अनुच्छेद र अनुच्छेद सङ्ख्याका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् ।

६. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा विद्यार्थी समूहलाई कथाका पात्र कृष्णको स्वभाव, विशेषता, चरित्र र भूमिकाका बारेमा छलफल गराउनुहोस् र पात्र कृष्णका बारेमा तीन वाक्य लेख्न लगाउनुहोस् । विद्यार्थी समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीहरूलाई निर्दिष्ट पाठ मनमनै बुझेर पढ्न लगाउनुहोस् । बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ४ मा दिइएका मौखिक उत्तर आउने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको उत्तर आफूले नै मौखिक रूपमा प्रस्तुत गर्नुहोस् । अन्य प्रश्न विद्यार्थीलाई पालैपालो सोध्नुहोस् र मौखिक रूपमा उत्तर भन्न लगाउनुहोस् । आवश्यकताअनुसार उत्तर भन्ने तरिका सिकाउनुहोस् ।

८. बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ७ मा दिइएको प्रश्न प्रस्तुत गर्नुहोस् । त्यहाँ दिइएका वाक्यहरू कसले कसलाई भनेको हो भन्ने बारेमा छलफल गराउनुहोस् र निष्कर्ष दिनुहोस् ।

९. बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ६ मा दिइएका लिखित उत्तर दिने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई

निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई पाठका जम्मा अनुच्छेद र प्रत्येक अनुच्छेदमा प्रयोग भएका वाक्यहरूको सङ्ख्या गनेर लेख्न लगाउनुहोस् ।

(ख) दिइएका प्रश्नका उत्तर लेख्न लगाउनुहोस् :

(अ) चतुरेको स्वभाव कस्तो थियो ?

(आ) ठिटाहरूले चतुरेलाई कसरी चेताए ?

## छैठौँ दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • मौन पठन<br>• द्रुत पठन<br>• श्रुतिलेखन | • निर्दिष्ट अनुच्छेद मौन पठन गर्न<br>• निर्दिष्ट अनुच्छेद द्रुत पठन गर्न<br>• निर्दिष्ट अनुच्छेद श्रुतिलेखन गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै प्रेरणादायी कथन सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि यस किसिमका कथन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठ्य कथाको अनुच्छेद ११ मौन पठन गर्न लगाउनुहोस् । मौन पठन गर्दा ध्यान दिनुपर्ने कुराको जानकारी गराउनुहोस् ।

२. पाठ्य अनुच्छेदबाट बोध प्रश्न बनाई प्रश्नोत्तर गर्न लगाउनुहोस् । शिक्षकले अलमलमा परेका विद्यार्थीलाई आवश्यकतानुसार सहजीकरण गर्नुहोस् । सकेसम्म सबै विद्यार्थीलाई अवसर प्रदान गर्नुहोस् र ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई प्रतियोगितात्मक रूपमा गरिने समयबद्ध द्रुतपठनका लागि तयारी अवस्थामा रहन निर्देशन दिनुहोस् ।

४. कुनै एउटा अनुच्छेद निर्धारण गर्नुहोस् । कुनै एक विद्यार्थीलाई समय हेर्ने जिम्मा दिनुहोस् । पढाइ सही भए नभएको साथीलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् । पालैपालो प्रत्येक विद्यार्थीलाई निर्धारित अनुच्छेद गति, यति मिलाएर सस्वर पठन गर्न लगाउनुहोस् ।

५. प्रत्येक विद्यार्थीले पठन गर्न लगाएको समय टिपोट गर्नुहोस् र अन्त्यमा सबभन्दा कम समयमा पठन गर्ने विद्यार्थीलाई विजेता घोषित गर्नुहोस् र अन्य विद्यार्थीलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

६. विद्यार्थीलाई श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिका दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । त्यसपछि अनुच्छेद ८ को श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

७. श्रुतिलेखनपश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी परीक्षणका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई अनुच्छेद ४ मौन पठन गर्न लगाउनुहोस् र बोध प्रश्नोत्तर गराउनुहोस् ।

(ख) आठौँ अनुच्छेद श्रुतिलेखन गराएर एकआपसमा कापी साटासाट गरेर हेर्न लगाउनुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कथासार लेखन<br>• घटनाक्रम मिलान | • पाठ्य कथाको सार लेख्न<br>• कथाको घटनाक्रम मिलाउन | • घटनाक्रमको सूची<br>• कथासारको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कुनै लोकगीत गाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि गीत गाएर सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तु सहजीकरण क्रियाकलाप

१. सर्वप्रथम विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । त्यसपछि पाठका घटनाक्रमको सूची प्रदर्शन गर्नुहोस् । यस क्रममा कथाको संरचनालाई पुनरावृत्ति गराई शिक्षक आफैँले टिपोट गरेका कथाको आदि, मध्य र अन्त्यका मुख्य मुख्य घटना देखाउनुहोस् ।

२. विद्यार्थीलाई पाठको आदि भागका घटनाका बुँदापत्तीलाई छ्यासमिस गरी बाँड्नुहोस् । त्यसपछि आआफ्ना हातमा भएका बुँदालाई पढ्न लगाउनुहोस् ।

३. कथाको आदि भागको घटनाक्रमका आधारमा विद्यार्थीलाई कक्षाको अघिल्तिर क्रमशः उभिन लगाउनुहोस् । त्यसपछि क्रमैसँग कथाका घटना भन्न लगाउनुहोस् । सहभागी विद्यार्थीलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

४. क्रियाकलाप १, २ र ३ जस्तै तरिका अपनाएर कथाको मध्य र अन्त्यसँगसम्बन्धित घटना पहिचान र मिलान गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा सकेसम्म धेरै विद्यार्थीलाई सहभागी गराउनुहोस् । उनीहरूको क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थी समूहलाई कथाको आदि, मध्य र अन्त्यका घटनाका बुँदा समेटेर कथाको सारांश लेख्ने अभ्यास गराउनुहोस् । शिक्षकले आवश्कतानुसार सहजीकरण गर्नुहोस् । लेखन कार्यपश्चात् प्रत्येक समूहलाई कथाको सारांश पढेर सुनाउन लगाउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

६. विद्यार्थीलाई सामूहिक रूपमा बोध र अभिव्यक्तिको प्रश्न न. ८ मा दिइएका घटनाको कम मिलाएर लेख्न लगाउनुहोस् । शिक्षकले आवश्कतानुसार सहजीकरण गर्नुहोस् र विद्यार्थीले समूह कार्य गरिसके पश्चात् कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पाठ्य कथाको कथासार लेख्न लगाउनुहोस् ।

(ख) कथाको अन्त्य भागको घटनाक्रम मिलाएर लेख्न लगाउनुहोस् :

(   ) चतुरेले पानी धेरै खाइसकेको

(   ) उसले झुटो बोल्न र धाक लगाउन छाडेको

(   ) चतुरे साच्चै डुब्न आँटेको

(    ) उसले कसैको मुख हेर्न नसकेको

(    ) चतुरेले अनावश्यक कुरामा झुटो बोल्न र धाक लगाउन नहुने कुरा बुझेको

(    ) श्यामले चतुरेलाई घिच्याए। पानी बाहिर ल्याएको

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई आफूले सुनेका, देखेका वा पढेका कुनै घटना वा प्रसङ्ग सुनाएर ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना स्मरणीय घटना सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● निर्देशित कथा लेखन | ● दिइएका बुँदाका आधारमा कथा लेख्न | ● कथाका बुँदा<br>● कथाको नमुना |

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षक आफैँले तयार पारेको निर्देशित कथा रचना प्रदर्शन गर्नुहोस् । यस क्रममा कथाका निर्देशित बुँदा प्रदर्शन गर्नुहोस् ।

२. कुनै एक विद्यार्थीलाई कथाका बुँदा र अर्को विद्यार्थीलाई बुँदाका आधारमा तयार पारिएको निर्देशित कथा सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् र अन्य विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् ।

३. विद्यार्थीसँग  छलफल गर्दै निर्देशित बुँदाका आधारमा कथा लेख्दा ध्यान दिनुपर्ने कुराको जानकारी दिनुहोस् । जस्तै :

- निर्देशित कथा रचना गर्दा दिइएका बुँदालाई ध्यानपूर्वक पढ्नुपर्ने
- सम्बन्धित विषयवस्तुमा आधारित भएर केही प्रसङ्ग थप गर्नुपर्ने
- आवश्यकताअनुसार छोटा छोटा संवाद प्रयोग गर्नुपर्ने
- कथाले महŒवपूर्ण सन्देश दिनुपर्ने

४. कुनै एउटा निर्देशित कथा लेखनका लागि आवश्यक पर्ने बुँदालाई छुट्टाछुट्टै कागजका टुक्रामा लेख्नुहोस् र बुँदा लेखिएका एक एक ओटा टुक्रा विद्यार्थीलाई दिनुहोस् ।

५. बुँदाको क्रमअनुसार प्रत्येक विद्यार्थीलाई सिलसिलाबद्ध रूपमा कथा बनाउन लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीद्वारा निर्मित कथालाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

६. विद्यार्थी समूहलाई बोध र अभिव्यक्तिको प्रश्न न. ११ का आधारमा कथा रचना गर्न लगाउनुहोस् र कथा लेख्ने क्रममा पात्रका बिचमा कम्तीमा एउटा संवाद अनिवार्य हुनुपर्ने कुरामा सचेत गराउनुहोस् । विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. प्रत्येक समूहबाट लेखिएका कथा कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थी समूहलाई दिइएका बुँदामा आधारित भई कथा लेख्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् :

आमा र छोरा राम..........राम पढ्न नसकी घरको काम गर्ने..........खेतीपातीको कामले थकित भएको.........ऊ भैँसीको गोबर सोहोर्नु परेकोमा चिन्तित...........काम गर्नुपरेको विषयमा आमासँग झगडा परेको..........भोलिपल्ट घरबाट भागेर आसामतिर लागेको...........सिप केही नहुनाले त्यहाँ राम्रो काम नपाएको...........घर फर्किनलाई आवश्यक खर्च नभएर अर्काको घरको काममा लागेको.........गाउँको साथी रमेश त्यहाँ पुग्दा ऊ गोबर सोहोरिरहेको...........रमेशले घरमा आमाले चिन्ता लिएको कुरा बताएको.........अर्काको गोठको गोबर सोहोर्नुभन्दा आफ्नै घरको काम गर्नु राम्रो भन्ने कुरामा सहमत गराई गाउँ ल्याएको, स्वाभिमानी साथ बाँच्नुपर्ने सन्देश ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● चित्र वर्णन<br>● स्वसंस्कृतिको वर्णन<br>● भाषिक प्रकार्य (कुराकानी) | ● दिइएको चित्र बोध गरी मौखिक तथा लिखित वर्णन गर्न<br>● आआफ्नो स्वसंस्कृतिको वर्णन गर्न<br>● विभिन्न विषयवस्तुमा आधारित भई कुराकानी गर्न | ● चित्र<br>● चित्र चित्रणको नमुना<br>● कुराकानीको अडियो वा भिडियो |

| | | |
|---|---|---|
| | | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. पाठसँग सम्बन्धित कुनै चित्र देखाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. कक्षाकोठाको अवस्थाअनुसार विद्यार्थीलाई समूहमा बाँढ्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टर वा अन्य कुनै माध्यमबाट बोध र अभिव्यक्तिको प्रश्न न. १० मा दिइएको चित्र प्रदर्शन गर्नुहोस् ।

२. निश्चित समय तोकी सामूहिक रूपमा विद्यार्थीलाई चित्रको बारेमा मुख्य मुख्य कुरा टिपोट गर्न लगाउनुहोस् र शिक्षकले आवश्यकतानुसार सहयोग गर्नुहोस् ।

३. समूह कार्य सकिएपश्चात् प्रत्येक समूहलाई मौखिक वा लिखित रूपमा प्रस्तुतीकरणको अवसर दिनुहोस् । विद्यार्थीलाई हौसला प्रदान गर्दै निष्कर्ष दिनुहोस् ।

४. कक्षामा उपस्थित विद्यार्थीलाई भाषिक, धार्मिक वा सांस्कृतिक आस्थाका आधारमा समावेशी समूह विभाजन गर्नुहोस् । प्रत्येक विद्यार्थी समूहलाई आआफ्नो रहनसहन र संस्कृतिको बारेमा छलफल गराउनुहोस् र बुँदागत रूपमा टिपोट गर्न लगाउनुहोस् । टिपोट गरेका बुँदाका आधारमा प्रत्येक विद्यार्थी समूहलाई आआफ्नो स्वसंस्कृतिको बारेमा वर्णन गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषणसहित निष्कर्ष सुनाउनुहोस् ।

५. विद्यार्थीसँग कुराकानीसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । भाषिक प्रकार्य भनेको भाषाको व्यावहारिक प्रयोगका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । जस्तै :

**कुराकानी**

नसिम : आमा ! कुचो कहाँ छ ?

हसिना : किन चाहियो कुचो तिमीलाई ?

नसिम : भन्नुहोस् न आमा, कुचो कहाँ छ ?

हसिना : होइन, आज के भएछ मेरो छोरालाई ?

नसिम : आमा ! मेरो कोठा फोहर भएछ के ।

हसिना : सधैं मैले सफा गरिदिनु पर्थ्यो तिम्रो कोठा, आज त कुचो खोज्दै छौ त ।

नसिम : हो आमा, आजदेखि आफ्नो कोठा म आफैँ सफा गर्छु ।

हसिना : ठिक छ छोरा, हामीले व्यक्तिगत सरसफाइका साथसाथै घर र घर वरिपरिको सरसफाइमा पनि ध्यान दिनुपर्छ ।

नसिम : हो आमा, हिजो हाम्रो विद्यालयमा व्यक्तिगत सरसफाइका बारेमा सचेतनामूलक कार्यक्रम भएको थियो ।

हसिना : ए हो र ?

नसिम : हो त नि आमा, त्यसैले त म अबदेखि आफ्नो र आफू वरपरको सरसफाइ आफै गर्छु भनेको ।

हसिना : स्याबास ! निरोगी भएर बाँच्नका लागि सरसफाइमा ध्यान दिनुपर्छ ।

नसिम : हवस् आमा !

६ कुनै एक विद्यार्थीलाई बोध र अभिव्यक्तिको प्रश्न न. १२ मा दिइएको सन्दर्भ सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् र अन्य विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् त्यसपछि दिइएको निर्देशनअनुसार दुई दुई जना विद्यार्थीलाई आफ्नो घर वरपर सरसफाइ गर्ने विषयवस्तुमा अभिनयात्मक रूपमा साथीसँग कुराकानी गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गर्दै आवश्यकताअनुसार सहजीकरण गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) वृक्षरोपण गरेको चित्र देखाएर त्यसका बारेमा मौखिक वर्णन गर्न लगाउनुहोस् ।

(ख) कक्षाकोठाको सरसफाइ गर्ने विषयमा विद्यार्थीबिच कुराकानी गर्न लगाउनुहोस् ॥

(ग) व्यक्तिगत सरसफाइका बारेमा कुराकानी गराउनुहोस् ।

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक संरचना(लेख्य चिह्न-पूर्णविराम,अल्पविराम, प्रश्नवाचक, उद्‌गार)<br>• भाषिक संरचना(शब्द निर्माण) | • लेख्य चिह्नको पहिचान र प्रयोग गर्न<br>• उपसर्ग र प्रत्यय लगाई शब्द निर्माण गर्न | • शब्दपत्ती<br>• लेख्य चिह्न सूची,<br>• वाक्यपत्ती<br>• उपसर्ग र प्रत्ययको सूची<br>• प्रोजेक्टर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई मस्तिष्क मन्थनसम्बन्धी रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले लेख्य चिहनको उपयुक्त प्रयोग मिलेका र नमिलेका वाक्य प्रयोग भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नभएमा अनुच्छेदलाई फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर लेख्य चिह्नको उपयुक्त प्रयोग मिलेका र नमिलेका वाक्यहरू टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका वाक्य भन्न लगाउनुहोस् । शिक्षकले आवश्यक संशोधन गरी शैक्षिक पाटीमा टिप्दै जानुहोस् ।

२. लेख्य चिह्नको सूचीलाई फलाटिन पाटीमा टाँस्नुहोस् । शैक्षिक पाटीमा उदाहरण लेख्दै विद्यार्थीको धारणा प्रष्ट पार्नुहोस् ।

जस्तै : (क) सामान्य अवस्थामा वाक्य टुङ्गिँदा पूर्णविराम चिह्न प्रयोग हुन्छ ।

(उदाहरण : रमेश विद्यालय जान्छ । )

(ख) प्रश्न बुझाउने वाक्य टुङ्गिँदा प्रश्न चिह्न प्रयोग हुन्छ ।

(उदाहरण : तिमी कति कक्षामा पढ्छौ ? )

(ग) शब्द, पदावली र वाक्यांशका बिचमा अल्पविराम चिह्न प्रयोग हुन्छ ।

(उदाहरण : रमेश, दिनेश, राजेश र दिपेश विद्यालय जान्छन् । )

(घ) हर्ष, शोक, विस्मात आदि व्यक्त गर्ने अवस्थामा उद्गार चिह्न प्रयोग हुन्छ ।

(उदाहरण : ओहो ! उनी त निकै सुन्दर रहेछन् । )

३. शिक्षकले शैक्षिक पाटीमा लेख्य चिह्नगत त्रुटि भएका वाक्य लेख्नुहोस् । विद्यार्थीलाई सच्याएर वाक्यहरू लेख्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीलाई अगाडि आएर शैक्षिक पाटीमै लेख्न प्रेरित गर्नुहोस् । शिक्षकले आवश्यक संशोधन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

४. शिक्षकले लेख्य चिह्न नराखेका केही वाक्य शैक्षणिक पाटीमा लेखी प्रश्नोत्तर र छलफलका आधारमा ती वाक्यमा प्रयोग हुने लेख्य चिह्न पत्ता लाउन लगाउनुहोस् । त्यसपछि सामूहिक रूपमा भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. १ र २ का कियाकलाप गराउनुहोस् । विद्यार्थीले गरेका अभ्यासात्मक क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले अभ्यास कार्य पूरा गरेपछि समूह समूहबिच कक्षा प्रस्तुति गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ३ को क र ख को उदाहरणमा दिइएका शब्द पढ्न लगाउनुहोस् र शब्दको बनोटका बारेमा छलफल गराउनुहोस् । उदाहरणमा दिइए जस्तै गरी क र ख बाट

शब्द बनाउन निर्देशन दिनुहोस् । **जस्तै : प्र+हार = प्रहार ।** विद्यार्थीका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीलाई ग र घ को उदाहरणमा दिइएका शब्द पढ्न लगाउनुहोस् र शब्दको बनोटका बारेमा छलफल गराउनुहोस् । उदाहरणमा दिइए जस्तै गरी ग र घ बाट शब्द बनाउन निर्देशन दिनुहोस् । **जस्तै : सुन्दर + ता = सुन्दरता ।** अभ्यासमा दिइएका उदाहरणका आधारमा शब्द बनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गनुहोस् । कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका वाक्यमा मिल्ने चिह्न लेख्न लगाउनुहोस् :

(अ) मनोज तिमी कति वर्षका भयौ

(आ) कठै श्यामलाको त हात भाँचिएछ

(इ) पेम्बाले स्याउ आँप केरा र मेवा किन्यो

(ई) रमेश गृहकार्य गर्छ

**(ख) शब्द बनाउन लगाउनुहोस् :**

(अ)

वि + देश =

वि + नाश =

अनु + मान =

प्र + कृति =

(आ)

पूर्ण + ता =

स्वच्छ + ता =

नेपाल + ई =

सुख + ई =

## एघारौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वर्णविन्यास (य/ए)<br>• सुनाइ पाठ ६<br>• मौखिक प्रस्तुति<br>• सिर्जनात्मक कार्य | • य/ए वर्णको पहिचान र प्रयोग गर्न<br>• सुनाइ पाठ ६ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• कुनै विषयवस्तुमा आधारित मौखिक प्रस्तुति दिन<br>• विद्यालयले प्रकाशन गरेका सूचना सङ्कलन गर्न | • वर्णपत्ती<br>• शब्दपत्ती<br>• प्रश्नोत्तरपत्ती<br>• सुनाइ पाठ ६ को अडियो सामग्री<br>• सूचनाको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई गाउँखाने कथा सुनाएर मस्तिष्क मन्थन गराउनुहोस् ।

जस्तै : आमा माथि छोरी नाच्ने, नाच्दा नाच्दै थिचेर सत्यानाश पार्ने के हो ?

उत्तर : सिलौटो

२. विद्यार्थीलाई पनि गाउँखाने कथा भन्ने अवसर प्रदान गर्नुहोस् ।

३. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. 'य' वर्ण प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा 'य' वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई शब्दको सुरु र अन्तिममा 'य' वर्ण प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र शब्दपत्ती प्रदर्शन गरी 'य' वर्ण प्रयोग भएका शब्दको पहिचान गराउनुहोस् ।

२. 'ए' वर्ण प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा 'ए' वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई शब्दको सुरु, बिच र अन्तिममा 'ए' वर्ण प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र शब्दपत्ती प्रदर्शन गरी 'ए' वर्ण प्रयोग भएका शब्दको पहिचान गराउनुहोस् ।

३. पाठको भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ४ का आधारमा दिइएका शब्दलाई शुद्ध गरी लेख्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलाप पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीलाई एकआपसमा कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् ।

४. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

५. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ ६ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइडबाट डाउनलोड गरी बढीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

६. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट ठिक बेठिकसम्बन्धी अभ्यास गराउनुहोस् ।

७. विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक सुझाव दिनुहोस् ।

८. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा मौखिक प्रश्नोत्तर गराउनुहोस् ।

९. विद्यार्थीले उत्तर दिने तरिका र उत्तर मिले नमिलेको ठम्याएर आवश्यक सुझाव दिनुहोस् ।

१०. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ३ मा आधारित भई सामूहिक रूपमा समस्यामा परेका मानिसलाई भेट्दा के गर्नुहुन्छ भनेर सोध्नुहोस् । ५ मिनेट सोच्ने समय दिनुहोस् त्यसपछि प्रत्येक विद्यार्थीलाई पालैपालो आफ्नो उत्तर भन्ने अवसर दिनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिई हौसला प्रदान गर्नुहोस् ।

११. विद्यार्थीलाई भोलिपल्टको लागि सिर्जनात्मक कार्यमा दिइएको निर्देशनअनुसारको कार्य गरेर ल्याउन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) शुद्ध शब्द पहिचान गर्न लगाउनुहोस् :

(अ) एकता यकता

(आ) पाय पाए

(इ) गएर गयर

(ई) एघार यघार

(ख) सुनाइ र बोलाइ खण्डको अभ्यासात्मक क्रियाकलापका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

## बाह्रौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जनात्मक कार्य (सूचना प्रस्तुति तथा लेखन) | • विभिन्न किसिमका सूचनाहरू सङ्कलन गर्न<br>• सङ्कलित सूचनाहरू प्रस्तुत गर्न र सोही अनुसार सूचना लेख्न | • सूचनाका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै गीत, चुट्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले सूचना लेखनका लागि आवश्यक विवरण प्रस्तुत गरी सूचनाको नमुना प्रस्तुत गर्नुहोस् । कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी सूचना पढ्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

२. सिर्जनात्मक कार्यको प्रश्न न. १ मा दिइएको निर्देशनअनुसार विद्यार्थीद्वारा अगिल्लो दिन सङ्कलित आफ्नो विद्यालयले प्रकाशन गरेका विभिन्न सूचनाहरूलाई शैक्षणिक पाटीमा टाँस्न लगाउनुहोस् र फरक फरक सूचना पालैपालो पढेर सुनाउन लगाउनुहोस् । यसक्रममा सूचनाको ढाँचा र  लेखनको तरिकाको बारेमा जानकारी गराउनुहोस् ।

३. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र सिर्जनात्मक कार्यको प्रश्न न. १ मा दिइएको विषय समेटी सामूहिक रूपमा सूचना तयार पार्न लगाउनुहोस् । सूचना लेखनका क्रममा अलमलमा परेका समूहलाई आवश्यकतानुसार सहजीकरण गर्नुहोस् । लेखनको काम सकिएपश्चात् पालैपालो सामूहिक रूपमा प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् । उत्कृष्ट सूचना तयार पार्ने समूह र अन्य समूहलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

४. विद्यार्थी समूहलाई आफूले तयार पारेका सूचनालाई साफी  लेखन गर्न चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस्  । तयार पारिएका सूचनालाई सूचना पाटीमा वा शैक्षणिक पाटीमा टाँस्न लगाउनुहोस् । उनीहरूको कामको मूल्याङ्कन गरी स्याबासी दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई सामूहिक रूपमा कुनै विषय दिएर सूचना लेख्न लगाउनुहोस् । जस्तै : नतिजा प्रकाशन, कविता लेखन । विद्यार्थी समूहले रचना गरेका सूचना आपसमा साटासाट गरेर हेर्न लगाउनुहोस् । कोही विद्यार्थीलाई वाचन गर्ने अवसर दिनुहोस् । आवश्यकताअनुसार सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(**ख**) विद्यालयले दिने गर्मी बिदा वा अन्य कुनै विषय समेटी सूचना लेख्न लगाउनुहोस् ।

**पाठ : ७**

**शीर्षक : समाजसेवी महावीर पुन**

**विधा : जीवनी**

**कार्यघण्टा : १२**

## परिचय

'समाजसेवी महावीर पुन' जीवनी विधाअन्तर्गतको राष्ट्रिय जीवनी हो । समाज राष्ट्र तथा मानव जातिका निम्ति विशिष्ट योगदान पुऱ्याउने व्यक्तिको व्यक्तित्वको समग्र पक्षमा प्रकाश पार्ने तथ्यमूलक सामग्रीको क्रमबद्ध तथा सुन्दर प्रस्तुति नै जीवनी हो । जीवनी शिक्षणबाट विद्यार्थीको बोध तथा अभिव्यक्ति क्षमता, लेखन क्षमता र शब्दभण्डारमा वृद्धि हुन्छ ।

यस पाठबाट विद्यार्थीमा सुनाइ र प्रतिक्रिया, धारणा निर्माण र प्रस्तुति, कल्पनामा आधारित वर्णन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्दछ । सस्वरपठन, मौन पठन, संरचना पहिचान, घटनाक्रम पहिचान, व्यक्ति चरित्र वर्णन जस्ता क्रियाकलाप गरी पढाइ सिपको विकास गराउनुपर्दछ । लेखाइ सिपको विकासका लागि घटनाक्रम मिलान, व्यक्तिवृत्त विवरण लेखन, सार लेखन, प्रश्नोत्तर, प्रश्न निर्माण र निर्देशित जीवनी लेखन जस्ता क्रियाकलाप गराउनुपर्दछ । शब्दभण्डार क्षमता विकासका लागि सङ्क्षिप्त शब्दको प्रयोग, पाठगत शब्दको अर्थबोध र प्रयोगका क्रियाकलाप गराउनुपर्दछ । भाषिक संरचना अन्तर्गत भूतकालको पहिचान र प्रयोग तथा वर्णविन्यास अन्तर्गत श/ष/स को प्रयोगलाई समावेश गरिएको छ । भाषिक प्रकार्यअन्तर्गत अनुमति र निर्देशनलाई समावेश गरिएको छ । । सिर्जनात्मक कार्यअन्तर्गत व्यक्तिगत विवरण लेखनसम्बन्धी कक्षा प्रस्तुति गराउनु अपरिहार्य हुन्छ । सुनाइ तथा बोलाइ पाठ सातको उपयोग गरेर बोधात्मक प्रश्नोत्तर तथा अनुमानका पाठ्यवस्तुको उपयोग गरी भाषिक सिपको विकासमा जोड दिइएको छ ।

अनुमानित पाठ्यभारअनुसार तयार गरिएको पाठ्यवस्तस्तुगत वितरणको योजना र निर्देशनको उपयोग तथा आवश्यकताअनुसार विविध विद्यार्थी केन्द्रित क्रियाकलापको उपयोग गरेर कक्षा शिक्षणलाई उपलब्धिमूलक बनाउन सकिन्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका र आवश्यकताअनुसार अन्य विविध थप अभ्यास गराउनु प्रभावकारी हुन्छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध र छलफल<br>• सस्वरवाचन<br>(अनुच्छेद १ देखि ४ सम्म)<br>• शुद्धोच्चारण<br>• शब्दभण्डार<br>(शब्दार्थ र वाक्यमा प्रयोग)<br>• बोध प्रश्नोत्तर (अनुच्छेद ३) | • विषयवस्तुमा आधारित चित्र वर्णन र छलफल गर्न<br>• निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न<br>• नयाँ शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न | • पूर्व पठन खण्डका चित्र( सन्दुक रुइत, लेखनाथ पौड्याल, अरनिको)<br>• महावीर पुनको चित्र र भिडियो<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश,<br>• वाक्यपत्ती<br>• प्रश्न सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै राष्ट्रिय व्यक्तित्वले गरेका ऐतिहासिक काम तथा उनको जीवनको महत्त्वपूर्ण सन्दर्भको उल्लेख गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

३. सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्वपठन खण्डमा भएका सन्दुक रुइत, लेखनाथ पौड्याल र अरनिको(राष्ट्रिय व्यक्तित्व) का चित्र तथा वृत्तचित्र प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई समूहमा विभाजन गरी ती विशिष्ट व्यक्तिका योगदानका बारेमा छलफल गराउनुहोस् र विद्यार्थीबाट आएका कुरालाई टिपोट गर्न लगाउनुहोस् । उक्त व्यक्तिका बारेमा विद्यार्थीले टिपोट गर्न छुटेका महत्त्वपूर्ण कुरा भनिदिनुहोस् र समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. सम्भव भएसम्म प्रोजेक्टरबाट समाजसेवी महावीर पुन र उनका आविष्कारहरूका भिडियो देखाएर उत्प्रेरित गर्दै पाठ प्रारम्भ गर्नुहोस् ।

२. शिक्षकले निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न निर्देश गर्नुहोस् ।

३. विद्यार्थीलाई पालैपालो पाठका १ देखि ४ अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गराउँदा कक्षाका जेहेनदार, मध्यम, कमजोर तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै

प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढको  विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

४. निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका नयाँ शब्दलाई टिपोट गर्नुहोस् ।  विद्यार्थीलाई पनि टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् ।

५. विद्यार्थीलाई  निर्धारित अनुच्छेद  पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । अनुच्छेद पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकता अनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

७. शुद्ध र स्पष्ट उच्चारण तथा शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

८.निर्दिष्ट अनुच्छेदको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । अनुच्छेदमा आधारित बोध प्रश्नहरूको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार उत्तरको शिक्षकले संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

बोध प्रश्नहरू

(क) महावीर पुनको बुबाको के धोको थियो ?

(ख) महावीर पुनको परिवार किन बसाइँ सऱ्यो ?

(ग) महावीर पुनको आर्थिक अवस्था कस्तो थियो ?

(घ) महावीर पुनले कति वर्षसम्म पढाए ?

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई पालैपालो पाठको पहिलो अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

इच्छा, निधो, प्रदान, गृहिणी, अध्ययन

(ग) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(अ) महावीर पुनको जन्म कहाँ भएको हो ?

(आ) महावीर पुनको बाल्यकाल कसरी बित्यो ?

(इ) पुनले आफ्नो पढाइ किन अगाडि बढाउन सकेनन् ?

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सस्वरवाचन (अनुच्छेद ५ देखि १०)<br>● शुद्धोच्चारण<br>● शब्दभण्डार (शब्दार्थ र वाक्यमा प्रयोग)<br>● बोध प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको शुद्ध उच्चारण गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>● बोधात्मक प्रश्नोत्तर गर्न | ● महावीर पुनको चित्र<br>● शब्दपत्ती<br>● अर्थपत्ती<br>● शब्दकोश<br>● वाक्यपत्ती<br>● प्रश्न सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न  निर्देश गर्नुहोस् ।

२. विद्यार्थीलाई पालैपालो निर्दिष्ट अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन  गर्दा अनुच्छेदमा रहेका नयाँ शब्दलाई  टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस् । विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् ।

३. विद्यार्थीलाई  निर्धारित अनुच्छेद पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् । पाठमा अर्थ नभएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

४. निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित छोटा बोध प्रश्नको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । प्राप्त उत्तरको पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो पाठको छैटौँ अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

स्वयंसेवक, पर्यटक, इन्टरनेट, समृद्ध, उपकरण

(ग) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(अ) पुनले कोसँग मिलेर काम गर्न थाले ?

(आ) इमेल हेर्न पुन कहाँ पुग्नुपर्थ्यो ?

(इ) पुनले कसरी इन्टरनेट सेवा सुरु गरे ?

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सस्वरवाचन (अनुच्छेद ११ देखि अन्तिमसम्म)<br>● शुद्धोच्चारण<br>● शब्दभण्डार (शब्दार्थ र वाक्यमा प्रयोग)<br>● बोध प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको शुद्ध उच्चारण गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>● पाठगत बोधात्मक प्रश्नोत्तर गर्न | ● महावीर पुनको चित्र<br>● शब्दपत्ती<br>● अर्थपत्ती<br>● शब्दकोश<br>● वाक्यपत्ती<br>● प्रश्नसूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. सम्भव भएसम्म प्रोजेक्टरबाट विद्यार्थीलाई महावीर पुनले आविष्कार गरेको कुनै एउटा काम वा वस्तुको भिडियो देखाएर वा मौखिक रूपमा सुनाएर पाठप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पाठका निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न निर्देश गर्नुहोस् ।

२. विद्यार्थीलाई पालैपालो पाठका विभिन्न अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

३. पाठका विभिन्न अनुच्छेदमा रहेका नयाँ शब्द विद्यार्थीलाई टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् ।

४.विद्यार्थीलाई निर्धारित अनुच्छेद पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकता अनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

५. निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित बोध प्रश्नको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार शिक्षकले उत्तरको संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

६. विद्यार्थीलाई महावीर पुनको जीवनी पाठ प्रदर्शन गरी संरचना बोध गराउनुहोस् । यस क्रममा जीवनीको आदि, मध्य र अन्त्य भागका मुख्य मुख्य विषयवस्तु र घटना प्रदर्शन गर्नुहोस् ।

७. विद्यार्थी समूहलाई छलफल गरी जीवनीको आदि, मध्य र अन्त्यका विषयवस्तु टिपोट गर्न लगाई कक्षामा प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् । यस क्रममा ताली बजाएर हौसला प्रदान गर्नुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई निर्दिष्ट पाठको तेह्रौँ अनुच्छेद वाचन गर्न लगाएर गति यति मिलाएर वाचन गरे नगरेको मूल्याङ्कन गर्नुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार (पाठगत शब्द तथा सङ्क्षिप्त शब्द)<br>• संरचना पहिचान | • पाठगत शब्दको पहिचान र प्रयोग गर्न<br>• सङ्क्षिप्त शब्दको पहिचान र प्रयोग गर्न<br>• पाठ्य जीवनीको संरचना पहिचान गर्न | • पाठगत तथा सङ्क्षिप्त शब्दको सूची<br>• अनुच्छेदपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. **ड्रोन, रोबोट** जस्ता  शब्द सुनाएर तिनीहरूको प्रयोग बारे भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. सर्वप्रथम विद्यार्थीलाई आफ्नो कक्षाकोठाको अवस्थाअनुसार समूहमा विभाजन गर्नुहोस् ।

२. विद्यार्थी समूहलाई पाठको शब्दभण्डार खण्डको अभ्यास १ मा भएका पदावलीका अर्थ पाठबाट पहिचान गर्न सिकाउनुहोस् । जस्तै : **समाजको सेवा गर्ने व्यक्ति= समाजसेवी**

३. विद्यार्थी समूहलाई अभ्यास १ मा भएका पदावलीका अर्थ पाठबाट पहिचान गरी लेख्न लगाउनुहोस् । विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीले पहिचान गरेका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले कार्य गरिसके पश्चात् कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. विद्यार्थी समूहलाई पाठको शब्दभण्डार खण्डको अभ्यास २ मा दिइएका पदावलीको उदाहरण दिइए जस्तै छोटो रूप लेख्न सिकाउनुहोस् । जस्तै **: त्रिभुवन विश्वविद्यालय = त्रि. वि**

६.विद्यार्थी समूहलाई अभ्यास २ मा भएका पदावलीको छोटो रूप लेख्न लगाउनुहोस् । विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा उदाहरणमा दिइए जस्तै गरी दिइएका सङ्क्षिप्त शब्दको पूरा रूप लेख्न लगाउनुहोस् । जस्तै : **गो.प. = गोरखापत्र** । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् सामूहिक रूपमा निर्माण गरेका शब्द सेतो/कालोपाटीमा टिपोट गरी विद्यार्थीलाई पढेर सुनाउन लगाउनुहोस् ।

९. विद्यार्थीले लेखेका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले कार्य गरिसके पश्चात् कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१०. विद्यार्थीको तीन समूह बनाई पहिलो समूहलाई पाठ्य जीवनीको सुरुआत, दोस्रो समूहलाई जीवनीको विस्तार र अन्तिम समूहलाई जीवनीको सन्देश वा निष्कर्ष टिपोट गर्न लगाउनुहोस् र विद्यार्थीले टिपोट गरेका कुराहरू प्रस्तुत गर्न लगाउनुहोस् ।

११. विद्यार्थीले टिपोट गरेका कुरा समावेश गर्दै सुरु, बिच र अन्त्यमा रहेका कुराका आधारमा जीवनीको संरचना बोध गराउनुहोस् ।

१२. विद्यार्थीलाई पाठ्य जीवनीका जम्मा अनुच्छेद गन्न लगाउनुहोस् र निर्धारित अनुच्छेदहरू गनी हरेक अनुच्छेदमा के कति वाक्यहरू रहेका छन् सो पनि भन्न लगाउनुहोस् ।

१३ विद्यार्थीलाई सबैभन्दा लामो अनुच्छेद, सबैभन्दा छोटो अनुच्छेद र अनुच्छेद सङ्ख्याका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् ।

१४ विद्यार्थीलाई आदि भागमा जीवनीको परिचय, मध्य भागमा जीवनी विस्तार र अन्त्य भागमा जीवनीको सन्देश रहने जानकारी गराउनुहोस् ।

१५. विद्यार्थीलाई बोध र अभिव्यक्तिको प्रश्न न. २ मा दिइएका वाक्य कुन कुन अनुच्छेदमा प्रयोग भएका छन् खोजेर लेख्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका अर्थ जनाउने शब्द पाठबाट खोजेर लेख्न लगाउनुहोस् :

(अ) बढ्दै वा सुध्रिँदै गएको स्थिति

(आ) घरकी मालिकनी

(इ) पढ्ने र पढाउने ठाँउ

(ख) दिइएका पदावलीको सङ्क्षिप्त रूप लेख्न लगाउनुहोस् :

(अ) माध्यमिक विद्यालय

(आ) विद्यालय व्यवस्थापन समिति

(इ) प्रधानाध्यापक

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • प्रश्नोत्तर<br>• घटनाक्रम पहिचान र मिलान | • पाठगत प्रश्नको उत्तर भन्न तथा लेख्न<br>• घटनाक्रम पहिचान गरी मिलान गर्न | • प्रश्न सूची<br>• नमुना उत्तर<br>• घटनाक्रमका बुँदा |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. लघुकथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका लघुकथा भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्दै सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई निर्दिष्ट पाठ मनमनै बुझेर पढ्न लगाउनुहोस् । बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ३ मा दिइएका मौखिक उत्तर आउने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको उत्तर आफूले नै मौखिक रूपमा प्रस्तुत गर्नुहोस् । अन्य प्रश्न विद्यार्थीलाई पालैपालो सोध्नुहोस् र मौखिक रूपमा उत्तर भन्न लगाउनुहोस् । आवश्यकताअनुसार उत्तर भन्ने तरिका सिकाउनुहोस् ।
२. बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ५ मा दिइएका लिखित उत्तर दिने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।
३. समाजसेवी महावीर पुनको जीवनीका मुख्य मुख्य घटनालाई क्रम बिगारेर प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट प्रस्तुत गर्नुहोस् ।
४. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । समूहमा छलफल गरी क्रमबद्ध रूपमा घटनाक्रम मिलाएर टिपोट गर्न निर्देश गर्नुहोस् । सबैभन्दा पहिला क्रम मिलाउने समूहलाई प्रस्तुत गर्ने अवसर दिनुहोस् । अन्य समूहलाई पनि क्रमैसँग प्रस्तुत गर्न अवसर दिनुहोस् । आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।
५. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ४ मा दिइएका घटनाको क्रम मिलाई लेख्न लगाउनुहोस् र आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थीका कापी परीक्षण गरी हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर दिन लगाउनुहोस् :

(अ) महावीर पुनको बाल्यकाल कसरी बित्यो ?

(आ) महावीर पुनले गरेका कामको सूची बनाउनुहोस् ।

(ख) महावीर पुनको जीवनका मुख्य मुख्य घटना टिपोट गर्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मुख्य विषयवस्तु टिपोट<br>• पाठको सन्देश ग्रहण<br>• प्रश्न निर्माण | • पाठका मुख्य मुख्य विषयवस्तु टिपोट गर्न<br>• पाठको सन्देश ग्रहण गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्न निर्माण गर्न | • मुख्य विषयवस्तुको बुँदा<br>• सन्देश टिपोटको नमुना<br>• प्रश्न सूची |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. उत्प्रेरणात्मक सामग्री देखाएर वा सुनाएर विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

१. विद्यार्थीलाई पाठ्य जीवनी मौन पठन गर्न लगाउनुहोस् र पाठका मुख्य मुख्य विषयवस्तुमा रेखाङ्कन गर्न लगाउनुहोस् । मौन पठनको क्रम सकिएपश्चात् रेखाङ्कन गरेका विषयवस्तु कापीमा टिपोट गर्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् र लेखन कार्यको समाप्तिसँगै सकेसम्म सबै विद्यार्थीलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् । अन्तमा शिक्षकले मुख्य विषयवस्तुका बुँदा प्रदर्शन गरी आवश्यक पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् ।

२. विद्यार्थीले प्रस्तुत गरेका मुख्य विषयवस्तुका आधारमा पाठको सन्देश पहिचान गर्न लगाउनुहोस् र कुनै एक विद्यार्थीलाई पढेर सुनाउन लगाउनुहोस् । विद्यार्थीले छुटाएका विषयवस्तु थप गरी शिक्षकले निष्कर्ष सुनाउनुहोस् ।

३. विद्यार्थीलाई पाठको दसौँ अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् । विद्यार्थीलाई समूहमा विभाजन गरी दसौँ अनुच्छेदबाट प्रश्न निर्माण गर्न सिकाउनुहोस् । यस क्रममा प्रश्न निर्माण गर्दा ध्यान दिनु पर्ने कुराको जानकारी गराउनुहोस् ।

- दिइएको अनुच्छेदलाई ध्यानपूर्वक पढ्ने
- प्रश्नमा को, के, कहाँ, कहिले, कति, कुन, किन, कसरी जस्ता शब्द रहनुपर्ने
- प्रश्न बनाउने क्रममा मुख्य उत्तरलाई ठम्याउनुपर्ने
- विभिन्न प्रश्नात्मक शब्द प्रयोग गरी प्रश्नलाई विविधता युक्त बनाउनुपर्ने

४. बोध र अभिव्यक्तिको प्रश्न न. ८ का आधारमा विद्यार्थी समूहलाई पाठको दसौँ अनुच्छेदबाट साथी साथीबिच छलफल गरी चारओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् । विद्यार्थी समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थी समूहलाई क्रमैसँग प्रश्न प्रस्तुति गर्न लगाउने र अन्य विद्यार्थी समूहलाई उक्त प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा प्रत्येक प्रश्न र उत्तर मिलाएबापत ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई प्रश्न निर्माणका लागि अनुच्छेद दिनुहोस् । निर्माण गरिएका प्रश्न एकआपसमा प्रश्नोत्तर गर्न लगाउनुहोस् ।

(ख) पाठ्य जीवनीबाट प्राप्त गर्न सकिने मुख्य सन्देश लेख्न लगाउनुहोस् ।

## सातौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चित्र वर्णन<br>• मौन पठन<br>• द्रुत पठन | • निर्दिष्ट चित्रको बोध गरी वर्णन गर्न<br>• निर्धारित अनुच्छेद मौन पठन गर्न र बुँदा टिपोट गर्न<br>• निर्धारित अनुच्छेद समयबद्ध द्रुत पठन गर्न | • चित्र<br>• अनुच्छेदपत्ती<br>• बुँदा सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. सम्भव भएसम्म प्रोजेक्टर वा अन्य कुनै माध्यमबाट महावीर पुनले आविस्कार गरेको कुनै एउटा चित्र देखाएर वा विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. कक्षाकोठाको अवस्थाअनुसार विद्यार्थीलाई समूहमा बाड्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टर वा अन्य कुनै माध्यमबाट बोध र अभिव्यक्तिको प्रश्न न. ९ मा दिइएको चित्र प्रदर्शन गर्नुहोस् । निश्चित समय तोकी सामूहिक रूपमा विद्यार्थीलाई चित्र वर्णन गर्न लगाउनुहोस् र शिक्षकले आवश्यकतानुसार सहयोग गर्नुहोस् । समूह कार्य सकिएपश्चात् प्रत्येक समूहलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् । विद्यार्थीलाई हौसला प्रदान गर्दै निष्कर्ष दिनुहोस् ।

२. कुनै माध्यमबाट एउटा चित्र प्रदर्शन गर्नुहोस् र चित्रका बारेमा विद्यार्थीबिच छलफल गराउनुहोस् । विद्यार्थीबाट आएका विषयवस्तुमा आवश्यक थपघट गरी निष्कर्ष दिनुहोस् ।

३. विद्यार्थीलाई पाठ्य जीवनीको अनुच्छेद १३ मौन पठन गर्न लगाउनुहोस् । मौन पठन गर्दा ध्यान दिनुपर्ने कुराको जानकारी गराउनुहोस् र पाठ्य अनुच्छेदबाट मुख्य मुख्य बुँदा टिपोट गर्न लगाउनुहोस् । शिक्षकले अलमलमा परेका विद्यार्थीलाई आवश्यकतानुसार सहजीकरण गर्नुहोस् । टिपोट कार्य सकिएपश्चात् सकेसम्म प्रत्येक विद्यार्थीलाई सबैले सुन्ने गरी बुँदा सुनाउन लगाउनुहोस् र ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

४. विद्यार्थीलाई प्रतियोगितात्मक रूपमा गरिने समयबद्ध द्रुतपठनका लागि तयारी अवस्थामा रहन निर्देशन दिनुहोस् ।

५. कुनै एउटा अनुच्छेद निर्धारण गर्नुहोस् । कुनै एक विद्यार्थीलाई समय हेर्ने जिम्मा दिनुहोस् । पढाइ सही भए नभएको साथीलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् । पालैपालो प्रत्येक विद्यार्थीलाई निर्धारित अनुच्छेद गति, यति मिलाएर सस्वर पठन गर्न लगाउनुहोस् । प्रत्येक विद्यार्थीले पठन गर्न लगाएको समय टिपोट गर्नैहोस् र

अन्त्यमा सबभन्दा कम समयमा पठन गर्ने विद्यार्थीलाई विजेता घोषित गर्नुहोस् र अन्य विद्यार्थीलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) रोबोटको चित्र देखाएर मौखिक वर्णन गर्न लगाउनुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • व्यक्तित्व वर्णन<br>• निर्देशित जीवनी रचना | • राष्ट्रिय व्यक्तिको व्यक्तित्व वर्णन गर्न<br>• निर्देशित बुँदाका आधारमा जीवनी रचना गर्न | • राष्ट्रिय व्यक्तित्वका तस्बिरहरू<br>• जीवनीको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै राष्ट्रिय व्यक्तिको व्यक्तित्व वर्णन गरेर कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. समाज र राष्ट्रको हितमा योगदान दिएका कुनै चार व्यक्तिका तस्बिरलाई सम्भव भएसम्म प्रोजेक्टरबाट प्रस्तुत गर्नुहोस् । तस्बिरलाई १ देखि ४ को क्रममा राख्नुहोस् । उक्त व्यक्ति विद्यार्थीलाई पहिचान गर्न निर्देश गर्नुहोस् । विद्यार्थीलाई नाम भन्न लगाउनुहोस् । शिक्षकले नाम मिले नमिलेको आवश्यक संशोधन गर्दै शैक्षिक पाटीमा टिप्दै जानुहोस् ।

२. कक्षामा विद्यार्थीलाई विभिन्न ४ समूहमा विभाजन गर्नुहोस् । गोला प्रथाद्वारा कुनै एक व्यक्तिका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलबाट आएको निष्कर्ष कक्षामा सुनाउन लगाउनुहोस् । आवश्यकताअनुसार उक्त व्यक्तिले समाज र राष्ट्रमा पुऱ्याएको योगदानका सम्बन्धमा विद्यार्थीलाई आवश्यक जानकारी प्रदान गरी सहजीकरण गर्नुहोस् ।

३. समाज र राष्ट्रमा योगदान पुऱ्याएका कुनै एक व्यक्तिको निर्देशित जीवनी लेखनको नमुना प्रस्तुत गर्नुहोस् । कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस्। जस्तै :

**गोविन्दबहादुर मल्ल**

नेपाली साहित्यको माध्यमबाट देशलाई चिनाउने साहित्यकार गोविन्दबहादुर मल्लको जन्म वि.सं. १९७९ असार २६ गते काठमाडौंको ओमबहालमा भएको हो । आमा आनन्दमाया मल्ल र बाबु ऋद्धिबहादुर मल्लका सुपुत्र गोविन्दबहादुरको बाल्यकाल सुखद रूपमा बितेको थियो । सानैदेखि मिहिनेती गोविन्दबहादुरले आई. एस्सी. सम्मको अध्ययन गरेका थिए ।

बाबुको प्रेरणाले साहित्यमा कलम चलाएका गोविन्दबहादुर बहुमुखी प्रतिभाका धनी थिए । साहित्यिक नाम 'गोठाले' राखेका उनले थुप्रै साहित्यिक कृतिहरू रचना गरेका छन् । उनका कथा सङ्ग्रह (२००३), बाह्र कथा (२०५२) जस्ता थुप्रै कथाहरू प्रकाशित छन् । त्यस्तै गरी उनका पल्लो घरको झ्याल (२०१६) र अपर्णा ( २०५३) उपन्यास, भुसको आगो (२०१८) र  भोको घर (२०३४)  जस्ता नाटक पनि प्रकाशित भएका छन् ।

साहित्यका विविध क्षेत्रमा कलम चलाउने गोठाले त्रिभुवन प्रज्ञा पुरस्कार(२०४२), वेदनिधि पुरस्कार (२०४७)  र पहलमानसिंह स्वाँर पुरस्कार (२०५७)  बाट पुरस्कृत भएका थिए । साहित्यको उत्थानमा लागिरहेकै समयमा वि.सं. २०६७ मङ्सिर २७ गते उनको निधन भयो । उनी हाम्रा माझ नभए तापनि उनका अमर कृतिहरू हाम्रा मन मस्तिष्कमा सदैव जीवित रहने छन् ।

४. विद्यार्थीलाई निर्देशित जीवनी लेखनका लागि आवश्यक बुँदा प्रस्तुत गर्नुहोस् । निर्देशित बुँदा देहायअनुसार सङ्कलन गर्न निर्देश गर्नुहोस् । जस्तै :

**सन्दुक रुइत**

**१. आदि भाग**

(क) जन्म : वि.सं. २०११ भद्र १९ गते

(ख) जन्मस्थान : ताप्लेजुङ जिल्लाको ओलाङचुङगोला

(ग) आमाबुबाको नाम : केसाङ र सोनाम रुइत

(घ) शैक्षिक योग्यता : एम.डि

**२. मध्य भाग/मुख्य भाग**

(क) पेसा :  चिकित्सक

(ख) योगदान : आँखा रोग विशेषज्ञ, तिलगङ्गा आँखा केन्द्रको स्थापना, मोतीबिन्दुको नयाँ पद्धति आविस्कार

**३. अन्त्य भाग**

(क) पुरस्कार : रोमन म्यागासेसे पुरस्कार, पद्मश्री पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार

(ख) मूल्याङ्कन : आँखाका देवता, पाँच मिनेटमै आँखा नदेख्नेलाई आँखा देखाउने डाक्टर ।

५. सङ्कलन गरिएका बुँदाका आधारमा प्रत्येक समूहलाई जीवनी लेख्न लगाउनुहोस् । लेखन कार्य सकिएपछि प्रत्येक समूहलाई जीवनी प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले आवश्कतानुसार सहयोग र सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) निम्न बुँदाका आधारमा जीवनी लेख्न लगाउनुहोस् :

नाम: लक्ष्मीप्रसाद देवकोटा

जन्ममिति : वि.स. १९६६ कार्तिक २७, लक्ष्मीपूजा

जन्मस्थान : धोबीधारा, काठमाडौँ

मातापिता : अमर राज्यलक्ष्मी/तिलमाधव देवकोटा

शिक्षा : बि.ए./बि.एल

प्रकाशित रचना : भिखारी (कविता सङ्ग्रह), मुना मदन(खण्डकाव्य), लक्ष्मी निबन्ध सङ्ग्रह आदि

विशेषता : नेपाली साहित्यका महाकवि

निधन : वि.स. २०१६ भाद्र काठमाडौँ ।

## नवौ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिलेखन<br>• भाषिक प्रकार्य (अनुमति) | • निर्दिष्ट अनुच्छेद श्रुतिलेखन गर्न<br>• अनुमतिको विषयमा आधारित भाषिक अभिव्यक्ति दिन | • अनुच्छेदपत्ती<br>• अनुमतिसम्बन्धी अडियो वा भिडियो |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. सम्भव भएसम्म अनुमतिसम्बन्धी अडियो वा भिडियो सुनाएर वा देखाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिका दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । त्यसपछि अनुच्छेद ९ को श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

२. श्रुतिलेखनपश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी परीक्षणका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई घरबाट कतै बाहिर साथीसँग घुम्न जानुपर्दा तपाईंले आफ्ना बुबाआमासँग कसरी अनुमति माग्नुहुन्छ भन्ने प्रश्न गर्दै विद्यार्थीसँग अनुमतिसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । जस्तै :

**अनुमति**

पासाङ : ए, लाप्साङ म तिम्रो सिसाकलम प्रयोग गर्छु है ।

लाप्साङ : किन र पासाङ, तिमीसँग सिसाकलम छैन र ?

पासाङ : हेर न लाप्साङ, मैले आज सिसाकलम ल्याउनै बिर्सेछु ।

लाप्साङ : ए, हो र ?

पासाङ : हो त नि ।

लाप्साङ : ए, त्यसो भए मेरो सिसाकलम प्रयोग गर न त ।

पासाङ : मैले सिसाकलम प्रयोग गरेपछि तिम्रो झोलामा राखिदिन्छु है ।

लाप्साङ : भइहाल्छ नि पासाङ ।

४. कुनै तीन विद्यार्थीलाई शिक्षक, नन्दराज र प्रधानाध्यापकको भूमिका तोक्नुहोस् र बोध र अभिव्यक्तिको प्रश्न न. १० को कुराकानी सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् र अरू विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् । त्यसपछि कुनै दुई विद्यार्थीलाई तस्बिर ल्याउन प्रधानाध्यापकसँग लिने अनुमतिलाई भूमिकासहित देखाउन लगाउनुहोस् ।

५. विद्यार्थीलाई विभिन्न भूमिकामा बाँड्नुहोस् र घरबाट कतै बाहिर साथीसँग घुम्न जानुपर्दा तपाईंले आफ्ना बुबाआमासँग कसरी अनुमति माग्नुहुन्छ भन्ने बारेमा अभिनयसहित कुराकानी गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई सामूहिक रूपमा वनभोज जाँदा लिइने अनुमतिसम्बन्धी विषयवस्तुमा अभिनयसहित कुराकानी गर्न लगाउनुहोस् ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| ● भाषिक संरचना (भूतकालको पहिचान र प्रयोग) | ● भूतकालको पहिचान र प्रयोग गर्न | ● भूतकालको उदाहरण<br>● शब्दपत्ती<br>● वाक्यपत्ती<br>● अनुच्छेदपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१ कुनै एक विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. १ मा दिइएको अनुच्छेद सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । विद्यार्थीलाई अनुच्छेदमा भएका प्रत्येक वाक्यबाट क्रियापद पहिचान गर्न लगाउनुहोस् । त्यसपछि वाक्यमा क्रियापद हुँदा र नहुँदा वाक्यले दिने अर्थका बारेमा छलफल गराउनुहोस् र कियापदको धारणा बसाउनुहोस् ।

२. विद्यार्थीलाई प्रश्न न. १ मा दिइएको अनुच्छेदबाट क्रियापद पहिचान गरी कापीमा टिपोट गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई प्रश्न न. २ मा दिइएको उदाहरणका आधारमा कियापदको रूप परिवर्तन गर्न सिकाउनुहोस् । रूप परिवर्तनभन्दा अगाडि र पछाडिका क्रियापद प्रयोग गरी वाक्य निर्माण गर्न लगाउनुहोस् । त्यसपछि दुई वाक्यले दिने अर्थलाई तुलना गर्न लगाएर कियापदले जनाउने समयलाई प्रष्ट पारी कालको धारणा बसाउनुहोस् र बितेको समय जनाउने क्रियापदले भूतकाललाई जनाउने कुरा उदाहरणद्वारा प्रष्ट पार्नुहोस् ।

**जस्तै : भाइ मुनामदन पढ्छ । = भाइले मुनामदन पढ्यो ।**

४. विद्यार्थीलाई प्रश्न न. ३ को आधारमा पाठको चौथो अनुच्छेदबाट बितेको समय जनाउने क्रियापद प्रयोग भएका तीनओटा वाक्य टिपोट गर्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् र प्रश्न न. ४ मा दिइएको निर्देशनका आधारमा दिइएका क्रियापदको प्रयोग गरी वाक्य बनाउन लगाउनुहोस् । जस्तै : गएँ = म घर गएँ ।

६. विद्यार्थी समूहका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपश्चात् प्रत्येक समूहलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् र ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका जस्तै क्रियापद प्रयोग गरी एकएक वाक्य बनाउन लगाउनुहोस् :

सुते, भनें, गऱ्यो, पाक्यो, हेऱ्यौँ

(ख) अनुच्छेद तीनबाट बितेको समय जनाउने क्रियापद प्रयोग भएका पाँच वाक्य टिपोट गर्न लगाउनुहोस् ।

## एघारौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वर्णविन्यास (श/ष/स को पहिचान र प्रयोग)<br>• सुनाइ बोलाइ<br>• सिर्जनात्मक कार्य | • श/ष/स प्रयोग भएका शब्द पहिचान र प्रयोग गर्न<br>• सुनाइ र बोलाइसँग सम्बन्धित भएर निर्दिष्ट कियाकलाप गर्न<br>• व्यक्तिगत विवरण लेखनका लागि आवश्यक तयारी गर्न | • श/ष/स प्रयोग भएका शब्द तथा अनुच्छेद सूची तथा शब्दपत्ती<br>• सुनाइसँग सम्बन्धित अडियो<br>• भक्तराज आचार्यका गीतहरू |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई तलका जस्तै रोचक प्रश्न सोधेर सिकाइप्रति अभिप्रेरित गर्नुहोस् :

३ कप चिया २ जना बाउ र दुई जना छोराले एकएक कप पिउँछन्, कसरी ? ( उत्तर : बुबा, छोरा र नाति)

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले श/ष/स प्रयोग भएका शब्द समेटी अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र फलाटिन पाटीमा टाँसेर अनुच्छेद प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई श/ष/स प्रयोग भएका शब्द छुट्टा छुट्टै टिपोट गर्न र टिपोट गरेका शब्द प्रस्तुत गर्न निर्देश गर्नुहोस् ।

२. शिक्षकले श/ष/स को शुद्ध प्रयोग मिलेका र नमिलेका शब्द छ्यासमिस पारेर शैक्षणिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई शुद्ध शब्द मात्र पहिचान गरेर टिपोट गर्न निर्देश गर्नुहोस् ।

३. शब्दपत्तीको प्रयोग गरेर श/ष/स को प्रयोगको अवधारणाबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् र भाषिक संरचना र वर्णविन्यास अन्तर्गतको प्रश्न न. ५ को क्रियाकलाप गराउनुहोस् । शिक्षकले आवश्यकतानुसार सहजीकरण गर्नुहोस् र पृष्ठपोषण दिनुहोस् ।

४. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ ७ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइडबाट डाउनलोड गरी बढीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

५. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट मौखिक प्रश्नोत्तर सम्बन्धी अभ्यास गराउनुहोस् ।

६. विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक सुझाव दिनुहोस् ।

७. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा भक्तराज आचार्यका प्रसिद्ध गीतहरूको बारेमा मौखिक छलफल गराउनुहोस् । सम्भव भएसम्म एक दुईओटा चर्चित गीत पनि सुनाउनुहोस् ।

८. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास ३ मा आधारित भई विद्यार्थीको भविष्यको योजनाका बारेमा छलफल गराउनुहोस् । तपाईं भविष्यमा के बन्न चाहनुहुन्छ भनेर सोध्नुहोस् र किन । ५ मिनेट सोच्ने समय दिनुहोस् त्यसपछि प्रत्येक विद्यार्थीलाई पालैपालो आफ्नो उत्तर भन्ने अवसर दिनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिई हौसला प्रदान गर्नुहोस् ।

९. विद्यार्थीलाई भोलिपल्टको कक्षाका लागि व्यक्तिगत विवरण लेखनका लागि आवश्यक तयारी गरेर आउन लगाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) पाठबाट श/ष/स प्रयोग भएका शब्द पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई आफ्नो भविष्यको योजनाका बारेमा पाँच वाक्य भन्न लगाउनुहोस् ।

(ग) शुद्ध शब्द पहिचान गरी लेख्न लगाउनुहोस् :

(अ) शाहस, साहष, साहस

(आ) षट्कोण, सटकोण, शटकोण

(इ) सक्ति, शक्ति, षक्ति

## बाह्रौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जनात्मक कार्य (व्यक्तिगत विवरण पठन, लेखन र प्रस्तुति) | • निर्देशित व्यक्तिगत विवरण पढ्न र लेख्न<br>• आफ्नो व्यक्तिगत विवरण तयार पारी प्रस्तुत गर्न | • व्यक्तिगत विवरणको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई कुनै गीत, चुट्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरी नमुनाका रूपमा कुनै एक व्यक्तिको व्यक्तिगत विवरणको नमुना प्रस्तुत गर्नुहोस् । कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् र व्यक्तिगत विवरण लेखनको धारणा बसाउनुहोस् ।

२. शिक्षकले आफ्नो व्यक्तिगत विवरण लेखनका लागि आवश्यक विवरण कालो वा सेतो पाटीमा टिपोट गर्नुहोस् र व्यक्तिगत विवरण तयार पारेर देखाउनुहोस् ।

३. सिर्जनात्मक कार्यको प्रश्न न. १ मा दिइएको व्यक्तिगत विवरण पढ्न लगाउनुहोस् र प्रत्येक विद्यार्थीलाई सोही ढाँचामा आफ्नो व्यक्तिगत विवरण रचना गर्न लगाउनुहोस् ।

४. व्यक्तिगत विवरण लेखन कार्य सकिएपश्चात् प्रत्येक विद्यार्थीलाई आआफ्नो व्यक्तिगत विवरण सुनाउन लगाउनुहोस् र सुनाइसकेपछि धन्यवाद दिँदै अन्य विद्यार्थीलाई ताली बजाउन लगाउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण पनि दिनुहोस् ।

५. विद्यार्थी समूहलाई फरक फरक विद्यार्थीको नामको चिट्टा तान्न लगाई सो विद्यार्थीको व्यक्तिगत विवरण लेखनका लागि आवश्यक विवरण सङ्कलन गर्न लगाउनुहोस् र व्यक्तिगत विवरण लेख्न लगाउनुहोस् ।

६. विद्यार्थी समूहले तयार पारेका व्यक्तिगत विवरणलाई साफी लेखन गर्न चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । तयार पारिएका व्यक्तिगत विवरणलाई प्रस्तुत गर्न लगाउनुहोस् र सूचना पाटीमा वा सेतो/कालोपाटीमा टाँस्न लगाउनुहोस् । उनीहरूको कामको उचित मूल्याङ्कन गरी स्याबासी दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएको विवरणका आधारमा व्यक्तिगत विवरण तयार गर्नुहोस् :

नाम : रोशन खतिवडा

जन्ममिति : २०६८/०५/२०

बुबाको नाम : बिनोद खतिवडा

आमाको नाम : अमृता खतिवडा

प्रदेश : गण्डकी

जिल्ला : तनहुँ

नगरपालिका : शुक्लागण्डकी

राष्ट्रियता : नेपाली

धर्म : हिन्दु

भाषाको ज्ञान : नेपाली, हिन्दी, अङ्ग्रेजी

शिक्षा : ६ कक्षामा अध्ययनरत

रुचि : अध्ययन, गायन र खेलकुद

भविष्यको योजना : गायक बन्ने

**पाठ : ८**
**शीर्षक : कुरिलो खेती**
**विधा : निबन्ध**
**कार्यघण्टा : ११**

## परिचय

'कुरिलो खेती' कृषिसँग सम्बन्धित निबन्ध विधाको पाठ हो । निबन्ध शिक्षणको मुख्य उद्देश्य विद्यार्थीमा गद्यात्मक अभिव्यक्ति बोध क्षमता र गद्यात्मक लिखित अभिव्यक्ति क्षमता विकास गर्नु हो । तसर्थ निबन्ध शिक्षणका क्रममा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ ।

यस पाठबाट विद्यार्थीमा सुनाइ र मुख्य विषय टिपोट, विषयवस्तुको सार प्रस्तुति, कल्पनाका आधारमा विषय वर्णन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समयबद्ध सस्वर पठन र गति वृद्धि, मौन र द्रुत पठन, संरचना पहिचान, पाठको विषयवस्तु बोध र सन्देश ग्रहण जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत विषयवस्तु वर्णन, मुख्य मुख्य बुँदा टिपोट, प्रश्नोत्तर, सारांश लेखन र अनुच्छेद लेखन लगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत स्थानीय प्रविधि तथा औजारसँग सम्बन्धित शब्दको पहिचान, अर्थबोध र प्रयोग तथा पाठगत शब्दको अर्थबोध र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत वर्तमान कालको पहिचान र प्रयोगका क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत शब्दमा छ्य/क्ष को पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा कृषिसम्बन्धी प्रयोजनपरक भाषिक सञ्चार भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । परियोजना कार्यअन्तर्गत विभिन्न कृषि पेशा वा व्यवसायसँग सम्बन्धित अनुच्छेद लेखनसम्बन्धी क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ ।

पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ ८ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउन आवश्यक हुन्छ ।

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● चित्रवर्णन र छलफल<br>● सस्वर वाचन र शुद्धोच्चारण (अनुच्छेद १ र २)<br>● शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>● बोध प्रश्नोत्तर | ● दिइएका चित्र बोध गरी वर्णन गर्न<br>● विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>● अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>● नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>● पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | ● पूर्व पठन खण्डका चित्र( च्याउ, उखु, किवी र रुद्राक्ष)<br>● शब्दार्थ पत्ती<br>● वाक्य पत्ती<br>● प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको एकिन गर्नुहोस् ।

२.उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएका च्याउ, उखु, किवी र रुद्राक्षका चित्र प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी प्रत्येक चित्रका बारेमा भन्न लगाउनुहोस् । यसो गरेमा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई छलफल गर्दै जानुहोस् ।

३. छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

४. शिक्षकले विभिन्न खेतीका बारेमा समूहगत रूपमा छलफल गराई धारणा स्पष्ट पार्नुहोस् ।

५. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शिक्षकले पाठको अनुच्छेद १ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

७. विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

८. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारा लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

९. अनुच्छेद १ र २ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

१०. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् । जस्तै : विद्यालय/बिद्.द्या.ल.य/, छुट्टी /छुट्.टि/, अधिकांश/अ.धि.काम्.स/।

११. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै : अधिकांश = धेरैजसो ।

१२. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस् । जस्तै : आकर्षित = बुबाले बजाउनुभएको बाँसुरीको धुनले धेरै जना आकर्षित हुन्छन् ।

१३. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) विद्यालय छुट्टी भएको दिन उपासनाले कसरी बिताउँछिन् ?

(ख) उपासनाका बुबाको मुख्य पेसा के हो ?

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई विभिन्न खेतीसँग सम्बन्धित चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पालैपालो पाठको दोस्रो अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ग) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

खेती, पेसा, असाध्यै, अधिकांश

(घ) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(अ) उपासना कुन विद्यालयमा पढ्छिन् ?

(आ) उपासनाको बुबाले खेतबारीमा के के लगाएका छन् ?

## दोस्रो दिन

१.सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद ३ देखि ६)<br>● शब्दभण्डार<br>(शब्दार्थ र वाक्य रचना)<br>● बोध प्रश्नोत्तर | ● अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>● निर्दिष्ट शब्दको शुद्ध उच्चारण गर्न<br>● नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>● पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | ● शब्दार्थपत्ती<br>● वाक्यपत्ती<br>● प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. मस्तिष्क मन्थनसम्बन्धी कुनै विषयवस्तु सुनाएर/प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि मस्तिष्क मन्थनसम्बन्धी प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद ३ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नहरूको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

४. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो उक्त अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

५. अनुच्छेद सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् । जस्तै : उम्रिएका/उम्.रि.ए.का/, बहुवर्षीय/ब.हु.बर्.सि.य/ ।

७. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै : बारम्बार = लगातार

८. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस् । जस्तै : फाइदा = खेतबारीमा काम गर्दा हाम्रो स्वास्थ्यलाई फाइदा हुन्छ ।

९. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) उपासनाका बुबालाई किन औधी खुसी लाग्छ ?

(ख) कुरिलो कस्तो खेती हो ?

३. **मूल्याङ्कन**

(क) विद्यार्थीलाई पालैपालो पाठको चौथो अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

बहुवर्षीय, जिज्ञासा, उत्पादन, जिज्ञासा

(ग) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) उपासनाका बाबुले छोरीलाई के के काम लगाउँछन् ?

(आ) उपासनाका साथीले कस्तो इच्छा राख्छन् ?

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| ● सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद ७ देखि १०)<br>● शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>● बोध प्रश्नोत्तर<br>● संरचना पहिचान | ● अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>● निर्दिष्ट शब्द शुद्ध उच्चारण गर्न<br>● नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>● पाठका आधारमा बोध प्रश्नोत्तर गर्न<br>● पाठ्य निबन्धको संरचना पहिचान गर्न | ● अनुच्छेदपत्ती<br>● शब्दार्थपत्ती<br>● वाक्यपत्ती<br>● प्रश्नोत्तरका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. बालकविता सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि बालकविता सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद ७ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा उच्चारणमा कठिन लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

४. अनुच्छेद सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका उच्चारणमा कठिन लागेका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

५. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् । जस्तै : काँडा/काँ.डा/, महत्त्व/म.हत्.त्व/, क्याल्सियम/क्याल्.सि.यम्/ ।

६. विद्यार्थीलाई पाठमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै : प्रशस्त = धेरै

७. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थबोध गराउनुहोस् । जस्तै : निधो = हरेरामले आफ्नी छोरीलाई विद्यालय भर्ना गर्ने निधो गरे ।

८. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । जस्तै :

(क) कुरिलो खेतीका लागि कस्तो माटो राम्रो मानिन्छ ?

(ख) कुरिलो स्वास्थ्यका लागि किन उपयोगी हुन्छ ?

९. विद्यार्थीलाई कुरिलो खेतीको निबन्ध पाठ प्रदर्शन गरी संरचना बोध गराउनुहोस् । यस क्रममा निबन्धको आदि, मध्य र अन्त्य भागका मुख्य मुख्य विषयवस्तु प्रदर्शन गर्नुहोस् ।

१०. विद्यार्थी समूहलाई छलफल गरी निबन्धको आदि, मध्य र अन्त्यका विषयवस्तु टिपोट गर्न लगाई कक्षामा प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् । यस क्रममा ताली बजाएर हौसला प्रदान गर्नुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् ।

३. **मूल्याङ्कन**

(क) विद्यार्थीलाई पालैपालो आठौँ अनुच्छेद वाचन गर्न लगाउनुहोस् ।

(ख) काँडा, बलौटे, बहुवर्षीय, व्यवसाय, महत्त्व, रक्तचाप शब्दलाई शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ग) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) कुरिलाका फाइदाहरू के के छन् ? भन्नुहोस् ।

(आ) कुरिलो खेतीबाट कसरी आम्दानी गर्न सकिन्छ ?

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • शब्दभण्डार<br>(पाठगत शब्दको अर्थबोध र प्रयोग, स्थानीय प्रविधि तथा औजारसँग सम्बन्धित शब्दको पहिचान, अर्थबोध र प्रयोग ) | • पाठगत शब्दको अर्थबोध र प्रयोग गर्न<br>• स्थानीय प्रविधि तथा औजारसँग सम्बन्धित शब्दको पहिचान, अर्थबोध र प्रयोग गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• स्थानीय प्रविधि तथा औजारका चित्र |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् । जस्तै : **बाकसजस्तो छ खोल्न बन्द गर्न पाइन्छ, खोल्दा पैसा पाइन्न, संसार चियाउन पाइन्छ, के हो ? उत्तर : टेलिभिजन**

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरी वा प्रिन्ट गरी वा पाठ्यपुस्तकबाट शब्दभण्डारको अभ्यास १ मा दिइएका चित्र प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा विभाजन गरी देखाइएका चित्र पहिचान गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् र समूह कार्यपश्चात् प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई चित्र पहिचानपश्चात् चित्रको नाम कापीमा टिपोट गर्न लगाउनुहोस् र तिनीहरूको कामको बारेमा छलफल गराउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै उत्तर आउने वातावरण तयार गर्नुहोस् ।

४. विद्यार्थीलाई शब्दभण्डारको अभ्यास २ मा दिइएको निर्देशनका आधारमा जोडा मिलाउन लगाउनुहोस् । सम्भव भएसम्म ती वस्तुको चित्र प्रदर्शन गर्नुहोस् ।

५. विद्यार्थीलाई शब्दभण्डारको प्रश्न न. ३ मा दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यपत्तीको प्रयोग गरी वाक्यको नमूना देखाउनुहोस् । जस्तै :

खेतबारी = किसानले खेतबारीमा धेरै किसिमका खेती लगाउँछन् ।

६. कुनै विद्यार्थीलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । विद्यार्थीले वाक्यमा प्रयोग गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क). जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| ढिकी | अन्न सुकाउन |
| जुवा | उखु वा तोरी पेल्न |
| कोल | घाँस काट्न, मल बोक्न |
| मान्द्रो | गोरु नार्न |
| डोको | अन्न कुट्न |

(ख) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ का जस्तै स्थानीय प्रविधिसँग सम्बन्धित चित्र प्रदर्शन गरी पहिचान गर्न लगाउनुहोस् र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## पाँचौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● द्रुतपठन<br>● अनुच्छेद पहिचान<br>● मौखिक तथा लिखित प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेदको द्रुतपठन गर्न<br>● निर्दिष्ट वाक्य प्रयुक्त अनुच्छेद पहिचान गर्न<br>● पाठमा आधारित भई मौखिक तथा लिखित प्रश्नोत्तर गर्न | ● शब्दपत्ती<br>● नमुना<br>● अनुच्छेदपत्ती<br>● मौखिक तथा लिखित प्रश्नोत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१.बालगीत सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेसुनेका बालगीत सुनाउन लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी पाठको पहिलो र दोस्रो अनुच्छेद द्रुतपठन गर्न निर्देशन दिनुहोस् । एउटा समूहलाई समय हेर्न लगाउनुहोस् र अर्को समूहलाई पढ्न लगाउनुहोस् । पढाइ सही भए नभएको साथी समूहलाई सुन्न लगाउनुहोस् । निर्धारित समयमा पढ्ने समूहलाई हौसला प्रदान गर्नुहोस् ।

२. द्रुत पठन गर्न चाहने विद्यार्थीको नाम शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र पाठको चौथो अनुच्छेद एक मिनेटभित्र सस्वरवाचन गर्न लगाउनुहोस् । कम समयमा सस्वरवाचन गर्न सक्ने विद्यार्थीलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई समूहमा विभाजन गरी बोध र अभिव्यक्तिको प्रश्न न.३ मा दिइएका वाक्य कुन कुन अनुच्छेदमा प्रयोग भएका छन् खोजेर लेख्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा मौखिक उत्तर आउने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको नमुना उत्तर भन्नुहोस् । अन्य प्रश्नहरूको उत्तर भन्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर भन्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा लिखित उत्तर आउने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको नमुना उत्तर शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् र कुनै एक विद्यार्थीलाई

सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । अन्य प्रश्नहरूको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् :

(अ) उपासनाका बुबाको मुख्य पेसा के हो ?

(आ) उपासना कुरिलो खेतीप्रति किन आकर्षित हुन्छिन् ?

(इ) उपासनाका साथीले केको बारेमा जान्ने इच्छा राख्छन् ?

(ई) कुरिलो किन अत्यन्तै उपयोगी तरकारी हो ?

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पाठको विषयबोध<br>• पाठको सन्देश ग्रहण<br>• प्रश्न निर्माण | • पाठ्य निबन्धको विषयबोध गर्न<br>• पाठ्य निबन्धको सन्देश ग्रहण गर्न<br>• निर्धारित अनुच्छेदबाट प्रश्ननिर्माण गर्न | • विषयवस्तुका बुँदा<br>• अनुच्छेदपत्ती<br>• प्रश्नसूची |
| • मौनपठन र बुँदा | • निर्धारित अनुच्छेद मौनपठन गर्न | • अनुच्छेदपत्ती |

**२. सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै कविता सुनाएर/प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठ्य निबन्धका अनुच्छेद ६ देखि १० सम्म मौन पठन गर्न लगाउनुहोस् । मौन पठन गर्ने क्रममा उपासनाका बुबाले भनेका कुरालाई रेखाङ्कन गर्न लगाउनुहोस् । मौन पठनपश्चात् रेखाङ्कन गरेका विषयवस्तुलाई कापीमा टिपोट गर्न लगाउनुहोस् र प्रत्येक विद्यार्थीलाई टिपोट गरेको विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् र शिक्षकले आवश्यकतानुसार सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

२. विद्यार्थीलाई सामूहिक रूपमा पाठ्य निबन्धको सन्देशका बारेमा छलफल गराउनुहोस् । विद्यार्थी समूहको छलफलबाट आएका कुरालाई सामूहिक रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीबाट छुटेका कुरा शिक्षकले थपी निष्कर्ष सुनाउनुहोस् र शिक्षक आफैंले तयार पारेको पाठ्य निबन्धको सन्देश प्रदर्शन गरी सोही आधारमा पाठको सन्देश लेख्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहयोग र सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई सामूहिक रूपमा बोध र अभिव्यक्तिको प्रश्न न. ८ मा दिइएको निर्देशनअनुसारको कार्य गर्नका लागि पाठ्य निबन्धको तेस्रो अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् र प्रश्न निर्माण गर्ने तरिकाको बारेमा छलफल गराउनुहोस् । जस्तै :

- दिइएको अनुच्छेद ध्यानपूर्वक पढ्ने
- प्रश्नमा को, के, कहाँ, कहिले, कति, कुन, किन, कसरी जस्ता शब्द रहनुपर्ने
- प्रश्न बनाउने क्रममा मुख्य उत्तरलाई ठम्याउनुपर्ने
- विभिन्न प्रश्नात्मक शब्द प्रयोग गरी प्रश्नलाई विविधता बनाउनुपर्ने

४. बोध र अभिव्यक्तिको प्रश्न न. ८ का आधारमा विद्यार्थी समूहलाई तेस्रो अनुच्छेदबाट तीनओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

५. विद्यार्थी समूहलाई क्रमैसँग प्रश्न प्रस्तुति गर्न लगाउने र अन्य विद्यार्थी समूहलाई उक्त प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा प्रत्येक प्रश्न र उत्तर मिलाएबापत ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई पाठ्य निबन्धको सन्देश ले पाठ्य निबन्धको सन्देश लेख्न लगाउनुहोस् ।

(ख) विद्यार्थी समूहलाई पाठको दोस्रो अनुच्छेदबाट चारओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् र उत्तर पनि लेख्न लगाउनुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

**२. सहजीकरण कियाकलाप**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • मौनपठन र बुँदा | • निर्धारित अनुच्छेद मौनपठन गर्न | • अनुच्छेदपत्ती |
| • टिपोट<br>• सारांश लेखन | • बुँदा टिपोट गर्न<br>• पाठ्य निबन्धको सारांश लेख्न | • बुँदासूची<br>• सारांशको नमुना |

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै गजल सुनाएर/प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्दिष्ट मौन पठनका लागि सातौँ अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको नमुना अनुच्छेदलाई मौन पठन गर्न निर्देश गर्नुहोस् । प्रस्तुत अनुच्छेदबाट बुँदा टिपोट कसरी गर्ने भन्ने सम्बन्धमा विद्यार्थीसँग भएको जानकारीका सम्बन्धमा सोधपुछ गर्नुहोस् । विद्यार्थीलाई बुँदा टिपोट के हो र बुँदा लेखन गर्दा ख्याल गर्नुपर्ने निम्न कुरामा विद्यार्थीलाई जानकारी गराउनुहोस् :

**बुँदा लेखन तथा बुँदा टिपोट**

बुँदाले मुख्य कुरालाई बुझाउँछ । कुनै पाठ्यांशको मर्म बुझेर बुँदामा उतार्नु बुँदा टिपोट हो । यसमा कुनै अनुच्छेद वा वक्तव्यका मुख्य मुख्य कुरालाई सुव्यवस्थित र बुँदागत रूपमा पहिचान गरी लेख्ने कार्य हुन्छ ।

२. बुँदा टिपोटको बारेमा विद्यार्थीलाई जानकारी गराउँदै प्रस्तुत गरिएको अनुच्छेदका आधारमा विद्यार्थीलाई मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका बुँदा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आवश्यक संशोधनसहित शिक्षकले टिपोट गरेका बुँदालाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् ।

३. पाठको तेस्रो अनुच्छेद प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेद पढेर बुँदा टिपोट गर्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीले टिपोट गरेका बुँदालाई पढेर सुनाउन लगाउनुहोस् ।

४. विद्यार्थीलाई पाठका सबै अनुच्छेद मौन पठन गर्न लगाई मुख्य मुख्य बुँदा पहिल्याएर रेखाङ्कन गर्न लगाउनुहोस् र मुख्य मुख्य बुँदा कापीमा टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका मुख्य मुख्य बुँदालाई समेटी सारांश लेख्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । सारांश लेखनपश्चात् प्रत्येक विद्यार्थीलाई सारांश प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गरी हौसला दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई बुँदा टिपोटका लागि तेस्रो अनुच्छेद दिनुहोस् । टिपोट गरेका बुँदा एकआपसमा साटासाट गरेर हेर्न लगाउनुहोस् । कुनै विद्यार्थीलाई कक्षा प्रस्तुति गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थी समूहलाई पाठको आठौँ अनुच्छेदबाट चारओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

## आठौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुच्छेद लेखन<br>• भाषिक प्रकार्य ( कुराकानी) | • निर्दिष्ट विषयवस्तुमा आधारित भई अनुच्छेद लेख्न<br>• कुनै विषयवस्तु/समस्यामा केन्द्रित भई कुराकानी गर्न | • अनुच्छेदपत्ती<br>• कुराकानीसँग सम्बन्धित अडियो/भिडियो |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई गाउँखाने कथा सुनाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि गाउँ खाने कथा सुनाउन लगाउनुहोस् । **जस्तै : लेकबाट बेसी झऱ्यो लामालामा कान, एउटी छोरी पाएपछि खुकुरीले हान, के हो ?**

**उत्तर : केरा**

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र बोध र अभिव्यक्तिको प्रश्न न. ९ मा दिइएको निर्देशनअनुसार कुरिलो खेती शीर्षकमा पाँच वाक्यको एउटा अनुच्छेद तयार पार्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थी समूहलाई आवश्यक सहयोग गर्नुहोस् । अनुच्छेद लेखनपश्चात् प्रत्येक विद्यार्थी समूहलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषणसहित निष्कर्ष सुनाउनुहोस् ।

२. विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र बोध र अभिव्यक्तिको प्रश्न न. १० मा दिइएको निर्देशनअनुसार विद्यार्थीलाई जानकारी भएको कुनै एक तरकारी खेतीका बारेमा पालैपालो कुराकानी गर्न लगाउनुहोस् । विद्यार्थी समूहका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपश्चात् प्रत्येक समूहलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

३. बोध र अभिव्यक्तिको प्रश्न न. ११ मा दिइएको निर्देशनअनुसार कुनै दुई विद्यार्थीलाई सोनिया र सौरभको भूमिका निर्वाह गरी दिइएको संवाद पढ्न लगाउनुहोस् र सबैलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् । यसक्रममा विद्यार्थीलाई कुराकानीसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् । भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् ।

४. विद्यार्थी समूहलाई लसुन, मल, बारी, कोदालो, गोडमेल जस्ता शब्द प्रयोग गरी लसुन खेती गर्ने तरिकाका बारेमा कुराकानी गर्न लगाउनुहोस् । विद्यार्थी समूहका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् र ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) कुरिलो खेती गर्ने तरिकाका बारेमा विद्यार्थीबिच सामूहिक कुराकानी गराउनुहोस् ।

(ख) आफूलाई जानकारी भएको कुनै एक खेतीका बारेमा एक अनुच्छेद लेख्न लगाउनुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वर्तमान कालको पहिचान र प्रयोग | • वर्तमान कालको पहिचान र प्रयोग गर्न | • वर्तमान कालको तालिका र उदाहरण<br>• शब्दपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. कुनै एक विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. १ मा दिइएको अनुच्छेद सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।  दिद्यार्थीलाई अनुच्छेदमा भएका प्रत्येक वाक्यबाट क्रियापद पहिचान गर्न लगाउनुहोस् । त्यसपछि वाक्यमा क्रियापद हुँदा र नहुँदा  वाक्यले दिने अर्थका बारेमा छलफल गराउनुहोस् र क्रियापदको धारणा बसाउनुहोस् ।

२. विद्यार्थीलाई प्रश्न न. १ मा दिइएको अनुच्छेदबाट क्रियापद पहिचान गरी कापीमा टिपोट गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई प्रश्न न. २ मा दिइएको उदाहरणका आधारमा क्रियापदको रूप परिवर्तन गर्न सिकाउनुहोस् । रूप परिवर्तनभन्दा अगाडि र पछाडिका क्रियापद प्रयोग गरी वाक्य निर्माण गर्न लगाउनुहोस् । त्यसपछि दुई वाक्यले दिने अर्थलाई तुलना गर्न लगाएर क्रियापदले जनाउने समयलाई प्रष्ट पारी कालको धारणा बसाउनुहोस् र अहिलेको समय जनाउने क्रियापदले वर्तमान काललाई जनाउने कुरा उदाहरणद्वारा प्रष्ट पार्नुहोस् ।

**जस्तै : भाइले किताब किन्यो । = भाइ किताब किन्छ ।**

४. विद्यार्थीलाई प्रश्न न. ३ को आधारमा पाठको दोस्रो अनुच्छेदबाट वर्तमान वा अहिलेको समय जनाउने क्रियापद प्रयोग भएका तीनओटा वाक्य टिपोट गर्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् र प्रश्न न. ४ मा दिइएको निर्देशनका आधारमा तपाइँहरू कक्षामा के के गर्नुहुन्छ भन्ने प्रश्नको उत्तर सामूहिक रूपमा लेख्न लगाउनुहोस् । विद्यार्थी समूहका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपश्चात् प्रत्येक समूहलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् र ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

६. अनुच्छेद पाँचबाट अहिलेको समय जनाउने क्रियापद प्रयोग भएका पाँच वाक्य टिपोट गर्न लगाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) अनुच्छेद पाँचबाट अहिलेको समय जनाउने क्रियापद प्रयोग भएका पाँच वाक्य टिपोट गर्न लगाउनुहोस् ।

(ख) दिइएका क्रियापद प्रयोग गरी एकएक वाक्य बनाउन लगाउनुहोस् :

समात्छ, भाग्छ, गाउँछ, पाक्छ, हेर्छ

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● वर्णविन्यास (छ्य/क्ष)<br>● सुनाइ पाठ ८ (छलफल, प्रश्नोत्तर र प्रस्तुति)<br>● परियोजना कार्य | ● छ्य/क्ष वर्णको पहिचान र प्रयोग गर्न<br>● विषयवस्तुको सुनाइ र बोध गर्न<br>● विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर<br>● सुनेका विषयवस्तुको श्रुति वर्णन गर्न<br>● निर्दिष्ट परियोजना कार्य गर्न | ● सुनाइ पाठ ८ को अडियो सामग्री, प्रश्न पत्ती, छलफलका लागि बुँदा |

### (क) सुरुआती क्रियाकलाप

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई सुनाइसम्बन्धी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

१. शिक्षकले 'छ्य' र 'क्ष' को उपयुक्त प्रयोग मिलेका र नमिलेका शब्द फलाटिन पाटीमा टाँस्नुहोस् । विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न र सबै विद्यार्थीलाई सार्न लगाउनुहोस् ।

२. शिक्षकले शैक्षणिक पाटीमा 'छ्य' र 'क्ष' का उपयुक्त प्रयोगगत त्रुटि भएका शब्द लेख्नुहोस् । विद्यार्थीलाई सच्याएर लेख्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीलाई अगाडि आएर शैक्षणिक पाटीमै लेख्न प्रेरित गर्नुहोस् । शिक्षकले आवश्यक संशोधन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

३. शिक्षकले 'छ्य' र 'क्ष'को उपयुक्त प्रयोग भएका शब्द भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र फलाटिन पाटीमा टाँसेर अनुच्छेद प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई 'छ्य' र 'क्ष'को उपयुक्त प्रयोग भएका शब्द छुट्टा छुट्टै टिपोट गर्न र टिपोट गरेका शब्द प्रस्तुत गर्न निर्देश गर्नुहोस् ।

४. शिक्षकले 'छ्य' र 'क्ष' को शुद्ध प्रयोग भएका र नभएका शब्द छ्यासमिस पारेर शैक्षणिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई शुद्ध शब्द मात्र पहिचान गरेर टिपोट गर्न निर्देश गर्नुहोस् ।

५. शब्दपत्तीको प्रयोग गरेर 'छ्य' र 'क्ष'को उपयुक्त प्रयोग गरिने शब्दको अवधारणाबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् र भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. ५ मा दिइएको निर्देशनका आधारमा दिइएका शब्द शुद्ध गरी लेख्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहयोग गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

६..विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

७ विद्यार्थीलाई परिशिष्टमा रहेको सुनाइ पाठ ८ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी बढीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

८. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी मौखिक प्रश्नोत्तर गराउनुहोस् ।

९. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न लगाउनुहोस् ।

१०. विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

११. विद्यार्थीलाई समूहमा विभाजन गरी मङ्गल शेर्पा कस्ता किसान हुन् भन्ने बारेमा छलफल गर्न लगाउनुहोस् । विद्यार्थीले छलफल गरेका कुरालाई पालैपालो प्रस्तुतिको अवसर दिनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

१२. विद्यार्थीलाई सुनाइ पाठ ८ सुनेका आधारमा स्याउ खानाले हुने पाँचओटा फाइदा भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

१३. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी परियोजना खण्डमा दिइएको निर्देशनका आधारमा एउटा अनुच्छेद लेखेर ल्याउन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) सुनाइ पाठ ८ मा कुन विषयवस्तु वर्णन गरिएको छ, भन्नुहोस् ।

## एघारौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● परियोजना कार्य (सूचना सङ्कलन र अनुच्छेद लेखन) | ● विभिन्न पेशा वा व्यवसायका बारेमा सोधखोज गरी सूचना सङ्कलन गर्न र सोही आधारमा अनुच्छेद रचना गर्न | ● अनुच्छेदका शीर्षकपत्ती<br>● विभिन्न पेशा वा व्यवसायसँग सम्बन्धित चित्र |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले रचना गरेका प्रस्तुति सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सिर्जना/परियोजना खण्डका आधारमा अनुच्छेद रचना गर्ने तरिका सिकाउनुहोस् । यस क्रममा विद्यार्थीलाई अनुच्छेदको संरचना र ढाँचाको बारेमा छलफल गराउनुहोस् र निम्नलिखित कुराको जानकारी दिनुहोस् ।

- सम्बन्धित शीर्षक वा विषयवस्तुमा आधारित भई बुँदा टिपोट गर्ने
- सम्बन्धित बुँदालाई अनुच्छेदको आदि, मध्य र अन्त्यका आधारमा विभाजन गर्ने
- विषयवस्तुलाई पुष्टि गर्ने किसिमका विचार, तर्क, उदाहरण आदि थप गर्ने
- सफा र शुद्धसँग आकर्षक शैलीमा अनुच्छेद लेख्ने
- अनुच्छेदलाई शीर्षकीकरण गर्ने
- अभ्यासात्मक चरणमा खेस्रा लेखन र साफी लेखन गर्ने

२. शिक्षक आफैंले कुनै विषयसँग सम्बन्धित भई तयार पारेको अनुच्छेद प्रदर्शन गर्नुहोस् । कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

३. परियोजना कार्यअन्तर्गत रहेर अगिल्लो दिन दिइएको फलफूल व्यवसायसँग सम्बन्धित भई आफ्ना अभिभावकसँग सोधखोज गर्ने कार्य विद्यार्थीले गरे नगरेको एकिन गर्नुहोस् । विद्यार्थीले टिपोट गरेर ल्याएका बुँदा प्रत्येक विद्यार्थीलाई पालैपालो कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीबाट प्रतिक्रिया लिने र शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. विद्यार्थीलाई क्रमिक सिकाइ रणनीति उपयोग गरी बुँदा संयोजन गरी विषयवस्तु पुष्टि हुने किसिमका तर्क, विचार, उदाहरणलाई समेत समेटेर अनुच्छेद लेख्न लगाउनुहोस् ।

५. विद्यार्थी समूहलाई परियोजना कार्यको अभ्यास १ का आधारमा अनुच्छेद रचना गर्नको लागि चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको अनुच्छेद

रचनासम्बन्धी गृहकार्यलाई साफी लेखन गर्न लगाउनुहोस् । विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले लेखेको अनुच्छेद परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थी समूहलाई आफ्नो गाउँ वा टोलमा विभिन्न पेसा वा व्यवसाय गर्ने मानिसमध्ये तरकारी व्यवसाय गर्ने मानिसले आफूले उत्पादन गरेको तरकारी टिप्न, बजारसम्म पुऱ्याउन र बिक्रीबाट कमाएको पैसा कहाँ र कसरी सदुपयोग गर्छन् होला भन्ने विषयमा छलफल गर्न लगाएर मुख्य मुख्य बुँदा टिपोट गर्न लगाउनुहोस् र ती बुँदालाई समेटेर अनुच्छेद लेख्न लगाउनुहोस् र कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् । विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**पाठ : ९**

**शीर्षक : घमन्डको फल**

**विधा : कथा**

**कार्यघण्टा : १०**

## परिचय

'घमन्डको फल' पौराणिक कथा हो । कथा विधा शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण गर्नु हो । कथामा सरल, सहज र यथार्थपरक प्रस्तुति हुन्छ । कथामा वाक्य गठनको सरलता र कथनात्मक अभिव्यक्ति हुने हुनाले भाषिक सिपको विकासमा यसलाई उपयोगी विधा मानिन्छ ।

पाठ शिक्षणका क्रममा सुनाइ तथा अनुमान र वर्णन, सार ग्रहण र प्रतिक्रिया, लक्ष्य पहिचान र विषयवस्तुको सन्दर्भबोध, पात्र, घटना तथा सन्दर्भका बारेमा स्वविचार प्रस्तुति, पात्र परिवर्तन र पुनर्कथन जस्ता सुनाइ र बोलाइका क्रियाकलाप गराउनुपर्छ । समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र विषयवस्तु बोध, संरचना, पात्र र घटना पहिचान, विषयवस्तुको तथ्य वा कारण खोज तथा पहिचान र चित्र कथा वर्णन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत पात्र परिचय लेखन, पाठका विषयवस्तुमा आधारित वर्णन र पात्र तुलना, घटनाक्रम मिलान, प्रश्नोत्तर, श्रुति लेखन, निर्देशित वा अनुकरणत्मक कथा लेखन, वाक्य शृङ्खला लेखनलगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत समावेशी र समावेश्य शब्द पहिचान र प्रयोग तथा पाठगत शब्दको अर्थबोध र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत भविष्यत् कालको पहिचान र प्रयोगसम्बन्धी क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत चन्द्रविन्दु र शिरविन्दुको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा अनुमानसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ ।

परियोजना कार्यअन्तर्गत निर्देशित कथा लेखनसम्बन्धी कक्षा प्रस्तुति गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएको सुनाइ पाठ ९ का आधारमा प्रयोगात्मक किसिमबाट

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● चित्र कथा रचना र सन्देश ग्रहण<br>● सस्वर पठन<br>(अनुच्छेद १ देखि ३) | ● दिइएका चित्रका आधारमा कथा रचना गरी सन्देश ग्रहण गर्न<br>● पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वर पठन गर्न | ● पूर्व पठन खण्डका चित्र<br>● अनुच्छेदपत्ती<br>● शब्दपत्ती र अर्थपत्ती |

| | | |
|---|---|---|
| ● शुद्धोच्चारण<br>● शब्दभण्डार(शब्दार्थ र वाक्य रचना)<br>● बोध प्रश्नोत्तर (अनुच्छेद १) | ● पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>● पाठका निर्दिष्ट शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>● पाठको अनुच्छेद १ का आधारमा बोध प्रश्नोत्तर गर्न | ● प्रश्नोत्तर चार्ट |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई पौराणिक विषयवस्तुमा आधारित सन्देशमूलक लघुकथा सुनाउनुहोस् ।

२. विद्यार्थीलाई पनि कथा सुनाउन प्रोत्साहन गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएका चित्रहरू प्रदर्शन गरी चित्रका बारेमा छलफल गराउनुहोस् ।

२. प्रत्येक विद्यार्थीलाई चित्रका बारेमा वर्णन गर्न लगाउनुहोस् र विद्यार्थीले दिएको उत्तर सेतोपाटीमा टिपोट गर्नुहोस् र विद्यार्थीसँगको छलफलबाट निस्किएका सान्दर्भिक विषयवस्तुलाई समेटेर कथा बनाउनुहोस् । त्यसपछि कथाले दिन खोजेको सन्देशका बारेमा छलफल गराउनुहोस् र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

३. पाठको अनुच्छेद १ लाई सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट प्रदर्शन गर्नुहोस् र शिक्षकले गति, यति र हाउभाउसहित आदर्श वाचन गरेर सुनाउनुहोस् ।

४. विद्यार्थीलाई पाठका १, २ र ३ अनुच्छेद पालैपालो गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । जस्तै : द्वापर/द्वा.पर्/, सामग्री/सा.मग्.रि/ । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र तिनका अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

जस्तै : चाहना = इच्छा

मेरो असल नागरिक बन्ने चाहना छ ।

७. पाठको पहिलो अनुच्छेदका आधारमा बोध प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा अनुच्छेद पढ्ने तरिका, प्रश्न बुझ्ने तरिका तथा अनुच्छेदबाट उत्तर पहिचान गर्ने तरिका सिकाइ उत्तर भन्न र लेख्न सिकाउनुहोस् ।

जस्तै :

**प्रश्नहरू :**

(क) गाउँका मुखियाको नाम के थियो ?

(ख) मुखियाको इज्जत किन बढेको थियो ?

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

भेला, इज्जत, वर्षा, सम्मान

(ख) विद्यार्थीलाई अनुच्छेद १, २ र ३ का आधारमा बोध प्रश्नोत्तर गराउनुहोस् :

**प्रश्नहरू :**

(अ) गोकुलका मुखियाको नाम के थियो ?

(आ) ककसलाई पानीको आवश्यकता पर्छ ?

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सस्वर पठन (अनुच्छेद ४ देखि ७ सम्म)<br>• शुद्धोच्चारण<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर (अनुच्छेद ४) | • पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर चार्ट |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला भन्न लगाई सिकाइ प्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. पाठको चौथो अनुच्छेदलाई  शिक्षकले गति, यति, भाव र हाउभाउसहित आदर्श वाचन गरेर सुनाउनुहोस् ।

२. विद्यार्थीलाई पाठका अनुच्छेद ५ देखि ७ सम्म पालैपालो गति, यति र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै : गोवर्धन/गो.बर्.धन्/, मुसलधारे/मु.सल्.धा.रे/ ।

५. विद्यार्थीलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । जस्तै : स्वच्छ = सफा

**हामीले आफ्नो वरपरको वातावरण स्वच्छ राख्नुपर्छ ।**

७. शिक्षकले विद्यार्थीद्वारा रचना गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. पाठको ४, ५, ६ र ७ अनुच्छेदलाई सुनाउनुहोस् । त्यसपछि श्रुतिबोधात्मक प्रश्नोत्तर गराउनुहोस्

**नमुना प्रश्न :**

**ठिक बेठिक छुट्याउनुहोस् :**

(क) कामअनुसार कर्मको फल पनि भोग्नुपर्छ ।

(ख) कृष्णको कुरा कसैलाई ठिक लागेन ।

(ग) इन्द्रले गोकुल गाउँ नै डुबाउन आदेश दिए ।।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई पालैपालो पाठका पाँचौँ अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

चुर, बर्सन, हानि, चकनाचुर

(ग). दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(अ) नन्दबाबाको कुरा सुनेपछि कृष्णले के भने ?

(आ) किन सबैलाई दुःख पायौँ भन्ने लाग्यो ?

(इ) कति दिनसम्म घनघोर वर्षा भयो ?

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद ८ देखि ११)<br>● शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>● बोध प्रश्नोत्तर<br>● संरचना पहिचान | ● निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>● निर्दिष्ट शब्दको शुद्ध उच्चारण गर्न<br>● नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>● पाठका आधारमा बोध प्रश्नोत्तर गर्न<br>● संरचना पहिचान गर्न | ● शब्दार्थपत्ती<br>● वाक्यपत्ती<br>● प्रश्नोत्तरको नमुना<br>● अनुच्छेदपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. मस्तिष्क मन्थनसम्बन्धी कुनै विषयवस्तु सुनाएर/प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि मस्तिष्क मन्थनसम्बन्धी प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद ८ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नहरूको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

४. शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो उक्त अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

५. अनुच्छेद सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका उच्चारणमा कठिन लागेका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् । जस्तै : अहङ्कार/अ.हङ्.कार्/, ऐश्वर्य/ऐस्.स्वर्.य)/ ।

७. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै : बाचा = कबुल, प्रतिज्ञा

८. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस् । जस्तै : रक्षा = सिपाहीले देशको रक्षा गर्छन् ।

९. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) इन्द्रले किन माफी मागे ?

(ख) इन्द्रको घमन्ड कसरी शान्त भयो ?

(ग) कहिलेदेखि गोवर्धन पूजा गर्ने चलन चल्यो ?

१०. विद्यार्थीलाई घमन्डको फल कथा पाठ प्रदर्शन गरी संरचना बोध गराउनुहोस् । यस क्रममा कथाको आदि, मध्य र अन्त्य भागका मुख्य मुख्य विषयवस्तु प्रदर्शन गर्नुहोस् ।

११. विद्यार्थी समूहलाई छलफल गरी कथाको आदि, मध्य र अन्त्यका विषयवस्तु टिपोट गर्न लगाई कक्षामा प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् । यस क्रममा ताली बजाएर हौसला प्रदान गर्नुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् ।

३. **मूल्याङ्कन**

(क) विद्यार्थीलाई पालैपालो पाठको नवौँ अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

घमन्ड, चलन, बाचा, प्रकृति

(ग) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) "म शक्तिशाली छु, मलाई सबैले मान्नुपर्छ" यो कसले कसलाई भनेको हो ?

(आ) गोकुलबासी किन खुसी भए ?

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ३. शब्दभण्डार (पाठगत शब्दको अर्थबोध र प्रयोग, समावेशी र समावेश्य शब्द पहिचान र प्रयोग) | • पाठगत शब्दको अर्थबोध र प्रयोग गर्न<br>• समावेशी र समावेश्य शब्दको पहिचान र प्रयोग गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. छोटा कविता सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकिएका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. सर्वप्रथम विद्यार्थीलाई आफ्नो कक्षाकोठाको अवस्थाअनुसार समूहमा विभाजन गर्नुहोस् ।

२. विद्यार्थी समूहलाई पाठको शब्दभण्डार खण्डको अभ्यास १ मा भएका पदावलीका अर्थ पाठबाट पहिचान गर्न सिकाउनुहोस् । जस्तै : **पुराणमा बताइएअनुसार चारमध्ये एक युग = द्वापर**

३. विद्यार्थी समूहलाई अभ्यास १ मा भएका पदावलीका अर्थ पाठबाट पहिचान गरी लेख्न लगाउनुहोस् । विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीले पहिचान गरेका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले कार्य गरिसके पश्चात् कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास २ मा दिइएका पदावलीलाई मिल्ने अर्थसँग जोडा मिलाउन सिकाउनुहोस् । जस्तै : रिसले चुर हुनु = धेरै रिसाउनु

६. वाक्यपत्तीको सहायताले शब्दभण्डार खण्डको अभ्यास २ मा भएका पदावलीको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् । जस्तै : रिसले चुर हुनु = भाइले सिसाकलम हराएकाले श्याम रिसले चुर भयो ।

७. विद्यार्थीलाई अभ्यास २ मा दिइएका पदावलीको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहयोग गर्नुहोस् । लेखन कार्य सकिएपश्चात् साथी साथीबिच कापी साटसाट गरी परीक्षण गर्न लगाउनुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. शिक्षकले सम्भव भएसम्म प्रोजेक्टरबाट विभिन्न समावेश्य अर्थ दिने वस्तुको चित्र वा वास्तविक वस्तु प्रस्तुत गर्नुहोस् । प्रस्तुत गरिएका चित्र वा वस्तुलाई कुन समावेशक शब्दमा समावेश गर्न सकिन्छ भनी केही समय विद्यार्थीलाई सोच्ने समय दिनुहोस् । प्रस्तुत गरिएका समावेश्य चित्र वा वस्तु समावेश हुने समावेशक अर्थ दिने शब्दका विकल्प दिनुहोस् । उपयुक्त विकल्प छनोट गरी टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीलाई टिपोट गरेका समावेश्य शब्द प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् । विविध समावेश्य चित्र देखाउँदै यो प्रक्रिया पटक पटक दोहोऱ्याउनुहोस् ।

९. जुन शब्दभित्र अन्य शब्द समावेश हुन्छन्, त्यस्ता शब्द समावेशक शब्द हुन् । समावेशक शब्दभित्र समावेश हुने शब्द समावेश्य शब्द हुन् भन्ने कुरा हेक्का राख्नुहोस् । जस्तै : बाजा समावेशक शब्द हो । बाजामा समावेश हुने डम्फु, ढोलक, मादल, बाँसुरी, आदि समावेश्य शब्द हुन् ।

१०. कुनै एक विद्यार्थीलाई शब्दभण्डारको अभ्यास ३ मा दिइएका शब्द सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् र ती शब्दको सम्बन्धका बारेमा छलफल गराएर समावेश्य र समावेशक शब्दको धारणा बसाउनुहोस् । त्यसपछि अभ्यास ४ को समूह क र ख मा दिइएका शब्दबिच जोडा मिलाउन लगाउनुहोस् । शिक्षकले आवश्यकतानुसार सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

११. समावेशक र समावेश्य शब्दका शब्दपत्ती फलाटिन शैक्षणिक पाटीमा प्रस्तुत गर्नुहोस् । शब्दलाई छ्यासमिस पारी राख्नुहोस् । समावेश्य शब्द र समावेशक शब्द पहिचान गरी छुट्टाछुट्टै समूहमा टिपोट गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द प्रस्तुत गर्न अवसर प्रदान गर्नुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) समावेशक र समावेश्य शब्द छ्यासमिस पारेर दिई टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरे नगरेको मूल्याङ्कन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिलेखन<br>• अनुच्छेद पहिचान<br>• पात्र चित्रण<br>• मौन पठन र प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद श्रुतिलेखन गर्न<br>• पाठका अनुच्छेद र अनुच्छेदमा भएका वाक्य पहिचान गर्न<br>• पाठ्य विषयवस्तुमा आधारित भई पात्रको चरित्र चित्रण गर्न<br>• निर्दिष्ट अनुच्छेद मौन पठन गरी सोधिएका प्रश्नको उत्तर भन्न | • अनुच्छेदपत्ती<br>• चरित्र चित्रणको नमुना<br>• प्रश्नसूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै पौराणिक पात्रका बारेमा प्रेरणादायी कथन सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि यस किसिमका कथन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकिएका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिका दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न, पदयोग र पदवियोग आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् र विद्यार्थीलाई पाठको पहिलो अनुच्छेद श्रुतिलेखन गराउनुहोस् ।

२. विद्यार्थीलाई कथाको दोस्रो अनुच्छेद श्रुतिलेखन गर्न लगाउनुहोस् । श्रुतिलेखन पश्चात् केही विद्यार्थीको कापीलाई नमुना मानेर सम्भावित त्रुटिका क्षेत्र (जस्तै : ब/व/ओ, श/ ष/स, चन्द्रबिन्दु र शिरबिन्दु, ह्रस्व र दीर्घ) सम्बन्धी उदाहरणसहित छलफल गराउनुहोस् । श्रुतिलेखन गर्ने काम सकिएपछि आफैँले पाठमा हेरी परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी परीक्षणका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

३. शिक्षकले विद्यार्थीलाई अनुच्छेदको धारणा बसाउनको लागि कुनै एउटा अनुच्छेदपत्ती प्रदर्शन गर्नुहोस् र त्यसका बारेमा छलफल गराउनुहोस् । अनुच्छेदको संरचना र लेखनको तरिकाका बारेमा पनि छलफल गराउनुहोस् । त्यसपछि पाठ्य कथामा कतिओटा अनुच्छेद रहेछन् गन्न लगाउनुहोस् र सबैभन्दा लामो अनुच्छेदमा कतिओटा

वाक्य प्रयोग भएका छन् गनेर लेख्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा विद्यार्थी समूहलाई कथाका पात्र कृष्णको स्वभाव, विशेषता, चरित्र र भूमिकाका बारेमा छलफल गराउनुहोस् र पात्र कृष्णका बारेमा तीन वाक्य लेख्न लगाउनुहोस् । विद्यार्थी समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीहरूलाई निर्दिष्ट पाठ मनमनै बुझेर पढ्न लगाउनुहोस् । बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ४ मा दिइएका मौखिक उत्तर आउने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको उत्तर आफूले नै मौखिक रूपमा प्रस्तुत गर्नुहोस् । अन्य प्रश्न विद्यार्थीलाई पालैपालो सोध्नुहोस् र मौखिक रूपमा उत्तर भन्न लगाउनुहोस् । आवश्यकताअनुसार उत्तर भन्ने तरिका सिकाउनुहोस् ।

६. बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ६ मा दिइएको अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् र दिइएका मौखिक उत्तर दिने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको उत्तर प्रस्तुत आफैँले भन्नुहोस् । अन्य प्रश्नको उत्तर भन्न विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् । विद्यार्थीले उत्तर भन्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) कसको कुरा सबैलाई ठिक लाग्यो ?

(आ) कृष्णको लहैलहैमा लागेर मेरो पूजा नगर्नेलाई म ठिक पार्छु भनेर कसले कसलाई भनेका हुन् ?

(इ) इन्द्र किन रिसले चुर भए ?

(ख) विद्यार्थीलाई कथाको पात्र इन्द्रका बारेमा तीन वाक्य लेख्न लगाउनुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • घटनाक्रम मिलान<br>• प्रश्न निर्माण<br>• पात्र तुलना<br>• प्रश्नोत्तर | • कथाको घटनाक्रम मिलाउन<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्न निर्माण गर्न<br>• पाठ्य विषयवस्तुमा आधारित भई पात्रको तुलना गर्न<br>• पाठ्य कथामा आधारित भई उत्तर लेख्न | • शब्दपत्ती<br>• प्रश्नसूची<br>• प्रश्नोत्तरपत्ती<br>• अनुच्छेदपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै पौराणिक पात्रका बारेमा प्रेरणादायी कथन सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि यस किसिमका कथन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकिएका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सामूहिक रूपमा बोध र अभिव्यक्तिको प्रश्न न. ७ मा दिइएका घटनाको क्रम मिलाएर लेख्न लगाउनुहोस् । शिक्षकले आवश्कतानुसार सहजीकरण गर्नुहोस् र विद्यार्थीले समूह कार्य गरिसके पश्चात् कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

२. विद्यार्थीलाई सामूहिक रूपमा बोध र अभिव्यक्तिको प्रश्न न. ८ मा दिइएको निर्देशनअनुसारको कार्य गर्नका लागि पाठ्य कथा मौन पठन गर्न लगाउनुहोस् र प्रश्न निर्माण गर्ने तरिकाको बारेमा छलफल गराउनुहोस् । जस्तै :

- दिइएको अनुच्छेद वा पाठ ध्यानपूर्वक पढ्ने
- प्रश्नमा को, के, कहाँ, कहिले, कति, कुन, किन, कसरी जस्ता शब्द रहनुपर्ने
- प्रश्न बनाउने क्रममा मुख्य उत्तरलाई ठम्याउनुपर्ने
- विभिन्न प्रश्नात्मक शब्द प्रयोग गरी प्रश्नलाई विविधता बनाउनुपर्ने

३. बोध र अभिव्यक्तिको प्रश्न न. ८ का आधारमा विद्यार्थी समूहलाई पाठबाट चारओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

४. विद्यार्थी समूहलाई क्रमैसँग प्रश्न प्रस्तुति गर्न लगाउने र अन्य विद्यार्थी समूहलाई उक्त प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा प्रत्येक प्रश्न र उत्तर मिलाएबापत ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ का आधारमा विद्यार्थी समूहलाई कथाका पात्र कृष्ण र इन्द्रको भूमिकाका बारेमा छलफल गर्न लगाई कृष्ण र इन्द्रमध्ये आफूलाई को राम्रो लाग्यो र किन भन्ने विषयमा आफ्नो विचार लेख्न लगाउनुहोस् । विद्यार्थी समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीलाई प्रश्नको उत्तर लेख्न सिकाउनुहोस् । विद्यार्थीलाई पाठका आधारमा मूल उत्तर पहिचान गर्न लगाई प्रश्नको संरचनाअनुसार उत्तर लेख्नुपर्ने कुरा बताउनुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास १० का आधारमा प्रश्न प्रदर्शन गरी उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले लेखेका प्रश्नका उत्तर साथी साथीबिच कापी साटेर परीक्षण गर्न सिकाउनुहोस् । विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई पाठको आदि भागका घटनाका बुँदापत्तीलाई छ्यासमिस गरी बाँड्नुहोस् । त्यसपछि आआफ्ना हातमा भएका बुँदालाई पढ्न लगाउनुहोस् र घटनाक्रम मिलाउन लगाउनुहोस् ।

(ख) घमन्डको फल पाठका पात्र कृष्ण र इन्द्रमध्ये तपाईंलाई को राम्रो लाग्यो र किन, आफ्नो विचार लेख्न लगाउनुहोस् ।

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुच्छेद लेखन<br>• विषयवस्तुको तथ्य वा कारण खोज तथा पहिचान<br>• चित्र वर्णन<br>• भाषिक प्रकार्य | • निर्दिष्ट विषयवस्तुमा आधारित भई अनुच्छेद लेख्न<br>• विषयवस्तुको तथ्य वा कारण खोज तथा पहिचान गर्न<br>• निर्दिष्ट चित्रबोध गरी वर्णन गर्न<br>• विभिन्न विषयवस्तु र तथ्यमा आधारित अनुमान गर्न | • अनुच्छेदपत्ती<br>• चित्र<br>• शब्दपत्ती<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै गीत गाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि गीत गाएर सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी बोध र अभिव्यक्तिको प्रश्न न. ११ का आधारमा अनुच्छेद लेख्ने तरिकाका बारेमा छलफल गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अनुच्छेदको संरचना र ढाँचाको बारेमा छलफल गराउनुहोस् र निम्नलिखित कुराको जानकारी दिनुहोस् ।

- सम्बन्धित शीर्षक वा विषयवस्तुमा आधारित भई बुँदा टिपोट गर्ने
- सम्बन्धित बुँदालाई अनुच्छेदको आदि, मध्य र अन्त्यका आधारमा विभाजन गर्ने
- विषयवस्तुलाई पुष्टि गर्ने किसिमका विचार, तर्क, उदाहरण आदि थप गर्ने

- सफा र शुद्धसँग आकर्षक शैलीमा अनुच्छेद लेख्ने
- अनुच्छेदलाई शीर्षकीकरण गर्ने
- अभ्यासात्मक चरणमा खेस्रा लेखन र साफी लेखन गर्ने

२. शिक्षक आफैंले कुनै विषयसँग सम्बन्धित भई तयार पारेको अनुच्छेद प्रदर्शन गर्नुहोस् । कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् त्यसपछि बोध र अभिव्यक्तिको प्रश्न न. ११ मा दिइएको निर्देशनका आधारमा समूहमा  छलफल गरी अनुच्छेद लेखनका लागि आवश्यक बुँदा टिपोट गर्न लगाउनुहोस् ।

३. विद्यार्थी समूहले टिपोट गरेका बुँदा प्रत्येक समूहलाई पालैपालो कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीबाट प्रतिक्रिया लिने र शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. विद्यार्थीलाई क्रमिक सिकाइ रणनीति उपयोग गरी बुँदा संयोजन गरी विषयवस्तु पुष्टि हुने किसिमका तर्क, विचार, उदाहरणलाई समेत समेटेर अनुच्छेद लेख्न लगाउनुहोस् ।

५. विद्यार्थी समूहलाई बोध र अभिव्यक्तिको प्रश्न न. १२ मा दिइएको निर्देशनका आधारमा आकाशबाट पानी परेन भने यो पृथ्वी, मानिस, पशुपन्छी, प्राणी र वनस्पतिको अवस्था कस्तो हुन्छ होला भन्ने विषयमा सामूहिक छलफल गराउनुहोस् र विद्यार्थीबाट आएको निष्कर्ष कक्षामा सुनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक कुरा थप गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

६. सम्भव भएसम्म प्रोजेक्टर वा अन्य कुनै माध्यमबाट बोध र अभिव्यक्तिको प्रश्न न. १३ मा दिइएको चित्र प्रदर्शन गर्नुहोस् । निश्चित समय तोकी सामूहिक रूपमा विद्यार्थीलाई चित्र वर्णन गर्न लगाउनुहोस् र शिक्षकले आवश्यकतानुसार सहयोग गर्नुहोस् । समूह कार्य सकिएपश्चात् प्रत्येक समूहलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् । विद्यार्थीलाई हौसला प्रदान गर्दै निष्कर्ष दिनुहोस् ।

७. कुनै एक विद्यार्थीलाई बोध र अभिव्यक्तिको प्रश्न न. १४ मा दिइएको अनुच्छेद सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् र अन्य विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् त्यसपछि तल दिइएको निर्देशनअनुसारको विषयवस्तुमा आधारित भई कहिल्यै पानी परेन, सधैं गर्मी भयो वा सधैं जाडो भयो भने कस्तो होला भनेर अनुमान गर्न लगाउनुहोस् र विद्यार्थीको सामूहिक छलफलबाट आएको निष्कर्ष कक्षामा सुनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक सहयोग र सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई सरसफाइ शीर्षकमा अनुच्छेद लेख्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ख) कुनै चित्र प्रदर्शन गरी वर्णन गर्न लगाउनुहोस् ।

## आठौँ दिन

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● भाषिक संरचना( भविष्यत् कालको पहिचान र प्रयोग) | ● भविष्यत् कालको पहिचान र प्रयोग गर्न | ● भविष्यत् कालको उदाहरण र तालिका<br>● अनुच्छेदपत्ती<br>● वाक्यपत्ती |

**१. सिकाइ क्षेत्र**

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. कुनै एक विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. १ मा दिइएको अनुच्छेद सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । विद्यार्थीलाई अनुच्छेदमा भएका रातो रङ लगाएका शब्द कापीमा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि अनुच्छेदमा रातो रङ लागेका शब्दले वाक्यमा खेलेको भूमिकाका बारेमा छलफल गराउनुहोस् र क्रियापदको धारणा बसाउनुहोस् ।

२. विद्यार्थीलाई प्रश्न न. २ मा दिइएको उदाहरणका आधारमा क्रियापद बनाएर तालिकामा भर्न सिकाउनुहोस् र कापीमा लेख्न लगाउनुहोस् त्यसपछि क्रियापदले जनाउने समयलाई प्रष्ट पारी कालको धारणा बसाउनुहोस् र पछि आउने समय जनाउने क्रियापदले भविष्यत् काललाई जनाउने कुरा उदाहरणद्वारा प्रष्ट पार्नुहोस् ।

३. विद्यार्थीलाई प्रश्न न. ३ मा दिइएको उदाहरणका आधारमा क्रियापदको रूप परिवर्तन गर्न सिकाउनुहोस् र कापीमा लेख्न लगाउनुहोस् ।

**जस्तै : बन्छु = बन्ने छु**

४. विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई प्रश्न न. ४ मा दिइएका क्रियापदको प्रयोग गरी चार चार वाक्य लेख्न लगाउनुहोस् । जस्तै : उठ्ने छु = म भोलि बिहान छ बजे उठ्ने छु ।

५ विद्यार्थी समूहका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपश्चात् प्रत्येक समूहलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् र ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका जस्तै क्रियापद प्रयोग गरी एक एक वाक्य बनाउन लगाउनुहोस् :

सुन्ने छु, रमाउने छु, हाँस्ने छु, नाच्ने छु

(ख) एउटा अनुच्छेद दिएर पछि आउने समय जनाउने क्रियापद प्रयोग भएका पाँच वाक्य टिपोट गर्न लगाउनुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● वर्णविन्यास(चन्द्रबिन्दु र शिरबिन्दुको पहिचान र प्रयोग)<br>● सुनाइ पाठ ९<br>● मौखिक प्रस्तुति<br>● परियोजना कार्य | ● चन्द्रबिन्दु र शिरबिन्दुको पहिचान र प्रयोग गर्न<br>● सुनाइ पाठ ९ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>● कुनै विषयवस्तुमा आधारित मौखिक प्रस्तुति दिन<br>● निर्दिष्ट परियोजना कार्य गर्न | ● शब्दपत्ती<br>● वाक्यपत्ती<br>● प्रश्नोत्तरपत्ती<br>● सुनाइ पाठ ९ को अडियो सामग्री |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले रचना गरेका कथा सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले शैक्षणिक पाटीमा केही चन्द्रबिन्दु र केही शिरबिन्दु लागेका शब्द लेखी कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । विद्यार्थीलाई चन्द्रबिन्दु र  शिरबिन्दु लागेका शब्दबिच तुलना गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले चन्द्रबिन्दु र  शिरबिन्दुको धारणा बसाल्नुहोस् ।

२. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ५ का आधारमा पाठबाट चन्द्रबिन्दु लागेका दसओटा शब्द पाठबाट खोजेर लेख्न लगाउनुहोस् ।

**जस्तै : गाउँ, सँग, बाँचेका**

३. विद्यार्थीले पाठबाट टिपोट गरेका चन्द्रबिन्दु लागेका शब्दलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीले चन्द्रबिन्दु लागेका शब्दलाई वाक्यमा प्रयोग गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । चन्द्रबिन्दु लागेका शब्दसूची प्रयोग गरी शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना समेत देखाउनुहोस्

५. विद्यार्थीलाई सामूहिक रूपमा अभ्यास ६ का आधारमा उदाहरणमा दिइए जस्तै तल दिइएका शब्दमा उपयुक्त ठाउँमा शिरबिन्दु लगाएर लेख्न निर्देशन दिनुहोस् । विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । विद्यार्थीले समूहकार्य गरिसकेपछि शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् ।

६. विद्यार्थीलाई शिरबिन्दु लागेका शब्दलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । विद्यार्थीले समूहकार्य गरिसकेपछि शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् । विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस

८. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ ९ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइडबाट डाउनलोड गरी बढीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

९. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ का आधारमा मौखिक प्रश्नोत्तर गराउनुहोस् ।

१०. विद्यार्थीले उत्तर दिने तरिका र उत्तर मिले नमिलेको ठम्याएर आवश्यक सुझाव दिनुहोस् ।

११. सुनाइ र बोलाइ खण्डको अभ्यास २ मा आधारित भई घुरहुले नदी किनारमा घुम्न जाँदा देखेको घटना घर फर्किएर कसरी सुनाए होलान् भन्ने विषयमा विद्यार्थीलाई ५ मिनेट सोच्ने समय दिनुहोस् र अनुमान गर्न लगाउनुहोस् । अनुमानबाट निस्किएको निचोड प्रत्येक विद्यार्थीलाई पालैपालो भन्ने अवसर दिनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिई हौसला प्रदान गर्नुहोस् ।

१२. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी परियोजना खण्डमा दिइएको निर्देशनका आधारमा कथा लेखेर ल्याउन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दमा आवश्यकताअनुसार चन्द्रबिन्दु र शिरबिन्दु लगाउनुहोस् :

घास, सविधान, अश, डाडा, साझ, प्रशसा ।

(ख) सुनाइ र बोलाइ खण्डको अभ्यासात्मक क्रियाकलापका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • परियोजना कार्य (कथा लेखन) | • निर्दिष्ट बुँदाका आधारमा कथा रचना गर्न | • कथाका बुँदा<br>• कथाको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले रचना गरेका कथा सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षक आफैँले तयार पारेको निर्देशित कथा रचना प्रदर्शन गर्नुहोस् । यस क्रममा कथाका निर्देशित बुँदा प्रदर्शन गर्नुहोस् र कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

**कथाका बुँदा**

एउटा मान्छेले देवताको मूर्ति बनाउदै गरेको मूर्तिकार भेट्नु .......दुईओटा उस्तै मूर्ति देख्नु........दुईओटा उस्तै मूर्ति बनाउनुको कारण सोध्नु..... पहिलो मूर्ति कोरिएको जवाफ दिनु .....मान्छेले पहिलेको मूर्तिलाई राम्ररी हेर्नु....... मूर्तिमा कोरिएको नदेख्नु ....... मूर्तिकारले मूर्तिको नाकतिर केही कोरिएको भन्नु........ मान्छेले मूर्ति कहाँनिर राख्न लागेका छौं भन्नु .........मूर्ति बिस फिट उचाइमा राखिने भन्नु ...... मान्छेले मूर्तिको नाकमा रहेको जाबो यति सानो खोटलाई कसले पो देख्न सक्छ र भन्नु........ भगवान्ले र आफूले देख्ने भन्नु ।

**भगवान्ले देख्छन् र मैले देख्छु**

एउटा मान्छे नयाँ बन्दै गरेको मन्दिर हेर्नका लागि गयो । उसले मन्दिर परिसरमा देवताको मूर्ति बनाउदै गरेको मूर्तिकारलाई भेट्यो । मूर्ति बनाउदै गरेको हेरिरहँदा अकस्मात् उसको नजर मूर्तिकारभन्दा केही मिटरमात्र पर रहेको मूर्तिमा पऱ्यो, जुन मूर्ति मूर्तिकारले अहिले बनाइरहेको मूर्तिसित हुबहु मिलेको थियो ।

यो देखेर आश्चर्यचकित हुदै त्यो मान्छेले मूर्तिकारलाई सोध्यो, “के तपाईँलाई एउटै देवताको दुईओटा मूर्ति बनाउन भनिएको छ र ?” “अहँ छैन” मूर्तिकारले भन्यो, “वास्तवमा मैले एउटै मात्र मूर्ति बनाउनु पर्ने हो

तर त्यो पहिलो मूर्तिको लगभग अन्तिम समयमा यसमा केही कोरिन पुग्यो । त्यसैले अर्को मूर्ति बनाउन थालेको हुँ ।" मूर्तिकारको जवाफ सुनेपछि त्यो मान्छेले पहिलेको मूर्तिलाई राम्ररी हेर्न थाल्यो । धेरै बेरसम्म हेरेपछि पनि उसले उक्त मूर्तिमा बिग्रिएको नदेखेपछि मूर्तिकारलाई सोध्यो, "होइन यहाँ त कहीँ पनि कोरिएको देखिदैन नि ?" "मूर्तिको नाकतिर केही कोरिएको छ ।" मूर्तिकारले जवाफ दियो । "यो मूर्ति कहाँनिर राख्न लागेका छौं नि ?" त्यो मान्छेले सोध्यो । "यो मूर्तिलाई २० फिट उचाइको खम्बामाथि राखिने छ ।" मूर्तिकारले भन्यो । आश्चर्य चकित हुँदै त्यो मान्छेले फेरि आफ्नो जिज्ञासा राख्यो, "यो मूर्तिलाई २० फिटको उचाइमा राखिदै छ भने मूर्तिको नाकमा रहेको जाबो यति सानो खोटलाई कसले पो देख्न सक्छ र ?"

त्यो मान्छेको जिज्ञासा सुनेपछि मूर्तिकारले उसलाई एकचोटी हेऱ्यो र मुस्कुराउदै भन्न थाल्यो, "भगवान्ले देख्छन् र मैले देख्छु ।"

२. विद्यार्थीलाई समूहमा छलफल गर्दै कथाका निर्देशित बुँदाका आधारमा कथा लेख्दा ध्यान दिनुपर्ने कुराको जानकारी दिनुहोस् । कथा लेख्ने क्रममा पात्रका बिचमा कम्तीमा एउटा संवाद अनिवार्य हुनुपर्ने कुरामा सचेत गराउनुहोस् । विद्यार्थीलाई परियोजना खण्डका आधारमा निर्देशित कथा रचना गर्ने तरिका सिकाउनुहोस् ।

**जस्तै** :

- निर्देशित कथा रचना गर्दा दिइएका बुँदालाई ध्यानपूर्वक पढ्नुपर्ने
- सम्बन्धित विषयवस्तुमा आधारित भएर केही प्रसङ्ग थप गर्नुपर्ने
- आवश्यकताअनुसार छोटा छोटा संवाद प्रयोग गनुपर्ने
- कथामा आदि, मध्य र अन्त्यको शृङ्खला हुनुपर्ने
- कथाले महत्त्वपूर्ण सन्देश दिनुपर्ने

३. विद्यार्थीलाई अगिल्लो दिन दिइएको परियोजना खण्डको अभ्यास १ को निर्देशित कथा रचना विद्यार्थीले गरे नगरेको एकिन गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको कथा रचनासम्बन्धी गृहकार्यलाई साफी लेखन गरी अन्तिमीकरण गर्न लगाउनुहोस् र चार्ट पेपरमा सार्न लगाउनुहोस् । चाट पेपरमा सार्ने काम सकिएपछि प्रत्येक विद्यार्थीलाई आफ्नो कथा प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीलाई समूहमा विभाजन गरी निर्देशित कथा लेख्न लगाउनुहोस् । विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । प्रत्येक समूहबाट रचना भएका कथा कक्षामा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

३. **मूल्याङ्कन**

**(क) दिइएका सन्दर्भका आधारमा कथा बनाई त्यसको शीर्षक पनि चयन गर्न लगाउनुहोस् :**

गर्मी महिना......एउटा तिर्खाएको काग.......पानीको खोजीमा भौतारिनु........एउटा घैँटो देख्नु.......पानी खान खोज्नु........पानी घैंटाको पिँधमा हुनु.....पानी खान नसक्नु.....तिर्खाले छटपटिएको कागले एउटा उपाय निकाल्नु.......चुच्चाले च्यापेर साना साना ढुङ्गा ल्याउँदै घैंटामा खसाल्दै गर्नु.......पानी माथि नआएसम्म काम नरोक्नु.......पानी चुच्चाले भेट्ने ठाउँमा आउनु......पानी खाएर तिर्खा मेट्नु ।

पाठ : १०

**शीर्षक : सानी नदी**

**विधा : कविता**

**कार्यघण्टा : ११**

## परिचय

राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा रचित 'सानी नदी' गीति कविता हो । कविता शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण हो । कविता विधाको उपयोग गरेर विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गराउन सकिन्छ । कविता अभिव्यक्तिको उत्कृष्ट रूप हो । कवितामा लयात्मकता, गेयात्मकता र श्रुतिमधुरता हुने हुनाले भाषाको बोध तथा अभिव्यक्ति सिपको विकासमा यस विधाको प्रभावकारी उपयोग गर्न सकिन्छ ।

यसबाट विद्यार्थीमा सुनाइ र अनुकरण, शब्द पहिचान र अर्थकथन, विषयवस्तुमा आधारित प्रश्नोत्तर, छलफल र अन्तरक्रिया, धारणा वा कल्पनाको अभिव्यक्ति, स्थानीय लोकगीतको सुनाइ र गायन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । लयबद्ध पठन, सन्दर्भ बोध, पाठको विषयबोध र चित्रात्मक प्रस्तुति, कविताको संरचना पहिचान, भाव बोध तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, गद्यमा रूपान्तरण, भाव प्रस्तुति, शब्दभरण, अनुलेखन लगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत लयात्मक शब्दमा ध्वनि परिवर्तन गरी शब्द निर्माण तथा पाठगत शब्दको अर्थबोध र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत कालका अपूर्ण र पूर्ण पक्षको पहिचान र पदक्रम मिलान जस्ता क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत पञ्चम वर्णको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा अनुरोधसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ ।

परियोजना कार्यअन्तर्गत स्थानीय/लोकगीत सङ्कलन र प्रयोगसम्बन्धी क्रियाकलाप गराउन

**पहिलो दिन**

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● चित्र वर्णन र छलफल<br>● कविताको लयबद्ध वाचन<br>● कविताको संरचना पहिचान | ● चित्र तथा विषयवस्तुमा आधारित छलफल गर्न<br>● कविताका निर्दिष्ट श्लोक लयवद्ध वाचन गर्न<br>● कविताको संरचना पहिचान गर्न | ● पूर्वपठन खण्डको चित्र<br>● श्लोकपत्ती<br>● कविता वाचनको नमुना<br>● कविताको संरचनाको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. छोटो कविता सुनाएर विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

२. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्वपठन खण्डमा भएको चित्र प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई चित्रका बारेमा सामूहिक छलफल गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई समूहको छलफलबाट आएको निष्कर्ष पालैपालो भन्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई छलफल गर्दै जानुहोस् ।

३. छलफलबाट आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

४. विद्यार्थीलाई पाठ्य कविता गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले लय मिलाई वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. शिक्षकले पाठ्य कविताका श्लोक उपजाति छन्दको नियमअनुसार प्रत्येक पङ्क्तिलाई लयबद्ध वाचन गरेर सुनाउनुहोस् । उपजाति छन्दको प्रत्येक पाउको पाँचौँ अक्षरमा सामान्य विश्राम गरी वाचन गर्न सकिने कुरा ख्याल गर्नुहोस् ।

६. सम्भव भएसम्म पाठ्य कविता वाचनको भिडियो वा अडियो सामग्री देखाउनुहोस् वा सुनाउनुहोस् ।

७. शिक्षक आफूसहित कक्षाका सबै विद्यार्थीले सामूहिक रूपमा कविता वाचन गर्नुहोस् । यस क्रममा क्रमशः वल्लो समूह र पल्लो समूह, बेन्च बेन्चको समूह, युगल र एकल गरी कविता वाचन अभ्यास गराउनुहोस् । यस क्रममा स्वयम् शिक्षकले कविता वाचन गर्ने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने र विद्यार्थी आफैँले गर्ने गरी क्रमिक सिकाइ रणनीति पनि उपयोग गर्न सक्नुहुने छ ।

८. कविताको प्रत्येक पाउमा भएका अक्षरको सङ्ख्या गन्ने क्रममा संयुक्त वर्ण (आधा अक्षर जोडिएका वर्ण) लाई एक अक्षर मानेर गन्नुपर्ने कुरा याद गर्नुहोस् ।

९. कविताको प्रत्येक पाउमा प्रयुक्त अक्षर गन्ने क्रममा पाचौँ अक्षरमा सामान्य विश्राम गरी कविता वाचनलाई पुनरावृत्ति गराउनुहोस् ।

१०. विद्यार्थीले कविताको प्रत्येक पाउमा गनेका अक्षर सङ्ख्याका सम्बन्धमा छलफल गरी कविताको संरचना स्पष्ट पार्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई नदी, हिमाल तथा पहाडका चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पालैपालो कविताको श्लोक वाचन गर्न लगाउनुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शुद्धोच्चारण<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई चुट्किला वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठ्य कविताको श्लोक १ देखि ४ सम्म उपजाति छन्दको नियमानुसार प्रत्येक पङ्क्तिलाई लयबद्ध वाचन गर्न लगाउनुहोस् । अगिल्लो कक्षामा सिकिएको उपजाति छन्दको प्रत्येक पाउको पाँचौँ अक्षरमा सामान्य विश्राम गरी वाचन गरिने तरिका पुनरावृत्ति गराउनुहोस् ।

२. विद्यार्थीलाई पाठ्य कवितामा नयाँ लागेका शब्द र उच्चारण गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् ।

३. टिपोट गरिएका शब्दलाई शब्दपत्तीको प्रयोग गरी शैक्षणिक पाटीमा अक्षरीकरण गरेर उच्चारण अभ्यास गराउनुहोस् । जस्तै : पर्वत/पर्.बत्/, कुञ्ज/कुन्.ज/, इन्द्रिनी/इन्.द्रि.नि/, लछार्छिन्/ल.छार्.छिन्/।

४. विद्यार्थीले उच्चारणका क्रममा गर्ने त्रुटि पहिचान गर्नुहोस् र उच्चारण अभ्यास गराउनुहोस् ।

५. विद्यार्थीलाई पाठबाट अर्थ पहिचान गर्न कठिन लागेका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

६. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थबोध गराउनुहोस् ।

७. पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । जस्तै :

(क) सानी नदी कहाँबाट झर्छिन् ?

(ख) सानी नदी कसरी गट्टा खेल्छिन् ?

(ग) खोलानालाहरूको भेट कहाँ हुन्छ ?

**३. मूल्याङ्कन**

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

चट्ट, ढुङ्गा, थकाउँछिन्, समुद्र

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

खोला, नित्य, पाखा, आनन्द

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● शब्दभण्डार<br>(पाठगत शब्दको अर्थबोध र प्रयोग, लयात्मक शब्दमा ध्वनि परिवर्तन गरी शब्द निमार्ण)<br>● कविताको लयबद्ध पठन<br>(पुनरावृत्ति)<br>● शुद्धोच्चारण | ● पाठगत शब्दको अर्थबोध र प्रयोग गर्न<br>● लयात्मक शब्दमा ध्वनि परिवर्तन गरी शब्द निर्माण गर्न<br>● कवितालाई लयवद्ध वाचन गर्न<br>● निर्दिष्ट शब्दको शुद्ध उच्चारण गर्न | ● शब्दपत्ती<br>● वाक्यपत्ती<br>● श्लोकपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि गाउँखाने कथा सुनाउन प्रोत्साहन गर्नुहोस् । **जस्तै : एक सिङे गाई, जति खुवायो उति खाई, के हो ? उत्तर : जाँतो**

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. सर्वप्रथम विद्यार्थीलाई आफ्नो कक्षाकोठाको अवस्थाअनुसार समूहमा विभाजन गर्नुहोस् ।

२. विद्यार्थी समूहलाई पाठको शब्दभण्डार खण्डको अभ्यास १ मा भएका पदावलीका अर्थ पाठबाट पहिचान गर्न सिकाउनुहोस् । जस्तै : **धेरै बोटबिरुवा वा रुख भएको क्षेत्र = वन**

३. विद्यार्थी समूहलाई अभ्यास १ मा भएका पदावलीका अर्थ पाठबाट पहिचान गरी लेख्न लगाउनुहोस् । विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीले पहिचान गरेका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले कार्य गरिसके पश्चात् कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. विद्यार्थी समूहलाई पाठको शब्दभण्डार खण्डको अभ्यास २ मा दिइएका लय वा संरचना मिल्ने शब्दसँग जोडा मिलाउन सिकाउनुहोस् । जस्तै : **पानी = नानी**

६. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा उदाहरणमा दिइए जस्तै गरी लय वा संरचना मिल्ने शब्द निर्माण गर्न लगाउनुहोस् । जस्तै : **पर्वत = सर्वत** । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीले समूह कार्य गरिसके पश्चात् सामूहिक रूपमा निर्माण गरेका शब्द शैक्षिणिक पाटीमा टिपोट गरी विद्यार्थीलाई पढेर सुनाउन लगाउनुहोस् ।

८. बोध र अभिव्यक्ति खण्डको अभ्यास २ का आधारमा विद्यार्थीलाई पालैपालो पाठ्य कविता गति, यति, लय र हाउभाउसहित वाचन गर्न लगाउनुहोस् । विद्यार्थीले कविता वाचन गर्न असमर्थ भएमा कविता वाचन गर्न सिपालु विद्यार्थीलाई नमुना वाचन गराउनुहोस् ।

९. कविताका प्रत्येक पाउमा प्रयुक्त अक्षर गन्ने क्रममा पाँचौँ अक्षरमा सामान्य विश्राम गरी कविता वाचनलाई पुनरावृत्ति गराउनुहोस् ।

१०. विद्यार्थीले कविताको प्रत्येक पाउमा गनेका अक्षर सङ्ख्याका सम्बन्धमा छलफल गरी कविताको संरचना स्पष्ट पार्नुहोस् ।

११. बोध र अभिव्यक्ति खण्डको अभ्यास १ का आधारमा विद्यार्थीलाई पालैपालो दिइएका शब्द शुद्धोच्चारण गर्न लगाउनुहोस् । जस्तै : इन्द्रेनी/इन्.द्रे.नि/, नित्य/नित्.त्य/ । विद्यार्थीले शुद्ध उच्चारण गर्न नसकेसम्म बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्न लगाउनुहोस् :

(अ) पहाड भत्केर खसेको ढुङ्गा, माटो आदिको समूह

(आ) केटाकेटीले खेल्ने मसिना र गोल मिलेका ढुङ्गाका टुक्रा

(इ) रुख आदिको छाया

(ई) ठुलो खोलो

(उ) मितिनी, स्त्री साथी

(ख) पाठबाट लय मिल्ने शब्द खोजेर लेख्न लगाउनुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्द पहिचान<br>• अनुलेखन<br>• प्रश्नोत्तर | • शुद्ध शब्द पहिचान गर्न<br>• निर्दिष्ट श्लोक अनुलेखन गर्न<br>• पाठ्य कविताका आधारमा मौखिक तथा लिखित प्रश्नोत्तर गर्न | • प्रश्नोत्तरको नमुना<br>• श्लोकपत्ती<br>• शब्दपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. गाउँखाने कथा वा मस्तिष्क मन्थनसम्बन्धी कुनै विषयवस्तु सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । जस्तै : **तीन अक्षरको मेरो नाम, टाउकोमा फरफर गरी बस्ने मेरो काम, पहिलो अक्षर हटाइदिए नेपालको धन, दोस्रो अक्षर हटाउँदा पुर्पुरामा हात के हो ? उत्तर : रिबन** । यस क्रममा विद्यार्थीलाई पनि मस्तिष्क मन्थनसम्बन्धी प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. पाठ्य कवितामा छन्द मिलाउनका लागि प्रयोग गरिएका केही शब्दहरू कालो शैक्षणिक पाटीमा टिपोट गरी शिक्षकले पढेर सुनाउनुहोस् र विद्यार्थीलाई पनि पढ्न निर्देश गर्नुहोस् । कविताको छन्द मिलाउनका लागि प्रयोग गरिएका शब्दको शुद्ध रूप कापीमा सार्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई बोध र अभिव्यक्तिको प्रश्न न. ३ मा दिइएका शब्दको शुद्ध रूप पालैपालो पढ्न लगाउनुहोस् र आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई बोध र अभिव्यक्तिको प्रश्न न. ५ मा दिइएको निर्देशनअनुसार पाठको पहिलो श्लोक राम्रा अक्षरमा बान्की मिलाएर अनुलेखन गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीलाई अनुलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिका दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । नमुना श्लोकपत्ती प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् ।

४. विद्यार्थीलाई पाठ्य कविता मनमनै पढ्न लगाउनुहोस् र बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा मौखिक प्रश्नोत्तर गराउनुहोस् । विद्यार्थीलाई पाठका आधारमा मूल उत्तर पहिचान गर्न लगाई प्रश्नको संरचनाअनुसार वाक्यात्मक उत्तर दिन सिकाउनुहोस् । जस्तै :

**(क) सानी नदी कहाँबाट झर्छिन् ?**

उत्तर : सानी नदी पर्वतबाट झर्छिन् ।

५. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

६. उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्याथीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

७. विद्यार्थीलाई अभ्यास ६ का आधारमा उत्तर लेख्न लगाउनुहोस् । उत्तर लेख्न अलमल भएका विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले लेखेका उत्तरका बारेमा छलफल गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठ्य कविताको दोस्रो श्लोक अनुलेखन गर्न लगाउनुहोस् ।

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास ४, ६ मा दिइएका प्रश्नको उत्तर भन्न र लेख्न लगाउनुहोस् ।

## पाँचौं दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविता पुरण<br>• कविताका पङ्क्तिको गद्य रूपान्तरण<br>• कविताका प्रत्येक श्लोकको भावार्थ | • खाली ठाउँमा शब्द भरी कविता पुनर्लेखन गर्न<br>• कविताका प्रत्येक पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न<br>• कविताका प्रत्येक श्लोकको भावार्थ भन्न तथा लेख्न | • श्लोकपत्ती<br>• वाक्यपत्ती<br>• भावार्थका बुँदा |

| | | |
|---|---|---|
| | | |

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै कविता सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गर्नुहोस् र बोध र अभिव्यक्तिको अभ्यास ७ का आधारमा छुटेका शब्द भरी कविता पुनर्लेखन गर्न लगाउनुहोस् । जस्तै :

त्यो घामछायामय **कुन्जभित्र**

छन् **इन्द्रिनीका** रचना विचित्र

२. शिक्षकले कविताका कुनै श्लोकबाट शब्द झिकी कविता पुनर्लेखनसम्बन्धी थप अभ्यास गराउनुहोस् ।

३. बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ का आधारमा कविताका पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न सिकाउनुहोस् । यस क्रममा वाक्यमा कर्ता, कर्म, क्रिया आदिका भूमिका स्पष्ट पार्नुहोस् । कवितात्मक वाक्य र सामान्य वाक्यबिचको फरकका बारेमा छलफल गराउनुहोस् । जस्तै :

**कवितात्मक वाक्य :** जान्छिन् यिनी दूर समुद्र भेट्न

**सामान्य वाक्य :** सानी नदी टाढा रहेको समुद्र भेट्न जान्छिन् ।

४. विद्यार्थीलाई सामूहिक रूपमा अभ्यास ८ का आधारमा कविताका केही पङ्क्ति दिई गद्यमा लेख्न लगाउनुहोस् ।

५. विद्यार्थीले समूहमा अभ्यास गरिसकेपछि प्रत्येक समूहका कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. कविताको पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न पाठ्य कविताबाट थप अभ्यास गराउनुहोस् ।

७. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र कविताको पहिलो श्लोकको आशय वा भावका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । शिक्षकले आवश्कतानुसार सहजीकरण गर्नुहोस् ।

८. कविताको कुनै श्लोकलाई नमुना मानी भावार्थ बुझाउन कविताको श्लोक र भावार्थको बुँदा प्रदर्शन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

जस्तै :

सानी नदी पर्वतबाट झर्छिन्
हाहा र हूहू वनभित्र गर्छिन्
खोला र नाला सँगिनी हजार
आएर भेट्छन् वनको पुछार ।

**भावार्थ बुँदा**

- सानी नदी पर्वतबाट झरेकी
- वनभित्र हाहा र हुहु गरेकी
- हजारौँ खोला नाला उनका साथी रहेका
- उनीहरूको भेट वनको पुछारमा भएको ।

९. विद्यार्थीलाई कविताको श्लोक र भावार्थ बुँदा सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् र बुँदाका आधारमा भावार्थ भन्न सिकाउनुहोस् । यस क्रममा श्लोकमा अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई ख्याल गर्न लगाउनुहोस् ।

१०. पाठ्य कविताको दोस्रो श्लोक प्रदर्शन गरी भावार्थका बुँदा लेख्न लगाउनुहोस् । त्यसपछि उक्त बुँदालाई संयोजन गरी भावार्थ लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) कविताको तेस्रो श्लोकबाट केही शब्द झिकी कविता पुनर्लेखन गर्न लगाउनुहोस् ।

(ख) कविताको चौथो श्लोकका सबै पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न लगाउनुहोस् ।

(ग) दिइएको श्लोकको भावार्थ लेख्न लगाउनुहोस् :

रिसाइ पाखा पहरा लछार्छिन्
ढुङ्गा र मूढा तटमा पछार्छिन्
बाढी र पैरासित गडगडाई
थर्काउँछिन् पर्वतराजलाई ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● निर्दिष्ट श्लोकको आशय वर्णन<br>● पाठको विषयबोध र चित्रात्मक प्रस्तुति | ● निर्दिष्ट श्लोकको आशय वर्णन गर्न<br>● कविताको विषयवस्तु बोध गर्न<br>● निर्दिष्ट विषयवस्तुमा आधारित चित्रात्मक प्रस्तुति दिन | ● आशय वर्णनको नमुना<br>● मुख्य विषयवस्तुका बुँदा<br>● नदी किनारको खेतमा काम गरिरहेको चित्र |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ९ मा दिइएको श्लोकको शिक्षक आफैँले तयार पारेको भावार्थ बुँदा र आशय वर्णनको नमुना प्रदर्शन गनुहोस् । कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । सोही आधारमा विद्यार्थीलाई आशय वर्णन गर्न सिकाउनुहोस् ।

२. विद्यार्थीलाई समूहमा विभाजन गरी प्रश्न न. ९ को आशय वर्णन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

३. पाठ्य कविताको कुनै श्लोक प्रदर्शन गरी भावार्थका बुँदा लेख्न लगाउनुहोस् । त्यसपछि उक्त बुँदालाई संयोजन गरी आशय वर्णन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. विद्यार्थीलाई समूहमा विभाजन गरी बोध र अभिव्यक्ति खण्डको प्रश्न न. १० मा दिइएको निर्देशनका आधारमा नदी किनारको खेतमा काम गरिरहेको विषयमा छलफल गराउनुहोस् । चित्र बनाउन आवश्यक सामग्री दिनुहोस् र विषय समेट्ने गरी चित्र बनाउन लगाउनुहोस् । प्रत्येक समूहका क्रियाकलाप अवलोकन गरी आवश्यक सहयोग गर्नुहोस् । चित्र बनाउने काम सकिएपश्चात् प्रत्येक समूहद्वारा निर्मित चित्र शैक्षणिक पाटीमा टाँस्ने व्यवस्था मिलाउनुहोस् । प्रत्येक समूहलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् । प्रस्तुतीकरणको कम सकिएपश्चात् ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

५. विद्यार्थी सङ्ख्याका आधारमा साना साना समूह बनाउनुहोस् । कार्डबोर्ड र साइनपेन वितरण गर्नुहोस् । हरेक समूहलाई देहाय प्रकृतिका फरक फरक विषय दिई चित्र बनाउन लगाउनुहोस् :

**पानी परेको, विद्यालय हातामा सरसफाइ गरेको ।**

६. विद्यार्थीका समूह कार्यको अवलोकन गरी आवश्यक सहयोग गर्नुहोस् । समूह कार्यको प्रस्तुति गर्न लगाउनुहोस् र विद्यार्थीको प्रतिक्रिया लिनुहोस् । विद्यार्थीका प्रस्तुतिका लागि ताली बजाएर होसला प्रदान गरी थप सिकाइ गर्नुहोस् ।

३. **मूल्याङ्कन**

(क). वृक्षरोपणको विषयलाई समेट्ने गरी चित्र बनाउन लगाउनुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिलेखन<br>• भाषिक प्रकार्य ( अनुरोध) | • निर्दिष्ट श्लोक श्रुतिलेखन गर्न<br>• कुनै विषयवस्तु/समस्यामा केन्द्रित भई सम्बन्धित व्यक्तिलाई अनुरोध गर्न | • श्लोकपत्ती<br>• अनुरोधसँग सम्बन्धित अडियो/भिडियो |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिका दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । नमुना श्लोक प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । त्यसपछि श्लोक २ को श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

२. श्रुतिलेखनपश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी सिकाइस्तर कमजोर भएका विद्यार्थीलाई पुनर्लेखनको अवसर प्रदान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीसँग अनुरोधसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा

गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । जस्तै :

**अनुरोध**

प्रसिद्ध : नमस्कार गुरुआमा !

शर्मिला : नमस्कार ! के छ तिम्रो खबर ?

प्रसिद्ध : म त ठिक छु गुरुआमा तर मेरी दिदीलाई केही दिनदेखि सन्चो छैन ।

शर्मिला : के भएको छ र प्रसिद्धिकालाई ?

प्रसिद्ध : तीन चार दिनदेखि लगातार ज्वरो आएको छ त्यसैले विद्यालय आउन सक्नुभएको छैन ।

शर्मिला : ए, हो र !

प्रसिद्ध : हो त नि गुरुआमा ! त्यसैले म दिदीको बिरामी बिदाको निवेदन बुझाउन आएको । लिइदिनुहुन्छ कि ?

शर्मिला : ए, त्यसो भए लेऊ न त ।

प्रसिद्ध : लिनुहोस् ग्रुआमा ! के म अब फर्किन सक्छु गुरुआमा ?

शर्मिला : हुन्छ, जाऊ अनि कक्षामा बस ।

प्रसिद्ध : हवस् गुरुआमा !

४. कुनै एक विद्यार्थीलाई बोध र अभिव्यक्तिको प्रश्न न. ११ मा दिइएको सन्दर्भ सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् र अन्य विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् त्यसपछि दिइएको निर्देशनअनुसार दुई दुई जना विद्यार्थीलाई विद्यालयमा खेल खेल्न शिक्षकसँग भलिबल माग्न अनुरोध गर्ने विषयवस्तुमा अभिनयात्मक रूपमा साथीसँग कुराकानी गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गर्दै आवश्यकताअनुसार सहजीकरण गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) कविताको तेस्रो श्लोक श्रुतिलेखन गराउनुहोस् ।

(ख) आफूसँग भएको कलमको मसी सकिएकाले शिक्षकसँग कलम कसरी माग्नुहुन्छ अनुरोधको शैलीमा कुराकानी गर्न लगाउनुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक संरचना(अपूर्ण र पूर्ण पक्ष) | • अपूर्ण र पूर्ण पक्षको पहिचान र प्रयोग गर्न | • अपूर्ण र पूर्ण पक्षको तालिका र उदाहरण<br>• अनुच्छेदपत्ती<br>• वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले शैक्षणिक पाटीमा कालका अपूर्ण पक्ष प्रयोग भएको एउटा अनुच्छेद लेख्नुहोस् र विद्यार्थीलाई पढ्न लगाई क्रियापदको अवस्थाको बारेमा विद्यार्थीबिच छलफल गराउनुहोस् ।

२. विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् । पहिलो समूहलाई हिजो तपाइँ र तपाइँका साथीहरू यो समयमा के गर्दै हुनुहुन्थ्यो ? दोस्रो समूहलाई अहिले तपाइँ र तपाइँका साथीहरू के गर्दै हुनुहुन्छ ? तेस्रो समूहलाई भोलि तपाइँहरू यो समयमा के गर्दै हुनुहुने छ ? भन्ने प्रश्न दिई त्यसको उत्तर लेख्न लगाउनुहोस् । शिक्षकले आवश्यकतानुसार सहजीकरण गर्नुहोस् । लेख्ने काम सकिएपछि सामूहिक रूपमा प्रस्तुतीकरणको अवसर दिनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ मा दिइएका क्रियापद पढ्न लगाई तालिकामा दिइएको मिल्ने समूहमा राख्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहयोग गर्नुहोस् ।

४. पूर्ण पक्ष प्रयोग भएको अनुच्छेद प्रदर्शन गरी भूत, वर्तमान र भविष्यत् कालका पूर्ण पक्षका वाक्य पहिचान गर्न लगाउनुहोस् । यस क्रममा क्रियापदको अवस्थाको बारेमा विद्यार्थीबिच छलफल गराउनुहोस् ।

५. विद्यार्थी समूहलाई अभ्यास २ का आधारमा दिइएको निर्देशनअनुसार दिइएका शब्दलाई मिल्ने समूहमा राख्न लयाउनुहोस् र शिक्षकले अलमलमा परेका विद्यार्थीलाई आवश्यकतानुसार सहजीकरण गर्नुहोस् । विद्यार्थीले गरेको क्रियाकलापको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गनुहोस् ।

## ३. मूल्याङ्कन

(क) समूह 'क' र समूह 'ख' बिच जोडा मिलाउन लगाउनुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| रोमा घर जाँदै छिन् । | अपूर्ण भविष्यत् |
| रोशन सिनेमा हेर्दै हुने छ । | अपूर्ण भूत |
| अर्पिता गृहकार्य गर्दै थिइन् । | अपूर्ण वर्तमान |
| प्रतिमा बजार घुम्दै थिइन् । | अपूर्ण भविष्यत् |
| दर्शन मुसुक्क हाँस्दै हुने छन् । | अपूर्ण वर्तमान |
| कुन्साङ फुटबल खेल्दै छन् । | अपूर्ण भूत |

(ख) हिजो तपाइँको कक्षाका साथीले के के काम गरेका थिए भन्ने प्रश्नको उत्तर पाँच वाक्यमा लेख्न लगाउनुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पदक्रम मिलान<br>• पञ्चम वर्णको पहिचान र प्रयोग | • पदको क्रम मिलान गर्न<br>• पञ्चम वर्णको पहिचान र प्रयोग गर्न | • वाक्यपत्ती<br>• पञ्चम वर्णको तालिका र उदाहरण |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले शैक्षणिक पाटीमा पदक्रम नमिलेका केही वाक्यहरू लेख्नुहोस् र विद्यार्थीलाई पढ्न लगाई पदको भूमिकाको बारेमा छलफल गराउनुहोस् । यस क्रममा वाक्यमा कर्ता, कर्म, क्रिया आदिका भूमिका स्पष्ट पार्नुहोस् ।

२. विद्यार्थीलाई अभ्यास ३ मा दिइएका वाक्य पढ्न लगाई ती वाक्यलाइ कर्ता, कर्म, क्रिया अर्थात् पदको क्रम मिलाएर लेख्न लगाउनुहोस् । शिक्षकले आवश्यकतानुसार सहजीकरण गनुहोस् । विद्यार्थीले लेखेका उत्तर परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

३. शिक्षकले पञ्चम वर्णको प्रयोग मिलेका र नमिलेका शब्दसूची तयार गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर पञ्चम वर्णको प्रयोग मिलेका र नमिलेका शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका वाक्य भन्न लगाउनुहोस् । शिक्षकले विद्याथीले भनेअनुसार पञ्चम वर्णको प्रयोग मिलेका र नमिलेका शब्द छुट्टा छुट्टै शैक्षिक पाटीमा टिप्दै जानुहोस् र नमिलेका शब्दलाई आवश्यक संशोधन गरी शुद्ध पारिदिनुहोस् ।

४. शिक्षकले पञ्चमवर्णको प्रयोग गर्दा ख्याल गर्नुपर्ने पक्षहरूमा विद्यार्थीलाई उदाहरण दिई अवधारणा प्रस्ट पार्नुहोस् ।

जस्तै :

- क, ख , ग, घ, अगाडिको नासिक्य वर्ण ङ् हुन्छ : अङ्क, शङ्ख, सङ्गठन
- च, छ, ज, झ अगाडिको नासिक्य वर्ण ञ् हुन्छ : अञ्चल, पञ्जा, झञ्झा
- ट, ठ, ड, ढ अगाडिको नासिक्य वर्ण ण् हुन्छ : कण्ठ, भण्डार, कुण्ड
- त, थ, द, ध अगाडिको नासिक्य वर्ण न् हुन्छ : सन्त, मन्द, बन्धन
- प, फ, ब, भ अगाडिको नासिक्य वर्ण म् हुन्छ : कम्प, अम्बा, गम्भीर

६. विद्यार्थीलाई अभ्यास ४ मा दिइएका शब्दलाई शुद्ध गरी लेख्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् । लेखन कार्य सकिएपश्चात् कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) शुद्ध शब्द पहिचान गर्न लगाउनुहोस् :

| | |
|---|---|
| पन्चामृत | पञ्चामृत |
| अङ्क | अंक |
| पन्डित | पण्डित |
| सम्बोधन | संबोधन |

(ख) दिइएका वाक्यको क्रम मिलाउन लगाउनुहोस् :

(अ) भाइ मेरो छ असल ।

(आ) उनी गर्छिन् मलाई माया ।

(इ) म खान्छु मकै ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सुनाइ पाठ १०<br>• परियोजना कार्य | • सुनाइ पाठ १० लयमा गाउन<br>• सुनाइ पाठ १०  का आधारमा निर्दिष्ट क्रियाकलाप गर्न<br>• स्थानीय लोकगीत सङ्कलन गर्न | • सुनाइ पाठ ९ को अडियो सामग्री<br>• प्रश्न सूची |

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई सुनाइसम्बन्धी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१ विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ दशमा रहेको कविता वाचन गरेर  सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा अन्य व्यक्तिले वाचन गरेको मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी सुनाउन सक्नुहुने छ ।

२. विद्यार्थीलाई आफू सँगसँगै कविता वाचन गर्न लगाउनुहोस् र वाचनमा अभ्यस्त नभएसम्म अभ्यास गराउनुहोस् त्यसपछि पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ बाट मौखिक प्रश्नोत्तर गराउनुहोस् ।

३. विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न लगाउनुहोस् । जस्तै : **(क) चरालाई के मन परेको छैन ?**

**उत्तर : चरालाई घेराबन्दी मन परेको छैन ।**

४. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास ३ मा दिइएको विषयवस्तुका बारेमा सामूहिक रूपमा कक्षामा छलफल गराउनुहोस् । शिक्षकले आवश्यकतानुसार सहजीकरण गर्नुहोस् र प्रत्येक समूहलाई आआफ्नो धारणा प्रस्तुत गर्न लगाउनुहोस् । सबै समूहको पालो सकिएपछि शिक्षकले निष्कर्ष सुनाउनुहोस् ।

५. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी परियोजना कार्यमा दिइएको निर्देशनअनुसारको कार्य गरेर ल्याउन लगाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) सुनाइ पाठ १० लय मिलाई गाउन लगाउनुहोस् ।

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • परियोजना कार्य (स्थानीय लोकगीत सङकलन, गायन र लेखन) | • स्थानीय लोकगीत सङ्कलन गरी सुन्न<br>• स्थानीय लोकगीत सुनी सोही आधारमा गाउन<br>• स्थानीय लोकगीत सङ्कलन गरी लेख्न | • स्थानीय गीतका नमुना( अडियो तथा भिडियो) |

## एघारौँ दिन

**१. सिकाइ क्षेत्र**

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई उनीहरूले सुनेका, पढेका कुनै एक स्थानीय लोकगीत सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई परियोजना खण्डका आधारमा आआफ्ना क्षेत्र वा समुदायमा प्रचलित स्थानीय लोकगीतका बारेमा छलफल गराउनुहोस् ।

२. शिक्षकले तयार पारेर वा सङ्कलन गरेर ल्याएको स्थानीय लोकगीत प्रदर्शन गर्नुहोस् र गाएर सुनाउनुहोस्  र त्यसका बारेमा छलफल गराउनुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिन दिइएको परियोजना कार्य सबै विद्यार्थीले गरे नगरेको एकिन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो आफूले अभिभावकबाट सुनेर लेखेको स्थानीय लोकगीत सुनाउन लगाउनुहोस् । सबै विद्यार्थीलाई सक्रिय सहभागी हुने वातावरण तयार पार्नुहोस् र शिक्षकले आवश्यक सहनीकरण गर्नुहोस् ।

४. विद्यार्थीलाई परियोजना खण्डको अभ्यासमा दिइएको  निर्देशनका आधारमा स्थानीय लोकगीत लेख्न चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई अगिल्लो दिन दिइएको स्थानीय लोकगीतको गृहकार्यलाई साफी लेखन गर्न लगाउनुहोस् ।

५. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् र शैक्षणिक पाटीमा टाँस्न लगाउनुहोस् । विदार्थीको सक्रिय सहभागिताका लागि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क)  आफूलाई मन परेको कुनै एक स्थानीय लोकगीत राम्रा अक्षरमा लेख्नुहोस् र गाएर सुनाउनुहोस् ।

पाठ : ११

शीर्षक : नारायणहिटी दरबार सङ्ग्रहालय

विधा : निबन्ध

कार्यघण्टा : १०

## परिचय

'नारायणहिटी दरबार सङ्ग्रहालय' निबन्ध विधाको पाठ हो । यस निबन्धले विद्यार्थीलाई ऐतिहासिक नारायणहिटी दरबारका बारेमा सूचनामूलक जानकारी दिएको छ । यहाँ रहेका विभिन्न सदन र तिनको प्रयोजनका सन्दर्भमा वर्णन गरिएको छ । तत्कालीन राज परिवारको जीवनशैलीको चित्रण गरिएको छ । श्रीपेच र राजदण्ड जस्ता ऐतिहासिक वस्तुको निर्माण, प्रयोग र सुरक्षाका सन्दर्भमा चर्चा गरिएको छ । हामीले ऐतिहासिक वस्तुको सुरक्षा र सम्बर्धन गर्नु पर्नाका कारणहरू उल्लेख गरिएको छ ।

निबन्ध शिक्षणको प्रमुख उद्देश्य विद्यार्थीहरूमा भाषिक सिपको विकासको विकास गराउनु हो । निबन्ध शिक्षणका क्रममा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीमा सुनाइ र मुख्य विषय टिपोट, सूचनाको बोध र प्रस्तुति, चित्र वर्णन, सुनाइ र प्रश्न निर्माण, विषयवस्तुको सार प्रस्तुति, कल्पनाका आधारमा विषय वर्णन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समयबद्ध सस्वर पठन र गति वृद्धि, मौन र द्रुत पठन, संरचना पहिचान, पाठको विषयवस्तु बोध र सन्देश ग्रहण जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत विषयवस्तु वर्णन, मुख्य मुख्य बुँदा टिपोट, प्रश्नोत्तर, सारांश लेखन र शीर्षक वा बुँदाका आधारमा अनुच्छेद लेखनलगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत प्राविधिक तथा पारिभाषिक शब्दको पहिचान, अर्थबोध र प्रयोग तथा पाठगत शब्दको अर्थबोध र प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत विभक्ति चिह्नको पहिचान र प्रयोगसम्बन्धी क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत पञ्चम वर्णको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा जिज्ञासासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सुनाइ पाठ ११ का आधारमा सुनाइ र बोलाइ केन्द्रित भई श्रुतिबोधात्मक अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठगत अभ्यासमा समेटिएका भन्दा थप अभ्याससमेत गराउनु आवश्यक हुन्छ ।

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • छलफल<br>• चित्र वर्णन<br>• सस्वर वाचन र शुद्धोच्चारण (अनुच्छेद चारसम्म)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • विषयवस्तुको बोध गरी छलफल गर्न<br>• चित्र बोध गरी वर्णन गर्न<br>• निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • पूर्व पठन खण्डको अनुच्छेद<br>• पाठगत चित्र<br>• वृत्तचित्र<br>• शब्दार्थ पत्ती<br>• वाक्य पत्ती<br>• प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीसँग अगिल्लो पाठको सन्दर्भमा छलफल गरी केही विद्याथीलाई अगिल्लो पाठमा सिकिएका मुख्य मुख्य विषयवस्तु सुनाउन लगाउनुहोस् ।

२. विद्यार्थीहरूलाई लेख/रचना, गाउँखाने कथा आदिको प्रस्तुति गर्ने अवसर दिएर भाषिक सिप विकास गर्ने अवसर प्रदान गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । पाठको पूर्व पठन खण्डको पहिलो अनुच्छेद पढ्न लगाउनुहोस् । त्यसपछि छलफल गरी सङ्ग्रहालयको अवधारणा स्पष्ट पार्नुहोस् । छलफलपछि पूर्व पठन खण्डको दोस्रो

अनुच्छेद पढ्न लगाउनुहोस् र सङ्ग्रहालयको विविधताका बारेमा जानकारी गराउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी विभिन्न सङ्ग्रहालयको वृत्तचित्र प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहलाई नारायणहिटी दरबार सङ्ग्रहालयको चित्र प्रदर्शन गरी छलफलका लागि समय दिनुहोस् । त्यसपछि टोली नेताबाट कक्षा प्रस्तुतीकरण गराउनुहोस् । विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई छलफल गराउनुहोस् ।

३. सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट नारायणहिटी दरबार सङ्ग्रहालयको वृत्तचित्र प्रदर्शन गरी विषयवस्तु स्पष्ट पार्नुहोस् ।

४. शिक्षकले पाठको पहिलो र दोस्रो अनुच्छेद आदर्श वाचन गरी सुनाउनुहोस् । यसक्रममा शुद्धोच्चारण, लेख्य चिह्न, वाचन गति आदिका बारेमा जानकारी गराउनुहोस् ।

५. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. कक्षाका सबै विद्यार्थीलाई पाठको चौथो अनुच्छेदसम्म सस्वरवाचन गरी उच्चारण गर्न अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

७. विद्यार्थीहरूले रेखाङ्कन गरेका शब्द पहिचान गरी शब्दपत्ती प्रदर्शन गराउँदै अक्षरीकरणसहित सामूहिक तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । जस्तै :

काठमाडौँ /का.ठ.मान्.डौँ/

नारायणहिटी /ना.रा य.ण.हि.टि/

मूलढोका /मुल्.ढो.का/

८. विद्यार्थीले रेखाङ्कन गरेका तर शब्दपत्तीमा नपरेका शब्दलाई शैक्षणिक पाटीमा लेखेर उच्चारण अभ्यास गराउनुहोस् ।

९. विद्यार्थीलाई पाठबाट अर्थबोध गर्न समस्या भएका शब्द टिपोट गर्न लगाउनुहोस् । त्यसपछि सकेसम्म विद्यार्थीलाई नै अर्थ बताउन लगाउनुहोस् । शिक्षकले शब्दार्थ पत्ती प्रदर्शन गरी अर्थ स्पष्ट पार्नुहोस् ।

१०. शब्दभण्डार शिक्षणका क्रममा शब्दका अर्थ बताउने, वाक्यबाट अर्थ पहिचान गर्ने, पाठमा प्रयुक्त वाक्य पढी अर्थ पहिचान गर्ने, शब्दकोश प्रयोग गर्ने जस्ता विभिन्न तरिका सिकाउनुहोस् । जस्तै :

यसै कक्षबाट तत्कालीन राजा ज्ञानेन्द्र शाहले दरबार छाड्ने **घोषणा** गरेका थिए । (पाठगत वाक्य)

**घोषणा :** कुनै महŒवपूर्ण निर्णय सुनाउने काम (अर्थ)

११. विद्यार्थी समूहलाई शब्द र अर्थपत्ती छ्यासमिस पारेर दिनुहोस् र शब्दार्थ मिलाएर राख्न लगाउनुहोस् । विद्याथीहरू अलमलमा परेमा आवश्यक सहजीकरण गर्नुहोस् ।

१२. विद्यार्थीलाई आफूले लिएका शब्द र अर्थ भन्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई अर्थ मिले नमिलेको सन्दर्भमा

छलफल छलफल गराउनुहोस् ।

१३. प्रत्येक शब्दको अर्थबोध गराइसके पश्चात् वाक्य रचना गराउनुहोस् । विद्यार्थीको वाक्यको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१४. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । जस्तै :

(क) नारायणहिटी कसको दरबार थियो ?

(ख) सङ्ग्रहालयको मूलढोकालाई के भनिन्छ ?

**३. मूल्याङ्कन**

१. विद्यार्थीलाई ऐतिहासिक दरबार/स्थानको चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

४. दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(क) नारायणहिटी दरबार सङ्ग्रहालय कहाँ छ ?

(ख) नारायणहिटी दरबार सङ्ग्रहालयमा कतिओटा कोठा छन् ?

(ग) कास्की कक्षबाट बायाँपट्टि कुन कुन कक्ष छन् ?

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

**दोस्रो दिन**

१.सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● समयबद्ध पठन<br>● सस्वर वाचन र शुद्धोच्चारण (पाँचौँ, छैटौँ र सातौँ अनुच्छेद)<br>● शब्दभण्डार (शब्दार्थ र वाक्य रचना) | ● निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>● निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>● नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न | ● शब्दार्थ पत्ती<br>● वाक्य पत्ती<br>● प्रश्नोत्तरको नमुना<br>● सांस्कृतिक प्रसङ्ग |

| | | |
|---|---|---|
| • बोध प्रश्नोत्तर<br>• विषयवस्तुको वर्णन गर्न | • पाठका आधारमा बोध प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट विषयवस्तुलाई वर्णन गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै विषयवस्तु सुनाएर/प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि मस्तिष्क मन्थनसम्बन्धी प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समय हेर्न लगाई पाठको पाँचौँ अनुच्छेद गति, यति र हाउभाउसहित समयबद्ध सस्वरपठन गरिदनिुहोस् । त्यसपछि अनुच्छेद पढ्न लागेको समय सोध्नुहोस् ।

२. विद्यार्थीलाई पालैपालो गति, यति र हाउभाउ मिलाई समयबद्ध सस्वरपठन गर्न लगाउनुहोस् । यस क्रममा सबै जनाको पढाइको गति समान नहुने तर निरन्तरको पठन अभ्यासबाट पढाइको गति वृद्धि हुने कुरा बताइदिनुहोस् ।

३. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

४. कक्षाका सबै विद्यार्थीलाई पाठको पाँचौँदेखि सातौँ अनुच्छेदसम्म सस्वरवाचन गरी उच्चारण गर्न अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

५. विद्यार्थीहरूले रेखाङ्कन गरेका शब्द पहिचान गरी शब्दपत्ती प्रदर्शन गराउँदै अक्षरीकरणसहित सामूहिक तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । जस्तै :

प्यागोडा /प्या.गो.डा/

स्तम्भ /स्तम्.भ/

शृङ्गार/सृङ्.गार्/

६. विद्यार्थीले रेखाङ्कन गरेका तर शब्दपत्तीमा नपरेका शब्दलाई शैक्षणिक पाटीमा लेखेर उच्चारण अभ्यास गराउनुहोस् ।

७. विद्यार्थीलाई पाठबाट अर्थबोध गर्न समस्या भएका शब्द टिपोट गर्न लगाउनुहोस् । त्यसपछि सकेसम्म विद्यार्थीलाई नै अर्थ बताउन लगाउनुहोस् । शिक्षकले शब्दार्थ पत्ती प्रदर्शन गरी अर्थ स्पष्ट पार्नुहोस् ।

८. शब्दभण्डार शिक्षणका क्रममा शब्दका अर्थ बताउने, वाक्यबाट अर्थ पहिचान गर्ने, पाठमा प्रयुक्त वाक्य पढी अर्थ पहिचान गर्ने, शब्दकोश प्रयोग गर्ने जस्ता विभिन्न तरिका सिकाउनुहोस् ।

९. कुनै विद्यार्थी समूहलाई शब्दपत्ती र कुनै समूहलाई अर्थपत्ती दिनुहोस् । त्यसपछि शब्दार्थ खेल खेलाउनुहोस् । विद्याथीहरू अलमलमा परेमा आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. शब्दार्थ खेल पश्चात् विद्यार्थीहरूलाई वाक्य रचना अभ्यास गराउनुहोस् । विद्यार्थीको वाक्यको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

११. विद्यार्थीहरूलाई पाठको सातौँ अनुच्छेद पढ्न लगाउनुहोस् । त्यसपछि पठनबोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । जस्तै :

(क) लमजुङ कक्षबाट अगाडि जाँदा कहाँ पुगिन्छ ?

(ख) राजपरिवारले निजी कक्षका रूपमा प्रयोग गर्ने कक्षको नाम के हो ?

१२. शिक्षकले कुनै सांस्कृतिक पर्वका बारेमा मुख्य मुख्य विषयवस्तु प्रदर्शन गरी विषयवस्तुको वर्णन गर्ने तरिका सिकाउनुहोस् ।

१३. विद्यार्थीहरूलाई आआफ्नो समुदायमा मनाइने सांस्कृतिक पर्वका बारेमा पालैपालो विषयवस्तु वर्णन गर्न लगाउनुहोस् । विद्यार्थी अलमलमा परेको अवस्थामा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

१४. विद्यार्थीको सक्रियताका लागि ताली बजाएर स्याबासी दिनुहोस् ।

३. **मूल्याङ्कन**

(क) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

स्तम्भ, कालिगढ, आकृति, झुम्मर, सुशोभन, शयन

(ख) 'सङ्ग्रहलायको महŒव' शीर्षकमा विषयवस्तुको वर्णन गर्न लगाउनुहोस् :

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण ( आठौँ अनुच्छेददेखि दसौँसम्म)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• मौनपठन र बोध प्रश्नोत्तर<br>• संरचना पहिचान | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• निर्दिष्ट शब्द शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• निर्दिष्ट अनुच्छेदका आधारमा मौनपठन गरी बोध प्रश्नोत्तर गर्न<br>• पाठ्य निबन्धको संरचना पहिचान गर्न | • अनुच्छेदपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरका नमुना<br>• निबन्धको संरचना तालिका |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै ऐतिहासिक विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकिएका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. कक्षाका सबै विद्यार्थीलाई पाठको आठौँदेखि दसौँ अनुच्छेदसम्म सस्वरवाचन गरी उच्चारण गर्न अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

३. विद्यार्थीहरूले रेखाङ्कन गरेका शब्द पहिचान गरी शब्दपत्ती प्रदर्शन गराउँदै अक्षरीकरणसहित सामूहिक तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । जस्तै :

श्रीपेच ⁄ स्रि.पेच् ⁄

सामग्री ⁄ सा.मग्.रि ⁄

पुनर्निमाण ⁄ पु.न.निर्.माण् ⁄

४. विद्यार्थीले रेखाङ्कन गरेका तर शब्दपत्तीमा नपरेका शब्दलाई शैक्षणिक पाटीमा लेखेर उच्चारण अभ्यास गराउनुहोस् ।

५. विद्यार्थीलाई पाठबाट अर्थबोध गर्न समस्या भएका शब्द टिपोट गर्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठमा शब्दको प्रयोग भएको वाक्य पढी अर्थ बताउन लगाउनुहोस् । शिक्षकले शब्दार्थ पत्ती प्रदर्शन गरी छलफलसहित अर्थ स्पष्ट पार्नुहोस् ।

६. शब्दभण्डार शिक्षणका क्रममा शब्दका अर्थ बताउने, अर्थका आधारमा शब्द पहिचान गर्ने, वाक्यबाट अर्थ पहिचान गर्ने, पाठमा प्रयुक्त वाक्य पढी अर्थ पहिचान गर्ने, शब्दकोश प्रयोग गर्ने जस्ता विभिन्न तरिका सिकाउनुहोस् । जस्तै :

राजाले हातमा लिने छडी : राजदण्ड

चौँरीगाईको पुच्छर : चमर

७. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र शब्दार्थसम्बन्धी हाजिरीजबाफ प्रतियोगिता सञ्चालन गराउनुहोस् । विजयी समूहलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

८. विद्यार्थीहरूलाई पाठको आठौँ अनुच्छेद मौनपठन गर्न सिकाउनुहोस् । त्यसपछि मौनपठन अभ्यास गराउनुहोस् ।

९. विद्यार्थीहरूले मौन पठन गरिसकेपछि ठिक बेठिक, जोडा मिलाउने, खाली ठाउँ भर्ने, प्रश्नका उत्तर भन्ने वा लेख्ने जस्ता पठनबोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । जस्तै :

**ठिक बेठिक छुट्याउनुहोस् :**

(क) कपिलवस्तु कक्षपछि रुपन्देही कक्षमा पुगिन्छ ।

(ख) रुपन्देही र सुर्खेत कक्षलाई नेपाल प्रहरीले पहरा दिने गर्छन् ।

१०. विद्यार्थीलाई निबन्धको संरचना तालिका प्रदर्शन गरी निबन्धको संरचनाका बारेमा छलफल गराउनुहोस् ।

११. पाठ्य निबन्धको संरचनामा आधारित भई आदि, मध्य र अन्त्य भागका मुख्य मुख्य विषयवस्तुलाई छुट्टाछुट्टै प्रदर्शन गर्नुहोस् ।

११. विद्यार्थीलाई समूहमा छलफल गरी निबन्धको आदि, मध्य र अन्त्यका विषयवस्तु टिपोट गर्न लगाई कक्षामा प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् ।

१२ं प्रत्येक समूहको कक्षा प्रस्तुतिपश्चात् अन्य विद्यार्थीलाई प्रतिक्रियाको अवसर प्रदान गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१३. प्रत्येक समूहको प्रस्तुतीकरणपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

३. **मूल्याङ्कन**

(क) विद्यार्थीलाई निर्दिष्ट अनुच्छेद गति, यति र हाउभाउ मिलाई पालैपाला सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ४ मा दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) दिइएका वाक्य कुन कुन अनुच्छेदमा रहेका छन् :

(आ) यस सङ्ग्रहालयमा सानाठुला गरी ७७ भन्दा बढी कोठा हरेका छन् ?

(इ) राजसिंहासनमा सुन र चाँदी प्रयोग गरिएको छ ।

(ई) कल्की हुमायु चराको सिउरबाट बनाइएको हो ।

(उ) त्रिभुवन सदन हुँदै सुन्दर बगैँचामा पुगिन्छ ।

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार (पाठगत शब्दको अर्थबोध र प्रयोग)<br>• प्राविधिक तथा पारिभाषिक शब्दको पहिचान, अर्थबोध र प्रयोग<br>• कल्पनाका आधारमा विषय वर्णन | • पाठमा प्रयुक्त शब्दको अर्थबोध र प्रयोग गर्न<br>• प्राविधिक तथा पारिभाषिक शब्दको पहिचान, अर्थबोध र प्रयोग<br>• कल्पनाका आधारमा विषय वर्णन गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेद पत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् । जस्तै :

**नौ तले घरको न झ्याल न ढोका के हो ? उत्तर : बाँस**

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरी वा प्रश्न प्रिन्ट गरी वा पाठ्यपुस्तकबाट शब्दभण्डारको अभ्यास १ मा दिइएका शब्द प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी निर्दिष्ट अर्थसँग मिल्ने शब्द पहिचान गरी लेख्न निर्देशन दिनुहोस् ।

३. विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् र समूह कार्यपश्चात् प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् ।

४. प्रत्येक समूहको कक्षा प्रस्तुतिपश्चात् अन्य विद्यार्थीलाई सम्बन्धित शब्दमा आधारित भई वाक्य रचना गर्न अवसर प्रदान गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. प्रत्येक समूहको प्रस्तुतीकरणपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

६. विद्यार्थीलाई शब्दभण्डारको अभ्यास २ मा दिइएको निर्देशनका आधारमा शब्दसँग सम्बन्धित चित्र प्रदर्शन गरी धारण स्पष्ट पार्नुहोस् । त्यसपछि जोडा मिलाउन लगाउनुहोस् ।

७. विद्यार्थीलाई शब्दभण्डारको प्रश्न न. ३ मा दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यपत्तीको प्रयोग गरी वाक्यको नमुना देखाउनुहोस् । यस क्रममा वाक्य संरचनामा आधारित भई कर्ता, कर्म, क्रिया आदि रहने स्थानका बारेमा धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

बगैँचा = पाल्तेनले **<u>बगैँचा</u>**मा थरि थरिका फूलका बिरुवा रोपे ।

८. कुनै विद्यार्थीलाई वाक्य रचना गर्न कुनै समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । विद्यार्थीले वाक्यमा प्रयोग गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

९. विद्यार्थीलाई दिइएको ढाँचामा उनीहरूको स्तरअनुसारको प्राविधिक तथा पारिभाषिक शब्द प्रयोग भएको अनुच्छेद प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् :

**नेपाल सांस्कृतिक सम्पदामा धनी देश हो । यहाँ परापूर्व कालदेखि नै विभिन्न सम्प्रदायका मानिसहरूको बसोबास भएको पाइन्छ । प्रत्येक जातजातिमा प्रचलित परम्परा, जात्रा, खानपान, पहिरन आदिलाई संरक्षण गर्नु आवश्यक छ । पुर्खाका संस्कृतिलाई सन्ततिहरूले नासोका रूपमा स्वीकार गर्नुपर्छ ।**

१०. शिक्षकले कुनै काल्पनिक विषयवस्तु छनोट गरी कल्पनाका आधारमा विषयवस्तुको वर्णन गर्ने तरिका सिकाउनुहोस् । जस्तै :

- **आगामी दश वर्षपछिको हाम्रो समाज**
- **आगामी दश वर्षपछिको कक्षाकोठाको वातावरण**

११. विद्यार्थीहरूलाई कुनै काल्पनिक प्रसङ्ग/ शीर्षक दिएर पालैपालो कल्पनाका आधारमा विषयवस्तु वर्णन गर्न लगाउनुहोस् । विद्यार्थी अलमलमा परेको अवस्थामा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

१२. विद्यार्थीको सक्रियताका लागि ताली बजाएर स्याबासी दिनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) दिइएका शब्द र अर्थबिच जोडा मिलाउन लगाउनुहोस् :**

| | |
|---|---|
| भूक्षय | पोषक तŒवको कमी |
| निदान | ढुङ्गामा लेखिएको पुरानो लेख |
| कुपोषण | जिम्मेवारीपूर्ण काम |
| शिलालेख | रोग पत्ता लगाउने काम |
| | माटो बग्ने काम |

**(ख) विद्यार्थीहरूलाई कल्पनाका आधारमा विषयवस्तुको वर्णन गर्न लगाउनुहोस् :**

(अ) मौसम परिवर्तन नहुने हो भने हाम्रो दैनिकी कस्तो हुन्थ्यो होला ?

(आ) आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**पाँचौं दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • समयबद्ध सस्वरपठन (पुनरावृत्ति)<br>• पाठगत बोध प्रश्नोत्तर ( मौखिक तथा लिखित प्रश्नोत्तर) | • निर्दिष्ट अनुच्छेदको समयबद्ध सस्वरपठन गर्न<br>• पाठगत प्रश्नको मौखिक उत्तर दिन<br>• पाठगत प्रश्नको लिखित उत्तर दिन | • शब्दपत्ती<br>• नमुना<br>• अनुच्छेदपत्ती<br>• मौखिक तथा लिखित प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. विद्यार्थीलाई अगिल्लो दिनका सिकिएका विषयवस्तुबारे पालैपालो छोटो छलफल गर्नु लगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन बोध र अभिव्यक्ति खण्डको अभ्यास न.२ का आधारमा पाठको पहिलो अनुच्छेद एक मिनेटभित्र गति, यति र हाउभाउसहित सस्वरपठन गर्न निर्देशन दिनुहोस् ।

२. एउटा समूहलाई समय हेर्न लगाउनुहोस् र अर्को समूहलाई समयबद्ध सस्वरपठन गर्न लगाउनुहोस् । साथीको पढाइ उपयुक्त भए नभएको सुन्न लगाउनुहोस् । उपयुक्त किसिमले निर्धारित एक मिनेटको समयमा पढ्ने विद्यार्थीलाई हौसला प्रदान गर्नुहोस् ।

३. शिक्षकले समयबद्ध सस्वरपठन गर्न असमर्थ विद्यार्थीलाई आवश्यक सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ३ का आधारमा मौखिक उत्तर आउने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको नमुना उत्तर भन्नुहोस् । यसक्रममा प्रश्नको संरचनामा आधारित भई उत्तर भन्नुपर्ने कुरा सिकाउनुहोस् ।

५. विद्यार्थीलाई अन्य प्रश्नहरूको उत्तर भन्न निर्देश गर्नुहोस् । विद्यार्थीको उत्तरको मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीको सक्रिय सहभागिताका लागि ताली बजाएर स्याबासी दिनुहोस् ।

७. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा लिखित उत्तर आउने प्रश्न प्रस्तुत गर्नुहोस् ।

८. विद्यार्थीहरूलाई पाँच/छ वाक्यमा सङ्क्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

९. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको नमुना उत्तर शैक्षणिकपाटीमा लेखेर देखाउनुहोस् र कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

१०. विद्यार्थीहरूलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का अन्य प्रश्नहरूको उत्तर लेख्न निर्देश गर्नुहोस् ।

११. विद्याथीहरूले उत्तर लेखेको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

१२. विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) निम्नलिखित प्रश्नको मौखिक उत्तर भन्न लगाउनुहोस् :**

(अ) नारायणहिटी दरबार सङ्ग्रहालयको स्थापना कहिले भएको हो ?

(आ) नारायणहिटी दरबार सङ्ग्रहालयमा कतिओटा कोठा रहेका छन् ?

(इ) श्रीपेमा कुन कुन वस्तु प्रयोग गरिन्छ ?

(ई) विदेशी राष्ट्रप्रमुखलाई कुन कक्षमा भेटघाट गरिन्थ्यो ?

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पाठको विषयबोध<br>• पाठको सार ग्रहण र प्रस्तुति<br>• प्रश्न निर्माण<br>• सूचनाको बोध र प्रस्तुति | • पाठ्य निबन्धको विषयबोध गर्न<br>• पाठ्य निबन्धको सार ग्रहण गरी कक्षा प्रस्तुति गर्न<br>• निर्धारित अनुच्छेदबाट प्रश्ननिर्माण गर्न<br>• सूचनाबोध गरी कक्षा प्रस्तुति गर्न | • विषयवस्तुका बुँदा<br>• अनुच्छेदपत्ती<br>• प्रश्नसूची<br>• भित्तेपात्रो |

**२. सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै क्षेत्रमा सफल व्यक्तिको सङ्घर्ष सुनाएर/प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठ्य निबन्धका अनुच्छेद  मौनपठन गर्न लगाउनुहोस् । मौनपठन गर्ने क्रममा मुख्य मुख्य कुरालाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

२. पाठको मौनपठनपश्चात् रेखाङ्कन गरेका विषयवस्तुलाई कापीमा टिपोट गर्न लगाउनुहोस् र विद्यार्थीलाई टिपोट गरिएका विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् ।

३. प्रत्येक समूहको कक्षा प्रस्तुतीकरणपश्चात् अन्य विद्यार्थी समूहलाई प्रतिक्रियाको अवसर प्रदान गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. प्रत्येक समूहको प्रस्तुतीकरणपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

५. विद्यार्थीलाई सामूहिक रूपमा पाठ्य निबन्धको सारका बारेमा छलफल गराउनुहोस् । विद्यार्थी समूहको छलफलबाट आएका कुरालाई कक्षा प्रस्तुति गर्न लगाउनुहोस् ।

६. विद्यार्थीको प्रस्तुति सुनी निबन्धको सार प्रस्तुतिका क्रममा छुटेका कुरा शिक्षकले थपी निष्कर्ष सुनाउनुहोस् र शिक्षक तयार पारेको पाठ्य निबन्धको सार प्रदर्शन धारणा स्पष्ट पार्नुहोस् ।

७. विद्यार्थीलाई सामूहिक रूपमा बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ६ मा दिइएको निर्देशन पढ्न लगाउनुहोस् । यस क्रममा प्रश्न निर्माण गर्ने तरिकाको बारेमा छलफल गराउनुहोस् । जस्तै :

- दिइएको अनुच्छेद ध्यानपूर्वक पढ्ने
- प्रश्नमा को, के, कहाँ, कहिले, कति, कुन, किन, कसरी जस्ता शब्द रहनुपर्ने
- प्रश्न बनाउने क्रममा मुख्य उत्तरलाई ठम्याउनुपर्ने
- विभिन्न प्रश्नात्मक शब्द प्रयोग गरी प्रश्नलाई विविधता बनाउनुपर्ने

८. बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ६ का आधारमा विद्यार्थी समूहलाई पाठको पाँचौँ अनुच्छेदबाट चारओटा प्रश्न निर्माण गर्न निर्देशन दिनुहोस् ।

९. विद्यार्थी समूहलाई क्रमैसँग प्रश्न प्रस्तुति गर्न लगाउने र अन्य विद्यार्थी समूहलाई उक्त प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा प्रत्येक प्रश्न र उत्तर मिलाएबापत ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

१०. विद्यार्थीलाई समूहलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ९ मा दिइएको निर्देशन पढ्न लगाउनुहोस् । यस क्रममा भित्तेपात्रो प्रदर्शन गर्नुहोस् र उक्त भित्तेपात्रो अध्ययन गरी विषयवस्तुबोध गर्ने तरिका सिकाउनुहोस् ।

११. बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ९ का आधारमा विद्यार्थी समूहलाई उत्तर लेख्न निर्देशन दिनुहोस् ।

१२. विद्यार्थी समूहलाई क्रमैसँग प्रश्नोत्तर गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको उत्तरको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|

(क) विद्यार्थीलाई पाठ्य निबन्धको सार लेख्न लगाउनुहोस् ।

(ख) विद्यार्थी समूहलाई पाठको दोस्रो अनुच्छेदबाट तीनओटा प्रश्न निर्माण गरी उत्तर पनि लेख्न लगाउनुहोस् ।

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| | | |
|---|---|---|
| ● बुँदा टिपोट<br>● सारांश लेखन<br>● चित्र वर्णन | ● निर्धारित अनुच्छेद मौनपठन गर्न र बुँदा टिपोट गर्न<br>● पाठ्य निबन्धको सारांश लेख्न<br>● चित्रबोध गरी वर्णन गर्न | ● अनुच्छेदपत्ती<br>● बुँदासूची<br>● सारांशको नमुना<br>● चित्र |

**२. सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. आफ्नो समुदायमा प्रचलित कुनै सन्दर्भ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्दिष्ट पाठको सातौँ अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको नमुना अनुच्छेदलाई मौन पठन गर्न निर्देश गर्नुहोस् । प्रस्तुत अनुच्छेदबाट बुँदा टिपोट कसरी गर्ने भन्ने सम्बन्धमा विद्यार्थीको पूर्व ज्ञानका बारेमा जानकारीकारी लिनुहोस् । विद्यार्थीलाई बुँदा लेखन गर्दा ख्याल गर्नुपर्ने निम्न तरिका सिकाउनुहोस् :

**बुँदा टिपोट गर्ने तरिका**

- सर्वप्रथम ध्यानपूर्वक अनुच्छेद पढेर मुख्य मुख्य वाक्यमा रेखाङ्कन गर्ने
- असमापक क्रियापदको प्रयोग गर्ने
- अनुच्छेदबाट वाक्यलाई हुबहु नसार्ने
- छोटा र अर्थपूर्ण बुँदा बनाउने

२. विद्यार्थीलाई बुँदा टिपोटका बारेमा जानकारी गराउँदै प्रस्तुत गरिएको अनुच्छेदका आधारमा विद्यार्थीलाई मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका बुँदा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आवश्यक संशोधनसिहत शिक्षकले टिपोट गरेका बुँदालाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् ।

३. विद्यार्थीलाई पाठको तेस्रो अनुच्छेद पढेर मुख्य मुख्य बुँदा पहिल्याउँदै रेखाङ्कन गर्न लगाउनुहोस् । यस क्रममा अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीलाई मुख्य मुख्य बुँदाहरू कापीमा टिपोट गर्न लगाउनुहोस् ।

५. विद्यार्थीले टिपोट गरेका बुँदालाई पालैपालो कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । अन्य विद्यार्थीको प्रतिक्रिया लिनुहोस् । त्यसपछि आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

६. विद्यार्थीलाई समूहलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ७ मा दिइएको निर्देशन पढ्न लगाउनुहोस् । यसपछि अनुच्छेद पढी मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् ।

७. विद्यार्थी समूहलाई टिपोट गरिएका मुख्य मुख्य विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको उत्तरको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. टिपोट गरिएका मुख्य मुख्य बुँदालाई समेटी सारांश लेख्न सिकाउनुहोस् ।

**सारांश लेख्ने तरिका**

- **अनुच्छेदलाई ध्यानपूर्वक पढेर मुख्य विषयवस्तु बुझ्ने**
- **अनुच्छेदका मुख्य मुख्य विषयवस्तुमा रेखाङ्कन गर्ने**
- **उदाहरण, विशेषण, उखान, टुक्का नराख्ने**
- **धेरैओटा शब्दले जनाउने अर्थको सट्टामा एउटै शब्द प्रयोग गर्ने**
- **करिब आधा अंशमा सङ्क्षेपीकरण गर्ने**
- **विषयवस्तु समेटिने गरी शीर्षक लेख्ने**

९. शिक्षकले सारांशको नमुना प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

१०. विद्यार्थीलाई टिपोट गरिएका मुख्य मुख्य बुँदालाई समेटी सारांश लेख्न निर्देशन दिनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । सारांश लेखनपश्चात् प्रत्येक विद्यार्थीलाई सारांश प्रस्तुत गर्न लगाउनुहोस् ।

११. अन्य विद्यार्थीलाई साथीले लेखेको सारांश सुनी प्रतिक्रिया दिन लगाउनुहोस् । त्यसपछि शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१२. विद्यार्थीले गरेका कार्यलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

१३. कक्षामा कुनै चित्र प्रदर्शन गरी विद्यार्थीहरूलाई पालैपालो चित्र वर्णन गर्न लगाउनुहोस् ।

१४. विद्यार्थीको प्रस्तुति सुनिसकेपछि चित्रको सन्दर्भ, विषयवस्तु, पात्र, परिवेश, कल्पना आदिका आधारमा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई बुँदा टिपोटका लागि अनुच्छेद दिनुहोस् । टिपोट गरेका बुँदा एकआपसमा साटासाट गरेर हेर्न निर्देशन दिनुहोस् । कुनै विद्यार्थीलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ख) कुनै चित्र सङ्कलन गरी चित्र वर्णन गर्न लगाउनुहोस् ।

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

**आठौँ दिन**

**१. सिकाइ क्षेत्र**

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुकरणात्मक समाचार लेखन<br>• निर्देशित अनुच्छेद लेखन<br>• भाषिक प्रकार्य (जिज्ञासा) | • नमुना पढी समाचार लेख्न<br>• निर्दिष्ट विषयवस्तुमा आधारित भई अनुच्छेद लेख्न<br>• जिज्ञासामा केन्द्रित भई कुराकानी गर्न | • बुँदापत्ती<br>• अनुच्छेदपत्ती<br>• जिज्ञासासँग सम्बन्धित अडियो/भिडियो |

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई गाउँखाने कथा सुनाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि गाउँ खाने कथा सुनाउन लगाउनुहोस् । **जस्तै : सेती गाई पानी खान गई फर्किंदा राती भएर आई के हो ?**

**उत्तर : सेल पकाएको**

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले समाचार लेखनको संरचना प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

२. समाचारको नमुनासहित समेटिने मुख्य मुख्य विषयवस्तु प्रदर्शन गरी छलफल गराउनुहोस् ।

३. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र बोध र अभिव्यक्तिको प्रश्न न. ८ मा दिइएको निर्देशनअनुसार समाचार पढी सोही ढाँचा अनुशरण गरी अनुच्छेद तयार पार्न लगाउनुहोस् ।

४. अलमलमा परेका विद्यार्थी समूहलाई आवश्यक सहयोग गर्नुहोस् । समाचार लेखनपश्चात् प्रत्येक विद्यार्थी समूहलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. विद्यार्थीलाई अनुच्छेदको संरचना प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

६. अनुच्छेदको नमुना प्रदर्शन गरी छलफल गराउनुहोस् ।

७. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र अनुच्छेद लेखनका लागि मुख्य मुख्य बुँदा दिनुहोस् । त्यसपछि छलफल गरी अनुच्छेद तयार पार्न लगाउनुहोस् ।

८. अलमलमा परेका विद्यार्थी समूहलाई आवश्यक सहयोग गर्नुहोस् । अनुच्छेद लेखनपश्चात् प्रत्येक विद्यार्थी समूहलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

९. ताली बजाएर विद्यार्थीको सक्रियताको प्रशंसा गर्नुहोस् ।

१०. बोध र अभिव्यक्तिको प्रश्न न. १० मा दिइएको निर्देशनअनुसार कुनै दुई विद्यार्थीलाई सलिम र पसलेको भूमिका निर्वाह गरी दिइएको संवाद पढ्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई निम्न पक्षमा भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् :

- भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, प्रसङ्ग र परिवेशअनुसारको उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत भई भाषिक व्यवहार गर्न सिकाउनुहोस् ।
- शिक्षकले जिज्ञासासम्बन्धी विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् :

**सुमन पसलमा गयो । साहुनीसँग एक प्याकेट दुध माग्यो र पैसा तिर्‍यो । उसले गाउँघर तिर बाल्टी वा कुँडेमा मात्र दुध देखेको थियो । फेरि सहरमा चाहिँ प्याकेटमा दुध हुन्छ । यो देखेर सुमनलाई अचम्म लाग्यो । उसले साहुनीलाई सोध्यो, "काकी ! यो प्याकेटमा केको दुध हालिन्छ ?" साहुनीले हाँस्दै भनिन्, "प्याकेटमा गाईभैँसीको दुध हाल्ने त हो नि ।" सुमनले भन्यो, "होइन, गाईभैँसीको दुध प्याकेटमा कसरी हालिने रहेछ ?" साहुनीले भनिन्, "ल बाबु पनि, कृषकहरूले गाईवस्तु पाल्छन् । बिहान बेलुकी दुहुन्छन् । दुध डेरीमा लगेर बेच्छन् । त्यही दुधलाई मोटरगाडीमा राखेर डेरी उद्योगसम्म ल्याइन्छ । त्यसलाई प्रशोधन गरेर प्याकेटमा भरिन्छ । त्यसपछि बजारमा लगिन्छ अनि हामी जस्ता व्यापारीले बेच्छौँ । तिमी जस्ता ग्राहकले किन्छौ ।" सुमनले मुन्टो हल्लाउँदै भन्यो, "ए.....! कुरा त्यस्तो पो रहेछ । बल्ल बुझेँ ।**

- प्रस्तुत गरिएको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार आदिको प्रयोगबारे पहिचानात्मक छलफल गराउनुहोस् ।
- विद्यार्थीका भूमिकालाई परिवर्तन गरी भाषिक प्रकार्यमा प्रशस्त अभ्यास गराउँदै त्यसका निहित व्याकरण संरचना, शब्दप्रयोग, आङ्गिक चेष्टा, सम्प्रेषणीयता, सन्दर्भअनुकूलको सम्प्रेषण बोध वा स्मरण गराउनुहोस् ।
- विद्यार्थीको रुचिका आधारमा सहभागिता वृद्धि गर्दै अन्तर्क्रियात्मक प्रस्तुतिमा जोड दिनुहोस् ।
- विद्यार्थीले प्रयोग गरेका भाषिक प्रकार्यको उच्चारण, शैली, आरोह अवरोह, उपयुक्तता, वक्ता श्रोताको अभिव्यक्ति प्रणाली र सञ्चार पक्षमा विचार पुर्‍याउनुहोस् ।

११. विद्यार्थीहरूलाई युगल समूहमा विभाजन गरी जिज्ञासामा केन्द्रित रही कुराकानी गर्न लगाउनुहोस् । विद्यार्थी समूहका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् र ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) जिज्ञासामा केन्द्रित रही साथी साथीबिच कुराकानी गराउनुहोस् ।

(ख) 'फूलबारी' शीर्षकमा एक अनुच्छेद लेख्न लगाउनुहोस् ।

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

## नवौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • विभक्ति चिह्नको पहिचान र प्रयोग<br>• ह्रस्व इकार र ह्रस्व उकारको पहिचान र प्रयोग | • विभक्ति चिह्नको पहिचान र प्रयोग गर्न<br>• ह्रस्व इकार र ह्रस्व उकारको पहिचान र प्रयोग गर्न | • विभक्ति चिह्नको  तालिका र उदाहरण<br>• शब्दपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. कुनै एक विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न न १ मा दिइएको अनुच्छेद सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।  विद्यार्थीलाई अनुच्छेदमा भएका प्रत्येक वाक्यबाट रातो रङ लागेका विभक्ति चिह्न पहिचान गर्न लगाउनुहोस् ।

२. विभक्ति चिह्नले वाक्यमा खेल्ने भूमिकाका बारेमा छलफल गराउनुहोस् । विभक्ति चिह्न प्रयोग भएका थप वाक्यका उदाहरण दिएर धारणा स्पष्ट पार्नुहोस् ।

३. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न न. १ मा दिइएको अनुच्छेदबाट विभक्ति चिह्न पहिचान गरी कापीमा टिपोट गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न न. २ मा दिइएको खाली ठाउँमा विभक्ति चिह्न पहिचान गरी वाक्य पूरा गर्न लगाउनुहोस् ।   **जस्तै :**

(क) गाई ................ घाँस खायो । (मा, ले, को)

५. खाली ठाउँमा विभक्ति चिह्न पहिचान गरी वाक्य पूरा गर्न क्रममा अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीहरूलाई एकआपसमा कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् ।

७. विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् र भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न न. ३ मा दिइएको निर्देशनका आधारमा पाठबाट ‘ले’ र ‘लाई’ विभक्ति प्रयोग भएका एक एकओटा वाक्य टिपोट गर्न

लगाउनुहोस् । विद्यार्थी समूहका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपश्चात् प्रत्येक समूहलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् ।

८. विद्यार्थी समूहलाई ले, लाई, को, बाट र मा विभक्ति प्रयोग गरी मन पर्ने खानेकुराको बारेमा एक अनुच्छेद लेख्न लगाउहोस् ।

९. विद्यार्थी समूहको क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपश्चात् कक्षा प्रस्तुतीकरण गराउनुहोस् । अन्य समूहलाई प्रतिक्रिया दिन लगाउनुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१०. विद्यार्थीलाई ह्रस्व इकार र ह्रस्व उकार प्रयोग भएका शब्दपत्ती प्रदर्शन गरी छलफलसहित धारणा स्पष्ट पार्नुहोस् ।

११. विद्यार्थी समूहलाई भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न न. ४ मा दिइएको निर्देशनका आधारमा पाठबाट ह्रस्व इकार र ह्रस्व उकार प्रयोग भएका प्रयोग भएका पाँच पाँचओटा शब्द टिपोट गर्न लगाउनुहोस् ।

१२. विद्यार्थी समूहका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपश्चात् प्रत्येक समूहलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) खाली ठाउँमा मिल्दो विभक्ति चिह्न भर्न लगाउनुहोस् :**

(अ) वीरमान ............. कपडामा हिलो लागेछ । (ले, को, लाई)

(आ) म पसल ............ गएर सामान किन्छु । (को, बाट, मा)

(इ) जनक ............... खेलौना किन्यो । (ले, मा, को)

(ई) सरला .............. रोटी मन पर्छ । (मा, ले, लाई)

(उ) भाइ घर ........... हिँड्यो । (बाट, ले, को)

**(आ) ह्रस्व इकार र ह्रस्व उकार प्रयोग भएका प्रयोग भएका पाँच पाँचओटा शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।**

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
| --- | --- | --- |

| | | |
|---|---|---|
| • सुनाइ पाठ ११ (श्रुतिबोधात्मक प्रश्नोत्तर र सूचनाको बोध तथा कक्षा प्रस्तुति तथा छलफल)<br>• परियोजना कार्य | • विषयवस्तुको सुनाइ र बोध गर्न<br>• सुनाइ सामग्रीमा आधारित प्रश्नोत्तर<br>• सुनाइ सामग्रीमा आधारित छलफल<br>• सङ्ग्रहालयमा आधारित सूचना सङ्कलन र कक्षा प्रस्तुति | • सुनाइ पाठ ११ को अडियो सामग्री, प्रश्न पत्ती<br>• कुनै सङ्ग्रहालयमा आधारित मुख्य मुख्य बुँदाहरू |

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइसम्बन्धी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ पाठ ११ का आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

२. विद्यार्थीलाई सुनाइ पाठ ११ को अडियो सुनाउनुहोस् ।

३. विद्यार्थीलाई सुनाइ पाठ ११ को अडियो पहिलो पटक सुनाइसकेपछि सुनाइ र बोलाइ खण्डका प्रश्न सुनाएर छलफल गर्नुहोस् ।

४. त्यसपछि पुनः सुनाइ पाठ ११ को अडियो सुनाउनुहोस् । कम्तीमा दुई पटक सुनाइ पाठ ११ को अडियो सुनाउनुहोस् ।

५. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी मौखिक प्रश्नोत्तर गराउनुहोस् ।

६. विद्यार्थीलाई पूर्ण वाक्यमा आधारित भएर उत्तर भन्न लगाउनुहोस् ।

७. विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

८. विद्यार्थीलाई पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा पालैपालो अर्घा दरबारका बारेमा मुख्य चार सूचना भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थी समूहलाई पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास ३ का आधारमा प्राकृतिक सम्पदाबाट समुदायलाई हुने फाइदाका बारेमा छलफल गराउनुहोस् । विद्यार्थी समूहको छलफल कार्यको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

११. शिक्षकले कुनै सङ्ग्रहालयका बारेमा विषयवस्तु सङ्कलन गरी वा वृत्तचित्र प्रदर्शन गरी सूचना सङ्कलन र कक्षा प्रस्तुतिसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

१२. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी परियोजना कार्य खण्डमा दिइएको निर्देशनका आधारमा एउटा कुनै सङ्ग्रहालयका बारेमा विषयवस्तु सङ्कलन गरेर ल्याउन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) सुनाइ पाठ ११ सुनेर छलफल गर्न लगाउनुहोस् :

(ख) तपाइँको वरिपरि रहेका प्राकृतिक सम्पदाबाट समुदायलाई के फाइदा पुगेको छ, कक्षामा छलफल गर्नुहोस् ।

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

पाठ : १२
शीर्षक : निसाफ
विधा : कथा
कार्यघण्टा: ११

## परिचय

'निसाफ' कथा सामाजिक कथा विधाको पाठ हो । यस कथाका लेखक कृष्णप्रसाद पराजुली हुन् । सामाजिक कथाले समाजमा घट्न सक्ने घटनाको यथार्थ र जीवन्त चित्रण गरेको हुन्छ । प्रस्तुत 'निसाफ' कथाले केटाकेटीबाट अनजानमा गल्ती हुन सक्ने तर त्यसलाई अभिभावकले झगडाको बिउ बनाउन नहुने तर्क अगि सारेको छ । कसैले गल्ती गरेको छ भने आफ्नो पराई नभनी गल्तीको सजाय दिनुपर्ने र केटाकेटीले पनि ठुला मानिसले झैँ इन्साफ गर्न सक्ने सन्देश दिएको छ ।

कथामा सरल, सहज र यथार्थपरक प्रस्तुति हुन्छ । कथामा वाक्य गठनको सरलता र कथनात्मक अभिव्यक्ति हुने हुनाले भाषिक सिपको विकासमा यसलाई उपयोगी विधा मानिन्छ । यस पाठमा आधारित रहेर सुनाइ र बोलाइमा सुनाइ र प्रतिक्रिया, विषयवस्तुका आधारमा धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर तथा छलफल, अनुमान, कल्पना र निष्कर्ष प्रस्तुति गर्न सिकाउनुपर्छ । पढाइमा समयबद्ध सस्वर पठन र गति वृद्धि, मौन पठन, संरचना, पात्र र घटना पहिचान, पाठको विषयबोध गर्न सिकाउनुपर्छ । लेखाइमा पात्र परिचय लेखन, घटनाक्रम मिलान, प्रश्नोत्तर, सारांश लेखन र निर्देशित वा अनुकरणात्मक कथा लेखन सिपको विकास गराउनुपर्छ ।

भाषिक संरचना र वर्णविन्यासमा लिङ्ग सङ्गतिको पहिचान तथा प्रयोग, दीर्घ इकार र उकारको (सुरु, बिच, अन्तिममा प्रयोग हुने शब्द) को पहिचान र प्रयोग गर्न सिकाउनुपर्छ । शब्दभण्डारअन्तर्गत पाठगत शब्दको अर्थबोध र प्रयोगका साथै समूहवाचक शब्द तथा अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गर्न लगाउनुपर्छ । त्यसैगरी भाषिक प्रकार्यमा अनुनय र विनयसम्बन्धी अभ्यास गराउनुपर्छ ।

### पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सन्दर्भ पहिचान | • कथाको सन्दर्भ पहिचान गरी | • पूर्व पठन खण्डका चित्र |

| | | |
|---|---|---|
| ● समयबद्ध सस्वरपठन (अनुच्छेद एकदेखि छसम्म)<br>● पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग | छलफल गर्न<br>● गति, यति र विराम चिह्न ख्याल गरी समयबद्ध सस्वर पठन गर्न<br>● पाठगत शब्दको उच्चारण, र अर्थ सिकी वाक्यमा प्रयोग गर्न | ● पूर्व पठन खण्डका विषयवस्तु<br>● पाठमा प्रयुक्त चित्र<br>● शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै लघु कथा सुनाउनुहोस् र विद्यार्थीलाई सिकाइका लागि ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. पूर्व पठन खण्डको चित्र प्रदर्शन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

२. प्रस्तुत गरिएको चित्रको सन्दर्भमा विद्यार्थीहरूलाई आफ्ना धारण व्यक्त गर्न लगाउनुहोस् । यस क्रममा सन्दर्भ, पात्र, परिवेश विषयवस्तु आदिका विषयमा आपसमा छलफल गराउनुहोस् ।

३. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । पाठको पूर्व पठन खण्डको पहिलो अनुच्छेद पढ्न लगाउनुहोस् । त्यसपछि छलफल गरी मेलमिलापको महत्त्वसम्बन्धी अवधारणा स्पष्ट पार्नुहोस् । छलफलपछि पूर्व पठन खण्डको दोस्रो अनुच्छेद पढ्न लगाउनुहोस् र निसाफका बारेमा छलफल गराउनुहोस् ।

४. विद्यार्थीलाई समूहलाई पाठमा प्रयुक्त चित्र प्रदर्शन गरी छलफलका लागि समय दिनुहोस् । त्यसपछि टोली नेताबाट कक्षा प्रस्तुतीकरण गराउनुहोस् । अन्य विद्यार्थी समूहलाई चित्रका विषयमा थप वर्णन गर्न प्रोत्साहन गर्नुहोस् ।

५. निर्दिष्ट पाठका विभिन्न अनुच्छेद फरक फरक बेन्चका विद्यार्थीलाई पढ्न लगाउनुहोस् । यसरी पढ्न लगाउँदा पठन क्षमता कमजोर भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् ।

४. विद्यार्थीहरूले गति, यति र विराम चिह्न ख्याल गरेर सस्वर वाचन गरे नगरेको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

५. एउटा विद्यार्थीले सस्वर पठन गरिरहँदा अन्य विद्यार्थीलाई उच्चारण, अर्थ र वाक्यमा प्रयोग गर्न अप्ठ्यारो लागेका शब्द टिपोट तथा रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

६. विद्यार्थीले टिपोट गरेका शब्द शिक्षकले शैक्षणिक पाटीमा लेख्नुहोस् र विद्याथीहरूबाटै उच्चारण र अर्थ खोजी वाक्यमा प्रयोग गर्न लगाई आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीहरूलाई उच्चारण अभ्यास गराउँदा अक्षरीकरण गरी सिकाउनुहोस् र दुई तीन पटक उच्चारण अभ्यास गराउनुहोस् । जस्तै :

अस्ताउन /अस्.ता.उ.न/

विद्यालय /बि.द्या.ल.य/

८. विद्यार्थीलाई शब्दभण्डार शिक्षण गर्दा शब्दपत्ती, अर्थपत्ती, हाउभाउ, वास्तविक वस्तु, चित्र र शब्दकोशको उपयोग गरी सिकाउनुहोस् ।

९. वाक्यमा प्रयोग गर्न सिकाउँदा चार, पाँच शब्दका छोटा र सरल वाक्यको निर्माण गर्न सिकाउनुहोस् । जस्तै : निन्याउरो : भाइ आज निन्याउरो मुख लगाएर घरमै बसेको छ ।

१०. विद्यार्थीहरूलाई निश्चित समय दिई निर्दिष्ट पाठको दोस्रो अनुच्छेद पालैपालो सस्वरवाचन गरी पढ्न लगाउनुहोस् । यस क्रममा कुनै विद्यार्थीलाई समय हेर्न लगाउनुहोस् ।

११. विद्यार्थीहरूले के कति समयमा पढ्न सके छलफल गरी सबैभन्दा छिटो पढ्ने विद्यार्थीलाई बधाई दिँदै सहभागी सबै विद्यार्थीका लागि ताली बजाउन लगाई आवश्यक सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

रातापिरा, तगारो, आँगन, चर्काचर्की, ठेगान, थामथुम

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

दाप, आँगन, लाठो, निन्याउरो, ठेगान,बिराम

(ग) पाठको पहिलो अनुच्छेद समयबद्ध सस्वरवाचन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरपठन (अनुच्छेद सातदेखि तेरसम्म)<br>• पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग<br>• श्रुतिबोधात्मक प्रश्नोत्तर<br>• घटना वर्णन | • गति, यति र हाउभाउसहित सस्वरपठन गर्न<br>• पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग गर्न<br>• सुनाइका आधारमा विषयबोध गरी बोध प्रश्नोत्तर गर्न<br>• घटना वर्णन गर्न | • शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, प्रश्नसूची<br>• घटनासम्बन्धी मुख्य मुख्य बुँदाहरू |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. पाठ्य कथासँग मिल्दो कुनै कथा वा प्रसङ्ग सुनाइ विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् । यस क्रममा विद्यार्थीका प्रतिभालई पनि उल्लेख्य स्थान दिनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१.. पाठका अनुच्छेदलाई सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट प्रदर्शन गर्नुहोस् र शिक्षकले गति, यति, भाव र हाउभाउसहित आदर्श वाचन गरेर सुनाउनुहोस् ।

२. विद्यार्थीहरूलाई पाठका अनुच्छेद सातदेखि तेरससम्म पालैपालो गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीहरूलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्दहरू भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीहरूलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीहरूलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्दहरू भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दहरू शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती र अर्थपत्ती प्रदर्शन गर्दै शब्दार्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीहरूलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीहरूद्वारा निर्माण गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. पाठको सातदेखि तेरसम्मको अनुच्छेदलाई सुनाउनुहोस् । त्यसपछि श्रुतिबोधात्मक प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा निम्न पक्षहरूलाई ध्यान दिन लगाउनुहोस् ।

- अनुच्छेदलाई ध्यानपूर्वक सुन्ने
- अनुच्छेदका विषयवस्तुलाई बोध गर्ने
- प्रश्नको आशयलाई बुझ्ने
- अनुच्छेदमा उत्तर पहिचान गर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर भन्ने वा लेख्ने

**नमुना प्रश्नहरू :**

**ठिक बेठिक छुट्याउनुहोस् :**

(क) प्रवीण चलाख र बुद्धिमान् थियो ।

(ख) त्यहाँ जम्मा हुनेमध्ये एक जना बुढी हजुरआमा हुनुहुन्थ्यो ।

(ग) सुबोधले बिरुवा भाँचेको रहेछ ।

९. आजको पाठमा पढिएका मुख्य मुख्य घटना समेटेर विषयवस्तु वर्णन गर्न सिकाउनुहोस् । यस क्रममा घटनाका मुख्य मुख्य बुँदा प्रदर्शन गरी वर्णन गर्न सिकाउनुहोस् ।

१०. विद्यार्थीहरूको समूहलाई पाठका अनुच्छेद सातदेखि तेरका आधारमा घटना पहिचान गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

११. विद्यार्थीहरूलाई पालैपालो  घटना वर्णन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

मेलमिलाप, प्रवीण, बच्छ्युँ, झगडा, समर्थन, जिउँदा

(ख) छिमेकीको महŒव बताउन लगाउनुहोस् ।

**तेस्रो दिन**

**१.सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● सस्वरपठन (अनुच्छेद चौधदेखि अन्तिमसम्म)<br>● शुद्धोच्चारण<br>● शब्दभण्डार<br>(शब्दार्थ र वाक्य रचना)<br>● मौनपठन र बोध | ● पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वरपठन गर्न<br>● पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>● पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>● पाठको निर्दिष्ट अनुच्छेद मौनपठन गरी बोध प्रश्नोत्तर गर्न | ● अनुच्छेदपत्ती<br>● शब्दपत्ती र अर्थपत्ती<br>● वाक्यपत्ती<br>● प्रश्नोत्तर चार्ट |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुवाती क्रियाकलाप

१. छोटा कविता, मुक्तक वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रस्ङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकिएका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

१. विद्यार्थीहरूलाई पाठको अनुच्छेद चौधदेखि अन्तिसम्म पालैपालो  गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी सहपाठी सिकाइको वातावरण तयार पार्नुहोस् ।

२. विद्यार्थीले गरेका कार्यको अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीहरूलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्दहरू भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीहरूलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीहरूलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्दहरू भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दहरू शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्दका अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीहरूलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीहरूद्वारा रचना गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. विद्यार्थीहरूलाई पाठको अनुच्छेद चौधदेखि अन्तिसम्म मौन पठन गर्न लगाउनुहोस् । त्यसपछि बोधात्मक प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा निम्न पक्षहरूलाई ध्यान दिन लगाउनुहोस् ।

- अनुच्छेदलाई ध्यानपूर्वक मौनपठन गर्ने
- अनुच्छेदका विषयवस्तुलाई बोध गर्ने
- प्रश्नको आशयलाई बुझ्ने
- अनुच्छेदबाट उत्तर पहिचान गर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर भन्ने वा लेख्ने

**नमुना प्रश्न :**

**दिइएका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) सुबोधलाई कसले लछारेका रहेछन् ?

(ख) काकाले के कुरामा सहमती जनाए ?

(ग) सुबोधले कसरी गल्ती स्वीकार गऱ्यो ?

८. विद्यार्थी समूहलाई  कथाको विषयवस्तुका बारेमा छलफल गरी निष्कर्ष सुनाउन लगाउनुहोस् ।

९. प्रत्येक समूहलाई प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । यसक्रममा ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क)  विद्यार्थीलाई पालैपालो पाठका अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख)  दिइएका प्रश्नका उत्तर लेख्न लगाउनुहोस् :

(अ) काकाले बिचैमा के भने ?

(अ) सुबोधका बुबाले कस्तो दण्ड तिर्नुपर्ने भयो ?

(इ) भेला भएका मानिसले कसरी खुसी जनाए ?

**चौथो  दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● संरचना पहिचान<br>● घटना पहिचान<br>● पात्र परिचय लेखन | ● कथाको संरचना पहिचान गर्न<br>● कथाको घटना पहिचान गर्न<br>● कथामा रहेका पात्रको परिचय लेख्न | ● पात्र सूची<br>● घटना सूची<br>● पात्र परिचय लेखनको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती  क्रियाकलाप**

१. विद्यार्थीले सुनेका कुनै लोक कथा भन्न लगाउनुहोस् र सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पाठ्य कथाको पूर्ण पाठ प्रस्तुत गर्नुहोस् र कथामा रहेका अनुच्छेद विद्यार्थीलाई गन्न लगाउनुहोस् ।

२. कथाका अनुच्छेदबाट आदि, मध्य र अन्त्य भागको जानकारी गराई विद्यार्थीलाई कथाको संरचनाबोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई कथामा भएका अनुच्छेद तथा अनुच्छेदमा भएका वाक्य सङ्ख्या गन्न पनि लगाउनुहोस् ।

३. शिक्षकले पाठ्य कथाका मुख्य मुख्य घटनालाई बुँदागत रूपमा क्रम बिगारेर प्रस्तुत गर्नुहोस् ।

४. विद्यार्थीलाई प्रस्तुत गरिएका घटनाका बुँदाहरू क्रम मिलाएर टिपोट गर्न लगाउनुहोस् ।

५. क्रम मिलाएर टिपोट गरेका बुँदाहरू कुनै विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले प्रस्तुत गरेका बुँदाहरूको क्रम मिले नमिलेको अवलोकन गरी आवश्यक सिकाइ गर्नुहोस् र सोहीअनुसार बुँदाको क्रम मिलाउन लगाउनुहोस् ।

७. शिक्षकले बोध अभिव्यक्ति खण्डको अभ्यासको ६ मा रहेको बुँदा प्रस्तुत गरी घटनाक्रम मिलानका सम्बन्धमा छलफल गर्नुहोस्

८. विद्यार्थीलाई घटनाक्रम मिलाउन लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीले घटनाव्रलम मिलाइसकेपछि मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१०. विद्यार्थीलाई पाठ्य कथाका पात्रको नाम टिपोट गर्न लगाउनुहोस् ।

११. शिक्षकले बोध अभिव्यक्ति खण्डको अभ्यासको ३ मा रहेको प्रश्नमा आधारित भई पात्र परिचय लेखनका सम्बन्धमा छलफल गर्नुहोस् ।

१२. विद्यार्थीलाई समूहमा छलफल गरी पात्र परिचय लेख्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

१३. सबैभन्दा छिटो मिलाउने समूहलाई प्रस्तुत गर्ने अवसर दिनुहोस् र आवश्यक सुझाव दिनुहोस् ।

१४. समूह कार्यमा सहभागिताका लागि सबै समूहलाई धन्यवाद दिँदै ताली बजाउन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको चौधदेखि सत्र अनुच्छेदसम्म सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) काका पात्रको चरित्र वर्णन गर्न लगाउनुहोस् ।

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुति लेखन<br>• बुँदा टिपोट<br>• सारांश लेखन<br>• सन्देश लेखन | • श्रुति लेखन गर्न<br>• बुँदा टिपोट गर्न<br>• सारांश लेखन गर्न<br>• सन्देश लेखन गर्न | • अनुच्छेद<br>• बुँदा टिपोटको नमुना<br>• सारांश लेखनको नमुना<br>• सन्देश लेखनको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई देहाय प्रकृतिका गाउँ खाने कथा सोध्नुहोस् र सिकाइका लागि ध्यानाकर्षण गर्नुहोस् ।

(अ) बाहिर सुन भित्र चाँदी के हो ? उत्तर : केरा/धान

(आ) फल हो तर खान मिल्दैन के हो ? उत्तर : राइफल

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

१. विद्यार्थीहरूलाई शुद्धसँग श्रुतिलेखन गर्न सिकाउनुहोस् । यस क्रममा निम्न कुरालाई ध्यान दिन लगाउनुहोस् :

- शब्द शब्दलाई ख्याल गर्नुपर्ने
- वर्णविन्यासलाई ख्याल गर्नुपर्ने
- लेख्य चिह्नलाई ख्याल गर्नुपर्ने
- सफा र शुद्धसँग श्रुतिलेखन गर्नुपर्ने

२. शिक्षकले पाठको दोस्रो अनुच्छेद पढ्नुहोस् र विद्यार्थीलाई श्रुतिलेखन गर्न लगाउनुहोस् ।

३. विद्यार्थीहरूले श्रुतिलेखन गरिसकेपछि कापी साटासाट गरेर परीक्षण गर्न लगाउनुहोस् । साथीको श्रुतिलेखन र आफ्नो श्रुतिलेखन तुलना गर्न लगाई सहपाठी सिकाइ गराउनुहोस् ।

४. शिक्षकले निर्दिष्ट पाठको तेरौँ अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको नमुना अनुच्छेदलाई मौन पठन गर्न निर्देश गर्नुहोस् । प्रस्तुत अनुच्छेदबाट बुँदा टिपोट कसरी गर्ने भन्ने सम्बन्धमा छलफल गर्नुहोस् ।

५. विद्यार्थीलाई बुँदा टिपोटका बारेमा जानकारी गराउँदै प्रस्तुत गरिएको अनुच्छेदका आधारमा मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका बुँदा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आवश्यक संशोधनसिहत शिक्षकले टिपोट गरेका बुँदालाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् ।

६. विद्यार्थीलाई पाठको तेस्रो अनुच्छेद पढेर मुख्य मुख्य बुँदा पहिल्याउँदै रेखाङ्कन गर्न लगाउनुहोस् । यस क्रममा अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीलाई मुख्य मुख्य बुँदाहरू कापीमा टिपोट गर्न लगाउनुहोस् ।

८. विद्यार्थीले टिपोट गरेका बुँदालाई पालैपालो कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । अन्य विद्यार्थीको प्रतिक्रिया लिनुहोस् । त्यसपछि आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

९. टिपोट गरिएका मुख्य मुख्य बुँदालाई समेटी सारांश लेख्न सिकाउनुहोस् ।

१०. शिक्षकले सारांशको नमुना प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

११. विद्यार्थीलाई टिपोट गरिएका मुख्य मुख्य बुँदालाई समेटी सारांश लेख्न निर्देशन दिनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । सारांश लेखनपश्चात् प्रत्येक विद्यार्थीलाई सारांश प्रस्तुत गर्न लगाउनुहोस् ।

१२. अन्य विद्यार्थीलाई साथीले लेखेको सारांश सुनी प्रतिक्रिया दिन लगाउनुहोस् । त्यसपछि शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१३. विद्यार्थीहरूलाई समूहमा विभाजन गरी चार्ट पेपर र साइनपेन वितरण गर्नुहोस् ।

१४. प्रत्येक समूहलाई कथाले दिने सन्देश लेखी कक्षा प्रस्तुति गर्न लगाउनुहोस् ।

१५. विद्यार्थीको प्रस्तुतिको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् र धन्यवाद दिँदै ताली बजाउन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) कथाको प्रारम्भ भागका मुख्य मुख्य बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(क) कथाको प्रारम्भ भागको सारांश सुनाउन लगाउनुहोस् ।

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पाठगत शब्दभण्डार (पहिचान र प्रयोग)<br>• समूहवाचक शब्दको पहिचान र प्रयोग<br>• अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | • पाठगत शब्द र अर्थ पहिचान र प्रयोग गर्न<br>• समूहवाचक शब्दको पहिचान र प्रयोग गर्न<br>• अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गर्न | • शब्दको सूची<br>• वाक्यपत्ती<br>• अनुच्छेद |

**२. सिकाइ सहजीकरण क्रियाकलाप** सामग्री

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थी र शिक्षकले अन्त्याक्षरी खेल्दै सिकाइमा ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरी वा प्रश्न प्रिन्ट गरी वा पाठ्यपुस्तकबाट शब्दभण्डारको अभ्यास १ मा दिइएको निर्देशन र प्रश्न प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी निर्दिष्ट अर्थसँग मिल्ने शब्द पहिचान गरी लेख्न निर्देशन दिनुहोस् ।

३. विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् र समूह कार्यपश्चात् प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् ।

४. प्रत्येक समूहको कक्षा प्रस्तुतिपश्चात् अन्य विद्यार्थीलाई सम्बन्धित शब्दमा आधारित भई वाक्य रचना गर्न अवसर प्रदान गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. प्रत्येक समूहको प्रस्तुतीकरणपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

६. विद्यार्थी समूहलाई शब्दभण्डारको अभ्यास २ मा दिइएको निर्देशनका आधारमा शब्दसँग सम्बन्धित चित्र प्रदर्शन गरी धारण स्पष्ट पार्नुहोस् । त्यसपछि जोडा मिलाउन लगाउनुहोस् । यस क्रममा अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थी समूहलाई शब्दभण्डारको प्रश्न न. ३ मा दिइएको प्रश्न पढी विकल्प पहिचान गर्न सिकाउनुहोस् । त्यसपछि उक्त प्रश्नमा आधारित भई कक्षाकार्य गर्न निर्देशन दिनुहोस् । त्यसपछि कक्षा प्रस्तुति गर्न लगाई आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. विद्यार्थी समूहलाई शब्दभण्डारको अभ्यास ४ मा दिइएको निर्देशनका आधारमा शब्दसँग सम्बन्धित हाउभाउ प्रदर्शन गरी धारण स्पष्ट पार्नुहोस् । त्यसपछि जोडा मिलाउन लगाउनुहोस् । यस क्रममा अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीलाई शब्दभण्डारको अभ्यास ४ मा दिइएको निर्देशनका आधारमा वाक्य रचना गर्न सिकाउनुहोस् ।

१०. कुनै विद्यार्थीलाई वाक्य रचना गर्न कुनै समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । विद्यार्थीले वाक्यमा प्रयोग गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) दिइएको अनुच्छेद पढ्नुहोस् र समूहवाचक शब्द टिपोट गर्न लगाउनुहोस् :**

अङ्कित र पुनम बारीमा गए । अङ्गुरका झुप्पा टिपे । केराको घरी काटे । उनीहरू अङ्गुर र केरा बोकेर घरमा गए । बुबाले बाखाको बथान चराएर ल्याउनुभो । आमाले बगैँचाबाट सागका मुठा ल्याउनुभयो । सबै मिलेर साग केलायौँ । त्यसपछि पुनमले पसल गएर एक दर्जन कापी किनेर ल्याइन् ।

**(ख) जोडा मिलाउन लगाउनुहोस् :**

| | |
|---|---|
| कमिला | गोलो |
| भ्रमण | हार |
| मौरी | थुप्रो |
| धान | ताँती |
| | टोली |

**(ग) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

फौज, लस्कर, जन्ती, डङ्गुर, टोली

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • बोध प्रश्नोत्तर<br>• सङ्क्षिप्त उत्तर लेखन<br>• विचारको प्रस्तुति | • पाठमा आधारित भई प्रश्नका उत्तर मौखिक रूपमा भन्न<br>• पाठमा आधारित भई प्रश्नका सङ्क्षिप्त उत्तर लेख्न<br>• विषयवस्तुमा आधारित भई आफ्ना विचार सुनाउन | • प्रश्नपत्ती<br>• उत्तरका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीहरूले जानेसुनेका कुनै रमाइला चुट्किला सुनाउन लगाई सिकाइका लागि ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ४ का आधारमा मौखिक उत्तर आउने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको नमुना उत्तर भन्नुहोस् । यसक्रममा प्रश्नको संरचनामा आधारित भई उत्तर भन्नुपर्ने कुरा सिकाउनुहोस् ।

२. विद्यार्थीलाई अन्य प्रश्नहरूको उत्तर भन्न निर्देश गर्नुहोस् । विद्यार्थीको उत्तरको मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीको सक्रिय सहभागिताका लागि ताली बजाएर स्याबासी दिनुहोस् ।

४. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ५ का आधारमा पात्रका भनाइसँग सम्बन्धित वाक्यपत्ती क्रमशः प्रदर्शन गरी कसले कसलाई भनेको हो पहिचान गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहजीककरण गर्नुहोस् ।

५. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का आधारमा लिखित उत्तर आउने प्रश्न प्रस्तुत गर्नुहोस् ।

६. विद्यार्थीहरूलाई पाँच/छ वाक्यमा सङ्क्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

७. बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको नमुना उत्तर शैक्षणिकपाटीमा लेखेर देखाउनुहोस् र कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

८. विद्यार्थीहरूलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का अन्य प्रश्नहरूको उत्तर लेख्न निर्देश गर्नुहोस् ।

९. विद्याथीहरूले उत्तर लेखेको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

११. शिक्षकले पाठमा आधारित भएर कुनै पात्र/परिवेश/सन्दर्भ आदिमा आधारित भई विचार गर्नुहोस् ।

१२. विद्यार्थीहरूलाई बोध अभिव्यक्ति खण्डको प्रश्न न. ८ मा आधारित भएर पालैपालो कक्षामा आफ्ना विचार सुनाउन लगाउनुहोस् । विद्यार्थीका विचार सुनिसकेपछि आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१३. विद्यार्थीले गरेका क्रियाकलापलाइ हौसला प्रदान गर्नुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) बिर्खलाल नहाँसेको भए के हुन्थ्यो होला, आफ्नो विचार लेख्नुहोस् ।

**आठौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चित्र वर्णन<br>• भाषिक प्रकार्य (अनुनय विनय) | • चित्रबोध गरी वर्णन गर्न<br>• सन्दर्भअनुसार अभिनयसहित अनुनय विनय गर्न | • चित्र<br>• अनुनय विनय जनाउने शब्द सूची |

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षक र विद्यार्थीले सँगसँगै कुनै लोक गीत गाउनुहोस् र सिकाइका लागि विद्यार्थीलाई तयार गर्नुहोस् ।

२. अगिल्लाो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई बोध अभिव्यक्ति खण्डको प्रश्न न. ९ मा भएको चित्र प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीहरूलाई चित्रको वर्णन गर्ने क्रममा सन्दर्भ, विषयवस्तु, पात्र, परिवेश, कल्पना आदिलाई ध्यान दिनुपर्ने कुरा सिकाउनुहोस् ।

३. विद्यार्थीहरूलाई पालैपालो चित्र वर्णन गर्न लगाउनुहोस् ।

४. विद्यार्थीको प्रस्तुति सुनिसकेपछि चित्रको सन्दर्भ, विषयवस्तु, पात्र, परिवेश, कल्पना आदिका आधारमा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. विद्यार्थीहरूलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

६. विद्यार्थीहरूलाई बोध अभिव्यक्ति खण्डको प्रश्न न. १० को निर्देशन पढेर सुनाउनुहोस् । त्यसपछि प्रश्नमा आधारित भई छलफल गर्नुहोस् ।

७. विद्यार्थीहरूलाई अनुनय विनय शब्दसम्बन्धी शब्दसूची प्रदर्शन गर्नुहोस् । जस्तैः

कृपया, माफ गर्नुहोस् , समस्यामा परेँ, अबदेखि गल्ती गर्ने छैन आदि ।

८. प्रश्नमा केन्द्रित भई  युगल विद्यार्थीलाई अभिनयसहित माफी माग्न लगाउनुहोस् । कक्षाका अन्य विद्यार्थीहरूबाट प्रतिक्रिया लिनुहोस् । अलमलमा पर्ने विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीहरूलाई अनुनय विनयसम्बन्धी थप नमुना पनि देखाउनुहोस्  दुई जना विद्यार्थीलाई अभिनयसहित पढ्न लगाउनुहोस् र छलफल गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

**(स्टेसनरी पसलमा काजल र पसलेबिच कुराकानी हुँदै छ ।)**

**काजल** : काका नमस्कार ।

**पसले** : नमस्कार नानु । भन तिमीलाई के सेवा गरौँ ?

**काजल** : हेर्नुहोस् न काका, बिहान हतार हतार विद्यालय आएँ । आमाले दिनुभएको पैसा ल्याउनै बिर्सिएछु ।

**पसले** : के किन्नुपर्ने छ तिमीलाई ?

**काजल** : आज विद्यालयमा चित्रकला प्रतियोगिता छ । त्यसका लागि चित्र बनाउने कापी,  सिसाकलम र रङको बट्टा किन्नुपर्ने छ ।

**पसले** : पैसाबिना उधारोमा सामान दिन मिल्दैन नानु ।

**काजल** : काका ! मलाई साह्रै समस्या पर्‍यो । विश्वास गर्नुहोस् । न, म भोलि पैसा ल्याएर हजुरलाई दिन्छु ।

**पसले** : त्यसो भनेर कहाँ हुन्छ र नानु ? उधारोमा सामान दिएको भनेर तिम्रा बुबाआमाले मलाई गाली गर्नुभयो भने ....... ?

**काजल** : कृपया मलाई विश्वास गर्नुहोस् न काका । बरु म हजुरलाई मोबाइल नम्बर दिन्छु । बुबा आमा जोसँग कुरा गर्नुभए पनि हुन्छ ।

**पसले** : ल मोबाइल नम्बर भन  त । म कुरा गर्छु । अभिभावकको स्वीकृति भयो भने म तिमीलाई सामान दिउँला ।

**काजल** : हवस् । नम्बर टिप्नुहोस् त काका ।

१०. भूमिका निर्वाह गर्ने विद्यार्थीको प्रस्तुतिका सम्बन्धमा अन्य विद्यार्थीको प्रतिक्रिया लिई आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) अनुनय विनयसम्बन्धी विषयवस्तुलाई युगल समूहमा कक्षा प्रस्तुति गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● लिङ्ग सङ्गतिको पहिचान र प्रयोग | ● लिङ्ग सङ्गतिको पहिचान र प्रयोग गर्न | ● शब्दको सूची<br>● वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती  क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै चुट्किला सुनाउन लगाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई छलफलसहित दिइएका वाक्यलाई जोडा मिलाई पूरा गर्न लगाउनुहोस् :

| | |
|---|---|
| (क) सारिका राम्ररी | हुनुहुन्छ । |
| (ख) हर्कमान कथा | उफ्रन्छ । |
| (ग) फुपू घरमा | बजाउँछ । |
| (घ) पाठो आँगनमा | नाच्छे । |
| (ङ) उमेश गितार | पढ्छ । |
| | उठ्छिन् । |

२.जोडा मिलाएर वाक्य पूरा गर्ने क्रममा कर्ता, कर्म, लिङ्ग, आदर आदिको भूमिका स्पष्ट पार्नुहोस् ।

३. दिइएको प्रश्नलाई सङ्गति मिलाएर लेख्न लगाउनुहोस् :

- **वाक्य मिलाएर लेख्नुहोस् :**

(क) निखिल खाजा बनाउँछे ।

(ख) रागिनी पसल जान्छे ।

(ग) भान्जा टिभी हेर्छिन् ।

(घ) बिरालो मुसा मार्छन् ।

४. विद्यार्थीले कक्षाकार्य गरिसकेपश्चात् कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

५.विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. १ गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले तयार पारेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गर्नुहोस् ।

७. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न २ का आधारमा वाक्य सङ्गति मिलाई उत्तर लेख्न दिर्नेश गर्नुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न ३ का आधारमा  सङ्गति मिलाई अनुच्छेद पुनर्लेखन गर्न दिर्नेश गर्नुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीलाई कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थीको आवश्यकता पहिचान गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

(अ) ............ घाँगर लगाउँछे । (दाइ, भाइ, बहिनी)

(आ) ............ दुध दिन्छ । (गाई, पाडो, गोरु)

(इ) ............ भकुन्डो खेल्छ । (सानी, केटो, केटा)

(ई) ............ घुम्न गए । (मनिता, मोहन, आमा)

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिलेखन<br>• दीर्घ इकार दीर्घ उकार लागेका शब्द पहिचान र प्रयोग | • श्रुतिलेखन गर्न<br>• दीर्घ इकार र दीर्घ उकार लागेका शब्द पहिचान र प्रयोग गर्न | • दीर्घ इकार दीर्घ उकार शब्द प्रयोग भएको शब्द सूची<br>• तालिका |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई देहाय प्रकृतिका प्रश्न सोध्नुहोस् र सिकाइका लागि ध्यानाकर्षण गर्नुहोस् ।

(अ) नेपालमा कतिओटा प्रदेश छन् ?

(आ) ढाकाका लागि प्रसिद्ध ठाउँ कुन हो ?

२. विद्यार्थीले उत्तर दिन सके नसकेको अवलोकन गरी आवश्यक सिकाइ गर्नुहोस् ।

३. अगिल्लाो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

४. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई श्रुतिलेखनका लागि तयार गराउनुहोस् ।

२. शिक्षकले पाठको दोस्रो अनुच्छेद वाचन गर्नुहोस् । शब्द तथा पदावलीलाई शिक्षकले दोहोऱ्याएर वाचन गर्नुहोस् र विद्यार्थीलाई सुन्दै लेख्न लगाउनुहोस् ।

३. विद्यार्थीका कापी एक अर्कामा साटासाट गरी शुद्धसँग लेख्न सके नसकेको हेर्न लगाउनुहोस् ।

४. शुद्धसँग लेखेका विद्यार्थीलाई धन्यवाद प्रदान गर्नुहोस् र अन्य विद्यार्थीलाई पुनः पाठ हेरेर लेख्न लगाई थप हौसला प्रदान गर्नुहोस् ।

५.शिक्षकले देहायको तलिका प्रस्तुत गर्नुहोस् र छलफल गरी शब्द भन्न लगाउनुहोस् :

- **उदाहरण हेरी तालिकामा दीर्घ ईकार ( ी ) प्रयोग भएका शब्द लेख्नुहोस् :**

| शब्दका सुरुमा दीर्घ | शब्दका बिचमा दीर्घ | शब्दका अन्त्यमा दीर्घ |
|---|---|---|

| | | |
|---|---|---|
| (क) नीति | (क) परीक्षा | (क) बहिनी |
| (ख) ............... | (ख) .................. | (ख) .................. |
| (ग) ............... | (ग) .................. | (ग) .................. |
| (घ) ............... | (घ) .................. | (घ) .................. |
| (ङ) ............... | (ङ) .................. | (ङ) ................... |

६.माथिको तालिकामा भरिएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

७.शिक्षकले देहायको तलिका प्रस्तुत गर्नुहोस् र छलफल गरी शब्द भन्न लगाउनुहोस् :

- **उदाहरण हेरी तालिकामा दीर्घ उकार ( ू ) प्रयोग भएका शब्द लेख्नुहोस् :**

| शब्दका सुरुमा दीर्घ | शब्दका बिचमा दीर्घ | शब्दका अन्त्यमा दीर्घ |
|---|---|---|
| (क) फूल | (क) जन्मभूमि | (क) माइजू |
| (ख) ............... | (ख) .................. | (ख) .................. |
| (ग) ............... | (ग) .................. | (ग) .................. |
| (घ) ............... | (घ) .................. | (घ) .................. |
| (ङ) ............... | (ङ) .................. | (ङ) ................... |

८. माथिको तालिकामा भरिएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न ४ का आधारमा दीर्घ ईकार ( ी ) र दीर्घ उकार ( ू ) लागेका शब्द टिपोट गर्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । १०. टिपोट गरेका शब्दपत्तीहरू प्रदर्शन गर्न लगाउनुहोस् र आपसमा छलफल गराउनुहोस् ।

११. विद्यार्थीको सहभागिताका लागि धन्यवाद दिँदै ताली बजाउन लगाउनुहोस् र आवश्यक सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको चौथो अनुच्छेद श्रुतिलेखन गर्न लगाउनुहोस् ।

**दसौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● श्रुतिबोधात्मक अभ्यास<br>● निर्देशित कथा | ● सुनाइ पाठका आधारमा बोध प्रश्नोत्तर गर्न<br>● निर्देशित कथा लेख्न | ● सुनाइ पाठ, कथाको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै लोककथा सुनाउनुहोस् र सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ पाठ १२ का आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

२. विद्यार्थीलाई सुनाइ पाठ १२ को अडियो सुनाउनुहोस् ।

३. विद्यार्थीलाई सुनाइ पाठ १२ को अडियो पहिलो पटक सुनाइसकेपछि सुनाइ र बोलाइ खण्डका प्रश्न सुनाएर छलफल गर्नुहोस् ।

४. त्यसपछि पुनः सुनाइ पाठ १२ को अडियो सुनाउनुहोस् । कम्तीमा दुई पटक सुनाइ पाठ १२ को अडियो सुनाउनुहोस् ।

५. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट ठिक बेठिकसम्बन्धी मौखिक प्रश्नोत्तर गराउनुहोस् ।

६. विद्यार्थीका उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

७. विद्यार्थीलाई पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा पालैपालो मौखिक प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

८. शिक्षकले कुनै कथाको मुख्य मुख्य बुँदा र कथाको नमुना प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस्

।

९. प्रस्तुत गरिएको कथा कुनै विद्यार्थीलाई वाचन गरी सुनाउन लगाउनुहोस् ।

१०. प्रस्तुत गरिएको निर्देशित बुँदाका आधारमा कथा लेख्ने तरिका सिकाउनुहोस् ।

| |
|---|
| निर्देशित कथा रचना गर्दा ध्यान दिनुपर्ने कुराहरू:<br>१. शीर्षक दिने<br>२. आवश्यक प्रसङ्ग थर्पने<br>३. सन्देशमूलक निष्कर्ष दिने |

११.परियोजना कार्यमा दिइएको कथा लेखेर ल्याउन निदेश गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क)**सुनाइ पाठ १२ सुन्नेर प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् :**

(अ) शिक्षक डोल्मासँग कुरा गर्ने केटाको नाम के हो ?

(आ) डोल्मालाई किन खुसी लाग्यो ?

(इ) डोल्माले किन कृष्णलाई दुई सय रुपियाँ दिएकी थिइन् ?

(ई) डोल्माले दोस्रो पटक भेट्दा कृष्ण कस्तो देखिन्थ्यो ?

(ऊ) कृष्णले दुई सय रुपियाँ केमा खर्च गऱ्यो ?

## एघारौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सिर्जनात्मक कार्य (कथा लेखन)<br>● पाठमा आधारित विषयवस्तुको लेखाजोखा | ● निर्देशित कथा लेख्न<br>● पाठमा आधारित विषयवस्तुको लेखाजोखा गर्न | ● निर्देशित कथाको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कक्षामा कुनै लोक गीत गाउनुहोस् र सिकाइका लागि विद्यार्थीलाई उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

४. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अगिल्लो दिन तयार पार्न दिएका कथा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

२. विद्यार्थीले कथा प्रस्तुत गरेपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

३. विद्यार्थीका प्रस्तुतिपश्चात् कथाको शीर्षक, आवश्यक प्रसङ्ग र निष्कर्ष उपयुक्त रहे नरहेको छलफल गराउनुहोस् ।

४. विद्यार्थीसँगको छलफलबाट प्राप्त निष्कर्षलाई समावेश गर्दै शिक्षकले तयार पारेको कथा प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरेर कथा गर्नुहोस् ।

५. शिक्षकले प्रस्तुत गरेको कथा कुनै विद्यार्थीलाई सस्वरवाचन गरी पढ्न लगाउनुहोस् ।

६. शिक्षकले तयार गरेको कथामा शीर्षक, आवश्यक प्रसङ्ग र निष्कर्षका सम्बन्धमा आवश्यक छलफल गर्नुहोस् ।

७. विद्यार्थीलाई  समूहमा विभाजन गर्नुहोस् ।

८. विद्यार्थीलाई निम्न प्रकृतिका विषयवस्तु सुनाएर विषयवस्तुको सन्दर्भ र परिवेशका आधारमा लेखाजोखा गर्न सिकाउनुहोस् ।

**हजुरबुबाले टोलभरिका केटाकेटीलाई बोलाउनुभयो । केटाकेटीहरू चौतारामा भेला भए । उनीहरूलाई लाग्यो, "हजुरबुबाले किन यसरी राख्नुभएको होला ?" शिलाले केदारलाई भनिन्, "हजुरबुबाले हामीलाई केही काम अह्राउन लाग्नुभएको होला ?" हजुरबुबा चौतारामा बसेर उपर खुट्टी लगाउनुभयो । मुसुमुसु हाँस्दै हजुरबुबाले भन्नुभयो, "मेरा प्यारा प्यारा नातिनातिनाहरू आज म तिमीहरूलाई गाउँखाने कथा सोध्छु । उत्तर मिलायौ भने तिमीहरूलाई पुरस्कार दिन्छु । उत्तर मिलाउन सकेनौँ भने मलाई गाउँ दिनुपर्छ ।"**

९. समूहगत प्रस्तुतिमा आवश्यक छलफल गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) आफूले जाने सुनेको कुनै कथा सुनाउन लगाउनुहोस् ।

पाठ : १३
शीर्षक : घले गाउँ
विधा : नियात्रा

कार्यघण्टा: १०

## परिचय

'**घले गाउँ**' नियात्रामूलक पाठ हो । यस पाठले घुमफिर गर्ने प्रचलनलाई प्रोत्साहन गरेको छ । नयाँ नयाँ ठाउँको भ्रमणबाट मनोरन्जनका साथै त्यहाँको सामाजिक, सांस्कृतिक, प्राकृतिक तथा ऐतिहासिक विषयवस्तुलाई प्रत्यक्ष रूपमा हेरेर अवलोकन गर्न सकिने कुरालाई नमुनाका रूपमा प्रस्तुत गरिएको छ । यात्रा गरिको स्थानको वर्णन र अनुभूतिको जीवन्त चित्रण गरिएको छ । यस पाठमा मूलतः वीरगन्जदेखि घले गाउँसम्मको यात्राको बेलिबिस्तार गरिएको छ ।

नियात्रा शिक्षणको प्रमुख उद्देश्य विद्यार्थीहरूमा भाषिक सिपको विकासको विकास गराउनु हो । नियात्रा शिक्षणका क्रममा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीमा सुनाइ र सिलसिलेवार वर्णन, विषयवस्तुको स्वाभाविक वर्णन, बोलाइका क्रममा जिज्ञासा र उत्प्रेरणामूलक शिष्ट भाषाको प्रयोग, विषयवस्तुका आधारमा अनुमान, कल्पना र धारणा प्रस्तुति जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समयबद्ध सस्वर पठन र गति वृद्धि, मौन र द्रुत पठन, पाठको विषयवस्तु बोध, प्रश्न निर्माण र उत्तर पहिचान, सन्दर्भ अनुकूलको वर्णन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, आफूले गरेको भ्रमणको सिलसिलाबद्ध प्रस्तुति, शब्द, शब्दावली वा शीर्षकका आधारमा विषय वर्णन, चित्र वर्णन, स्वअनुभव मिलान गरी स्वतन्त्र सिर्जनालगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत परम्परागत अभ्याससँग सम्बन्धित नापतौल तथा मुद्रासम्बन्धी शब्द पहिचान प्रयोगका अभ्यास गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत वचन सङ्गतिको पहिचान र प्रयोगसम्बन्धी क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत हलन्त र अजन्तको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा यात्रा

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • छलफल<br>• चित्र वर्णन<br>• सस्वर वाचन र शुद्धोच्चारण (अनुच्छेद चारसम्म)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • विषयवस्तुको बोध गरी छलफल गर्न<br>• चित्र बोध गरी वर्णन गर्न<br>• निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • पूर्व पठन खण्डको अनुच्छेद<br>• पाठगत चित्र<br>• वृत्तचित्र<br>• शब्दार्थ पत्ती<br>• वाक्य पत्ती<br>• प्रश्नोत्तरको नमुना |

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीसँग अगिल्लो पाठको सन्दर्भमा छलफल गरी केही विद्याथीलाई अगिल्लो पाठमा सिकिएका मुख्य मुख्य विषयवस्तु सुनाउन लगाउनुहोस् ।

२. विद्यार्थीहरूलाई लेख/रचना, गाउँखाने कथा आदिको प्रस्तुति गर्ने अवसर दिएर भाषिक सिप विकास गर्ने अवसर प्रदान गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । पाठमा प्रयुक्त भ्रमणीय स्थलका चित्र प्रदर्शन गरी छलफलका लागि समय दिनुहोस् । त्यसपछि टोली नेताबाट कक्षा प्रस्तुतीकरण गराउनुहोस् । विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई छलफल गराउनुहोस् ।

२. विद्यार्थीलाई समूहलाई पाठको पूर्व पठन खण्डको अनुच्छेद पढ्न लगाउनुहोस् । त्यसपछि छलफल गरी भ्रमणको अवधारणा स्पष्ट पार्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी विभिन्न सङ्ग्रहालयको वृत्तचित्र प्रदर्शन गर्नुहोस् ।

३. सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट कुनै भ्रमणीय स्थलको वृत्तचित्र प्रदर्शन गरी विषयवस्तु स्पष्ट पार्नुहोस् ।

४. शिक्षकले पाठको पहिलो र दोस्रो अनुच्छेद आदर्श वाचन गरी सुनाउनुहोस् । यसक्रममा शुद्धोच्चारण, लेख्य चिह्न, वाचन गति आदिका बारेमा जानकारी गराउनुहोस् ।

५. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. कक्षाका सबै विद्यार्थीलाई पाठको चौथो अनुच्छेदसम्म सस्वरवाचन गरी उच्चारण गर्न अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

७. विद्यार्थीहरूले रेखाङ्कन गरेका शब्द पहिचान गरी शब्दपत्ती प्रदर्शन गराउँदै अक्षरीकरणसहित सामूहिक तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । जस्तै :

अवस्था /अ.बस्.था/

सडक /स.डक्/

फुरुङ्ङ /फु.रुङ्.ङ/

८. विद्यार्थीले रेखाङ्कन गरेका तर शब्दपत्तीमा नपरेका शब्दलाई शैक्षणिक पाटीमा लेखेर उच्चारण अभ्यास गराउनुहोस् ।

९. विद्यार्थीलाई पाठबाट अर्थबोध गर्न समस्या भएका शब्द टिपोट गर्न लगाउनुहोस् । त्यसपछि सकेसम्म विद्यार्थीलाई नै अर्थ बताउन लगाउनुहोस् । शिक्षकले शब्दार्थ पत्ती प्रदर्शन गरी अर्थ स्पष्ट पार्नुहोस् ।

१०. शब्दभण्डार शिक्षणका क्रममा शब्दका अर्थ बताउने, वाक्यबाट अर्थ पहिचान गर्ने, पाठमा प्रयुक्त वाक्य पढी अर्थ पहिचान गर्ने, शब्दकोश प्रयोग गर्ने जस्ता विभिन्न तरिका सिकाउनुहोस् ।

११. विद्यार्थी समूहलाई शब्द र अर्थपत्ती छ्यासमिस पारेर दिनुहोस् र शब्दार्थ मिलाएर राख्न लगाउनुहोस् । विद्याथीहरू अलमलमा परेमा आवश्यक सहजीकरण गर्नुहोस् ।

१२. विद्यार्थीलाई आफूले लिएका शब्द र अर्थ भन्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई अर्थ मिले नमिलेको सन्दर्भमा छलफल छलफल गराउनुहोस् ।

१३. प्रत्येक शब्दको अर्थबोध गराइसके पश्चात् वाक्य रचना गराउनुहोस् । विद्यार्थीको वाक्यको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१४. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । जस्तै :

(क) घले गाउँलाई कस्तो गाउँका रूपमा चिनिन्छ ?

(ख) बाग्मती प्रदेशको राजधानी कहाँ छ ?

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई कुनै भ्रमणीय स्थानको चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

(ख) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(अ) नारायणघाट बजार कहाँ छ ?

(आ) कुन नदीको मुहान गोसाइँकुण्डमा छ ?

(इ) कहाँबाट झरना झरिरहेका थिए ?

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • समयबद्ध पठन<br>• सस्वर वाचन र शुद्धोच्चारण (पाँचौँ, छैटौँ र सातौँ अनुच्छेद)<br>• शब्दभण्डार | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दार्थ पत्ती<br>• वाक्य पत्ती<br>• प्रश्नोत्तरको नमुना<br>• सांस्कृतिक प्रसङ्ग |

## दोस्रो दिन

१. सिकाइ क्षेत्र

| | | |
|---|---|---|
| (शब्दार्थ र वाक्य रचना)<br>● बोध प्रश्नोत्तर<br>● विषयवस्तुको वर्णन गर्न | ● निर्दिष्ट विषयवस्तुलाई वर्णन गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै विषयवस्तु सुनाएर/प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि मस्तिष्क मन्थनसम्बन्धी प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समय हेर्न लगाई पाठको पाँचौँ अनुच्छेद गति, यति र हाउभाउसहित समयबद्ध सस्वरपठन गरिदिनुहोस् । त्यसपछि अनुच्छेद पढ्न लागेको समय सोध्नुहोस् ।

२. विद्यार्थीलाई पालैपालो गति, यति र हाउभाउ मिलाई समयबद्ध सस्वरपठन गर्न लगाउनुहोस् । यस क्रममा सबै जनाको पढाइको गति समान नहुने तर निरन्तरको पठन अभ्यासबाट पढाइको गति वृद्धि हुने कुरा बताइदिनुहोस् ।

३. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

४. कक्षाका सबै विद्यार्थीलाई पाठको पाँचौँदेखि सातौँ अनुच्छेदसम्म सस्वरवाचन गरी उच्चारण गर्न अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

५. विद्यार्थीहरूले रेखाङ्कन गरेका शब्द पहिचान गरी शब्दपत्ती प्रदर्शन गराउँदै अक्षरीकरणसहित सामूहिक तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । जस्तै :

मर्स्याङदी /मर्.स्याङ्.दी/

जलविद्युत् /जल.बि.द्युत्/

स्वागतद्वार/स्वा.गत्.द्वार्/

६. विद्यार्थीले रेखाङ्कन गरेका तर शब्दपत्तीमा नपरेका शब्दलाई शैक्षणिक पाटीमा लेखेर उच्चारण अभ्यास गराउनुहोस् ।

७. विद्यार्थीलाई पाठबाट अर्थबोध गर्न समस्या भएका शब्द टिपोट गर्न लगाउनुहोस् । त्यसपछि सकेसम्म विद्यार्थीलाई नै अर्थ बताउन लगाउनुहोस् । शिक्षकले शब्दार्थ पत्ती प्रदर्शन गरी अर्थ स्पष्ट पार्नुहोस् ।

८. शब्दभण्डार शिक्षणका क्रममा शब्दका अर्थ बताउने, वाक्यबाट अर्थ पहिचान गर्ने, पाठमा प्रयुक्त वाक्य पढी अर्थ पहिचान गर्ने, शब्दकोश प्रयोग गर्ने जस्ता विभिन्न तरिका सिकाउनुहोस् । जस्तै :

९. कुनै विद्यार्थी समूहलाई शब्दपत्ती र कुनै समूहलाई अर्थपत्ती दिनुहोस् । त्यसपछि शब्दार्थ खेल खेलाउनुहोस् । विद्यार्थीहरू अलमलमा परेमा आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. शब्दार्थ खेल पश्चात् विद्यार्थीहरूलाई वाक्य रचना अभ्यास गराउनुहोस् । विद्यार्थीको वाक्यको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

११. विद्यार्थीहरूलाई पाठको छैटौँ अनुच्छेद पढ्न लगाउनुहोस् । त्यसपछि पठनबोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । जस्तै :

(क) कुन बाटो भएर मध्यमर्स्याङ्दी जलविद्ययुत् पुगिन्छ ?

(ख) बेँसीसहर कुन जिल्लको सदरमुकाम हो ?

१२. शिक्षकले आफूले गरेका कुनै भ्रमणका बारेमा मुख्य मुख्य विषयवस्तुसहित सिलसिलेवार वर्णन गर्ने तरिका सिकाउनुहोस् ।

१३. विद्यार्थीहरूलाई पनि आफूले गरेका भ्रमणलाई बारेमा पालैपालो सिलसिलेवार वर्णन गर्न लगाउनुहोस् । विद्यार्थी अलमलमा परेको अवस्थामा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

१४. विद्यार्थीको सक्रियताका लागि ताली बजाएर स्याबासी दिनुहोस् ।

३. **मूल्याङ्कन**

(क) पालैपालो पाठको निर्दिष्ट अनुच्छेद समयबद्ध सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

फेदी, जलविद्युत्, बाँध, हिमाल

(ग) 'रमाइलो भ्रमण' शीर्षकमा विषयवस्तुको वर्णन गर्न लगाउनुहोस् :

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

## तेस्रो दिन

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण ( आठौँ अनुच्छेददेखि चौधौँसम्म)<br>• शब्दभण्डार | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• निर्दिष्ट शब्द शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• निर्दिष्ट अनुच्छेदका आधारमा मौनपठन गरी | • अनुच्छेदपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरका नमुना |

| | | |
|---|---|---|
| (शब्दार्थ र वाक्य रचना)<br>● मौनपठन र बोध प्रश्नोत्तर<br>● संरचना पहिचान | बोध प्रश्नोत्तर गर्न<br>● नियात्राको संरचना पहिचान गर्न | |

**१. सिकाइ क्षेत्र**

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै प्राकृतिक विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकिएका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. कक्षाका सबै विद्यार्थीलाई पाठको आठौँदेखि दसौँ अनुच्छेदसम्म सस्वरवाचन गरी उच्चारण गर्न अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

३. विद्यार्थीहरूले रेखाङ्कन गरेका शब्द पहिचान गरी शब्दपत्ती प्रदर्शन गराउँदै अक्षरीकरणसहित सामूहिक तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् ।

४. विद्यार्थीले रेखाङ्कन गरेका तर शब्दपत्तीमा नपरेका शब्दलाई शैक्षणिक पाटीमा लेखेर उच्चारण अभ्यास गराउनुहोस् ।

५. विद्यार्थीलाई पाठबाट अर्थबोध गर्न समस्या भएका शब्द टिपोट गर्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठमा शब्दको प्रयोग भएको वाक्य पढी अर्थ बताउन लगाउनुहोस् । शिक्षकले शब्दार्थ पत्ती प्रदर्शन गरी छलफलसहित अर्थ स्पष्ट पार्नुहोस् ।

६. शब्दभण्डार शिक्षणका क्रममा शब्दका अर्थ बताउने, अर्थका आधारमा शब्द पहिचान गर्ने, वाक्यबाट अर्थ पहिचान गर्ने, पाठमा प्रयुक्त वाक्य पढी अर्थ पहिचान गर्ने, शब्दकोश प्रयोग गर्ने जस्ता विभिन्न तरिका सिकाउनुहोस् ।

७. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र शब्दार्थसम्बन्धी हाजिरीजबाफ प्रतियोगिता सञ्चालन गराउनुहोस् । विजयी समूहलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

८. विद्यार्थीहरूलाई पाठको आठौँ अनुच्छेद मौनपठन गर्न सिकाउनुहोस् । त्यसपछि मौनपठन अभ्यास गराउनुहोस् ।

९. विद्यार्थीहरूले मौनपठन गरिसकेपछि ठिक बेठिक, जोडा मिलाउने, खाली ठाउँ भर्ने, प्रश्नका उत्तर भन्ने वा लेख्ने जस्ता पठनबोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

१०. विद्यार्थीलाई पाठ्य नियात्राका आधारमा संरचनाका बारेमा छलफल गराउनुहोस् । यस क्रममा अनुच्छेद सङ्ख्या, लामो छोटो अनुच्छेद र ती अनुच्छेदमा रहेका वाक्य सङ्ख्या पहिचान गर्न सिकाउनुहोस् ।

११. पाठ्य नियात्राको संरचनामा आधारित भई आफूले भ्रमण गरेका मुख्य मुख्य विषयवस्तुलाई क्रमशः समेट्नुपर्ने कुरा  बताउनुहोस् ।

११. विद्यार्थीलाई समूहमा छलफल गरी नियात्राको आदि, मध्य र अन्त्यका मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाई कक्षामा प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् ।

१२ं प्रत्येक समूहको कक्षा प्रस्तुतिपश्चात् अन्य विद्यार्थीलाई प्रतिक्रियाको अवसर प्रदान गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१३. प्रत्येक समूहको प्रस्तुतीकरणपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

३. **मूल्याङ्कन**

**(क) दिइएका शब्दलाई शुद्ध उच्चारण गर्न लगाउनुहोस् :**

बाँध, मुसुक्क, फुरुङ्ङ, होमस्टे, पर्यटक, भ्रमण

**(ख) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ३ मा दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :**

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● शब्दभण्डार<br>(पाठगत शब्दको अर्थबोध र प्रयोग)<br>● परम्परागत अभ्याससँग सम्बन्धित नापतौल तथा मुद्रासम्बन्धी शब्द पहिचान, अर्थबोध र प्रयोग<br>● विषयवस्तुका आधारमा अनुमान, कल्पना र धारणा प्रस्तुति | ● पाठगत शब्दको अर्थबोध र प्रयोग गर्न<br>● परम्परागत अभ्याससँग सम्बन्धित नापतौल तथा मुद्रासम्बन्धी शब्द पहिचान  पहिचान, अर्थबोध र प्रयोग<br>● विषयवस्तुका आधारमा अनुमान, कल्पना र धारणा प्रस्तुति | ● शब्दपत्ती<br>● वाक्यपत्ती<br>● अनुच्छेद पत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तु सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरी वा प्रश्न प्रिन्ट गरी वा पाठ्यपुस्तकबाट शब्दभण्डारको अभ्यास १ मा दिइएका शब्द प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी निर्दिष्ट अर्थसँग मिल्ने शब्द पहिचान गरी लेख्न निर्देशन दिनुहोस् ।

३. विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् र समूह कार्यपश्चात् प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् ।

४. प्रत्येक समूहको कक्षा प्रस्तुतिपश्चात् अन्य विद्यार्थीलाई सम्बन्धित शब्दमा आधारित भई वाक्य रचना गर्न अवसर प्रदान गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. प्रत्येक समूहको प्रस्तुतीकरणपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

६. विद्यार्थीलाई शब्दभण्डारको अभ्यास २ मा दिइएको निर्देशनका आधारमा शब्दसँग सम्बन्धित चित्र वा वस्तु प्रदर्शन  गरी धारण स्पष्ट पार्नुहोस् । त्यसपछि जोडा मिलाउन लगाउनुहोस् ।

७. विद्यार्थीलाई शब्दभण्डारको प्रश्न न. ३ मा दिइएका मुद्रासँग सम्बन्धित शब्द पढ्न लगाउनुहोस् । यस क्रममा परम्परागत मुद्राका नमुना पनि देखाउनुहोस् ।

.८. विद्यार्थीलाई शब्दभण्डारको अभ्यास ४ मा दिइएको निर्देशनका आधारमा जोडा मिलाउन लगाउनुहोस् ।

९. शिक्षकले कुनै विषयवस्तु छनोट गरी अनुमान, कल्पनाका र धारणाका आधारमा विषयवस्तुको वर्णन गर्ने तरिका सिकाउनुहोस् । जस्तै :

- **आगामी दश वर्षपछिको हाम्रो विद्यालय**
- **आगामी दश वर्षपछिको पठनपाठनको अवस्था**

११. विद्यार्थीहरूलाई कुनै काल्पनिक प्रसङ्ग/ शीर्षक दिएर पालैपालो कल्पनाका आधारमा विषयवस्तु वर्णन गर्न लगाउनुहोस् । विद्यार्थी अलमलमा परेको अवस्थामा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

१२. विद्यार्थीको सक्रियताका लागि ताली बजाएर स्याबासी दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीहरूलाई अनुमान, कल्पना र धारणाका आधारमा विषयवस्तुको वर्णन गर्न लगाउनुहोस् :

(अ) तपाईं बसोबास गरेको ठाउँमा आगामी दश वर्षपछि कस्तो परिवर्तन होला ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● मौनपठन<br>● पाठगत बोध प्रश्नोत्तर ( मौखिक तथा लिखित प्रश्नोत्तर) | ● निर्दिष्ट अनुच्छेदको समयबद्ध सस्वरपठन गर्न<br>● पाठगत प्रश्नको मौखिक उत्तर दिन<br>● पाठगत प्रश्नको लिखित उत्तर दिन | ● शब्दपत्ती<br>● नमुना<br>● अनुच्छेदपत्ती<br>● मौखिक तथा लिखित प्रश्नोत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. विद्यार्थीलाई अगिल्लो दिनका सिकिएका विषयवस्तुबारे पालैपालो छोटो छलफल गर्नु लगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन बोध र अभिव्यक्ति खण्डको अभ्यास न.४ का आधारमा अनुच्छेद मौनपठन गर्न निर्देशन दिनुहोस् ।

२. शिक्षकले मौनपठन गर्न असमर्थ विद्यार्थीलाई आवश्यक सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ४ का आधारमा मौखिक उत्तर आउने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको नमुना उत्तर भन्नुहोस् । यसक्रममा प्रश्नको संरचनामा आधारित भई उत्तर भन्नुपर्ने कुरा सिकाउनुहोस् ।

४. विद्यार्थीलाई अन्य प्रश्नहरूको उत्तर भन्न निर्देश गर्नुहोस् । विद्यार्थीको उत्तरको मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीको सक्रिय सहभागिताका लागि ताली बजाएर स्याबासी दिनुहोस् ।

६. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा लिखित उत्तर आउने प्रश्न प्रस्तुत गर्नुहोस् ।

७. विद्यार्थीहरूलाई पाँच/छ वाक्यमा सङ्क्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

८. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको नमुना उत्तर शैक्षणिकपाटीमा लेखेर देखाउनुहोस् र कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

९. विद्यार्थीहरूलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का अन्य प्रश्नहरूको उत्तर लेख्न निर्देश गर्नुहोस् ।

१०. विद्यार्थीहरूले उत्तर लेखेको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

११. विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(अ) घले गाउँ कहाँ पर्छ ?

(आ) कसरी घले गाउँको नामकरण भयो ?

(इ) भ्युटावरबाट के के देखियो ?

(ई) सङ्ग्रहालयमा के के अवलोकन गर्न पाइन्छ ?

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
| --- | --- | --- |

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| | | |
|---|---|---|
| • पाठको विषयबोध | • पाठ्य नियात्राको विषयबोध गर्न | • विषयवस्तुका बुँदा |
| • पाठको सार ग्रहण र प्रस्तुति | • पाठ्य नियात्राको सार ग्रहण गरी कक्षा प्रस्तुति गर्न | • अनुच्छेदपत्ती<br>• प्रश्नसूची |
| • प्रश्न निर्माण र उत्तर पहिचान | • निर्धारित अनुच्छेदबाट प्रश्ननिर्माण गरी उत्तर पहिचान गर्न | |
| • सूचनाको बोध र प्रस्तुति | • सन्दर्भ अनुकूलको वर्णन गर्न | |

**२. सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै क्षेत्रमा सफल व्यक्तिको सङ्घर्ष सुनाएर/प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठ्य नियात्राका अनुच्छेद  मौनपठन गर्न लगाउनुहोस् । मौनपठन गर्ने क्रममा मुख्य मुख्य कुरालाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

२. पाठको मौनपठनपश्चात् रेखाङ्कन गरेका विषयवस्तुलाई कापीमा टिपोट गर्न लगाउनुहोस् र विद्यार्थीलाई टिपोट गरिएका विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् ।

३. प्रत्येक समूहको कक्षा प्रस्तुतीकरणपश्चात् अन्य विद्यार्थी समूहलाई प्रतिक्रियाको अवसर प्रदान गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. प्रत्येक समूहको प्रस्तुतीकरणपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

५. विद्यार्थीलाई सामूहिक रूपमा पाठ्य निबन्धको सारका बारेमा छलफल गराउनुहोस् । विद्यार्थी समूहको छलफलबाट आएका कुरालाई कक्षा प्रस्तुति गर्न लगाउनुहोस् ।

६. विद्यार्थीको प्रस्तुति सुनी नियात्राको सार प्रस्तुतिका क्रममा छुटेका कुरा शिक्षकले थपी निष्कर्ष सुनाउनुहोस् र शिक्षक तयार पारेको पाठ्य नियात्राको सार प्रदर्शन धारणा स्पष्ट पार्नुहोस् ।

७. विद्यार्थीलाई सामूहिक रूपमा बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ७ मा दिइएको निर्देशन पढ्न लगाउनुहोस् । यस क्रममा प्रश्न निर्माण गर्ने तरिकाको बारेमा छलफल गराउनुहोस् । जस्तै :

- दिइएको अनुच्छेद ध्यानपूर्वक पढ्ने
- प्रश्नमा को, के, कहाँ, कहिले, कति, कुन, किन, कसरी जस्ता शब्द रहनुपर्ने

- प्रश्न बनाउने क्रममा मुख्य उत्तरलाई ठम्याउनुपर्ने
- विभिन्न प्रश्नात्मक शब्द प्रयोग गरी प्रश्नलाई विविधता बनाउनुपर्ने

८. बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ७ का आधारमा विद्यार्थी समूहलाई पाठको बाह्रौँ अनुच्छेदबाट चारओटा प्रश्न निर्माण गर्न निर्देशन दिनुहोस् ।

९. विद्यार्थी समूहलाई क्रमैसँग प्रश्न प्रस्तुति गर्न लगाउने र अन्य विद्यार्थी समूहलाई उक्त प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा प्रत्येक प्रश्न र उत्तर मिलाएबापत ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

१०. विद्यार्थीलाई समूहलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ६ मा दिइएको निर्देशन पढ्न लगाउनुहोस् । यसपछि पाठका सन्दर्भमा केन्द्रित भई आफ्ना विचार लेख्ने तरिका सिकाउनुहोस् ।

११. विद्यार्थी उत्तरलाई कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको उत्तरको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) पाठ्य  नियात्राको सार भन्न लगाउनुहोस् ।**

**(ख) पाठको एघारौँ अनुच्छेदबाट तीनओटा प्रश्न निर्माण गरी उत्तर पनि लेख्न लगाउनुहोस् ।**

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

२. **सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. आफ्नो समुदायमा प्रचलित कुनै सन्दर्भ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • बुँदा टिपोट<br>• अनुलेखन<br>• चित्र वर्णन | • निर्धारित अनुच्छेद मौनपठन गर्न र बुँदा टिपोट गर्न<br>• पाठ्य नियात्राको निर्दिष्ट अनुच्छेद अनुलेखन गर्न<br>• चित्रबोध गरी वर्णन गर्न | • अनुच्छेदपत्ती<br>• बुँदासूची<br>• चित्र |

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले निर्दिष्ट पाठको छैटौँ अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको नमुना अनुच्छेदलाई मौन पठन गर्न निर्देश गर्नुहोस् । प्रस्तुत अनुच्छेदबाट बुँदा टिपोट कसरी गर्ने भन्ने सम्बन्धमा विद्यार्थीको पूर्व ज्ञानका बारेमा जानकारीकारी लिनुहोस् । विद्यार्थीलाई बुँदा लेखन गर्दा ख्याल गर्नुपर्ने निम्न तरिका सिकाउनुहोस् :

**बुँदा टिपोट गर्ने तरिका**

- सर्वप्रथम ध्यानपूर्वक अनुच्छेद पढेर मुख्य मुख्य वाक्यमा रेखाङ्कन गर्ने
- असमापक क्रियापदको प्रयोग गर्ने
- अनुच्छेदबाट वाक्यलाई हुबहु नसार्ने
- छोटा र अर्थपूर्ण बुँदा बनाउने

२. विद्यार्थीलाई बुँदा टिपोटका बारेमा जानकारी गराउँदै प्रस्तुत गरिएको अनुच्छेदका आधारमा विद्यार्थीलाई मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका बुँदा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आवश्यक संशोधनसिहत शिक्षकले टिपोट गरेका बुँदालाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् ।

३. विद्यार्थीलाई पाठको चौथो अनुच्छेद पढेर मुख्य मुख्य बुँदा पहिल्याउँदै रेखाङ्कन गर्न लगाउनुहोस् । यस क्रममा अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीलाई मुख्य मुख्य बुँदाहरू कापीमा टिपोट गर्न लगाउनुहोस् ।

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
| --- | --- | --- |

५. विद्यार्थीले टिपोट गरेका बुँदालाई पालैपालो कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । अन्य विद्यार्थीको प्रतिक्रिया लिनुहोस् । त्यसपछि आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

६. विद्यार्थीलाई पाठको पहिलो र दोस्रो अनुच्छेद अनुलेखन गर्न लगाउनुहोस् ।

७. सफा र शुद्धसँग अनुलेखन गर्ने विद्यार्थीलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

८. कक्षामा कुनै चित्र वा प्राकृतिक स्थलको तस्बिर प्रदर्शन गरी विद्यार्थीहरूलाई पालैपालो चित्र वर्णन गर्न लगाउनुहोस् ।

९. विद्यार्थीको प्रस्तुति सुनिसकेपछि चित्रको सन्दर्भ, विषयवस्तु, पात्र, परिवेश, कल्पना आदिका आधारमा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) पाठको पहिलो र दोस्रो अनुच्छेद पढी चारओटा बुँदा टिपोट गर्न लगाई टिपोट गरेका बुँदा एकआपसमा साटासाट गरेर जाँच गर्न लगाउनुहोस् ।**

**(ख) पाठमा रहेको चित्र वर्णन गर्न लगाउनुहोस् ।**

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

**आठौँ दिन**

**१. सिकाइ क्षेत्र**

| | | |
|---|---|---|
| • आफूले गरेको भ्रमणको सिलसिलाबद्ध प्रस्तुति<br>• भाषिक प्रकार्य (यात्रा वर्णन) | • आफूले गरेको भ्रमणको सिलसिलाबद्ध प्रस्तुति गर्न<br>• यात्र वर्णन गर्न | • बुँदापत्ती<br>• अनुच्छेदपत्ती<br>• यात्रा वर्णनसँग सम्बन्धित अडियो/भिडियो |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई गाउँखाने कथा सुनाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि गाउँ खाने कथा सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले विद्यालयबाट लगिएको शैक्षिक भ्रमण सुनाएर धारणा स्पष्ट पार्नुहोस् ।

२. विद्यार्थीहरूलाई आफूले गरेको भ्रमणलाई सिलसिलाबद्ध तरिकाले लेख्न सिकाउनुहोस् ।

३. विद्यार्थीलाई बोध र अभिव्यक्तिको प्रश्न न. ८ मा दिइएको निर्देशनअनुसार आफ्नो ठाउँको वर्णन लेख्न लगाउनुहोस् ।

४. अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् । सिलसिलाबद्ध वर्णन गरेपश्चात् प्रत्येक विद्यार्थीलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. विद्यार्थीको कक्षा प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

६. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ९ को निर्देशन पढ्न लगाउनुहोस् ।

७. विद्यार्थीलाई आफूले गरेको यात्रा वर्णन पालैपालो सुनाउन लगाउनुहोस् । यस क्रममा अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

८. शिक्षकले यात्रासम्बन्धी विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् ।

९. विद्यार्थीहरूलाई युगल समूहमा विभाजन गरी जिज्ञासामा केन्द्रित रही कुराकानी गर्न लगाउनुहोस् । विद्यार्थी समूहका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् र ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) आफूले गरेको कुनै यात्रा वर्णनमा केन्द्रित रही कुराकानी गर्न लगाउनुहोस् ।**

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| ● वचन सङ्गतिको पहिचान र प्रयोग<br>● हलन्त र अजन्तको पहिचान र प्रयोग | ● वचन सङ्गतिको पहिचान र प्रयोग गर्न<br>● हलन्त र अजन्तको पहिचान र प्रयोग गर्न | ● शब्दपत्ती<br>● वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई छलफलसहित दिइएको अनुच्छेद पढ्न लगाई वचन सङ्गतिसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् :

रङ्गशालामा फुटबल प्रतियोगिता सुरु हुनै लागेको थियो । हर्कबहादुर त्यहाँ पुग्यो । टिकट लिनका लागि मानिसहरू लाम लागेका थिए । पुरुषहरू एकातिरको लाइनमा थिए । महिलाहरू अर्कोतिरको लाइनमा थिए । हर्कबहादुर पुरुषतिरको लाइनमा उभियो । उसले महिलातिरको लाइनमा सारिकालाई देख्यो । सारिका हर्कबहादुरलाई देखेर छक्क परी । केहीबेरपछि दुवै जनाले टिकट लिए । उनीहरू फुटबल प्रतियोगिता हेर्न रङ्गशालाभित्र प्रवेश गरे ।

२. माथिको अनुच्छेदका आधारमा एकवचन र बहुवचनको अवधारणा दिनुहोस् ।

३. विद्यार्थीहरूलाई दिइएको वाक्य प्रदर्शन गरी जोडा मिलाउन सिकाउनुहोस् :

| | |
|---|---|
| (क) भाइ कुर्सीमा | हुनुहुन्छ । |
| (ख) बहिनीहरू विद्यालय | रोप्यो । |
| (ग) उसले तरकारी | बस्छ । |
| (घ) तिमीहरूले खेल | नाच्यो । |
| (ङ) तपाइँ भलाद्मी | जित्यौँ । |

४. विद्यार्थीले कक्षाकार्य गरिसकेपश्चात् कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

५.विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. १ गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले तयार पारेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गर्नुहोस् ।

७. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न २ का आधारमा वाचन सङ्गति मिलाई उत्तर लेख्न दिर्नेश गर्नुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

८ विद्यार्थीहरूलाई दिइएका शब्द .पढ्न  लगाई हलन्त र अजन्तसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ::

| **हलन्तयुक्त शब्द** | **अजन्तयुक्त शब्द** |
| --- | --- |
| पढ्, गर्लान्, स्याबास्, उफ्, श्रीमान्, भगवान् | भात, असल, काम, नेपाल, कलकल, जापान, बजार |

९. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न ३ का आधारमा वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थीलाई कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

११. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न ४ का आधारमा शब्दलाई शुद्ध पारी लेख्न  लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

१२. शब्दपत्ती प्रदर्शन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) वाक्य मिलाएर लेख्न लगाउनुहोस् :**

(क) केटो घुम्न हिँडे ।

(ख) उनीहरूले फूल रोपी ।

(ग) साथीहरू भकुन्डो खेल्छ ।

(घ) चरो आकाशमा उड्छन् ।

**(ख) शुद्ध शब्द चिनेर लेख्न लगाउनुहोस् :**

| | |
| --- | --- |
| (क) स्याल | सयाल |
| (ख) भन्छ | भनछ |
| (ग) प्रसाद | प्रसाद |
| (घ) गुड्यो | गुडयो |
| (ङ) जलप् | जलप |

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

**दसौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • सुनाइ पाठ १३ (श्रुतिबोधात्मक प्रश्नोत्तर र सूचनाको बोध तथा कक्षा प्रस्तुति तथा छलफल)<br>• सिर्जनात्मक कार्य | • विषयवस्तुको सुनाइ र बोध गर्न<br>• सुनाइ सामग्रीमा आधारित प्रश्नोत्तर<br>• सुनाइ सामग्रीमा आधारित छलफल<br>• सिर्जनात्मक कार्यमा आधारित भई विचारको अभिव्यक्ति | • सुनाइ पाठ १३ को अडियो सामग्री, प्रश्न पत्ती<br>• विचार लेखनको नमुनाक |

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइसम्बन्धी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ पाठ १२ का आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

२. विद्यार्थीलाई सुनाइ पाठ १२ को अडियो सुनाउनुहोस् ।

३. विद्यार्थीलाई सुनाइ पाठ १२ को अडियो पहिलो पटक सुनाइसकेपछि सुनाइ र बोलाइ खण्डका प्रश्न सुनाएर छलफल गर्नुहोस् ।

४. त्यसपछि पुनः सुनाइ पाठ १३ को अडियो सुनाउनुहोस् । कम्तीमा दुई पटक सुनाइ पाठ १३ को अडियो सुनाउनुहोस् ।

५. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट ठिक बेठिकसम्बन्धी मौखिक प्रश्नोत्तर गराउनुहोस् ।

६. विद्यार्थीका उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

७. विद्यार्थीलाई पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा पालैपालो मौखिक प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थीहरूलाई पालैपालो जगेनी जात्राका मुख्य मुख्य विशेषता भन्न लगाउनुहोस् । विद्यार्थीका भनाई सुनेर आवश्यक सहजीकरण गर्नुहोस् ।

९. शिक्षकले सिर्जनात्मक कार्यमा आधारित भई विचार लेखनको नमुना प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस्

।

९. प्रस्तुत गरिएको नमुना कुनै विद्यार्थीलाई वाचन गरी सुनाउन लगाउनुहोस् ।

१०.परियोजना कार्यमा दिइएको कथा लेखेर ल्याउन निदेश गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) सुनाइ पाठ १३ आधारमा उत्तर भन्न लगाउनुहोस् :

(ख) जगेनी जात्राका मुख्य मुख्य विशेषता कक्षामा सुनाउन लगाउनुहोस् ।

*आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।*

**पाठ : १४**
**शीर्षक : जूनतारा छुन**
**विधा : कविता**
**कार्यघण्टा : ११**

## परिचय

'जूनतारा छुन' प्रकृतिपरक कविता विधाको पाठ हो । यस कविताका रचनाकार बालकृष्ण भट्टराई हुन् । यस कविताले बालबालिकामा आत्मविश्वासको भावना जागृत गराएको छ । आजका साना बालबालिकालाई भविष्यमा देश हाँक्ने कर्णधारका रूपमा चिनाइएको छ । हरेक महान व्यक्तिले बल्यावस्था पार गरेर नै जीवनलाई सार्थक बनाएका हुन् । आखिर जन्मँदै ठुलो मान्छे कोही पनि हुन सक्दैन । असल कामले मात्र मानिस महान बन्न सक्छ । त्यसैले पढी लेखी बुद्धिमान् भएर भविष्यमा जून तारा छुने अठोट लिनुपर्छ ।

कविता विधाको उपयोग गरेर विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गराउन सकिन्छ । कविता अभिव्यक्तिको उत्कृष्ट रूप हो । कवितामा लयात्मकता, गेयात्मकता र श्रुतिमधुरता हुने हुनाले भाषाको बोध तथा अभिव्यक्ति सिपको विकासमा यस विधाको प्रभावकारी उपयोग गर्न सकिन्छ । प्रस्तुत पाठको शिक्षण गर्दा सुनाइ तथा बोलाइ सिपमा विषयवस्तुको सुनाइ र पहिचान, छलफल तथा अन्तरक्रिया, प्रश्नोत्तर, पाठमा आधारित भई अनुमान, कल्पना एवम् धारणाको प्रस्तुति, श्रुतिकथन आदि सिपको विकास गराउनुपर्छ । पढाइमा लयबद्ध पठन, सन्दर्भ बोध, पाठको विषयबोध र प्रश्नोत्तर जस्ता विषयवस्तु शिक्षण गर्नुपर्छ । लेखाइमा  समान ध्वनि र समान संरचना भएका शब्दको पहिचान, प्रश्नोत्तर, गद्यमा रूपान्तरण, भाव लेखन, शब्द पूरण, तालिकाका आधारमा वाक्य निर्माण र लेखन जस्ता सिपको विकास गराउनुपर्छ ।

भाषिक संरचना र वर्णविन्यासमा पुरुष सङ्गतिको पहिचान र प्रयोग तथा 'र' का विभिन्न रूपहरूको पहिचान तथा प्रयोग सिकाउनुपर्छ । शब्दभण्डारमा स्थानीय प्रविधि तथा औजारसँग सम्बन्धित शब्दको पहिचान, अर्थबोध र प्रयोग गराउनुपर्छ  भने भाषिक प्रकार्यमा कुराकानीको अभ्यास गराउनुपर्छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● दृश्य पहिचान र छलफल<br>● लयबद्ध वाचन<br>● संरचना पहिचान<br>● उच्चारण अभ्यास | ● दृश्य पहिचान गरी वर्णन गर्न<br>● लयबद्ध वाचन गर्न<br>● संरचना पहिचान गर्न<br>● नयाँ शब्दको उच्चारण गर्न | ● पूर्व पठन खण्डका चित्र<br>● पाठ्य कविता<br>● कविता वाचनको अडियो तथा भिडियो<br>● शब्दपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीहरूलाई कुनै कविता सुनाएर पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

२. पिद्यार्थीहरूलाई पनि आफ्ना रचना सुनाउने अवसर प्रदान गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पूर्व पठन खण्डका चित्रहरू प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरेर पूर्व पठन खण्डका र सोही प्रकृतिका अन्य चित्रहरू पनि प्रस्तुत गर्नुहोस् ।

२. विद्यार्थीलाई प्रस्तुत गरिएका चित्र हेरी राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तिका आफूले जानेबुझेका कुरा वर्णन गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले प्रस्तुत गरेका कुरालाई समेट्दै पाठगत सन्दर्भलाई निर्देश गर्नुहोस् । यस क्रममा सङ्घर्षबाट मात्र सफलताको शिखर पुग्न सकिने सन्देश बताउनुहोस् ।

४. शिक्षकले कविताको लयबद्ध वाचन गरिदिनुहोस् ।

५. ख्याल गर्नुहोस्; जूनतारा छुन कविता सवाई छन्दमा लेखिएको छ । यो चौध अक्षरको हुन्छ । (४ + ४ + ४ + २) यसको लय वाचन गर्दा चार चार अक्षरमा तीन पटक अर्धविश्राम गर्दै अन्तिम दुई अक्षरमा पूर्ण विश्राम गरेर गाउन सिकाउनुहोस् ।

६. पाठ्य कविताका अतिरिक्त अन्य कविताका उदाहरण पनि प्रस्तुत गर्न सक्नुहुने छ ।

७. सम्भव भएसम्म लयबद्ध वाचनको भिडियो तथा अडियो सामग्री प्रस्तुत गर्नुहोस् ।

८. शिक्षक र विद्यार्थीले समूहगत रूपमा सँगसँगै कविता वाचन गर्नुहोस्; त्यसपछि विद्यार्थीहरूलाई ठुलो समूह, युगल समूह र वैयक्तिक रूपमा छुट्टा छुट्टै वाचन गर्न लगाउनुहोस् ।

९. लयबद्ध वाचनका क्रममा विद्यार्थीमा देखिएका कमीकमजोरी सुधार गर्न आवश्यक सहयोग गर्नुहोस् ।

१०. विद्यार्थीहरूलाई लयबद्ध वाचन गराउँदा गति, यतिका साथै सहज अभिव्यक्तिलाई अवलम्बन गर्ने बानीको विकास गराउनुहोस् ।

११. सस्वरवाचनपछि विद्यार्थीलाई उच्चारणका लागि नयाँ शब्द कापीमा टिपोट गर्न लगाउनुहोस् ।

१२. टिपोट गरिएका शब्दलाई शब्दपत्तीबाट प्रस्तुत गर्दै शैक्षणिक पाटीमा अक्षरीकरण गरेर देखाउनुहोस् र विद्यार्थीलाई उच्चारण अभ्यास गराउनुहोस् ।

१३. विद्यार्थीले उच्चारणका क्रममा गर्ने त्रुटि पहिचान गर्नुहोस् र बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

१४. विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गर्नुहोस् । कविताको एक पङ्क्ति एउटा समूहलाई र अर्को पङ्क्ति अर्को समूहलाई वाचन गर्न लगाई कविताको लयबद्ध वाचनमा थप अभ्यास गराउनुहोस् । समूहगत रूपमा विद्यार्थीहरूले प्रभावकारी ढङ्गले लयबद्ध रूपमा वाचन गरे नगरेको अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) कविताको दोस्रो र तेस्रो श्लोक लयबद्ध वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

कर्णधार, सौन्दर्य, मलजल, धरती,

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दार्थ र वाक्यमा प्रयोग<br>• पठनबोध तथा सन्दर्भबोध<br>• गद्य रूपानतरण | • पाठमा प्रयुक्त शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>• पाठ्य कविता पढी सन्दर्भ बोध गर्न<br>• कविताका लयबद्ध पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न | • शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्ती<br>• पाठ्य कविता |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कुनै लोक गीत गाउन सुरुआत गर्नुहोस् । शिक्षकसँगसँगै ताली बजाउँदै विद्यार्थीलाई पनि लोक गीत गाउन लगाउनुहोस् र सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई पाठ्य कविता सस्वरवाचन गरी पढ्न लगाउनुहोस् ।

२. सवरवाचनपछि मौनपठन गर्न निर्देश गर्नुहोस् र अर्थ थाहा नभएका शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।

३. विद्यार्थीहरूले टिपोट गरेका शब्दलाई शब्दपत्तीमा टिपी गोजीतालिकामा देखाउनुहोस् । प्रस्तुत गरिएका शब्दको अर्थ खोज्न विद्यार्थीलाई नै प्रोत्साहन गर्नुहोस् ।

४. टिपोट गरिएका कतिपय शब्दको अर्थ विद्यार्थीहरूले नै भन्न सक्ने छन् । उनीहरूले शब्दको अर्थ भनेमा स्याबासी दिनुहोस् । उनीहरूले भन्न नसकेका शब्दको अर्थ सिकाउँदा पर्यायवाची शब्द, विपरीतार्थी शब्द, अनेकार्थी शब्द आदिका आधारमा सिकाउनुहोस् ।

५. शब्दको अर्थ सिकाउँदा स्थानीय वस्तु तथा चित्रको प्रयोग र आवश्यकताअनुसार हाउभाउको पनि उपयोग गर्नुहोस् ।

६. शब्द र अर्थलाई गोजी तालिकामा जोडी मिलाएर राख्नुहोस् र कुनै विद्यार्थीलाई पढ्न लगाई सबैलाई सुनाउनुहोस् ।

७. विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । शब्दार्थका लागि पाठसँग सम्बन्धित विभिन्न शब्दहरू टिपोट गर्न लगाउनुहोस् । पालैपालो एक समूहले अर्को समूहलाई शब्द सोधी अर्थ भन्न लगाउनुहोस् । यस क्रियाकलापलाई प्रतियोगितात्मक ढङ्गले पनि सञ्चालन गर्न सक्नुहुने छ ।

८. शब्दार्थमा प्रयोग भएका र पाठमा प्रयुक्त नयाँ शब्दहरूलाई शिक्षकले वाक्यपत्तीको प्रयोग गरी प्रस्तुत गर्नुहोस् र वाक्य निर्माण गर्न सिकाउनुहोस् ।

९. ख्याल गर्नुहोस्; वाक्यमा प्रयोग गर्दा चार पाँच शब्दका छोटा वाक्य निर्माण गर्नुहोस् र विद्यार्थीलाई पनि सोही प्रकृतिका वाक्य निर्माण गर्न प्रोत्साहन गर्नुहोस् ।

१०. पाठमा प्रयोग भएका विभिन्न शब्दहरू दिई विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

११. विद्याथीलाई देवकोटा, बुद्ध, गान्धी, टेरेसा आदिका जीवनीबाट के के सिक्न सकिन्छ भनेर प्रश्न गर्नुहोस् । आपसमा छलफल गराउनुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

१२. विद्यार्थीले भनेका कुराहरू समावेश गर्दै प्रकृतिका सबै कुरा गुरु रहेको आशय सन्दर्भसहित जानकारी गराउनुहोस् ।

१३. शिक्षकले शैक्षणिक पाटीमा पाठ्य कविताको पहिलो हरफलाई गद्यमा रूपान्तरण गरेर देखाउनुहोस् । जस्तै :

| गद्य रूपान्तरण |
| --- |
| आज साना कोपिला छौँ भोलि राम्रा फूल<br>कोपिला नै चुँडाउने नगर है भुल<br>उत्तर : हामी बालबालिका आज फूलका कोपिला जस्तै साना छौँ । हामी पछि गएर सफल मानिस बन्छौँ । हामीलाई राम्रो पढालेखाइको खाँचो छ । हामीलाई अवसर नदिनु भनेको फूलको कोपिला चुँडाल्नु जस्तै हो । |

१४. ख्याल गर्नुहोस्; गद्यमा रूपान्तरण गर्दा सरल प्रकृतिका वाक्य बनाउनुहोस् । वाक्यलाई कर्ता, कर्म र क्रियाकै संरचनामा संरचित गर्नुहोस् । कविताका श्लोकमा भएकै शब्दबाट वाक्य निर्माण गर्नुहोस् र आवश्यक परेमा मात्र केही शब्द थप्नुहोस् ।

१५. विद्यार्थीलाई कविताका विभिन्न श्लोक दिई गद्यमा रूपान्तरण गर्न लगाउनुहोस् र शिक्षकले अवलोकन गरी आवश्यक सहयोग गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) शब्दभण्डार खण्डको प्रश्न न.१ गर्न लगाउनुहोस् :

(ख) दिइएका अर्थ बुझाउने शब्द शिक्षकका सहायताले पाठबाट खोजेर लेख्न लगाउनुहोस् :

भर्खर फूल्न थालेका कलिला फूल

पछि आउने समय

नाम चलेको व्यक्ति

भर्खर जन्मेको बच्चा

(ग) दिइएका हरफलाई पदको क्रम मिलाएर लेख्न लगाउनुहोस् :

पढीलेखी भविष्यमा पक्कै हुन्छौँ नामी ।

ज्ञानसिप सिक्छौँ हामी बुद्धिमानी हुन ।

माया पाए सक्छौँ हामी जूनतारा छुन ।

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भावबोध<br>• प्रश्नोत्तर | • सबै जूनतारा छुन कविताको भावार्थ लेख्न<br>• पाठ्य कवितामा आधारित भएर प्रश्नोत्तर गर्न | • पाठ्य कविता<br>• भावका बुँदा<br>• प्रोजेक्टर<br>• प्रश्न सूची र उत्तरका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै नीतिपरक कविता सुनाएर विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् र विद्यार्थीका पनि कुनै रचना भए सुनाउने अवसर दिनुहोस् ।

२. अगिल्लाो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तु बारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. सर्वप्रथम विद्यार्थीलाई कविताको मौन पठन गर्न निर्देश गर्नुहोस् ।

२. विद्यार्थीलाई कविताका श्लोकअनुसार चार समूहमा विभाजन गर्नुहोस् ।

३. विद्यार्थीलाई कविताका प्रत्येक पङ्क्ति र श्लोकका बारेमा छलफल गरी भन्न लगाउनुहोस् ।

४. विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

५. विद्यार्थीलाई कवितामा व्यक्त विचार प्रस्तुत गर्न निरन्तर प्रोत्साहन गर्नुहोस् ।

६. विद्यार्थीले भनेका कुरामा आवश्यक कुरा थपी कविताको भाव स्पष्ट पारिदिनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । स्लाइडबाट भावअनुसार हिमाल, जून, तारा, फूलबारी आदिका आवश्यक चित्र तथा भावका बुँदा प्रस्तुत गरी समग्र कविताको भाव प्ररिदिनुहोस् ।

७. विद्यार्थीसँग छलफल गर्दै सुरुमा प्रत्येक श्लोकको भावार्थ लेखाउनुहोस् र अन्त्यमा पुरै कविताको भावार्थ लेख्न प्रोत्साहित गर्नुहोस् ।

८. शिक्षकले पाठ्य कविताका विभिन्न श्लोकमा आधारित भएर तयार पारेका प्रश्नसूची प्रस्तुत गरी भन्न र लेख्न लगाउनुहोस् ।

९. विद्यार्थीलाई केही समय दिएर प्रस्तुत गरिएका प्रश्नको उत्तर पहिचान गर्न समय दिनुहोस् ।

१०. विद्यार्थीलाई छोटो उत्तर लेखन र सङ्क्षिप्त उत्तर लेखनका लागि नमुना प्रस्तुत गरी पर्याप्त अभ्यास गराउनुहास् ।

११. विद्यार्थीले तयार पारेका उत्तर क्रमैसँग व्यक्त गर्न लगाउनुहोस् । कक्षामा सबै विद्यार्थीलाई उत्तर प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

१२. विद्यार्थीले व्यक्त गरेका उत्तरमा आवश्यक कुरा समावेश गरी थप प्रस्ट पारिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएको कवितांशको भाव भन्न लगाउनुहोस् :

ज्ञान सिप सिक्छौँ हामी बुद्धिमनी हुन

माया पाए सक्छौँ हामी जून तारा छुन

(ख) दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :

(अ) तोते बोली बोल्ने बालक भविष्यमा के बन्छ ?

(आ) बुद्धिमान हुन के गर्नुपर्छ ?

(इ) जूनतारा कसरी छुन सकिन्छ ?

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • समान ध्वनि र समान संरचना भएका शब्द पहिचान<br>• कविताको हरफमा भएका वर्ण | • पाठ्य कविताबाट समान ध्वनि र समान संरचना भएका शब्द पहिचान गर्न | • शब्दपत्ती<br>• पावरपोइन्ट स्लाइड |

| | | |
|---|---|---|
| पहिचान | ● पाठ्य कविताको हरफमा भएका वर्ण पहिचान गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१.कुनै रमाइलो चुट्किला सुनाएर विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पाठ्य कविताको पहिलो हरफ प्रस्तुत गर्नुहोस् । कविताका हरेक पङ्क्तिको अन्तिममा लय मिलाउन प्रयोग भएका शब्द शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।

जस्तै : बोल्छ - पोल्छ, फूल - भुल, हामी - नामी

२. विद्यार्थीलाई उल्लिखित प्रकृतिका लय मिलेका अन्य शब्दहरू पाठ्य कविताबाट टिपोट गर्न निर्देश गर्नुहोस् ।

३. विद्यार्थीले टिपोट गरेका शब्द प्रस्तुत गर्न लगाउनुहोस् ।

४. निर्देशित कार्य गरेकामा विद्यार्थीलाई हौसला प्रदान गर्नुहोस् ।

५. शिक्षकले टिपोट गरेका लय मिल्ने शब्दपत्तीहरू टाँसेर सबै विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।

६.शिक्षकले पाठ्य कविताको पहिलो हरफ शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

७. कविताको श्लोकमा भएका वर्ण विद्यार्थीलाई गन्न निर्देश गर्नुहोस् ।

८. विद्यार्थीले कविताको पहिलो पङ्क्तिमा पहिलो र दोस्रो पङ्क्तिमा चौधभन्दा बढी वर्ण छन् भन्न सक्नेछन् ।

९. विद्यार्थीलाई आधा वर्णको गणना नहुने र सग्ला वर्ण मात्र गणना हुने तथा लयात्मक कवितामा सग्ला वर्णको सङ्ख्या हरेक पङ्क्तिमा फरक फरक भए पनि उच्चरण गर्दा बराबरी हुने गरी मिलाएर उच्चरण गर्ने तरिका सिकाउनुहोस् ।

१०. ख्याल गर्नुहोस् जूनतारा कवितामा प्रत्येक पङ्क्तिमा चौधओटा वर्ण रहेका छन् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :

(अ) कविताको दोस्रो श्लोकमा रहेका लय मिल्ने शब्द कुन कुन हुन् ?

(आ) लय मिल्ने कुनै पाँच जोडी शब्द लेख्नुहोस् ।

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● अनुलेखन | ● अनुलेखन गर्न | ● अनुलेखनको नमुना |

| | | |
|---|---|---|
| • आशय वर्णन<br>• विचार लेखन | • पाठ्य कविताको आशय वर्णन गर्न<br>• कवितालाई आधारमा मानी स्वतन्त्र विचार प्रस्तुत गर्न | • आशय वर्णनको नमुना<br>• पावरपोइन्ट स्लाइड |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै गाउँखाने कथा सोध्नुहोस् ।

२. विद्यार्थीले सही उत्तर भनेमा स्याबासी दिनुहोस् ।

३. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षक आफैँले तयार पारेको तथा कसैले राम्रा अक्षरमा लेखेका कुनै अनुच्छेद देखाउनुहोस् । कक्षाकै कुनै विद्यार्थीका लेखनलाई पनि नमुनाका रूपमा लिन सक्नुहुने छ ।

२. अनुलेखन गर्दा दिइएको पद्यांश वा गद्यांशको वर्णविन्यास ख्याल गरेर हुबहु लेख्नुपर्ने कुरा सिकाउनुहोस् ।

३. नेपाली अक्षर राम्रो पारेर लेख्ने तरिका उदाहरणसहित शैक्षणिक पाटीमा लेखेर सिकाउनुहोस् ।

**नेपाली अक्षर राम्रो पारेर लेख्ने तरिका**

- हरेक वर्णलाई सिधा लेख्ने
- डिको दिएर लेख्ने
- एक वर्णले अर्को वर्णलाई नछोइकन लेख्ने
- अक्षर र मात्राको ढल्काइ एकैतिर पार्ने
- वर्ण वर्णबिचको तथा शब्द शब्दबिचको दूरी समान पार्ने

४. पाठ्य कविताको कुनै श्लोक अनुलेखन गर्न लगाउनुहोस् । विद्यार्थीको कार्य अवलोकन गर्नुहोस् । एक अर्काका कापी साटासाट गरेर हेर्न लगाउनुहोस् र सबै विद्यार्थीलाई स्याबासी दिनुहोस् ।

५. शिक्षकले आशय वर्णनको नमुना प्रस्तुत गर्नुहोस् । विद्यार्थीसँग आवश्यक छलफल गर्नुहोस् ।

६. आशय वर्णन भनेको कविताका श्लोकले भनेको कुरा तर्क, उदाहरण र आवश्यक कुरा थपेर बढाएर लेख्ने कार्य हो भन्ने सिकाउनुहोस् ।

७. कक्षा चारका विद्यार्थीलाई एकै अनुच्छेदमा आशय वर्णन गर्न सिकाउन सक्नुहुने छ ।

८. विद्यार्थीलाई कविताका विभिन्न श्लोक दिई बढाएर भन्न र लेख्न प्रोत्साहित गर्नुहोस् ।

९. विद्यार्थीबाट आएका कुरा समावेश गरी कुनै पङ्क्तिको आशय वर्णन गरी प्रस्तुत गर्नुहोस् र आवश्यक छलफल गर्नुहोस् ।

१०.बालबालिकालाई आजका साना कोपिला किन भनिएको होला भनेर विद्यार्थीलाई प्रश्न सोध्नुहोस् । आपसमा छलफल गराउनुहोस् । उनीहरूका स्वतन्त्र विचार लिनुहोस् । उनीहरूले भनेका कुरा शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

११. टिपोट गरिएका कुराहरू समावेश गर्दै उल्लिखित प्रश्नमा आधारित भएर शिक्षकले विचार लेखनको उत्तर भनिदिनुहोस र विद्यार्थीलाई लेख्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) कविताको तेस्रो श्लोक अनुलेखन गर्न लगाउनुहोस् ।

(ख) दिइएका पङ्क्तिको आशय वर्णन गर्न लगाउनुहोस् :

समयमै राम्रो शिक्षा पायौँ भने हामी
पढी लेखी भविष्यमा पक्कै हुन्छौँ नामी

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • विषयवस्तु टिपोट<br>• भाषिक प्रकार्य (कुराकानी) | • निर्दिष्ट कविताको विषयवस्तु टिपोट गर्न<br>• स्वपरिचय प्रस्तुति दिन | • विषयवस्तु टिपोटको नमुना<br>• कुराकानी प्रस्तुतिको भिडियो |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै रमाइलो लोक गीत सुनाएर विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लाो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । पाठ्य कवितालाई मौन पठन गर्न लगाउनुहोस् ।

२. अगिल्लो कक्षामा गरेका छलफल र मौन पठनका आधारमा कविताका मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले टिपोट गरेका मुख्य मुख्य विषयवस्तु प्रस्तुत गर्न लगाई प्रतिक्रिया लिनुहोस् ।

४. विद्यार्थीले टिपोट गरेका विषयवस्तुलाई समावेश गर्दै आवश्यक कुरा थपेर मुख्य विषयवस्तुका सम्बन्धमा प्रस्ट पार्नुहोस् ।

५. प्रोजेक्टरको प्रयोग गरेर कुनै व्यक्तिले आफ्नो परिचय दिएको भिडियो प्रस्तुत गर्नुहोस् । शिक्षक आफैँले आफ्नो परिचय दिन पनि सक्नुहुने छ ।

६. प्रस्तुत गरिएको भिडियो सामग्रीका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् ।

७. बोध अभिव्यक्तिको प्रश्न १० निर्देशनका आधारमा युगल विद्यार्थीलाई पालैपालो कुराकानी गर्न लगाउनुहोस् । विद्यार्थीको कुराकानी सुनी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) कविताको दोस्रो श्लोकको मुख्य विषयवस्तु टिप्न लगाउनुहोस् ।

(ख) आफ्नो लक्ष्यका बारेमा साथी साथीबिच कुराकानी गर्न लगाउनुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● पुरुष सङ्गतिको पहिचान र प्रयोग | ● पुरुष सङ्गतिको पहिचान र प्रयोग गर्न | ● शब्दपत्ती, अनुच्छेद |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षक र विद्यार्थीबिच केही समय अन्ताक्षरी गायन गर्नुहोस् र सिकाइका लागि ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लाो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई छलफलसहित दिइएको अनुच्छेद पढ्न लगाई वचन सङ्गतिसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् :

म पसल गएँ । तिमी पनि पसल गएछौ । ऊ मामाघर गएछ । उनीहरू हाटबजार गएछन् । तिमीहरू चाहिँ कहाँ गयौ र् ?

२. माथिको अनुच्छेदका आधारमा पुरुष सङ्गतिको अवधारणा दिनुहोस् ।

३. विद्यार्थीहरूलाई दिइएको वाक्य प्रदर्शन गरी जोडा मिलाउन सिकाउनुहोस् :

(क) ऊ सुकुलमा खेल्छौ ।

(ख) हामी कथा काट्यो ।

(ग) उसले तरकारी बस्छ ।

(घ) तिमीहरू खेल पढ्छौँ ।

४. विद्यार्थीले कक्षाकार्य गरिसकेपश्चात् कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

५.विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. १ गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले तयार पारेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गर्नुहोस् ।

७. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न २ का आधारमा पुरुष सङ्गति मिलाई जोडा मिलाउन दिर्नेश गर्नुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न ३ का आधारमा पुरुष सङ्गति मिलाई उत्तर लेख्न दिर्नेश गर्नुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्द राखी वाक्य पूरा गर्न लगाउनुहोस् :

हामी, तँ, ऊ, तिमी, तपाईँ, उनी

(अ) .............................. पुस्तकालय जान्छौ ।

(आ) .............................. कक्षाभित्र जाऊ ।

(इ) .............................. बजार जानुहोस् ।

(ई) .............................. खेतबारीमा जान्छ ।

(उ) .............................. मेला हेर्न जान्छिन् ।

(ऊ) .............................. विद्यालय जा ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● छलफल तथा अन्तरक्रिया<br>● 'र' का विभिन्न रूपको पहिचान र प्रयोग | ● छलफल तथा अन्तरक्रिया गर्न<br>● 'र' का विभिन्न रूपको पहिचान र प्रयोग गर्न | ● शब्दपत्ती, अनुच्छेद |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षक र विद्यार्थीले सँगसँगै कुनै स्थानीय गीत गाउनुहोस् र कक्षामा सिकाइका लागि ध्यानाकर्षण गर्नुहोस् :।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस्

२. प्रत्येक समूहलाई छलफलका विषयवस्तु दिनुहोस् । जस्तै : चाडपर्व, हाटबजार, स्थानीय लोकबाजा

३. छलफलपश्चात् पालैपालो कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीको प्रतिक्रिया लिएर आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. प्रत्येक विद्यार्थीको प्रस्तुतिपश्चात् ताली बजाएर हौसला दिनुहोस् ।

५. 'र' विभिन्न रूपहरू समावेश भएको अनुच्छेद प्रदर्शन गर्नुहोस् । जस्तै :

कृष्ण, प्रसिद्ध र रीता फूलबारीमा रमाइलो मानेर बसे । त्यहाँ पुतलीहरू फुरफुर गर्दै उडे । रुखमा चराहरू बसे । कृष्णले त भऱ्याङ हालेर रुखमा चढ्न खोजे ।

६.विद्याथीहरूलाई छलफल गर्दै 'र' का विभिन्न रूपहरू चिनाउनुहोस् ।

७. विद्याथीहरूलाई भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न न. ४ कक्षाकार्य गर्न लगाउनुहोस् ।

८.विद्यार्थीका समूह कार्यको अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) शुद्ध शब्द पहिचान गरी गोलो घेरा लगाउन निर्देशन दिनुहोस् :

| | |
|---|---|
| भऱ्याङ | भर्‍याङ |
| ऊरजा | ऊर्जा |
| परगति | प्रगति |
| प्रथा | परथा |
| ऱ्याल | र्‍याल |
| कृपा | क्रिपा |
| पर्छ | पर्‍छ |

**नवौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सुनाइ पाठमा आधारित छलफल, मौखिक प्रश्नोत्तर<br>• श्रुतिलेखन<br>• सिर्जनात्मक कार्य | • सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न<br>• श्रुतिलेखन गर्न<br>• कविता रचना गर्न | • सुनाइ पाठ १४ को अडियो सामग्री<br>• श्रुतिलेखनको नमुना<br>• प्रश्नसूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती  क्रियाकलाप**

१. कुनै विद्यार्थीलाई गीत गाउन लगाउनुहोस र सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् ।

२. सुनाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् ।

३. ध्यानपूर्वक पाठ सुन्नुपर्ने, निर्धारित प्रश्नको संरचनामा आधारित रहेर उत्तर दिने कुरा विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

४. विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ १४ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर तथा पाठ्यक्रम विकास केन्द्रको वेबसाइडबाट डाउनलोड गरी कम्तिमा तीन पटक सुनाउन सक्नुहुने छ ।

५. पहिलो पटक सुनाइ पाठ सुनाइ विद्यार्थीलाई अभ्यासका निर्धारित प्रश्नहरू हेर्न लगाउनुहोस् र त्यसपछि पुनः सुनाइ पाठ सुनाउनुहोस् ।

६. सुनाइ पाठका आधारमा निर्धारित प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् ।

७. विद्यार्थीले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

८. सुनाइ पाठ १४ का अन्तिम दुई पङ्क्ति विद्यार्थीलाई सुन्दै लेख्न लगाउनुहोस् । विद्यार्थीका कार्य अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

९. सुनाइ पाठका आधारमा विभिन्न प्रश्नका चिट्ठाहरू निर्माण गर्नुहोस् ।

१०. विद्यार्थीलाई चिट्ठा टिप्न लगाई उत्तर भन्न लगाउनुहोस् ।

११. विद्यार्थीका कार्यको अलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१२. परियोजना कार्यको तयारीका लागि विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) सुनाइ पाठ १४ सुनेर मौखिक उत्तर दिन लगाउनुहोस् :

(अ) फूलबारीमा कस्ता फूल फुलेका छन् ?

(आ) हामीले कस्तो भुल गर्नुहुँदैन ?

() फूलबारीमा फूल कसरी बसेका छन् ?

फूलबारीमा माहुरी किन आउँछन् ?

**दसौँ दिन**

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सिर्जनात्मक कार्यको प्रस्तुति | ● कविता रचना गर्न | ● कविताको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई आँखा चिम्लन लगाउनुहोस् । लामो सास तान्दै छोड्न लगाउनुहोस् । केही समय यो अभ्यासलाई दोहोऱ्याउनुहोस् र अन्त्यमा विद्यार्थीलाई ताली बजाउन लगाएर सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

१. शिक्षकले कविताको नमुना लयबद्ध वाचन गरेर सुनाउनुहोस् । जस्तै :

घरैमुनि खेतबारी घरैमाथि टारी
रुखबोट वनपाखा घरभन्दा पारि ।
अनमोल हिमालको अनुपम ज्योति
अनुहार टल्केको छ सजाएर मोती ॥

मायालु र दयालु छन् मान्छेहरू पनि
कर्म गर्छन् सुयोग्य र परिश्रमी बनी ।
सजाउँछन् गाउँघर पसिनाको भरले
त्यसैमाथि शोभा दिन्छन् पिपलु र वरले ॥

कर्म गर्न बनेको हो जिन्दगानी हाम्रो
पौरखले बन्छ अरे धर्ती झनै राम्रो ।
बगी बगी जान्छ दाजै खोली तल तल

२. कविताको संरचना बोध गराउनुहोस् ।

३. कवितालाई लयबद्ध वाचन गर्न लगाउनुहोस् ।

४. विद्यार्थीले आफूले तयार गरेका कवितालाई प्रस्तुतिका लागि तयार रहन निर्देश गर्नुहोस् ।

५. सबैले सुन्ने गरी प्रभावकारी तरिकाले पालैपालो कविता वाचन गर्न लगाउनुहोस् ।

६. हरेक विद्यार्थीको प्रस्तुति पछि कक्षामा थप छलफल गराउनुहोस् ।

७. छलफलका क्रममा विद्यार्थीबाट आएका कुरालाई समावेश गर्दै आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थीका प्रस्तुति सुनी सबैलाई ताली बजाउन लगाउनुहोस् ।

९. आवश्यकताअनुसार थप सिकाइ गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीले रचना गरेको कविता वाचन गर्न लगाउनुहोस् ।

पाठ : १५
शीर्षक : साथी
विधा : कथा

कार्यघण्टा: ११

## परिचय

'साथी' कथा बालमनोवैज्ञानिक कथा हो । यस कथाका रचनाकार नीलम कार्की 'निहारिका' हुन् । सबै मानिसको उस्तै स्वभाव र रुचि हुँदैन । कसैका राम्रा आनीबानी हुन्छन् भने कसैका खराब आनीबानी पनि हुन सक्छन् । खराब आचरण भएका मानिसले अरूलाई दुःख दिन सक्छन् । कसैले हामीलाई बिना कारण अप्ठ्यारो अवस्थामा पुऱ्याउन खोज्छ भने त्यस्ता कुरालाई निर्धक्कसँग आफ्ना अभिभावक वा शिक्षकलाई भन्नुपर्छ । साथीका कुरा आफूले सुन्नुपर्छ । आफ्ना कुरा पनि साथीलाई सुनाउनुपर्छ । कथाले अरूको शारीरिक, आर्थिक, जातीय आदि अवस्था देखाउँदै हेप्न र होच्याउन हुँदैन भन्ने आशय अभिव्यक्त गरेको छ । त्यसैगरी जतिसुकै व्यस्त भए पनि छोराछोरीका लागि समय निकाल्नुपर्ने सन्देश दिएको छ ।

यस पाठमा आधारित रहेर सुनाइ र बोलाइमा सुनाइ र प्रतिक्रिया, विषयवस्तुका आधारमा धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर तथा छलफल, अनुमान, कल्पना र निष्कर्ष प्रस्तुति गर्न सिकाउनुपर्छ । पढाइमा समयबद्ध सस्वर पठन र गति वृद्धि, मौन पठन, संरचना, पात्र र घटना पहिचान, पाठको विषयबोध गर्न सिकाउनुपर्छ । लेखाइमा पात्र परिचय लेखन, घटनाक्रम मिलान, प्रश्नोत्तर, सारांश लेखन र निर्देशित वा अनुकरणात्मक कथा लेखन सिपको विकास गराउनुपर्छ ।

भाषिक संरचना र वर्णविन्यासमा आदर सङ्गतिको पहिचान तथा प्रयोग एवम् पदयोग र पदवियोगको पहिचान र प्रयोग गर्न सिकाउनुपर्छ । शब्दभण्डारअन्तर्गत पाठगत शब्दको अर्थबोध र प्रयोगका साथै समावेशी र समावेश्य शब्दको पहिचान र प्रयोग गर्न लगाउनुपर्छ । त्यसैगरी भाषिक प्रकार्यमा अनुमानसम्बन्धी अभ्यास गराउनुपर्छ ।

### पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सन्दर्भ पहिचान<br>• समयबद्ध सस्वरपठन | • कथाको सन्दर्भ पहिचान गरी छलफल गर्न | • पूर्व पठन खण्डको विषयवस्तु<br>• पूर्व पठन खण्डका विषयवस्तु |

| | | |
|---|---|---|
| (अनुच्छेद एकदेखि दशसम्म)<br>● पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग | ● गति, यति र विराम चिह्न ख्याल गरी समयबद्ध सस्वर पठन गर्न<br>● पाठगत शब्दको उच्चारण, र अर्थ सिकी वाक्यमा प्रयोग गर्न | ● पाठमा प्रयुक्त चित्र<br>● शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै सन्देशमूलक लघु कथा सुनाउनुहोस् र विद्यार्थीलाई सिकाइका लागि ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. पूर्व पठन खण्डको प्रश्न प्रदर्शन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

२. प्रस्तुत गरिएको प्रश्नका सन्दर्भमा विद्यार्थीहरूलाई आफ्ना उत्तर दिन लगाउनुहोस् । यस क्रममा साथीका आनीबानी, अनुशासन, आदिका विषयमा आपसमा छलफल गराउनुहोस् ।

३. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । पाठको पूर्व पठन खण्डको पहिलो अनुच्छेद पढ्न लगाउनुहोस् । त्यसपछि छलफल गरी व्यक्तिको स्वभाव र मनोविज्ञानसम्बन्धी अवधारणा स्पष्ट पार्नुहोस् । छलफलपछि पूर्व पठन खण्डको दोस्रो अनुच्छेद पढ्न लगाउनुहोस् र साथी कथाको विषयवस्तुका बारेमा छलफल गराउनुहोस् ।

४. विद्यार्थीलाई समूहलाई पाठमा प्रयुक्त चित्र प्रदर्शन गरी छलफलका लागि समय दिनुहोस् । त्यसपछि टोली नेताबाट कक्षा प्रस्तुतीकरण गराउनुहोस् । अन्य विद्यार्थी समूहलाई चित्रका विषयमा थप वर्णन गर्न प्रोत्साहन गर्नुहोस् ।

५. निर्दिष्ट पाठका विभिन्न अनुच्छेद फरक फरक बेन्चका विद्यार्थीलाई पढ्न लगाउनुहोस् । यसरी पढ्न लगाउँदा पठन क्षमता कमजोर भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् ।

४. विद्यार्थीहरूले गति, यति र विराम चिह्न ख्याल गरेर सस्वर वाचन गरे नगरेको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

५. एउटा विद्यार्थीले सस्वर पठन गरिरहँदा अन्य विद्यार्थीलाई उच्चारण, अर्थ र वाक्यमा प्रयोग गर्न अप्ठ्यारो लागेका शब्द टिपोट तथा रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

६. विद्यार्थीले टिपोट गरेका शब्द शिक्षकले शैक्षणिक पाटीमा लेख्नुहोस् र विद्याथीहरूबाटै उच्चारण र अर्थ खोजी वाक्यमा प्रयोग गर्न लगाई आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीहरूलाई उच्चारण अभ्यास गराउँदा अक्षरीकरण गरी सिकाउनुहोस् र दुई तीन पटक उच्चारण अभ्यास गराउनुहोस् । जस्तै :

कार्यक्रम /कार्.य.क्रम्/

सम्भावना /सम्.भा.ब.ना/

८. विद्यार्थीलाई शब्दभण्डार शिक्षण गर्दा शब्दपत्ती, अर्थपत्ती, हाउभाउ, वास्तविक वस्तु, चित्र र शब्दकोशको उपयोग गरी सिकाउनुहोस् ।

९. वाक्यमा प्रयोग गर्न सिकाउँदा चार, पाँच शब्दका छोटा र सरल वाक्यको निर्माण गर्न सिकाउनुहोस् । जस्तै : सूचना : विद्यालयले परीक्षाको सूचना प्रकाशन गऱ्यो ।

१०. विद्यार्थीहरूलाई निश्चित समय दिई निर्दिष्ट पाठको दोस्रो अनुच्छेद पालैपालो सस्वरवाचन गरी पढ्न लगाउनुहोस् । यस क्रममा कुनै विद्यार्थीलाई समय हेर्न लगाउनुहोस् ।

११. विद्यार्थीहरूले के कति समयमा पढ्न सके छलफल गरी सबैभन्दा छिटो पढ्ने विद्यार्थीलाई बधाई दिँदै सहभागी सबै विद्यार्थीका लागि ताली बजाउन लगाई आवश्यक सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :**

सभाहल, पछ्यौरी, सासूआमा, गृहकार्य, अपरिचित, ढुकढुकी

**(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

सूचना, व्यस्त, सिलसिला, सम्भावना, उद्धार, अपरिचित

**(ग) पाठको पहिलो अनुच्छेद समयबद्ध सस्वरवाचन गर्न लगाउनुहोस् ।**

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरपठन (अनुच्छेद एघारदेखि तेइससम्म)<br>• पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग<br>• श्रुतिबोधात्मक प्रश्नोत्तर<br>• घटना वर्णन | • गति, यति र हाउभाउसहित सस्वरपठन गर्न<br>• पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग गर्न<br>• सुनाइका आधारमा विषयबोध गरी बोध प्रश्नोत्तर गर्न<br>• घटना वर्णन गर्न | • शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, प्रश्नसूची<br>• घटनासम्बन्धी मुख्य मुख्य बुँदाहरू |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. पाठ्य कथासँग मिल्दो कुनै कथा वा प्रसङ्ग सुनाइ विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् । यस क्रममा विद्यार्थीका प्रतिभालाई पनि उल्लेख्य स्थान दिनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१.. पाठका अनुच्छेदलाई सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट प्रदर्शन गर्नुहोस् र शिक्षकले गति, यति, भाव र हाउभाउसहित आदर्श वाचन गरेर सुनाउनुहोस् ।

२. विद्यार्थीहरूलाई पाठका अनुच्छेद एघारदेखि तेइससम्म पालैपालो गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीहरूलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्दहरू भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीहरूलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीहरूलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्दहरू भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दहरू शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती र अर्थपत्ती प्रदर्शन गर्दै शब्दार्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीहरूलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीहरूद्वारा निर्माण गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. पाठको एघारदेखि तेइससम्मको अनुच्छेदलाई सुनाउनुहोस् । त्यसपछि श्रुतिबोधात्मक प्रश्नोत्तर गराउनुहोस् ।

**नमुना प्रश्नहरू :**

**खाली ठाउँ भर्नुहोस् :**

(क) प्रधानाध्यापकको कोठामा छोरी र ........... थिए ।

(ख) शिल्पाका झोलामा ...................... भेटिए ।

(ग) कुनै समस्या परे ............... मिलेर सुल्झाउनुपर्छ ।

९. आजको पाठमा पढिएका मुख्य मुख्य घटना समेटेर विषयवस्तु वर्णन गर्न सिकाउनुहोस् । यस क्रममा घटनाका मुख्य मुख्य बुँदा प्रदर्शन गरी वर्णन गर्न सिकाउनुहोस् ।

१०. विद्यार्थीहरूको समूहलाई पाठका अनुच्छेद एघारदेखि तेइसका आधारमा घटना पहिचान गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

११. विद्यार्थीहरूलाई पालैपालो घटना वर्णन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) दिइएका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :**

प्रधानाध्यापक, अनुभवी, अभिभावक, सहपाठी, जेहेनदार, झगडालु

**(ख) हामीले आफ्ना समस्या कसरी समाधान गर्नुपर्छ, बताउनुहोस् ।**

**तेस्रो दिन**

**१.सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरपठन (अनुच्छेद चौबिसदेखि अन्तिमसम्म)<br>• शुद्धोच्चारण<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• मौनपठन र बोध | • पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वरपठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठको निर्दिष्ट अनुच्छेद मौनपठन गरी बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर चार्ट |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुवाती क्रियाकलाप**

१. छोटा कविता, मुक्तक वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रस्ङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकिएका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई पाठको अनुच्छेद चौबिसदेखि अन्तिसम्म पालैपालो  गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी सहपाठी सिकाइको वातावरण तयार पार्नुहोस् ।

२. विद्यार्थीले गरेका कार्यको अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीहरूलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्दहरू भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

४. शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीहरूलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीहरूलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्दहरू भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दहरू शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्दका अर्थबोध गराउनुहोस् । यस क्रममा विद्यार्थीहरूलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीहरूद्वारा रचना गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. विद्यार्थीहरूलाई पाठको अनुच्छेद चौबिसदेखि अन्तिसम्म मौन पठन गर्न लगाउनुहोस् । त्यसपछि बोधात्मक प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा निम्न पक्षहरूलाई ध्यान दिन लगाउनुहोस् ।

- अनुच्छेदलाई ध्यानपूर्वक मौनपठन गर्ने
- अनुच्छेदका विषयवस्तुलाई बोध गर्ने
- प्रश्नको आशयलाई बुझ्ने
- अनुच्छेदबाट उत्तर पहिचान गर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर भन्ने वा लेख्ने

**नमुन**

**दिइएका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) प्रधानाध्यापकले शिल्पातिर हेरेर के भन्नुभयो ?

(ख) साथीहरू कसरी नजिक हुन्छन् ?

(ग) आमाबुबा छोराछोरीका लागि कस्तो भइदिनुपर्छ ?

८. विद्यार्थी समूहलाई  कथाको विषयवस्तुका बारेमा छलफल गरी निष्कर्ष सुनाउन लगाउनुहोस् ।

९. प्रत्येक समूहलाई प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । यसक्रममा ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठका अनुच्छेद पालैपालो सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका प्रश्नका उत्तर लेख्न लगाउनुहोस् :

(अ) कस्तो व्यक्ति सच्चा साथी हुँदैन ?

(आ) राम्रा साथी बनाउन के गर्नुपर्छ ?

(इ) 'साथी' कथाका मुख्य मुख्य पात्रहरू टिपोट गर्नुहोस् ।

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संरचना पहिचान<br>• घटना पहिचान<br>• पात्र परिचय लेखन | • कथाको संरचना पहिचान गर्न<br>• कथाको घटना पहिचान गर्न<br>• कथामा रहेका पात्रको परिचय लेख्न | • पात्र सूची<br>• घटना सूची<br>• पात्र परिचय लेखनको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीले सुनेका वा पढेका कुनै कथा भन्न लगाउनुहोस् र सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. शिक्षकले पाठ्य कथाको पूर्ण पाठ प्रस्तुत गर्नुहोस् र कथामा रहेका अनुच्छेद विद्यार्थीलाई गन्न लगाउनुहोस् ।

२. कथाका अनुच्छेदबाट आदि, मध्य र अन्त्य भागको जानकारी गराई विद्यार्थीलाई कथाको संरचनाबोध गराउनुहोस् ।

३. शिक्षकले पाठ्य कथाका मुख्य मुख्य घटनालाई बुँदागत रूपमा क्रम बिगारेर प्रस्तुत गर्नुहोस् ।

४. विद्यार्थीलाई प्रस्तुत गरिएका घटनाका बुँदाहरू क्रम मिलाएर टिपोट गर्न लगाउनुहोस् ।

५. क्रम मिलाएर टिपोट गरेका बुँदाहरू कुनै विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले प्रस्तुत गरेका बुँदाहरूको क्रम मिले नमिलेको अवलोकन गरी आवश्यक सिकाइ गर्नुहोस् र सोहीअनुसार बुँदाको क्रम मिलाउन लगाउनुहोस् ।

७. शिक्षकले बोध अभिव्यक्ति खण्डको अभ्यासको ७ मा रहेको बुँदा प्रस्तुत गरी घटनाक्रम मिलानका सम्बन्धमा छलफल गर्नुहोस्

८. विद्यार्थीलाई घटनाक्रम मिलाउन लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीले घटनाक्रम मिलाइसकेपछि मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१०. विद्यार्थीलाई पाठ्य कथाका पात्रको नाम टिपोट गर्न लगाउनुहोस् ।

११. शिक्षकले बोध अभिव्यक्ति खण्डको अभ्यासको ९ मा रहेको प्रश्नमा आधारित भई पात्र परिचय लेखनका सम्बन्धमा छलफल गर्नुहोस् ।

१२. विद्यार्थीलाई समूहमा छलफल गरी पात्र परिचय लेख्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

१३. सबैभन्दा छिटो मिलाउने समूहलाई प्रस्तुत गर्ने अवसर दिनुहोस् र आवश्यक सुझाव दिनुहोस् ।

१४. समूह कार्यमा सहभागिताका लागि सबै समूहलाई धन्यवाद दिँदै ताली बजाउन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) कथाको मुख्य मुख्य घटना भन्न लगाउनुहोस् ।

(ख) 'साथी' कथाका आधारमा शिल्पा पात्रको चरित्र वर्णन गर्न लगाउनुहोस् ।

## पाँचौं दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पाठगत शब्दभण्डार (पहिचान र प्रयोग)<br>• समावेशी र समावेश्य शब्दको शब्दको पहिचान र प्रयोग<br>• नाताबोधक शब्दको शब्दको पहिचान र प्रयोग<br>• गहनाबोधक शब्दको शब्दको पहिचान र प्रयोग | • पाठगत शब्द र अर्थ पहिचान र प्रयोग गर्न<br>• समावेशी र समावेश्य शब्दको पहिचान र प्रयोग गर्न<br>• नाताबोधक शब्दको शब्दको पहिचान र प्रयोग गर्न<br>• गहनाबोधक शब्दको शब्दको पहिचान र प्रयोग गर्न | • शब्दको सूची<br>• वाक्यपत्ती<br>• अनुच्छेद |

**२. सिकाइ सहजीकरण क्रियाकलाप** सामग्री

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थी र शिक्षकले अन्त्याक्षरी खेल्दै सिकाइमा ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरी वा प्रश्न प्रिन्ट गरी वा पाठ्यपुस्तकबाट शब्दभण्डारको अभ्यास १ मा दिइएको निर्देशन र अनुच्छेद प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी निर्दिष्ट शब्द र शब्द समूहसँग मिल्ने गरी जोडा मिलाउन निर्देशन दिनुहोस् ।

३. विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् र समूह कार्यपश्चात् प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् ।

४. प्रत्येक समूहको कक्षा प्रस्तुतिपश्चात् अन्य विद्यार्थीलाई सम्बन्धित शब्दमा आधारित भई वाक्य रचना गर्न अवसर प्रदान गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. प्रत्येक समूहको प्रस्तुतीकरणपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

६. विद्यार्थी समूहलाई शब्दभण्डारको अभ्यास २ मा दिइएको निर्देशनका आधारमा नाताबोधक शब्दसँग सम्बन्धित भई छलफल गर्नुहोस् र धारण स्पष्ट पार्नुहोस् । त्यसपछि अभ्यास २ लाई कक्षाकार्य गर्न लगाउनुहोस् । यस क्रममा अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थी समूहलाई शब्दभण्डारको प्रश्न न. ३ मा दिइएको निर्देशन र अनुच्छेद पढी विकल्प पहिचान गर्न सिकाउनुहोस् । यसक्रममा गरगहनाका नाम र लगाइने अङ्गका बारेमा धारणा स्पष्ट पार्नुहोस् ।

८. शब्दभण्डार खण्डको प्रश्न न. ३ आधारित भई कक्षाकार्य गर्न निर्देशन दिनुहोस् । त्यसपछि कक्षा प्रस्तुति गर्न लगाई आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

९. विद्यार्थी समूहलाई शब्दभण्डारको अभ्यास ४ मा दिइएको निर्देशनका आधारमा बाजाका चित्र प्रदर्शन गर्नुहोस् र नाम लेख्न लगाउनुहोस् । यस क्रममा अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थीहरूलाई आफ्नो समुदाय वा जातिमा प्रचलित बाजाका नाम र बजाइने अवसरका सन्दर्भमा छलफल गर्नुहोस् ।

११. विद्यार्थीहरूलाई ताली बजाएर स्याबासी प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) अनुच्छेद पढ्नुहोस् र रातो रङमा भएका शब्दहरूलाई समेट्ने शब्द लेख्न लगाउनुहोस् :**

दावा र अनिता चौतारीमा बसेर कुराकानी गर्दै छन् । दावाले अनितालाई सोधे, “तिमीलाई मन पर्ने कपडा के के हुन् ?” अनिता भन्छिन्, “मलाई सर्ट, पाइन्ट, कुर्ता, सुरुवाल, गुन्यु र चोली मन पर्छ । दावा ! तिमीलाई मन पर्ने खानेकुरा के के हुन् नि ?” दावा भन्छन्, “मलाई दाल, भात, ढिँडो, रोटी जस्ता नेपाली खाना मन पर्छ अनि तिमीलाई मन पर्ने चराहरू पनि सुनाउन ल ।” अनिताले भनिन्,“हुन्छ, हुन्छ,...... ल सुन है त, ढुकुर, जुरेली, मैना, सुगा, सारौ आदि मलाई मन पर्ने चरा हुन् । अब तिमी मन पर्ने जनावरहरू भन त ।” दावाले हाँस्दै भने, “मलाई खरायो, मृग, बाघ, चितुवा, हात्ती जस्ता जङ्गली जनावर मन पर्छ ।”

**(ख) खाली ठाउँमा मिल्दो शब्द लेख्न लगाउनुहोस् :**

(अ) मानिस : सुगारिका, ..............., ..............., ...............

(आ) सागपात : रागो, ................., ................., .................

(इ) फूल : सयपत्री, ..............., ................., ................

(ई) सहर : विराटनगर, ..............., .............., ..............

(उ) नदी : त्रिशुली, ................., .................., ............

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● श्रुति लेखन<br>● बुँदा टिपोट<br>● सारांश लेखन<br>● सन्देश लेखन | ● श्रुति लेखन गर्न<br>● बुँदा टिपोट गर्न<br>● सारांश लेखन गर्न<br>● सन्देश लेखन गर्न | ● अनुच्छेद<br>● बुँदा टिपोटको नमुना<br>● सारांश लेखनको नमुना<br>● सन्देश लेखनको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई देहाय प्रकृतिका गाउँ खाने कथा सोध्नुहोस् र सिकाइका लागि ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई शुद्धसँग श्रुतिलेखन गर्न सिकाउनुहोस् । यस क्रममा निम्न कुरालाई ध्यान दिन लगाउनुहोस् :

- शब्द शब्दलाई ख्याल गर्नुपर्ने
- वर्णविन्यासलाई ख्याल गर्नुपर्ने
- लेख्य चिह्नलाई ख्याल गर्नुपर्ने
- सफा र शुद्धसँग श्रुतिलेखन गर्नुपर्ने

२. शिक्षकले पाठको पहिलो र दोस्रो अनुच्छेद पढ्नुहोस् र विद्यार्थीलाई श्रुतिलेखन गर्न लगाउनुहोस् ।

३. विद्यार्थीहरूले श्रुतिलेखन गरिसकेपछि कापी साटासाट गरेर परीक्षण गर्न लगाउनुहोस् । साथीको श्रुतिलेखन र आफ्नो श्रुतिलेखन तुलना गर्न लगाई सहपाठी सिकाइ गराउनुहोस् ।

४. शिक्षकले विद्यार्थीको स्तर सुहाउँदो अनुच्छेद वा कथांश प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको नमुनालाई पढ्न लगाउनुहोस् । प्रस्तुत विषयवस्तुबाट बुँदा टिपोट कसरी गर्ने भन्ने सम्बन्धमा छलफल गर्नुहोस् । जस्तै :

बन्धन

- सुकुम शर्मा

“आज त बिहानैदेखि पानी पर्ला जस्तो छ ।” धुम्मिएको आकाश हेर्दै अविरलले सुइय सास फेऱ्यो ।

बिहान उठ्ने बित्तिकै ऊ दैनिक काममा लाग्यो सबैभन्दा पहिले गोबर सोहोऱ्यो । भैँसीलाई घाँस दियो र पानी दिन ताउलो बसाल्यो । त्यसपछि ऊ गाग्रो लिएर नजिकैको खोलामा गयो र पानी ल्यायो । भैँसीलाई पानी दिएको केही समयपछि उसले भैँसी दुह्यो । अनि घाँस काट्न जाने तरखरमा लाग्यो । त्यही बेला उसका बुबाले भने, “अविरल ! आज मलाई बढी सकस भएको छ । भाइहरूलाई रेखदेख गर्नु है ।”

“अविरलका बुबा थलिएको एक वर्ष हुन लाग्यो । बुबा, म भाइहरू नउठ्दै आधा घण्टामा नै फर्किहाल्छु ।” अविरलले भन्यो ।

छोराको कुरा सुनेर उसका बुबाको मन भरिएर आयो । उनका मनमा कुरा खेल्यो । अविरल नजिकैको बारीमा घाँस काट्न गयो । उसले आफ्नो घरको अस्तव्यस्त अवस्था सम्झियो । मनमा कुरा खेलाउँदै अविरल घाँस काट्न व्यस्त भयो । घाँसले डोको भरिँदै थियो । त्यसै बेला आकाशबाट आरी घोप्टिए झैँ पानी ओइरियो । ऊ निथ्रुक्कै भिज्यो । बौलाहा पानी एक्कैछिन दर्केर थामियो । उसलाई भित्रैदेखि जाडो भयो । शरीर थर थर काँप्यो । भाइहरू उठिसके होलान् । ऊ हतारिँदै घाँसको डोको बोकेर घरतिर लाग्यो ।

५. विद्यार्थीलाई बुँदा टिपोटका बारेमा जानकारी गराउँदै प्रस्तुत गरिएको अनुच्छेदका आधारमा मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका बुँदा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । शिक्षकले छलफल गर्दै आवश्यक संशोधनसिहत टिपोट गरेका बुँदालाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् ।

६. विद्यार्थीलाई पाठको तेस्रोदेखि पाँचौँ अनुच्छेद पढेर मुख्य मुख्य बुँदा पहिल्याउँदै रेखाङ्कन गर्न लगाउनुहोस् । यस क्रममा अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीलाई मुख्य मुख्य बुँदाहरू कापीमा टिपोट गर्न लगाउनुहोस् ।

८. विद्यार्थीले टिपोट गरेका बुँदालाई पालैपालो कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । अन्य विद्यार्थीको प्रतिक्रिया लिनुहोस् । त्यसपछि आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

९. टिपोट गरिएका मुख्य मुख्य बुँदालाई समेटी सारांश लेख्न सिकाउनुहोस् ।

१०. शिक्षकले सारांशको नमुना प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

११. विद्यार्थीलाई टिपोट गरिएका मुख्य मुख्य बुँदालाई समेटी सारांश लेख्न निर्देशन दिनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । सारांश लेखनपश्चात् प्रत्येक विद्यार्थीलाई सारांश प्रस्तुत गर्न लगाउनुहोस् ।

१२. अन्य विद्यार्थीलाई साथीले लेखेको सारांश सुनी प्रतिक्रिया दिन लगाउनुहोस् । त्यसपछि शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१३. विद्यार्थीहरूलाई समूहमा विभाजन गरी चार्ट पेपर र साइनपेन वितरण गर्नुहोस् ।

१४. प्रत्येक समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. १० का आधारमा कथाले दिने सन्देश लेखी कक्षा प्रस्तुति गर्न लगाउनुहोस् ।

१५. विद्यार्थीको प्रस्तुतिको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् र धन्यवाद दिँदै ताली बजाउन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) कथाको मध्य भागका मुख्य मुख्य बुँदा टिपोट गर्न लगाउनुहोस् ।**

**(क) कथाको मध्य भागको सारांश सुनाउन लगाउनुहोस् ।**

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संरचना पहिचान<br>• बोध प्रश्नोत्तर<br>• सङ्क्षिप्त उत्तर लेखन<br>• प्रश्न निर्माण | • कथाको संरचना पहिचान गर्न<br>• पाठमा आधारित भई प्रश्नका उत्तर मौखिक रूपमा भन्न<br>• पाठमा आधारित भई प्रश्नका सङ्क्षिप्त उत्तर लेख्न<br>• प्रश्न निर्माण गर्न | • संरचना तालिका<br>• प्रश्नपत्ती<br>• उत्तरका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीहरूले जानेसुनेका कुनै रमाइला चुट्किला सुनाउन लगाई सिकाइका लागि ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ४ का आधारमा अनुच्छेद सङ्ख्या गन्न लगाउनुहोस् । त्यसपछि लामो अनुच्छेदको वाक्य सङ्ख्या गन्न लगाउनुहोस् ।

२. विद्यार्थीसँग छलफल गर्दै कथाको आदि, मध्य र अन्त्यका मुख्य मुख्य घटना बताउनुहोस् । विद्यार्थीको भनाइको मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् र कथाको संरचनासम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

३. विद्यार्थीको सक्रिय सहभागिताका लागि ताली बजाएर स्याबासी दिनुहोस् ।

४. विद्यार्थीलाई पात्रका भनाइसँग सम्बन्धित वाक्यपत्ती क्रमशः प्रदर्शन गरी कसले कसलाई भनेको हो पहिचान गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहजीककरण गर्नुहोस् ।

५. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा अनुच्छेदको मौन पठन गरी उत्तर लेख्न लगाउनुहोस् ।

६. अनुच्छेदको मौन पठन गरी उत्तर लेख्न अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीले उत्तर लेखिसकेपछि कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् ।

८. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा लिखित उत्तर आउने प्रश्न प्रस्तुत गर्नुहोस् ।

९. विद्यार्थीहरूलाई पाँच/छ वाक्यमा सङ्क्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

१०. बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको नमुना उत्तर शैक्षणिकपाटीमा लेखेर देखाउनुहोस् र कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

११. विद्यार्थीहरूलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का अन्य प्रश्नहरूको उत्तर लेख्न निर्देश गर्नुहोस् ।

१२. विद्याथीहरूले उत्तर लेखेको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

१३. विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१४. विद्यार्थीहरूलाई बोध अभिव्यक्ति खण्डको प्रश्न न. ८ मा आधारित भएर प्रश्न तयार पारी उत्तर भन्न लगाउनुहोस् । प्रत्येक विद्यार्थीका प्रश्नोत्तर सुनिसकेपछि आवश्यक भएमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१३. विद्यार्थीले गरेका क्रियाकलापलाई हौसला प्रदान गर्नुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) 'साथी' कथाको अन्त्य भागका मुख्य मुख्य घटना भन्न लगाउनुहोस् ।**

**(ख) बोध अभिव्यक्ति खण्डको प्रश्न न. ६ को उत्तर लेख्न लगाउनुहोस् :**

(अ) आमालाई किन खाना खान मन लागेन ?

(आ) शिल्पाले सामान किन लगेकी रहिछन् ?

(इ) छोरी आउन ढिला हुँदा आमाका मनमा कस्ता कुरा खेले ?

(ई) हामीले कसरी असल साथी बनाउन सक्छौं ?

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चित्रका आधारमा कथा रचना | • चित्रबोध गरी कथा रचना गर्न | • चित्र |

| | | |
|---|---|---|
| ● भाषिक प्रकार्य (अनुभव वर्णन) | ● सन्दर्भअनुसार अभिनयसहित अनुभव वर्णन गर्न | ● कथाको नमुना<br>● अनुभवको नमुना |

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षक र विद्यार्थीले सँगसँगै कुनै लोक गीत गाउनुहोस् र सिकाइका लागि विद्यार्थीलाई तयार गर्नुहोस् ।

२. अगिल्लाो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई बोध अभिव्यक्ति खण्डको प्रश्न न. १२ मा भएको चित्र प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीहरूलाई चित्रका आधारमा कथा गर्ने क्रममा सन्दर्भ, विषयवस्तु, पात्र, परिवेश, कल्पना आदिलाई ध्यान दिनुपर्ने कुरा सिकाउनुहोस् ।

३. केही विद्यार्थीहरूलाई पालैपालो चित्र वर्णन गर्न लगाउनुहोस् ।

४. विद्यार्थीको प्रस्तुति सुनिसकेपछि चित्रको सन्दर्भ, विषयवस्तु, पात्र, परिवेश, कल्पना आदिका आधारमा कथा रचना गर्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीलाई आफूले रचना गरेको कथा पालैपालो कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । उनीहरूको प्रस्तुति सुनिसकेपछि चित्रको सन्दर्भ, विषयवस्तु, पात्र, परिवेश, कल्पना आदिका आधारमा कथा रचना गर्न लगाउनुहोस् । चित्रका आधारमा विद्यार्थीको कथाको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. विद्यार्थीहरूलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

७. विद्यार्थीहरूलाई बोध अभिव्यक्ति खण्डको प्रश्न न. १३ को निर्देशन पढेर सुनाउनुहोस् । त्यसपछि प्रश्नमा आधारित भई छलफल गर्नुहोस् ।

८. विद्यार्थीहरूलाई अभिनयसहित अनुभव वर्णन सुनाउनुहोस् ।

९. प्रश्नमा केन्द्रित भई विद्यार्थीलाई पालैपालो अनुभव वर्णन गर्न लगाउनुहोस् । कक्षाका अन्य विद्यार्थीहरूबाट प्रतिक्रिया लिनुहोस् । अलमलमा पर्ने विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. भूमिका निर्वाह गर्ने विद्यार्थीको प्रस्तुतिका सम्बन्धमा अन्य विद्यार्थीको प्रतिक्रिया लिई आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई एक्लै नयाँ ठाउँमा जानुपरेको अनुभवसम्बन्धी विषयवस्तुलाई कक्षा प्रस्तुति गर्न लगाउनुहोस् ।

## नवौं दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● आदर सङ्गतिको पहिचान र प्रयोग | ● आदर सङ्गतिको पहिचान र प्रयोग गर्न | ● शब्दको सूची<br>● वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै चुट्किला सुनाउन लगाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीहरूलाई छलफलसहित दिइएको अनुच्छेद पढी आदर सङ्गतिबारे धारणा स्पष्ट पार्नुहोस् :

ए भाइ ! तिमी विद्यालय जाऊ । तिमीसँगै दिदी पनि विद्यालय जानुहुन्छ । विद्यालयमा शिक्षकहरूले पढाउनुहुन्छ । उहाँहरूलाई सधैँ आदर गर्नुपर्छ । घरमा बुबाआमाले पनि सिकाउनुहुन्छ । अभिभावकहरूले भनेको मान्नुपर्छ । ज्ञानी मानिसले मात्र सबैबाट माया पाउँछ ।

२. छलफलका क्रममा कर्ता र क्रियापदबाट आदर पहिचान गर्न सिकाउनुहोस् ।

३ .विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. १ मा दिइएको तालिका पढी गर्न लगाउनुहोस् ।

४. विद्यार्थीलाई निम्न, मध्यम र उच्च आदरका सम्बन्धमा आवश्यक छलफलसहित धारणा स्पष्ट पार्नुहोस् ।

५. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. २ का आधारमा वाक्य परिवर्तन गर्न दिर्नेश गर्नुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

६. **विद्यार्थीलाई देहायका प्रकृतिका प्रश्नका उत्तर लेख्न लगाई थप सिकाइको अवसर प्रदान गर्नुहोस् :**

**खाली ठाउँमा मिल्दो शब्द लेख्नुहोस् :**

(क) ............. घर जा । (तँ, तिमी, तपाईं)

(ख) ............. झोला लैजाऊ । (तेरो, उसको, तिम्रो)

(ग) .............. सफा कपडा लगाउँछिन् । (तँ, तिमी, उनी)

(घ) ठुलो दाइ भकुन्डो ............. । (खेल्छ, खेल्नुहुन्छ, खेल्छिन्)

(ङ) गौरी गीत ...................... । (गाउँछ, गाउँछन्, गाउँछिन्)

७. विद्यार्थीलाई कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

८. विद्यार्थीको आवश्यकता पहिचान गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) खाली ठाउँमा मिल्दो शब्द भर्न लगाउनुहोस् :**

(अ) उसले आफ्नो नाम ............. । (भन्यो, भनी, भने)

(आ) तिमी मिहिनेती .................. । (छिन्, छौ, हुनुहुन्छ)

(इ) हजुर यता .......................... । (बस्नुहोस्, बस्, बस)

(ई) उनी राम्रोसँग ...................... । (नाच्छ, नाच्छे, नाँच्छिन्)

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुलेखन<br>• पदयोगको पहिचान र प्रयोग<br>• पदवियोगको पहिचान र प्रयोग | • अनुलेखन गर्न<br>• पदयोगको पहिचान र प्रयोग गर्न<br>• पदवियोगको पहिचान र प्रयोग गर्न | • पदयोगको प्रयोग भएको शब्द सूची<br>• पदवियोगको प्रयोग भएको शब्द सूची<br>• तालिका |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई देहाय प्रकृतिका प्रश्न सोध्नुहोस् र सिकाइका लागि ध्यानाकर्षण गर्नुहोस् ।

(अ) सगरमाथाको उचाइ कति छ ?

(आ) नेपालमा मात्र पाइने चरा कुन हो ?

२. विद्यार्थीले उत्तर दिन सके नसकेको अवलोकन गरी आवश्यक सिकाइ गर्नुहोस् ।

३. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

४. आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अनुलेखनका लागि तयार गराउनुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद वा स्तरअनुसारको स्वतन्त्र अनुच्छेद सम्भव भएसम्म प्रोजेक्टरबाट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई निर्देशित अनुच्छेद पढ्दै लेख्न लगाउनुहोस् ।

३. विद्यार्थीका कापी एक अर्कामा साटासाट गरी शुद्धसँग लेख्न सके नसकेको हेर्न लगाउनुहोस् ।

४. शुद्धसँग लेखेका विद्यार्थीलाई धन्यवाद प्रदान गर्नुहोस् र अन्य विद्यार्थीलाई पुनः पाठ हेरेर लेख्न लगाई थप हौसला प्रदान गर्नुहोस् ।

५. दिइएका वाक्य प्रदर्शन गरी विद्यार्थीलाई पदयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् :

(क) तिमी मेच मा बस ।

(ख) मेरो कलम को बिर्को हरायो ।

(ग) बहिनी सित नयाँ कापी छ ।

(घ) गाई लाई घाँस देऊ ।

६. विद्यार्थीलाई पदयोगसम्बन्धी थप अभ्यास गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. दिइएका वाक्य प्रदर्शन गरी विद्यार्थीलाई पदवियोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् :

(क) विद्यार्थीहरूज्यादै मिहिनेती छन् ।

(ख) आमारबुबा बारीमा जानुभयो ।

(ग) नम्रतासँग कापीकलमरकिताब छ ।

(घ) हामीले सफाखानेकुरा खानुपर्छ ।

८. विद्यार्थीलाई पदवियोगसम्बन्धी थप अभ्यास गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

९. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न ३ का आधारमा अनुच्छेद शुद्ध पारी पुनर्लेखन गर्न निर्देश गर्नुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

१०. विद्यार्थीलाई कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

११. विद्यार्थीको आवश्यकता पहिचान गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

१२. विद्यार्थीको सहभागिताका लागि धन्यवाद दिँदै ताली बजाउन लगाउनुहोस् र आवश्यक सिकाइ गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) पाठको पहिलो अनुच्छेद अनुलेखन गर्न लगाउनुहोस् ।**

**(ख) दिइएको अनुच्छेदलाई शुद्ध पारी पुनर्लेखन गर्न लगाउनुहोस् :**

कुनैसमय पूर्वी नेपालको प्रसिद्ध स्थान इलाममा हिराकाजी नामगरेका व्यापारी बस्थे । उनी भाँडा, बदाम, आलु, चिया, अम्रिसो, खुर्सानी आदिको व्यापार गर्थे । उनको पसलमा सङ्खु वासभा, तेह्रथुम, पाँच थर, झापा लगायतका जिल्लाबाट मानिसहरू सामान किन बेच गर्न आउँथे ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोधात्मक अभ्यास<br>• निर्देशित कथा | • सुनाइ पाठका आधारमा बोध प्रश्नोत्तर गर्न<br>• निर्देशित कथा लेख्न | • सुनाइ पाठ, कथाको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती  क्रियाकलाप**

१. कुनै रोचक कथा सुनाउनुहोस् र सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई सुनाइ पाठ १५ का आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

२.  विद्यार्थीलाई सुनाइ पाठ १५ को अडियो सुनाउनुहोस् ।

३. विद्यार्थीलाई सुनाइ पाठ १५को अडियो पहिलो पटक सुनाइसकेपछि सुनाइ र बोलाइ खण्डका प्रश्न सुनाएर छलफल गर्नुहोस् ।

४. त्यसपछि पुनः सुनाइ पाठ १५ को अडियो सुनाउनुहोस् । कम्तीमा दुई पटक सुनाइ पाठ १५ को अडियो सुनाउनुहोस् ।

५. विद्यार्थीलाई पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ का आधारमा पालैपालो मौखिक प्रश्नोत्तर गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा कारणसहित आफ्ना विचार प्रस्तुत गर्न लगाउनुहोस् ।

७. विद्यार्थीका उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

८. शिक्षकले कुनै कथाको मुख्य मुख्य बुँदा र कथाको नमुना प्रस्तुत गर्नुहोस् ।  सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस्

।

९. प्रस्तुत गरिएको कथा कुनै विद्यार्थीलाई वाचन गरी सुनाउन लगाउनुहोस् ।

१०. प्रस्तुत गरिएको निर्देशित बुँदाका आधारमा कथा लेख्ने तरिका सिकाउनुहोस् ।

| निर्देशित कथा रचना गर्दा ध्यान दिनुपर्ने कुराहरू: |
|---|
| १. शीर्षक दिने<br>२. आवश्यक प्रसङ्ग थर्प्ने<br>३. सन्देशमूलक निष्कर्ष दिने |

११. सिर्जनात्मक कार्यमा खण्डमा दिइएको कथा लेखेर ल्याउन निदेश गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) सुनाइ पाठ १५ का आधारमा उत्तर भन्न लगाउनुहोस् :

(ख) गड्यौलो र पुतलीमध्ये तपाइँलाई कुन जीव मन पर्‍यो, मन पर्नुको कारण कक्षामा सुनाउनुहोस् ।

## एघारौं दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जनात्मक कार्य (कथा लेखन)<br>• पात्र परिवर्तन गरी पुनर्कथन | • निर्देशित कथा लेख्न<br>• पात्र परिवर्तन गरी पुनर्कथन गर्न | • निर्देशित कथाको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कक्षामा कुनै लोक गीत गाउनुहोस् र सिकाइका लागि विद्यार्थीलाई उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गर्नुहोस् ।

४. आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

१. विद्यार्थीलाई अगिल्लो दिन तयार पार्न दिएका कथा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

२. विद्यार्थीले कथा प्रस्तुत गरेपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

३. विद्यार्थीका प्रस्तुतिपश्चात् कथाको शीर्षक, आवश्यक प्रसङ्ग र निष्कर्ष उपयुक्त रहे नरहेको छलफल गराउनुहोस् ।

४. विद्यार्थीसँगको छलफलबाट प्राप्त निष्कर्षलाई समावेश गर्दै शिक्षकले तयार पारेको कथा प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरेर कथा गर्नुहोस् ।

५. शिक्षकले प्रस्तुत गरेको कथा कुनै विद्यार्थीलाई सस्वरवाचन गरी पढ्न लगाउनुहोस् ।

६. शिक्षकले तयार गरेको कथामा शीर्षक, आवश्यक प्रसङ्ग र निष्कर्षका सम्बन्धमा आवश्यक छलफल गर्नुहोस् ।

७. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।

८. विद्यार्थीलाई निम्न प्रकृतिका विषयवस्तु प्रदर्शन गर्नुहोस् र पात्र परिवर्तन गरी पुनर्कथन गर्न सिकाउनुहोस् :

**दिइएको कथा सुन्नुहोस् र अङ्गुलीमालका ठाउँमा यदुकान्त पात्र राखी कथा भन्नुहोस् :**

आजभन्दा धेरै वर्ष अगाडिको कुरा हो । अङ्गुलीमाल नाम गरेको राक्षस थियो । त्यो राक्षस घाँटीमा औँलाको माला लगाउँथ्यो । मान्छेका हातका औँलाको माला लगाउँदा ऊ मक्ख पर्थ्यो । उसको काँधमा एउटा ठुलो तरबार हुन्थ्यो । मान्छे भेट्यो कि ऊ त्यही तरबारले मान्छेका दुवै हातका औँला छिनालिहाल्थ्यो । मानिसहरू यताउता आवतजावत गर्न डराउँथे । दिउँसै झ्यालढोका लगाएर बस्थे । मानिसहरू खेतबारीमा काम गर्न नगएको धेरै भएको थियो । गाउँ, वन, बाटो जताततै चकमन्न थियो ।

एक दिनको कुरा हो । गौतम बुद्ध कतै जाँदै थिए । गाउँको बाटो भएर हिँड्दा पनि उनले कसैलाई देखेका थिएनन् । उनले एक्कासि डर लाग्दो व्यक्ति आफूतिर आइरहेको देखे । उसको काँधमा ठुलो तरबार थियो । आफ्नो अगाडि मुसुमुसु हाँस्दै एक जना मानिस आइरहेको देखेर ऊ छक्क पऱ्यो ।

राक्षसले बुद्धलाई हकार्दै भन्यो, “ए मनुवा, तँलाई मदेखि डर लाग्दैन ?”

गौतम बुद्धले नरम स्वरमा भने, “तिमी पनि मान्छे नै हौ । म पनि मान्छे नै हुँ । मान्छेलाई मान्छेबाट

केको डर ?” राक्षसले प्रत्युत्तरमा गर्जिँदै भन्यो, “तँ त निकै बहादुर रहिछस् । खै दे मलाई तेरा दुवै हात । म तेरा दशैओटा औँला छिनाल्छु ।” बुद्धले विनम्र हुँदै भने, “म तिमीलाई दुवै हात दिन्छु । तर मैले भनेको एउटा कुराचाहिँ तिमीले मान्नुपर्छ नि !”

राक्षसले मन्जुरी जनायो । बुद्धले भने, “ पहिला ऊ त्यो रूखका हाँगाहरू काटेर ल्याऊ ।” राक्षसले रूखका हाँगाहरू काटेर ल्यायो । त्यसपछि बुद्धले ती सबै हाँगालाई रूखमा लगेर जोड्न लगाए । बुद्धका कुरा सुनेर राक्षस नराम्रोसित रिसायो । उसले बुद्धलाई भन्यो, “कस्तो मुर्ख रहेछ । कहीँ रूखबाट काटिएका हाँगा पनि फेरि जोड्न सकिन्छ र ?

बुद्धले फेरि भने, “तिमीलाई त बिगार गर्न बाहेक अरू आउँदो रहेनछ । तिमीलाई थाहा छ कि छैन ? बिगार्नुभन्दा त बनाउनु ठुलो कुरा हो नि !”

बुद्धका कुराले राक्षसका आँखा खुले । उसले बुद्धको अगाडि झुक्दै माफी माग्यो । उसले भन्यो, “बुद्धदेव म अबदेखि मानिसको बिगार हुने काम गर्दिनँ ।” त्यसपछि अङ्गुलिमाल बुद्धको असल चेलो बन्यो ।

९. प्रत्येक विद्यार्थीको प्रस्तुतिमा आवश्यक छलफल गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) आफूले पढेको वा सुनेको कुनै कथालाई पात्र परिवर्तन गरी कक्षामा सुनाउन लगाउनुहोस् ।